# बडिगाड गाउँपालिकाको

# वस्तुगत विवरण

## सामाजिक, आर्थिक र भौतिक अवस्था




## शैक्षिक परिवर्तन प्रतिष्ठान

२०७५

## बडिगाड गाउँपालिकाको

# वस्तुगत विवरण

## सामाजिक, आर्थिक र भौतिक अवस्था


**डा. दिनबहादुर थापा**
**डा. सुदर्शन सिलवाल**



**वडिगाड गाउँपालिका कार्यालय, ग्वालिचौर**
**फोन नं. ०६८-६२००६१/६२००६७**
Email: badigadrulmun2073@gmail.com
Website: badigadmun.gov.np

**२०७५**


N
ढोरपाटन नगरपालिका
तमानखोला गाउँपालिका
ताराखोला गाउँपालिका
काठेखोला गाउँपालिका
बागलुङ नगरपालिका
निसीखोला गाउँपालिका
बडिगाड गाउँपालिका
गलकोट नगरपालिका
0 4 8 16 24 32 Km
बरेङ गाउँपालिका
जैमिनी नगरपालिका

**बडिगाड गाउँपालिका**


N
ढोरपाटन नगरपालिका
वडा नं ८
वडा नं ७
वडा नं ९
वडा नं ६
वडा नं १०
गाँउपालिका कार्यलय
वडा नं ४
वडा नं ५
गुल्मी जिल्ला
वडा नं ३
वडा नं १
वडा नं २
गलकोट न. पा
Legend
ward Office
Gaupalika Office
0 1.25 2.5 5 7.5 10
K.M

# शैक्षिक परिवर्तन प्रतिष्ठान

**FOUNDATION FOR EDUCATIONAL CHANGE**
**(FEDUC)**

---

प्रस्तुत '**बडिगाड गाउँपालिकाको वस्तुगत विवरण**' शैक्षिक परिवर्तन प्रतिष्ठानका तर्फबाट डा. दिनबहादुर थापा र डा. सुदर्शन सिलवालले तयार गर्नु भएको हो । तोकिएको समयमा कार्यसम्पन्न गर्नुहुने डा. द्वयलाई संस्थाका तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु । परामर्शदात्री संस्थाका रूपमा यो अवसर जुटाइ दिने बडिगाड गाउँपालिकाका अध्यक्ष श्री मेहरसिंह पाइजा र गाउँपालिका परिवारलाई म संस्थाका तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु । साथै वडागतरूपमा आवश्यक तथ्याङ्क एवम् सूचनाहरू उपलब्ध गराइ सहयोग गर्ने वडा अध्यक्ष ज्यूहरू, स्थानीय तहका जनप्रतिनिधिहरू, कार्यकारी अधिकृत एवम् अन्य कर्मचारीहरू, राजनीतिक पाटीका स्थानीय प्रमुख एवम् प्रतिनिधिहरू, स्थानीय बुद्धिजीवी तथा समाजसेवी, विषयविज्ञहरू, प्राविधिज्ञहरू, शिक्षक, व्यापारी, उद्योगी, सरोकारवाला समूहहरू, सर्वसाधारण जनता लगायतका सबै सहयोगी महानुभाव र संघसंस्थाका प्रमुख एवम् प्रतिनिधिज्यूहरूलाई पनि संस्थाका तर्फबाट विशेष धन्यवाद चिन चहन्छु ।

मिति २०७५/०३/१०

.................................................

इन्द्रबहादुर श्रेष्ठ
सचिव

# मन्तव्य

नेपाल संघीय गणतन्त्रात्मक सार्वभौम सत्ता सम्पन्न मुलुक हो । नयाँ संरचनाअनुसार राज्यशक्तिको शासकीय स्वरूप संघ, प्रदेश र स्थानीय गरी तीन तहमा विभाजन भएको छ । स्थानीय तहको निर्माणसँगै जनताका अधिकार र कर्तव्य दुवै प्राप्त भएका छन् । अधिकारसँगै चुनौतीहरू पनि थपिएका छन् । यस अवस्थामा उपलब्धिको रक्षा र चुनौतीको सामना गर्न स्थानीय तह आफै सक्षम हुनुपर्ने अवस्था छ । यिनै अधिकारको उपयोग र कर्तव्यको पालना गरी सक्षम स्थानीय तह निर्माणका निम्ति यो वस्तुगत विवरणले ठोस मार्गदर्शन गर्ने अपेक्षा गरिएको छ ।

बडिगाड गाउँपालिका आफैमा विशिष्ट पहिचान भएको स्थानीय तह पनि हो । यहाँको सामाजिक, आर्थिक, भौगोलिक र प्राकृतिक अवस्था विशेष प्रकृतिको रहेको छ । यसको समग्र विकासका निम्ति यी विशिष्ट पहिचानको खोजी गरी ठोस योजना निर्माण गर्नु पहिलो आवश्यकता हो । यही आवश्यकता परिपूर्तिका निम्ति यो वस्तुगत विवरण तयार गर्न लागिएको हो ।

यो वस्तुगत विवरणमा बडिगाड गाउँपालिकाको यथार्थ अवस्था, सम्भावना र स्थानीय तहका अधिकारहरूको खोजी गरिएको छ । यसले यहाँका भौगोलिक, ऐतिहासिक, सामाजिक, आर्थिक, प्राकृतिक र साँस्कृतिक अवस्थाको खोजी गर्ने काम गरेको छ । यही यथार्थ वस्तुगत विवरणका आधारमा यो स्थानीय तहलाई समृद्ध बनाउन सकिने आधारहरूको पनि खोजी गर्ने काम भएको छ । तसर्थ यो वस्तुगत विवरण तयार गर्न जिम्मा लिनेशैक्षिक परिवर्तन प्रतिष्ठान, काठमाडौंलाई हार्दिक धन्यवाद दिन चाहन्छु । प्रतिष्ठानका तर्फबाट वस्तुगत विवरण तयार गर्न विषयविज्ञका रूपमा कार्यसम्पन्न गर्नुहुने सहप्रा. डा. दिनबहादुर थापा र सहप्रा. डा. सुदर्शन सिलवालले गर्नुभएको मिहिनेतप्रति आभारी छु । साथै म र मेरो गाउँपालिकाका तर्फबाट उहाँहरू सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु । त्यसै गरी यो विवरण तयार गर्न सहयोग गर्नुहुने स्थानीय जनप्रतिनिधि, बुद्धिजीवी, कर्मचारी, तथ्याङ्क सङ्कलक लगायत सबै सहयोगी महानुभावहरूप्रति आभार प्रकट गर्न चाहन्छु ।

अन्त्यमा यो वस्तुगत विवरणले बडिगाड गाउँपालिकाको यथार्थ तस्वीर देखाउन सकोस्, भावीयोजना तर्जुमा गर्नका लागि आधारस्तम्भ बनोस् र मौलिक पहिचानलाई उजागर गर्नसकोस् भन्ने शुभकामना दिन चाहन्छु ।

**आषाढ २०७५**

..............................
मेयरसिंह पाइजा
अध्यक्ष

## मन्तव्य

नेपालको संविधान २०७२ जारी भएपछि संविधानले तीन तकको सरकारको व्यवस्था गरेको छ । यसै अनुसार संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार स्थापित भइसकेको छ । जनताले घर दैलोबाट राज्यले पदान गर्ने सेवा सुविधा प्राप्त गर्न सकुन भनेर स्थानीय सरकारको व्यवस्था संविधानमा गरिएको हो । लामो समयको अन्तराल पछि २०७४ मा भएको स्थानीय तहको निर्वाचनबाट स्थानीय सरकार स्थापित भएर काम गर्न सुरू गरेको पनि एक वर्ष भइसकेको छ । स्थानीय सरकारले प्रदेश सरकार र संघीय सरकारबाट बजेट प्राप्त गर्नुका अलवा आफूसँग भएको स्रोतसाधनलाई पनि परिचालन गरी आन्तरिक स्रोत बढाउनु प्रमुख दायित्व हुन्छ । यसै सन्दर्भमा प्रदेश नं. ४ अन्तर्गत बागलुङ जिल्लाको पश्चिम भेगमा अवस्थित बडिगाड गाउँपालिका पनि देशका ७५३ स्थानीय तहमध्ये एक स्थानीय तह हो । १० वटा वडा रहेको यस स्थानीय तहमा स्रोतसाधन र प्राकृतिक सम्पदाको प्रचुर सम्भावना रहेको सर्वविदितै छ । यिनै विषयवस्तुलाई मध्यनजर गरी यस गाउँपालिकाले चालु आ.व. ०७४/०७५ मा बडिगाड गाउँपालिकाको यथार्थ वस्तुस्थिति झल्किने गरी वस्तुगत विवरण (प्रोफाइल) तयार गर्न लागेको हो । यस प्रोफाइलले गाउँपालिका भित्र रहेका विविध जातजाति, धर्मसंस्कृति एवम् आन्तरिक स्रोतको पहिचान गरी अझै विकासका सम्भावनाहरूलाई अगाडि बढाउन मद्दत पुग्ने छ भन्ने मैले विश्वास लिएको छु । यस प्रोफाइलले आगामी दिनमा विकासका भावी योजना निर्माण गर्न कोसेढुङ्गा सावित हुने छ भन्नेमा कसैको दुई मत रहने छैन । अन्त्यमा यस प्रोफाइल तयार गर्न १० वटै वडामा खट्नुहुने गणक साथीहरू, गाउँपालिकाका कर्मचारीहरू र जनप्रतिनिधिहरू सबै धन्यवादका पात्र हुनुहुन्छ । यस प्रोफाइललाई लिपिवद्ध गरी सुव्यवस्थित ढाँचाम तयार गर्न खट्नु हुने सबैप्रति विशेष धन्यवाद दिंदै आभार प्रकट गर्न चाहन्छु ।

आषाढ २०७५

अर्जुन शर्मा
प्रमुख प्रशासकीय अधिकृत
बडिगाड गाउँपालिका, ग्वालिचौर
बागलुङ

## लेखकीय

नेपालको संविधान २०७२ जारी भएपछि नेपाल संघीय गणतन्त्रात्मक सार्वभौम सत्ता सम्पन्न भएको छ । नयाँ संरचना अनुसार राज्यशक्तिको शासकीय स्वरूप संघ, प्रदेश र स्थानीय गरी तीन तहमा विभाजन भएको छ । स्थानीय तहको निर्माणसँगै जनताका अधिकार र कर्तव्य दुवै प्राप्त भएका छन् । अधिकारसँगै चुनौतीहरू पनि थपिएका छन् । यस अवस्थामा उपलब्धिको रक्षा र चुनौतीको सामना गर्न स्थानीय तह आफै सक्षम हुनुपर्ने अवस्था छ । स्थानीय तहलाई सवल बनाउन यसको आर्थिक, सामाजिक र भौतिक अवस्थाको अध्ययन गरी वस्तुगत विवरण तयार गर्नु स्थानीय तहको पहिलो कर्तव्य हुन आउँछ । साथै गाउँपालिकाको संगठनात्मक ढाँचा, संवैधानिक अधिकारहरू र विकासका संभाव्य क्षेत्रहरू पहिचान गर्नु पनि स्थानीय तहको कर्तव्यअन्तर्गत नै पर्दछ ।

प्रस्तुत वस्तुगत विवरण तयार गर्न र गराउन विषय विज्ञका रूपमा अवसर प्रदान गर्नुहुने शैक्षिक परिवर्तन प्रतिष्ठानका अध्यक्ष तथा सचिव लगायतका महानुभावहरूलाई हार्दिक धन्यवाद एवम् आभार व्यक्त गर्दछौं । यो वस्तुतग विवरणको तयारी गर्नमा गाउँपालिकाका अध्यक्ष श्री मेहरसिंह पाइजाको महत्वपूर्ण भूमिका रहेको छ । त्यसै गरी यो कार्यसम्पन्न गराउनमा स्थानीय तहका नवनिर्वाचित पदाधिकारी एवम् जनप्रतिनिधिहरू, कार्यपालिकाका सदस्यहरू, कार्यकारी अधिकृत एवम् अन्य कर्मचारीहरू, राजनीतिक पाटीका स्थानीय प्रमुख एवम् प्रतिनिधिहरू, स्थानीय बुद्धिजीवी तथा समाजसेवी, विषयविज्ञहरू, प्राविधिज्ञहरू, शिक्षक, व्यापारी, उद्योगी, सरोकारवाला समूहहरू, सर्वसाधारण जनता लगायतका महानुभावहरूबाट आएका रायसुझावहरू सङ्कलन र स्थलगत अवलोकन समेत गरिएको हो । यसका साथै यो वस्तुगत विवरण तयार गर्न सम्बन्धित गाउँपालिकाका अभिलेखहरू/स्मारिका, राष्ट्रिय जनगणना २०६८ का तथ्याङ्कहरू, आर्थिक सर्वेक्षणहरू, नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अनुसन्धानमूलक पुस्तक/प्रतिवेदनहरू लगायतका स्रोत सामग्रीहरूलाई उपयोगमा ल्याइएको छ । तसर्थ यो महान कार्य सम्पन्न गर्नमा प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग पुऱ्याउने व्यक्ति तथा संस्थाहरू सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

प्रस्तुत वस्तुगत विवरणले गाउँपालिकाको आगामी योजना निर्माण, कार्यान्वयन र भावी पुस्ताका लागि मार्गदर्शन गर्नेछ । यसका साथै बडिगाड गाउँपालिकालाई नमूना स्थानीय तह बनाउनमा यो कोसे ढुङ्गा सावित हुने छ भन्ने अपेक्षा समेत गरिएको छ ।

**आषढ २०७५** **लेखक द्वय**

**विषय सूची**

**अध्याय : एक**

# बडिगाड गाउँपालिकाको अध्ययन परिचय


१.१ परिचय १

१.२ समस्या कथन २

१.३ अध्ययनको उद्देश्य २

१.४. अपेक्षित परिणाम ३

१.५. अध्ययनको औचित्य ३

१.६ वस्तुगत विवरण तयारी विधि र प्रक्रिया ३

१.७ वस्तुगत विवरणको सीमाङ्कन ४

१.८ वस्तुगत विवरणको अध्याय संरचना ५


**अध्याय : दुई**

# बडिगाड गाउँपालिकाको परिचय


२.१ भौगोलिक परिचय : अवस्थिति, क्षेत्रफल र सीमाना ६

२.२ ऐतिहासिक चिनारी तथा नामकरण ८

२.३ सामाजिक तथा साँस्कृतिक पक्ष ११

२.४ आर्थिक तथा प्राकृतिक साधन र स्रोतहरू १२


**अध्याय : तीन**

# बडिगाड गाउँपालिकाको सामाजिक अवस्था


३.१ मुख्य जात-जातिहरू १४

३.२ जनसंख्याको विवरण १६

क. वडागत घरपरिवार तथा जनसंख्या १६

ख. उमेर तथा लिङ्गका आधारमा जनसंख्या १७

ग. छानाको प्रकारका आधारमा घरधुरी संख्या २०

घ. मातृभाषाका आधारमा जनसंख्या २१

ङ. धर्मका आधारमा जनसंख्या २३

च. जातजातिका आधारमा जनसंख्या २३

छ. पेसाका आधारमा जनसंख्या २४

ज. जन्म र मृत्युको जनसंख्या विवरण २४

झ. अपाङ्गताको जनसंख्या विवरण २५
ञ. अपाङगताको परिचयपत्र लिने जनसंख्या विवरण २८
ट. संस्थागत रूपमा जनसंख्या ३०
ठ. बसाइसराइसम्बन्धी विवरण ३०
ड. सुकुमवासीको तथ्याङ्क **३०**
ढ. अल्पसंख्यक/सीमान्तकृत वर्ग **३१**
३.३ मुख्य चाडपर्व, मेला र जात्राहरू ३१
३.४ भाषा ३३
क. नेपाली भाषाको प्राचीन रूप ३४
ख. मगर भाषाको अवस्था ३५
अ. मगर भाषाका मौलिक शब्दहरू ३६
आ. मगर मातृभाषी वक्ताका उच्चारणगत विशेषताहरू ३७
ग. कुमाल भाषा ३८
३.५ लोकसाहित्य ३९
क. भैलो र देउसी गीत ३९
ख. सोरठी/मारूनी नाच ३९
ग. घाटु नाच ४०
घ. ख्याली ४३
ङ. झाम्रे गीत ४४
च. ओख्खा गीत ४४
छ. वाली गीत ४५
ज. न्वागी मेला ४५
झ. सिलोक ४६
ञ. खाँडो ४६
ट. सरायो नाच ४७
ठ. कुमाल संस्कृति (हरिसे र हेम्फै नाच) ४७
ड. उखान र टुक्काहरू ४९
३.६ संस्कृति र संस्कारहरू ४९
क. जन्म तथा बाल्यकालीन संस्कार ५०

ख. विवाह संस्कार ५१
ग. बुढ्यौली संस्कार वा चौरासी पूजा ५१
घ. मृत्यु संस्कार ५२
३.७ शिक्षा र शैक्षिक अवस्था ५२
क. शैक्षिक संस्थाहरू ५२
ख. साक्षरताको अवस्था ५७
ग. शैक्षिक जनशक्ति ५९
घ. उच्चस्तर/प्राविधिक जनशक्ति ६०
ङ. राष्ट्रिय/अन्तराष्ट्रिय खेलाडी तथा कलाकारहरू ६१
च. विद्यालयको भौतिक अवस्था ६२
३.८ सामाजिक अन्धविश्वास, कुरीतिहरू र विप्रेषणसँगै भित्रिएका विकृतिहरू ६४
३.९ स्वास्थ्य तथा सरसफाई ६५
३.१० खानेपानीको अवस्था ६५
क. खानेपानीको स्रोत र विद्यमान अवस्था ६६
ख. खानेपानीको सुविधा उपयोग गर्ने धरपरिवार संख्या ६८
३.११ गाउँपालिकामा शौचालय प्रयोगको अवस्था ६९
३.१२ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण ६९
क. बालविवाहको अवस्था ६९
ख. परिवार बिहिन र श्रमिक बालबालिकाहरू ६९
ग. महिला हिसां सम्बन्धी विवरण ७०
घ. ज्येष्ठ नागरिक र सुरक्षाभत्ता बुझ्नेहरू ७०
३.१३ सशस्त्र द्वन्द्व/जनयुद्धको प्रभाव ७१
क. सशस्त्र द्वन्द्वका सहिदको विवरण ७१
ख. बडिगाड गाउँपालिकाबाट जनयुद्धमा बेपत्ता हुनेहरू ७२
ग. बडिगाडगाउँपालिकाबाट सशस्त्र द्वन्द्वको समयमा अपहरण तथा नजर बन्दमा … ७२
घ. बडिगाडगाउँपालिकामा सशस्त्रद्वन्द्वको समयमा विस्थापित हुने परिवारहरूको विवरण ७२
ङ. सशस्त्र द्वन्द्वका घाइतेहरू ७३
च. द्वन्द्वको समयमा व्यक्तिगत सम्पत्ति क्षति भएकाहरू ७३

## अध्याय : चार
# बडिगाड गापाको आर्थिक तथा भौतिक अवस्था


४.१ आर्थिक अवस्था ७४

४.१.१ भूउपयोग तथा स्वामित्व ७४

४.१.२ कृषि तथा पशुपालन ७६

क. बडिगाड गापामा खेतीयोग्य जमिन र यहाँका मुख्य उत्पादनहरू ७६

ख. पशुपालनको अवस्था ८१

४.१.३ उद्योग, व्यापार र वाणिज्य ८४

क. उद्योग ८४

ख. व्यापार ९०

ग. वित्तीय संस्थाहरू ९१

४.१.४ आय, गरिबी, रोजगारी तथा आत्मनिर्भर परिवार ९३

क. पारिवारिक आय ९३

ख. वडागत रूपमा गरिबीको अवस्था ९४

ग. आर्थिक रूपले सक्रिय जनसंख्या ९५

घ. खाद्यान्नमा आत्मनिर्भर परिवार ९६

४.१.५ गाउँपालिकाको मुख्य आर्थिक स्रोत ९६

क. जलस्रोत ९६

अ. जलाधार क्षेत्र (नदी, खोला र झरनाहरू) ९६

आ. जलस्रोत (नदी / खोलाहरू) ९८

इ. हाइड्रोपावर र लघुजलविद्युत ९९

ई. उर्जाको प्रयोग ९९

उ. विद्युत/ऊर्जा र सुधारिएको चुलोमा पहुँच १००

ख. वन तथा वातावरण १००

अ. सामुदायिक तथा सरकारद्वारा व्यवस्थित वन १०१

१. सामुदायिक वन १०२

२. सरकारद्वारा व्यवस्थित वन १०५

आ. बडिगाड गाउँपालिकामा पाइने वन्यजन्तु १०५

इ. वन पैदावार १०६

१. काष्ठ वन पैदावार १०६
२. गैह्र काष्ठ वन पैदावार १०७
ई. इन्धनको स्रोत १०७
उ. मानव र वन्यजन्तु बीचको द्वन्द्व १०८
ग. खानीहरू १०८
घ. पर्यटन १०९
अ. पर्यटनको प्रकृति एवम् स्वरूप १०९
आ. बडिगाड गाउँपालिकाका प्रमुख पर्यटकीय आधारहरू ११०
१. सांस्कृतिक पर्व एवम् मेलाहरू ११०
२. मठमन्दिरहरू ११०
३. अनुपम प्राकृतिक दृश्यावलीहरू १११
४. गुफा र तालहरू ११२
५. सार्वजनिक चौरहरू ११२
इ. पर्यटकीय महत्व राख्ने स्थान र वस्तुहरू ११२
१. पर्यटकीय महत्व राख्ने स्थानहरू ११२
२. बडिगाडमा उत्पादित पहिचानयुक्त वस्तुहरू ११५
३. गाउँपालिकाबाट बाहिर निकासी हुने वस्तुको विवरण ११५
ङ. गाउँपालिकाको वित्तीय अधिकार क्षेत्र र सम्भावित आयस्रोत ११६
४.२ भौतिक अवस्था ११६
४.२.१ सडक/यातायात पूर्वाधारको अवस्था ११६
क. बडिगाड गाउँपालिकामा मोटरबाटोको अवस्था ११६
अ रणनैतिक महत्वका सडकहरू ११७
आ. पर्यटन सडकहरू ११७
इ. स्थानीय सडकहरू ११७
ख. झोलुङ्गे, आकासे तथा पक्की (निर्माणाधीन समेत) पुलहरू ११९
अ. झोलुङ्गे पुलहरू ११९
आ. आवश्यकीय सम्भावित आकासे पुलहरू १२१
इ. निर्माण भइसकेका/ निर्माणाधीनपक्कीमोटरेवलपुलहरू १२१
ग. गाउँपालिकाको वस्तीबाट केन्द्रसम्म पुग्न लाग्ने अनुमानित समय १२२

४.२.२ सञ्चार तथा अन्य सुविधा १२३

४.२.३ आवास तथा भवन १२४

४.२.४ खेलकूद मैदान १२५

४.२.५ गापाको भौतिकसम्पत्ति विवरण १२६


**अध्याय : पाँच**

# गाउँपालिकाको संगठनात्मक ढाँचा र संवैधानिक अधिकारहरू


५.१ गाउँपालिकाको संगठनात्मक ढाँचा १२८

५.२ गाउँपालिकाको विषयगत शाखा र मानव संसाधन १२८

५.३ गाउँपालिकाका संवैधानिक अधिकारहरू १२९

५.४ स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय तहलाई दिएको अधिकार १३१

अ. गाउँपालिकाका काम, कर्तव्य र अधिकारहरू १३२

आ. वडासमितिका काम, कर्तव्य र अधिकारहरू १३६

५.५ बडिगाड गाउँपालिकाले बनाएका ऐन, नियम/विनियम र कार्यविधिहरूको विवरण १३६

५.६ बडिगाड गाउँपालिकामा संचालनमा रहेका प्रमुख कार्यक्रम तथा योजनाहरू १३७

५.७ बडिगाड गाउँपालिकाका अवसर र चुनौतीहरू १३७

५.८ बडिगाड गाउँपालिकाका नवनिर्वाचित जनप्रतिनिधिहरू १३८

५.९ बडिगाड गाउँपालिकामाक्रियाशील राजनैतिक दलहरू १४०

५.१० बडिगाड गाउँपालिकामाकार्यरत कर्मचारीहरूको विवरण १४०

५.११ बागलुङ जिल्लामा रहेका सरकारी कार्यालयहरूको विवरण १४१

५.१२ संस्थागत सम्बन्ध र नागरिक सङ्गठनहरू १४२

क. बडिगाड गापामा रहेका गैरसरकारी संस्था/क्लवहरू १४२

ख. बडिगाड गापामा रहेका बाल क्लवहरू/सचेतना केन्द १४३

५.१३ विविध १४३

क. कार्यसम्पादन मापनको स्तर १४३

ख. विशेष, संरक्षित, स्वायत्त क्षेत्र १४३

ग. विपद् व्यवस्थापनपूर्व तयारी सम्बन्धी विवरण १४४

घ. सेवाप्रवाह विवरण १४४

ङ. वातावरण तथा सरसफाइ १४४

च. सामुदायिक मेलमिलाप सम्बन्धी समिति गठन र क्रियाकलापहरू १४४
छ. गापाको विगत पाँच वर्षको आयव्याय विवरण १४४
ज. सुरक्षा एकाइ १४५
झ. बेरोजगार तथ्याङ्क १४५
ञ. शवदाह र पशुवधशालाको विवरण १४५
ट. गाउँपालिकाको भगिनी सम्बन्ध रहेका संस्थाहरू १४६
ठ. टोल विकास संस्थाहरूको विवरण १४६
ड. पार्क, वनस्पति तथा उद्यानसम्बन्धी विवरण ११६
ढ. सार्वजनिक पाटी, पौवा, पोखरी र चौतारासम्बन्धी विवरण १४७
ण. पशुसेवा केन्द्र, उपकेन्द्र १४८
त. सार्वजनिक शौचालय सम्बन्धी विवरण १४८
थ. हुलाक सेवा केन्द्र १४८
द. कृषि सेवा केन्द्र, उपकेन्द्र र कृषक समूह १४८
ध. आर्थिक वर्ष २०७३/०७४ को पञ्जिकरणको विवरण १४९
न. आर्थिक वर्ष २०७३/०७४ मा नागरिकता तथा अन्य सिफारिसको विवरण १४९
प. दैवी प्रकोपको उच्च जोखिममा रहेको वस्ती १४९

## अध्याय :छ
## बडिगाड गाउँपालिकामा विकासका सम्भाव्य क्षेत्रहरू

६.१ परिचय १५१
६.२ बडिगाड गाउँपालिकामा सम्भावनाका क्षेत्रहरू १५२
६.३ अल्पकालीन, मध्यकालीन र दीर्घकालीन विकास निर्माणका योजना तर्जुमा १५५
क. अल्पकालीन नीति तथा कार्यक्रमहरू १५५
ख. मध्यकालीन नीति तथा कार्यक्रमह १५६
ग. दीर्घकालीन नीति तथा कार्यक्रमहरू १५८

## अध्याय : सात
# उपसंहार

७.१ सारांश १६०
७.२ निष्कर्ष १६०
७.३ सुझावहरू १६१
सन्दर्भसामग्री सूची १६७

**अनुसूचीहरू** १६९

**अनुसूची** : क. सूचकहरूको विवरण

**अनुसूची** : ख. भूपू जनप्रतिनिधि (२०४७-२०७३) हरूको विवरण

**अनुसूची** : ग. भूपू जनप्रतिनिधि (२०१७-२०४६) हरूको विवरण

**अनुसूची** : घ. भूपू मुखिया र जिम्मावाल (२०१७ पूर्वका) हरूको विवरण

**अनुसूची** : ङ. तस्वीरहरू

## तालिका तथा नक्सा सूची


| | | |
|---|---|---|
| नक्शा : २.१ | बागलुङ जिल्लाको पुनर्संरचित स्थानीय तह | ६ |
| नक्शा : २.२ | बडिगाड गाउँपालिकाको नक्सा | ७ |
| तालिका : २.१ | बडिगाड गापाको उचाइ, देशान्तर र क्षेत्रफल | ८ |
| तालिका : ३.१ | बडिगाड गाउँपालिकामा बसोबास गर्ने मुख्य जाति | १४ |
| तालिका : ३.२ | बडिगाड गाउँपालिकाको वडागत जनसंख्या विवरण | १५ |
| तालिका : ३.३ | विभिन्न जातजातिका थर-उपथरहरूको विवरण | १५ |
| तालिका : ३.४ | वडागत घरधुरी तथा जनसंख्या विवरण | १६ |
| तालिका : ३.५ | वडागत आधारमा पारिवारिक जनसंख्या विवरण | १६ |
| तालिका : ३.६ | बडिगाड गापामा जनसंख्या विवरण | १७ |
| तालिका : ३.७ | उमेर र लिङ्गका आधारमा जनसंख्या विवरण | १७ |
| तालिका : ३.८ | उमेर र लिङ्गका आधारमा जनसंख्या विवरण | १८ |
| तालिका : ३.९ | उमेर र लिङ्गका आधारमा घरमुलीको विवरण | १९ |
| तालिका : ३.१० | उमेर र लिङ्गका आधारमा बैबाहिक जनसंख्या विवरण | २० |
| तालिका : ३.११ | छानाको प्रकारको आधारमा घरधुरी संख्या | २० |
| तालिका : ३.१२ | मातृभाषाको आधारमा जनसंख्या विवरण | २१ |
| तालिका : ३.१३ | गापामा बोलिने भाषागत विवरण | २२ |
| तालिका : ३.१४ | धर्मका आधारमा पारिवारिक जनसंख्या विवरण | २३ |
| तालिका : ३.१५ | जातीयताका आधारमा जनसंख्या विवरण | २३ |
| तालिका : ३.१६ | वडागत रुपमा पेशाका आधारमा जनसंख्या विवरण | २४ |
| तालिका : ३.१७ | गएको एक वर्षको अवधिमा जन्म र मृत्युको अवस्था | २४ |
| तालिका : ३.१८ | वडागत रुपमा अपाङ्ताको जनसंख्या विवरण | २५ |
| तालिका : ३.१९ | वडागत रुपमा विभिन्न खालको अपाङ्ताको जनसंख्या विवरण | २५ |
| तालिका : ३.२० | वडागत रूपमा फरक क्षमता भएका मानिसहरूको विवरण | २६ |
| तालिका : ३.२१ | लिङ्गका आधारमा फरक क्षमता भएका मानिसहरूको विवरण | २७ |
| तालिका : ३.२२ | लिङ्गका आधारमाअपाङ्गताको परिचय पत्र लिनेको जनसंख्या विवरण | २८ |
| तालिका : ३.२३ | अपाङ्गताको परिचय पत्र लिने बालबालिकाको वडागत विवरण | २९ |
| तालिका : ३.२४ | बडिगाड गाउँपालिकाबाट विगत १० वर्षमा बसाइसराइ | ३० |
| तालिका : ३.२५ | बडिगाड गाउँपालिकामा रहेका सुकुमवासीहरूको विवरण | ३० |
| तालिका : ३.२६ | अल्पसंख्यक | ३१ |

| | | |
|---|---|---|
| तालिका : ३.२७ | बडिगाड गाउँपालिकामा मनाइने चाडपर्वहरू | ३१ |
| तालिका : ३.२८ | वडागत रूपमा रहेका धार्मिक मठमन्दिरहरू र मेलापर्वहरूको विवरण | ३२ |
| तालिका : ३.२९ | बडिगाड गाउँपालिकामा बोलिने मातृभाषी वक्ताहरू | ३३ |
| तालिका : ३.३० | प्राचीन नेपाली भाषाका शब्दहरू | ३४ |
| तालिका : ३.३१ | मगर भाषाका मौलिक शब्दहरू | ३६ |
| तालिका : ३.३२ | बडिगाड गाउँपालिकाका मगर बस्तीमा उच्चारण हुने नेपाली भाषा | ३७ |
| तालिका : ३.३३ | कुमाल भाषाका केही मौलिक शब्दहरू | ३८ |
| तालिका : ३.३४ | वडागत रूपमा शिक्षण संख्याको विवरण | ५२ |
| तालिका : ३.३५ | गापाका सामुदायिक र निजी विद्यालयमा शिक्षक विद्यार्थीको अनुपात | ५३ |
| तालिका : ३.३६ | बडिगाड गापामा सञ्चालित बालविकास केन्द्रको विवरण | ५५ |
| तालिका : ३.३७ | विद्यालयमा शौचालयको विवरण | ५७ |
| तालिका : ३.३८ | वडागत रूपमा साक्षर जनसंख्याको विवरण | ५७ |
| तालिका : ३.३९ | वडागत रूपमा साक्षर जनसंख्याले उत्तीर्ण गरेको तह | ५८ |
| तालिका : ३.४० | वडागत रूपमा साक्षर जनसंख्याले उत्तीर्ण गरेको तह र साक्षरता ... | ५९ |
| तालिका : ३.४१ | शैक्षिक तथा प्राविधिक जनशक्ति | ५९ |
| तालिका : ३.४२ | विविध स्तरको तालिम प्राप्त जनशक्ति | ६० |
| तालिका : ३.४३ | विद्यालयको भौतिक अवस्था | ६२ |
| तालिका : ३.४४ | बडिगाड गापामा स्वास्थ्य चौकीको विवरण | ६५ |
| तालिका : ३.४५ | बडिगाड गापामा रहेका स्वास्थ्य सेवाको विवरण | ६५ |
| तालिका : ३.४६ | वडागत रूपमा विभिन्न स्रोतको खानेपानी प्रयोग गर्ने घरपरिवार संख्या | ६६ |
| तालिका : ३.४७ | खानेपानी योजनाको विद्यमान अवस्था | ६६ |
| तालिका : ३.४८ | खानेपानीको सुविधा उपयोग गर्ने परिवार संख्या | ६८ |
| तालिका : ३.४९ | गाउँपालिकामा शौचालय प्रयोगको अवस्था | ६९ |
| तालिका : ३.५० | १८ वर्षमुनिका विवाह गर्ने युवायुवतीहरूको विवरण | ६९ |
| तालिका : ३.५१ | परिवार बिहिन तथा श्रमिक बालबालिकाहरूको विवरण | ६९ |
| तालिका : ३.५२ | महिला हिंसा सम्बन्धी विवरण | ७० |
| तालिका : ३.५३ | जेष्ठ नागरिक र सुरक्षाभत्ता बुझ्नेहरूको विवरण | ७० |
| तालिका : ३.५४ | द्वन्द्वकालमा बडिगाड गाउँपालिकाबाट ज्यान गुमाउने सहिदहरूको ... | ७१ |
| तालिका : ३.५५ | जनयुद्धमा वेपत्ता हुनेहरूको विवरण | ७२ |

| | | |
|---|---|---|
| तालिका : ३.५६ | सशस्त्र द्वन्द्वमा अपहरण तथा नजर बन्दमा पर्नेहरूको विवरण | ७२ |
| तालिका : ३.५७ | सशस्त्रद्वन्द्वको समयमा विस्थापित हुनेहरूको विवरण | ७२ |
| तालिका : ३.५८ | द्वन्द्वको समयमा व्यक्तिगत सम्पत्ति क्षति भएकाहरूको विवरण | ७३ |
| तालिका : ४.१ | भूस्वामित्व सम्बन्धी विवरण | ७४ |
| तालिका : ४.२ | भूस्वामित्व सम्बन्धी विवरण | ७४ |
| तालिका : ४.३ | परिवारको स्वामित्वमा रहेको जमिनको विवरण (रोपनीमा) | ७५ |
| तालिका : ४.४ | घरको स्वामित्व सम्बन्धी विवरण | ७५ |
| तालिका : ४.५ | स्वामित्वका आधारमा घरपरिवारको बसोबासको अवस्था | ७६ |
| तालिका : ४.६ | बडिगाड गापामा खेतीयोग्य जमिन | ७६ |
| तालिका : ४.७ | बडिगाड गापाकामा उत्पादन हुने मुख्य मुख्य बालीहरू | ७७ |
| तालिका : ४.८ | बडिगाड गापामा उत्पादित मुख्य बाली र उत्पादन (मुरीमा) | ७८ |
| तालिका : ४.९ | कृषि उत्पादनका लागि उपयुक्त स्थान | ७८ |
| तालिका : ४.१० | फलफूल उत्पादनका लागि उपयुक्त स्थान | ८० |
| तालिका : ४.११ | बडिगाड गाउँपालिकामा हालसम्म गठन गरिएका पशुपालन फर्महरू | ८१ |
| तालिका : ४.१२ | बडिगाड गापामा व्यवसायिक गाई/भैसी/भेडा/बाख्रा फर्मको विवरण | ८२ |
| तालिका : ४.१३ | बडिगाड गापामा व्यवसायिक कुखुरा पालन फर्मको विवरण | ८२ |
| तालिका : ४.१४ | व्यावसायिक बङ्गुर फर्मको विवरण | ८३ |
| तालिका : ४.१५ | पशुपंक्षीहरूको विवरण | ८३ |
| तालिका : ४.१६ | पशुपालनका लागि उपयुक्त स्थान | ८३ |
| तालिका : ४.१७ | बडिगाड गापामा पशु औषधी पसलहरूको विवरण | ८४ |
| तालिका : ४.१८ | बडिगाड गापामा रहेका उद्योगहरूको विवरण | ८४ |
| तालिका : ४.१९ | वडागत रूपमा सञ्चालित उद्योगको विवरण | ८९ |
| तालिकाः ४.२० | वडागत रूपमा सञ्चालित व्यापार/पसलको विवरण | ९० |
| तालिका : ४.२१ | गापामा रहेकाहालका तथा सम्भावित व्यापारिक केन्द्रहरू | ९० |
| तालिका : ४.२२ | सहकारी संस्था, शेयर सदस्य र लगानीको क्षेत्र | ९१ |
| तालिका : ४.२३ | वडामा औषत मासिक पारिवारिक आय | ९३ |
| तालिका : ४.२४ | वडामा औषत मासिक पारिवारिक वचत | ९३ |
| तालिका : ४.२५ | वडागत मासिक रेमिटान्स (विप्रेषण) को विवरण | ९४ |
| तालिका : ४.२६ | बडिगाड गापामा समावेश भएका साविक गाविस र गरिबीको अवस्था | ९४ |

| | | |
|---|---|---|
| तालिका : ४.२७ | वडागत रूपमा आर्थिक रूपले सक्रिय जनसंख्या विवरण | ९५ |
| तालिका : ४.२८ | बडिगाड गापामा खाद्यान्नमा आत्मनिर्भर परिवार विवरण | ९६ |
| नक्शा : ४.१ | बडिगाड गापामा रहेको जलाधार क्षेत्र | ९७ |
| तालिका : ४.२९ | नदी तथा खोलाहरूको विवरण | ९८ |
| तालिका : २.३० | बडीगाड गाउँपालिकामा लघुजलविद्युतको अवस्था | ९९ |
| तालिका : ४.३१ | बत्ती बाल्न विभिन्न स्रोतको इन्धन प्रयोग गर्ने घरपरिवार संख्या | ९९ |
| तालिका : ४.३२ | विद्युत/ऊर्जाको पहुँच भएका घरपरिवार विवरण | १०० |
| तालिका : ४.३३ | बडिगाड गाउँपालिकामा वन क्षेत्रको विवरण | १०१ |
| नक्शा : ४.२ | बडिगाड गापाको वनक्षेत्र | १०२ |
| तालिका : ४.३४ | सामुदायिक वनको वडागत विवरण | १०२ |
| तालिका : ४.३५ | बडिगाड गाउँपालिकाका मुख्य काष्ठ वनपैदावर र पाइने स्थान | १०६ |
| तालिका : ४.३६ | वडागत रूपमा खाना पकाउन विभिन्न इन्धन प्रयोग गर्ने घरपरिवार .. | १०७ |
| तालिका : ४.३७ | गापामा रहेका खानीहरूको विवरण | १०८ |
| नक्शा : ४.३ | पर्यटकीय महत्व राख्ने स्थानहरू | ११४ |
| तालिका : ४.३८ | पर्यटकीय महत्त्व राख्ने स्थानहरू | ११४ |
| तालिका : ४.३९ | बडिगाडमा उत्पादित मौलिक वस्तुहरू | ११५ |
| तालिका : ४.४० | निकासी हुने वस्तुको विवरण | ११५ |
| तालिका : ४.४१ | वडागत रूपमा सडकको अवस्था | ११६ |
| तालिका : ४.४२ | वडागत रूपमा रहेकाभोलुङ्गे पुलहरूको विवरण | ११९ |
| तालिका : ४.४३ | वडागत रूपमाआवश्यकीय सम्भावित आकासे पुलहरू | १२१ |
| तालिका : ४.४४ | वडागत रूपमानिर्माण भइसकेका/ निर्माणाधीन पक्कीमोटरेवल पुलहरू | १२१ |
| नक्शा : ४.४ | गाउँपालिका कार्यालय र वडाको केन्द्र | १२२ |
| तालिका : ४.४५ | गाउँपालिकाको केन्द्रसम्मको दूरी (अनुमानित) | १२३ |
| तालिका : ४.४६ | बडिगाड गापामा उपलब्ध सेवासुविधाको विवरण | १२३ |
| तालिका : ४.४७ | सरकारी तथा सामुदायिक भवनहरूको विवरण | १२४ |
| तालिका : ४.४८ | बडिगाड गाउँपालिकामा घरको बनावट र संख्या | १२५ |
| तालिका : ४.४९ | खेलकूद मैदानको विवरण | १२५ |
| तालिका : ४.५० | गापाको भौतिकसम्पत्ति विवरण | १२६ |
| रेखाचित्र : ५.१ | गाउँपालिकाको संगठनात्मक ढाँचा | १२८ |

| | | |
|---|---|---|
| तालिका : ५.१ | स्थानीय तहको अधिकारको सूची | १३० |
| तालिका : ५.२ | संघ, प्रदेश र स्थानीय तहका साझा अधिकारको सूची | १३१ |
| तालिका : ५.३ | बडिगाड गापामा निर्वाचित स्थानीय तहका जनप्रतिनिधिहरू | १३८ |
| तालिका : ५.४ | जिल्ला समन्वय समिति बागलुङमा निर्वाचित जनप्रतिनिधि | १४० |
| तालिका : ५.५ | प्रदेश सभामा बडिगाड गाउँपालिकाबाट निर्वाचित जनप्रतिनिधि | १४० |
| तालिका : ५.६ | हाल सेवारत कर्मचारीहरूको विवरण | १४१ |
| तालिका : ५.७ | बागलुङका साविक सरकारी कार्यालयहरूको विवरण | १४१ |
| तालिका : ५.८ | बडिगाड गापामा रहेका गैरसरकारी संस्था/क्लवहरूको विवरण | १४२ |
| तालिका : ५.९ | मेलमिलाप सम्बन्धी समिति | १४४ |
| तालिका : ५.१० | विगत पाँच वर्षको आयव्याय विवरण | १४४ |
| तालिका : ५.११ | सुरक्षा एकाइ विवरण | १४५ |
| तालिका : ५.१२ | वडामा रहेका शैक्षिक बेरोजगारहरूको विवरण | १४५ |
| तालिका : ५.१३ | शवदाह स्थलको विवरण | १४५ |
| तालिका : ५.१४ | भगिनी सम्बन्ध रहेकासरकारी तथा गैहसरकारी संस्थाहरूको विवरण | १४६ |
| तालिका : ५.१५ | टोल विकास संस्थाहरूको विवरण | १४६ |
| तालिका : ५.१६ | पार्क, वनस्पति तथा उद्यानसम्बन्धी विवरण | १४६ |
| तालिका : ५.१७ | पाटी, पौवा, पोखरी र चौतारा सम्बन्धी विवरण | १४७ |
| तालिका : ५.१८ | पशुसेवा केन्द | १४८ |
| तालिका : ५.१९ | सार्वजनिक शौचालय सम्बन्धी विवरण | १४८ |
| तालिका : ५.२० | हुलाक सेवा केन्द्र | १४८ |
| तालिका : ५.२१ | कृषि सेवा केन्द | १४८ |
| तालिका : ५.२२ | इलाका वन कार्यालय | १४९ |
| तालिका : ५.२३ | आर्थिक वर्ष २०७३/०७४ को पञ्जिकरणको विवरण | १४९ |
| तालिका : ५.२४ | आर्थिक वर्ष २०७३/०७४ मा नागरिकता तथा अन्य सिफारिसको .. | १४९ |
| तालिका : ५.२५ | दैवी प्रकोपको उच्च जोखिममा रहेको वस्ती | १४९ |
| तालिका : ६.१ | बडिगाड गापाका सम्भावनाका क्षेत्रहरू | १५२ |

**अनुसूचीहरू**


| | | |
|---|---|---|
| अनुसूची : क. | सूचकहरूको विवरण | १६९ |
| अनुसूची : ख. | भूपू जनप्रतिनिधि (२०४९-२०७३) हरूको विवरण | १६९ |
| अनुसूची : ग. | भूपू जनप्रतिनिधि (२०१७-२०४६) हरूको विवरण | १६९ |
| अनुसूची : घ. | भूपू मुखिया र जिम्मावाल (२०१७ पूर्वका) हरूको विवरण | १७० |
| अनुसूची : ङ. | अन्य जनप्रतिनिधि | १७० |
| अनुसूची : च. | अन्य सूचकहरू | १७१ |
| अनुसूची : छ. | गाउँपालिकाको साङ्गठनिक संरचना | १७१ |

## अध्याय : एक

# बडिगाड गाउँपालिकाको अध्ययन परिचय

### १.१ परिचय

नेपाल प्राचीन समयदेखि नै पुरानो एकात्मक र केन्द्रीकृत राज्य व्यवस्थाबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा परिवर्तन भएको मुलुक हो । नेपालको अन्तरिम संविधान २०६३ ले राजदरवारको अधिकार सिंहदरवारमा र नेपालको संविधान २०७२ ले सिंह दरबारको अधिकारलाई स्थानीय तहसम्म पुऱ्याउने काम गऱ्यो । यही संविधानजारी भएपछि तीन तहको सरकारको व्यवस्था गरियो । राज्यको पुनरसंरचना गरी राज्य शक्तिको बाँडफाँडसहित मुलुक संघीयतामा गयो । नेपालको संविधान २०७२ को कार्यान्वयनमार्फत सिंहदरवारको अधिकारलाई नगरपालिका तथा गाउँपालिकाका वडातहसम्म पुऱ्याउने कार्यसमेत सम्पन्न भइसकेको छ । नयाँ संरचना अनुसार नेपाललाई संघ, सात प्रदेश, ७७ जिल्ला समन्वय समिति र ७५३ स्थानीय तह (महानगरपालिका ६, उपमहानगरपालिका ११, नगरपालिका २७६ र गाउँपालिका ४६०) मा पुनर्संरचित गरिएको छ ।

धवलागिरि अञ्चलका चार जिल्लाहरू मध्येको एउटा जिल्ला बागलुङ हो । यो जिल्ला नेपालभित्रको नेपाल भनेर चिनिन्छ । यसका आफ्नै मौलिक पहिचानहरू रहेका छन् । प्राकृतिक सौन्दर्य, भौगोलिक विविधता, जातीय र साँस्कृतिक अनेकता यसका मौलिक पहिचान हुन् । भौगोलिक रूपमा विकट र शिक्षामा पछाडि भए पनि यो जिल्ला प्राकृतिक साधन र स्रोतले सम्पन्न छ । नेपालभित्रको सानो नेपाल, झोलुङ्गे पुल, लघु जलविद्युत, ढोरपाटन शिकार आरक्ष, कालिका भगवती मन्दिर, पञ्चकोट धाम, घुम्टेका सिद्धभैरव, देवीढोका, बुट्टेनली, गलकोट दरवार, स्लेट ढुङ्गा, हनुमाननाच, हाम्फै नाच, सरायो नाच, सोरठी र घाटु आदि यो जिल्लाका मौलिक पहिचान हुन् । मध्य पहाडी लोकमार्ग र कालीगण्डकी कोरिडोरको अधिकांश भाग यसै क्षेत्रमा पर्ने हुनाले पनि यसका प्रचुर सम्भावनाहरू रहेका छन् ।

नेपाल सरकारको २०७३ फाल्गुण २७ गते शुक्रबार राजपत्रमा प्रकाशित सूचनाबमोजिम अब नेपाल नयाँ संरचनामा परिणत भएको छ । नयाँ संरचनाअनुसार जि.वि.स. को सट्टामा जिल्ला समन्वय समिति रहने गरी चारवटा नगरपालिका र ६ वटा गाउँपालिका रहने नयाँ व्यवस्था भएको छ (सिलवाल, २०७४) । यिनै छवटा गाउँपालिका मध्येको एउटा बडिगाड गाउँपालिका पनि हो । कुल ३०९०६ जनसंख्या रहेको यो गाउँपालिका १७८.६७ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ ।

स्थानीय तहको मुख्य आधार भनेकै आर्थिक स्रोत र सामाजिक पहिचानको खोजी गर्नु हो । आर्थिक विकास एवम् संमृद्धि कुनै भावनात्मक विषय होइन । यो त अर्थव्यवस्थाका बृहत चरहरूमा आउने सकारात्मक परिवर्तन हो । आर्थिक स्रोत वस्तु तथा सेवाको उत्पादन, उत्पादित वस्तुको उपभोग, न्यायोचित वितरण र साँस्कृतिक पहिचानसँग जोडिएको हुन्छ । अर्थव्यवस्था र आर्थिक स्रोत मानवीय मूल्य, मान्यता, धारणा एवम् सोचाइ र मानवीय विश्वास एवम् प्रवृतिसँग पनि जोडिएको हुन्छ । आर्थिक स्रोत गरिबी, बेरोजगारी, अशिक्षा, कुपोषण, रोग, भोग, असमानता हटाउने एउटा बलियो साधन हो र परम्परागत समाजलाई आधुनिक समाजमा रूपान्तरण गर्ने एउटा भरपर्दो माध्यम पनि हो ।

गास, बास, कपास, शिक्षा, स्वास्थ्य, सुरक्षा आदि मानवका आधारभूत आवश्यकताहरू हुन् । यिनै आवश्यकता पूरा गर्नसकेमा ग्रामीण क्षेत्रका मानिसहरूको कष्टकर जीवनलाई माथि उठाउन सकिन्छ । विकासको आवश्यकता सबै मानिसलाई समान अवसर प्रदान गर्न, अवसरको समानतालाई दिगो बनाउन, व्यक्तिव्यक्ति र राष्ट्रराष्ट्रप्रतिको निर्भरतालाई हटाउन र पछाडि परेको समाजलाई आधुनिक एवम् उत्पादनशील समाजमा रूपान्तरण गर्नुपर्दछ । यसका निम्ति अधिकार प्राप्त दूर दृष्टिसहितको स्थिर स्थानीय सरकार, दृढ इच्छाशक्ति र लगानीको आवश्यकता पर्दछ (सिलवाल, २०७४) । यसको बलियो आधार खोज्ने जिम्मेवारी अब स्थानीय सरकारको काँधमा आएको छ ।

यिनै विविध विषयवस्तुलाई समेट्ने गरी कुनै पनि स्थानीय तहको समग्र विकास के कसरी गर्न सकिन्छ, घरदैलोमा जनताले अनुभूति गर्ने गरी सरकारको उपस्थिति के कसरी गराउन सकिन्छ, समग्र गाउँपालिकाको संमृद्धि केकसरी गर्नसकिन्छ भन्ने विषयमा केन्द्रत रहेर स्थानीय तहको समग्र अध्ययन गर्न आवश्यक छ । तसर्थ यिनै आवश्यकताको पहिचान गरी बडिगाड गाउँपालिको भौगोलिक, सामाजिक, आर्थिक र भौतिक अवस्थाको वस्तुगत अध्ययन गर्न, स्थानीय तहको संगठनात्मक ढाँचा तयार गर्न र संवैधानिक अधिकारहरूको खोजी गर्न प्रस्तुत वस्तुगत विवरण तयार गर्न लागिएको हो ।

### १.२ समस्या कथन

नेपालको संविधान २०७२ को कार्यान्वयनसँगै नेपालमा स्थानीय तह, प्रदेश सभा र प्रतिनिधि सभाका तीन वटै तहको निर्वाचन सम्पन्न भइसकेको छ । अब नेपाल विधिवत रूपमा संघीयता कार्यान्वयनको चरणमा प्रवेश गरेको छ । यसका आफ्नै सम्भावना र चुनौतीहरू पनि रहेका छन् । सिंह दरबारका सबै अधिकार स्थानीय तहमा आएका छन् । कतिपय अधिकार स्थानीय तह, प्रदेश सरकार र केन्द्रीय सरकार बीचमा बाझिएको अवस्था पनि छ । स्थानीय तह सञ्चालन ऐन २०७४ तयार भएपछि यी समस्याहरू समाधान हुँदै पनि गएका छन् भने प्रदेश सरकार सञ्चालन ऐन तयार हुँदैछ । बडिगाड गाउँपालिकाको वस्तुगत विवरण तयार पार्दै गर्दा सम्भावनाका साथै चुनौतीहरूको पनि सामना गर्नुपर्ने अवस्था छ । जनताले आफ्नो स्थानीय तहको वस्तुगत अवस्था, सम्भावना र संवैधानिक अधिकारका विषयमा पनि राम्रोसँग बुझिनसकेको अवस्था छ । यही वस्तुगत अवस्था, सम्भावना र संवैधानिक अधिकार सम्बन्धी निम्न समस्या कथनलाई यो अध्ययनको विषय वस्तु बनाइएको छ–

क. बडिगाड गाउँपालिकाको सामाजिक अवस्था के कस्तो रहेको छ ?

ख. बडिगाड गाउँपालिकाको आर्थिक र भौतिक अवस्था के कस्तो रहेको छ ?

ग. गाउँपालिकाको संगठनात्मक ढाँचा र संवैधानिक अधिकारहरू के के हुन् ?

घ. बडिगाड गाउँपालिकामा विकासका सम्भाव्य क्षेत्रहरू कुन कुन हुन् ?

### १.३ अध्ययनको उद्देश्य

कुनै पनि कार्य सम्पन्न गर्नका निम्ति उद्देश्य र लक्ष्य निर्धारण गरिएको हुन्छ । नेपालमा लोकतान्त्रिक गणतन्त्रात्मक संघीयताको कार्यान्वयन गर्ने लक्ष्य पूरा गर्न सिंह दरबारको अधिकारलाई स्थानीय तहमा पुर्‍याइ समतामूलक समाज र समृद्ध राष्ट्र बनाउने उद्देश्य राखिएको छ । यही उद्देश्य परिपूर्ति गर्न शासन व्यवस्थामा जनताको

समानुपातिक सहभागिता हुनुपर्दछ र आफ्नै स्वामित्वको अनुभूति गरेको सरकारबाट आवश्यक सेवा र सुविधा पाउनु पर्दछ । उक्त सेवा र सुविधा पाउनका निम्ति जनताले आफ्नो अधिकारका साथै कर्तव्य पनि पूरा गर्नुपर्दछ । अधिकार र कर्तव्यका लागिजनताले आफ्नो स्थानीय तहको वस्तुगत अवस्था, सम्भावना र संवैधानिक अधिकारका बारेमा बुझेको हुनु पर्दछ । तसर्थ यो अध्ययनको विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन्–

क. बडिगाड गाउँपालिकाको सामाजिक अवस्थाको अध्ययन गर्नु ।

ख. बडिगाड गाउँपालिकाको आर्थिक र भौतिक अवस्था पहिचान गर्नु ।

ग. गाउँपालिकाको संगठनात्मक ढाँचा र संवैधानिक अधिकारको निर्क्योल गर्नु।

घ. बडिगाड गाउँपालिकामा विकासका सम्भाव्य क्षेत्रहरूको खोजी गर्नु ।

### १.४ अपेक्षित परिणाम

यस अध्ययनले तपसिल बमोजिमका परिणामहरूको अपेक्षा राखेको छ :

क. बडिगाड गाउँपालिकाको भौगोलिक, ऐतिहासिक र सामाजिक–सांस्कृति पक्षहरूको यथार्थ अवस्था पहिचान गर्ने,

ख. बडिगाड गाउँपालिकामा रहेका आर्थिक, भौतिक एवम् मानवीय साधन र स्रोतहरूको यथार्थ अवस्थाको पहिचान गर्ने,

ग. बडिगाड गाउँपालिकाको संमृद्धिका सम्भावित आधार समावेस गरिएको यो वस्तुगत विवरण तयार भईसंमृद्ध नेपाल निर्माण गर्नमा समेत टेवा पुग्ने अपेक्षा गरिएको छ ।

### १.५ अध्ययनको औचित्य

स्थानीय तहको निर्माणसँगै जनताका अधिकार र कर्तव्य दुवै प्राप्त भएका छन् । अधिकारसँगै चुनौती पनि थपिएका छन् । उपलब्धिको रक्षा र चुनौतीको सामना गर्न स्थानीत तह आफै सक्षम हुनुपर्ने अवस्था छ । स्थानीय तह आफैले विद्यमान अवस्थाको अध्ययनका साथै त्यहाँको भौतिक तथा प्राकृतिक साधन र स्रोतहरूको पहिचान गर्नुपर्ने हुन्छ । स्थानीय तहको संगठनात्मक ढाँचा र संवैधानिक अधिकारको निर्क्योल गरेर मात्र यसको विकासका सम्भाव्य क्षेत्रहरूको खोजी गर्नसकिन्छ । तसर्थ यो वस्तुगत विवरणले नीतिनिर्माता, जनप्रतिनिधि र सर्वसाधारण जनताका निम्ति बडिगाड गाउँपालिकाको विद्यमान अवस्थाको बोध गर्न, भौतिक र प्राकृतिक साधनस्रोतको पहिचान गर्न, संगठनात्मक ढाँचा र संवैधानिक अधिकारको जानकारी लिन तथा विकासका सम्भाव्य क्षेत्रको पहिचान गर्न सहयोग पुग्ने देखिन्छ ।

### १.६ वस्तुगत विवरण तयारी विधि र प्रक्रिया

यो वस्तुगत विवरणको उद्देश्य बडिगाड गाउँपालिकाको यथार्थ अवस्थाको अध्ययन, सम्भावनाको खोजी र संवैधानिक अधिकारको जानकारीसँग सम्बन्धित रहेको छ । प्रस्तुत अध्ययनकार्य पूरा गर्नका लागि निम्न लिखित विधि र प्रक्रियाहरू अवलम्वन गरिएको छ–

क. प्रस्तुत वस्तुगत विवरण तयार गर्न अध्ययनको सीमाभित्र रहेर आवश्यक प्रश्नावली निर्माण गरेर सम्बन्धित सरोकारवालालाई प्रशिक्षित गरी आवश्यक सूचना सङ्कलन गरिएको छ ।

ख. अध्ययन कार्यलाई वस्तुनिष्ठ गराउन सूचकहरू र विषयविज्ञसहितको समूहले सम्बन्धित वस्ती र टोलको प्रत्यक्ष स्थलगत अवलोकन गरी यहाँको सामाजिक, आर्थिक र भौगोलिक अवस्था र अवस्थितिको अध्ययन गरिएको छ ।

ग. सम्बन्धित क्षेत्रको समग्र अवस्थाको अध्ययन गर्न स्थानीय तहका जनप्रतिनिधिहरू र सम्बन्धित वडाहरूलाई नैउद्देश्यमूलक नमुना छनोटका आधारमा अध्ययनको क्षेत्र चयन गरी यो वस्तुगत विवरण तयार गरिएको छ ।

घ. प्रस्तुत वस्तुगत विवरणमा प्राथमिक तथा द्वितीयक दुबै स्रोतका अध्ययन सामग्रीहरू उपयोगमा ल्याइएको छ । प्राथमिक स्रोतका सामग्रीहरू सम्बन्धित तहका जनप्रतिनिधिहरू र स्थलगत अवलोकनका साथै यस क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तिहरूसँग सम्पर्क गरी यहाँको यथार्थ अवस्था, संभावना र चुनौतीहरूका विषयमा रायसुझावहरू सङ्कलन गरिएको छ । तथ्याङ्क संकलनका क्रममा गाउँपालिकाका जनप्रतिनिधिहरू, गाउँकार्यपालिकाका सदस्यहरू, गाउँपालिकाका कार्यकारी अधिकृत, विभिन्न शाखाका कर्मचारी एवम् वडा सचिवहरू, उद्योगी, व्यापारी, बुद्धिजीवी तथा विभिन्न राजनीतिक दलका स्थानीय प्रमुख एवम् प्रतिनिधिहरूको समेत रायसुझावहरू संकलन गरिएको छ । यसका अतिरिक्त राष्ट्रियस्तरका विषयविज्ञहरूसँग समेत आवश्यक परामर्श गरिएको छ ।

ङ. द्वितीय स्रोतका सामग्रीहरूको सङ्कलन गर्न सम्बन्धित गाउँपालिकाका अभिलेखहरू, साविक गाविसका स्मारिकाहरू, तथ्याङ्क कार्यालय बागलुङको वस्तुगत विवरण, जिल्लाका अन्य कार्यालयका सूचना र अभिलेखहरू, ऐन, नियम र संवैधानिक कानुनहरू, नेपालको गाविस/जिविस/जिशिका लगायतका प्रतिवेदनहरू, विभिन्न विद्यालयहरूबाट प्रकाशित स्मारिकाहरू, आर्थिक सर्वेक्षणहरू, नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४ लगायत विभिन्न अनुसन्धानमूलक पुस्तक एवम् प्रतिवेदनहरू आदिलाई मुख्य आधार मानिएको छ ।

च. समग्रमा यी सम्पूर्ण क्षेत्रहरूबाट प्राप्त हुन आएका सूचना एवम् जानकारीहरूलाई संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले उपलब्ध गराएको ढाँचामा रही विश्लेषणात्मक विधिको माध्यमबाट समीक्षा गर्दै प्रस्तुत बडिगाड गाउँपालिकाको वस्तुगत विवरण तयार गरिएको हो ।

### १.७ वस्तुगत विवरणको सीमाङ्कन

प्रस्तुत वस्तुगत विवरणको तयारी गर्नका निम्ति उद्देश्यमूलक नमूना छनोट विधिको उपयोग गरी अध्ययनको क्षेत्र र सूचकहरू छनोट गरिएको छ । यसको सीमा निर्धारण गर्दा बडिगाड गाउँपालिकाका आर्थिक तथा सामाजिक सूचकहरूको विद्यमान अवस्था, पर्यटकीय सम्भावना बोकेका स्थलहरू र विकासका अन्य सम्भावित क्षेत्रहरूलाई आधार बनाइएको छ । विशेष गरी यो वस्तुगत विवरणलाई बडिगाड गाउँपालिकाको विद्यमान अवस्था, यहाँको भौतिक तथा प्राकृतिक साधन र स्रोतहरू, गाउँपालिकाको संगठनात्मक ढाँचा र संवैधानिक अधिकारहरू एवम् यसका विकासका सम्भाव्य क्षेत्रहरू निर्धारण गर्नमा सीमित रहेको छ ।

### १.८ वस्तुगत विवरणको अध्याय संरचना

प्रस्तुत वस्तुगत विवरणलाई सात अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायलाई बडिगाड गाउँपालिकाको वस्तुगत विवरणको अध्ययन परिचयमा सीमित गरिएको छ भने दोस्रो अध्यायलाई उक्त गाउँपालिकाको परिचयमा सीमित गरिएको छ । यस वस्तुगत विवरणको तेस्रो अध्यायमा बडिगाड गाउँपालिकाको सामाजिक अवस्था उल्लेख गरिएको छ । अध्याय चारमा गाउँपालिकाको आर्थिक तथा भौतिक अवस्थाको चिनारी दिइएको छ । पाँचौं अध्यायमा गाउँपालिकाको संगठनात्मक ढाँचा र संवैधानिक अधिकारहरूको सूची प्रस्तुत गरिएको छ । अध्याय छमा गाउँपालिकाको विकासका सम्भाव्य क्षेत्रहरूको खोजीगर्ने काम भएको छ भने अध्याय सातमा उपसंहार प्रस्तुत गरिएको छ । साथै यस वस्तुगत विवरणको अन्त्यमा सन्दर्भसामग्री सूची तथा अनुसूचीहरू उल्लेख गरिएको छ ।

अध्याय : दुई

# बडिगाड गाउँपालिकाको परिचय

## २.१ भौगोलिक परिचय : अवस्थिति, क्षेत्रफल र सीमाना

नेपालभित्रको नेपाल भनेर चिनिने जिल्ला बागलुङ हो । यो जिल्लाको मध्य भागमा रहेको सबैभन्दा ठूलो गाउँपालिका (गापा) बडिगाड हो । यस गापाको पूर्वमा गलकोट नगरपालिका; पश्चिममा निसीखोला गाउँपालिका तथा ढोरपाटन नगरपालिका र प्युठान जिल्ला; उत्तरमा गलकोट नगरपालिका रताराखोला गाउँपालिका तथा दक्षिणमागुल्मी जिल्लाका मुसिकोट नगरपालिका तथा मालिका गाउँपालिकाहरू पर्दछन् । यस गापाको सबैभन्दा होचो भाग समुद्री सतहबाट करिब ७ सय ३२ मिटरदेखि सबैभन्दा अग्लो भाग३४ सय ४२ मिटरसम्म उचाइमा रहेको छ । यसको कुल क्षेत्रफल समग्रमा १७८.६७ वर्ग कि.मी. रहेको छ । समग्रमा बडिगाड गापाको नक्शा, उचाइ, देशान्तर र क्षेत्रफल निम्न नक्शा र तालिका अनुसार रहेको छ–

नक्शा : २.१
बागलुङ जिल्लाको पुनर्संरचित स्थानीय तह



नक्शा : २.२

बडिगाड गाउंपालिका




Badigad Gaupalika Elevation Map




स्रोत : नक्शा तयार कर्ता इ. प्रेम थापा, २०७४ ।

**तालिकाः २.१**
**बडिगाड गापाको उचाइ, देशान्तर र क्षेत्रफल**

| वडा नं. | वडाकार्यालय रहेको स्थान | भौगोलिक उचाइ | अक्षांश र देशान्तर | साविक गाविस | वडाको क्षेत्रफल (वर्ग कि.मी.) |
|---|---|---|---|---|---|
| १ | दगातुन्डाडा (तुन्डाडा) | १६१९ मी. | २८.२१२०° उ., ८३.२७८६° पू. | दगातुन्डाडा (१-५) | १२.३४ |
| २ | खर्वाङ | ७०४ मी (डुडेवा चौर) | २८.१९१६° उ., ८३.२७७३° पू. | दगातुन्डाडा (६-९) | ६.९३ |
| ३ | सिसाखानी (माझगाउँ) | १९८० मी. | २८.२२३२° उ., ८३.३१७९° पू. | सिसाखानी (१-९) | १८.८६ |
| ४ | जलजला (झुलेडाडा) | २०३२ मी. | २८.२४७३° उ., ८३.२५०४° पू. | जलजला (१-९) | १८.२ |
| ५ | ग्वालिचौर (टारी) | ७९० मी. | | ग्वालिचौर (१-९) | २३.४७ |
| ६ | भिमगिठे (खाल) | ९४७.३६ मी. (भिमघाट) | २८.२७७१° उ., ८३.१७९६° पू. | भिमगिठे (२,८,९) | ८.३५ |
| ७ | भिमगिठे (दोबाटा) | १०१८.९५ मी. (घोकर्ना) | २८.२८३२° उ., ८३.१७९४° पू. | भिमगिठे (१,३,७) | २४.५३ |
| ८ | रनसिंहकिटेनी (दोभान) | २२२१.७४ मी. (सिमाक देउराली) | २८.२६७४° उ., ८३.२५६५° पू. | रनसिंहकिटेनी (१-९) | ३८.८९ |
| | | २२९५ मी. (नेटाखर्क) | २८.२७१४° उ., ८३.२८०९° पू. | | |
| ९ | दर्लिङ (दर्लिङखोला) | | | दर्लिङ (१-४) | १३.७४ |
| १० | दर्लिङ (कालिबिसौना) | १६६० मी. (दर्लिङ देउराली) | | दर्लिङ (५-९) | १३.३६ |
| समग्र गाउँपालिकाको क्षेत्रफल वर्ग कि.मी. | | | | | १७८.६७ |

स्रोतः स्थलगत अवलोकन र जिपिएस स्थलगत सर्भे, २०७४; सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेबसाइट (www. mofald.gov.np.) ।

## २.२ ऐतिहासिक चिनारी तथा नामकरण

नेपाल प्राचीन कालमा कुमाउँदेखि आसामसम्म फैलिएको थियो भन्ने भनाइ छ । विक्रमको १२ औं शताब्दीतिर आइ पुग्दा विशाल तत्कालीन नेपाल नेपालमण्डल, खसराज्य र सिमरौनगड नामक राज्यमा टुक्रिन पुग्यो । यिनै मध्येको समृद्ध राज्य कर्णाली प्रदेशको खसराज्य थियो । यही खसराज्य पनि विक्रमको १५ औं शताब्दीतिर टुक्रिएर बाइसी र चौवीसी राज्यहरूमा विभाजित हुनपुग्यो । कर्णाली प्रदेशमा बाइसी र गण्डकी प्रदेशमा चौवीसी राज्यको उदय भयो । चौवीसी राज्यअन्तर्गत पाल्पा, गुल्मी, मुसिकोट, गलकोट, पर्वत लगायतका २४ वटा राज्यहरू थिए । यिनीहरू मध्ये एउटा शक्तिशाली राज्य पाल्पा थियो । यो राज्य वि.सं. १५५० देखि १८६१ सम्म स्वतन्त्र राज्यका रूपमा रह्यो (बानिया, २०६३ः २१२) । यो राज्यसँग पनि वर्तमान बडिगाड गाउँपालिकाको प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्ध रहेको देखिन्छ ।

वर्तमान बडीगाड गाउँपालिका मध्यकालमा चौवीसी राज्यअन्तर्गत पर्दथ्यो । तर तत्कालीन समयका कुन राज्यअन्तर्गत यो क्षेत्र पर्दथ्यो भन्ने आधिकारीका भनाइ पाइदैन । मध्यकालमा वर्तमान बडिगाड गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमि पूर्वमा गुल्मी, दक्षिणमा मुसीकोट, पश्चिममा इस्मा र उत्तरमा गलकोट राज्यका सीमानासँग

जोडिएको अनुमान गर्न सकिन्छ । तत्कालीन राज्यका सीमाना र वस्तीहरू समयसमयमा फेरबदल हुने हुनाले पनि ती राज्यहरूको सीमाना यथार्थ रूपमा यकिन गर्नसकिदैन ।

वर्तमान गुल्मी जिल्लाअन्तर्गत मध्यकालमा मुसीकोट, इस्मा, धुर्कोट र गुल्मी राज्यहरू पर्दथे । तत्कालीन समयमा मुसिकोट र इस्माले प्युठानको र गुल्मीले पाल्पा राज्यको नेतृत्वलाई मान्दथे भनिएको छ (श्री ५ को सरकार, २०३१ : ७२३) । ह्यामिल्टनको भनाइअनुसार पनि गुल्मी, खाँची, अर्घा, मुसीकोट, घुर्कोट र इस्माका यी छ राज्यहरूमा काला मकवानी वंशका एउटै परिवारले शासन सञ्चालन गर्दथे भन्ने भनाइ छ ।

चौवीसी राज्यअन्तर्गत पर्ने इस्मा राज्यमा तत्कालीन समयमा २५ सय घरधुरी थिए र त्यसमध्ये पनि राजाको दरवारवरिपरि खर र ढुङ्गाले छाएका ५०/६० घरहरू एकै ठाउँमा भएको वस्ती थियो भनिन्छ । इस्मा राज्यका सम्बन्धमा भनिएको छ– "इस्माका राजाको अधीनमा समथर जग्गा थिएन । राज्यभरका करिब २५ सय घरहरू थिए । राजश्व रू. २ हजार थियो । उक्त राज्यमा खानीहरू थिएनन् । इस्मा र मुसीकोटबीच सँधै लडाइ भइरहन्थ्यो" (श्री ५ को सरकार, २०३१ः ७२४) । यी भनाइहरूबाट पनि तत्कालीन समयमा इस्मा राज्य आफैमा शक्ति सम्पन्न थिएन भन्ने पुष्टि हुन्छ ।

इस्मा राज्यको पूर्वमा मुसीकोट, पश्चिममा अर्गलुङको उकालोदेखि भिमरूकसम्म, उत्तरमा पर्वत राज्यको ग्वालीचौर र दक्षिणमा धुर्कोट राज्यहरू पर्दथे भन्ने भनाइ पाइन्छ (शर्मा, २०७१ः १९१) । त्यसै गरी मुसीकोट राज्यको पूर्वमा गुल्मी, उत्तरमा गलकोट, पश्चिममा इस्मा राज्य र दक्षिणमा गुल्मी राज्य पर्दथे भनिएको छ(शर्मा, २०७१ः १९८) । स्थानीय बूढापाकाहरूले दिएको जानकारी अनुसार मध्यकालमा गलकोट राज्यको सीमाना पूर्वमा बिहुँको काठेखोला, पश्चिममा पाण्डवखानीको काभ्रेखोला, उत्तरमा म्याग्दी रूमको देउराली र दक्षिणमा गुल्मी मुसिकोटको निबुवा खोलासम्मको भूभाग फैलिएको थियो भन्ने भनाइ छ (थापा, २०६६ः ५) । तसर्थ तत्कालीन समयका यिनै गलकोट, मुसीकोट र इस्माका विभिन्न भूभागलाई समेटेर वर्तमान बडिगाड गाउँपालिका निर्माण भएको अनुमान गर्नसकिन्छ ।

नेपालको एकीकरण (विसं. १८६१) पश्चात पाल्पा राज्य एक मुहुडा र पछि गौडाका रूपमा विकसित भयो । पाल्पा मुहुडा अन्तर्गत पाल्पा, गुल्मी, अर्घा, खाँची, मुसिकोट, इस्मा, धुर्कोट, गलकोट र पर्वत गरी नौवटा जिल्ला राखिएको थियो (बानिया, २०६३ः २१२) । राणाकालपूर्व पाल्पा गौडालाई मुख्तियारले प्रशासन चलाउँथे भने राणाकालमा तैनाथवालले प्रशासन चलाउँथे । केन्द्र सरकारका आफन्तहरू गौडा सरकारका मुख्तियार, दौडाहा, तैनाथवाल वा प्रशासक रहन्थे । भीमसेन थापाको समयमा उनैका बाबु अमरसिंह, भाइहरू बख्तावरसिंह र रणवीरसिंह तथा भतिज उजिरसिंह थापा पाल्पाका मुख्तियार वा तैनाथवाल भएको देखिन्छ । त्यसै गरी रणजङ पाँडेको समयमा उनैका आफन्त रणदल पाँडे. र सिंहवीर पाँडे पाल्पाको तैनाथवाल भएको पाइन्छ । राणाकालमा पनि उनैका भाइभारदारहरू कृष्णबहादुर, खड्गबहादुर र बद्रीसिंह राणा पाल्पाका तैनाथवाल वा प्रशासक भएको पाइन्छ । पाल्पाको प्रशासनले हालको गुल्मी र बागलुङसम्म पनि प्रशासनिक रेखदेख गरेको पाइन्छ ।

वीरशमशेरको समय (वि.सं. १९५२) मा नेपाललाई ३५ जिल्लामा विभाजन गरियो । यी ३५ मध्येको पाल्पा जिल्लाको उत्तरी सीमाना कालीगण्डकी हुँदै देवघाटसम्म रहेको पाइन्छ । यो समयमा पनि पाल्पा गौंडाले न्याय प्रशासन

हेर्ने काम गर्थ्यो । राणाकालीन समय (वि.सं. १९५९) तिर भूमि प्रशासन हेर्नका लागि तालुकदारी प्रथा लागू गरियो । गाउँहरूलाई मौजामा विभाजन गरियो । मौजाको प्रशासन सञ्चालन गर्न माल अड्डाबाट तालुकदार नियुक्ति गर्ने व्यवस्था मिलाइयो । खेतको राजश्व असुली गर्न जिम्मावाल र पाखोबारीको राजश्व असुल गर्न मुखिया तालुकदार नियुक्ति गरिन्थ्यो । यो तालुकदारले विशेष गरी राजश्व असुली, मुद्दामामिला हेर्ने, वनजंगलको संरक्षण गर्ने र गाउँमा विकासनिर्माणका कामहरू गर्ने गर्दथे । वि.सं. २०१८ सालमा नेपाललाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरियो । यो पञ्चायतको आगमनपछि जननिर्वाचित प्रधान पञ्चको व्यवस्था भयो । अब तालुकदारका अन्य अधिकारहरू कटौती भई भूमिसम्बन्धी राजश्व असुलीमा मात्र सीमित हुन पुग्यो । यो तालुकदारी प्रथा वि.सं. २०३४ सालमा पूर्ण खारेजी भयो ।

यसरी राणाकालसम्म प्रशासनिक सुविधाका लागि गाउँगाउँमा मुखिया, जिम्मावाल, द्वारे, अमाली, दौडाहा, उमरा, बैदार, तहबिलदार, डिट्ठा आदि नियुक्त हुन्थे । प्रशासनिक सुगमताका लागि मालअड्डा, तकसार, इजरा, मौजा, थुम, कोट, हट्टी टकसार आदि निकायहरूबाट कार्यसम्पादन हुने गर्दथ्यो । उनीहरूले विभिन्न किसिमका करहरू– भूमिकर, रैकर, अस्मानी, छलहीकर, नजराना आदि जनताबाट असुल्ने गर्दथे ।

वि.स. २००७ सालपूर्व वर्तमान बडिगार्ड गाउँपालिका मौजा र इजराअन्तर्गत वभाजित थियो । तत्कालीन इस्मा राज्यको एउटा मौजाअन्तर्गत वर्तमान बडिगाड गाउँपालिकाका यिनै ग्वालीचौर, दगातुन्डाडा, जलजला र सिसाखानी पर्दथे भने दगा, पाण्डवखानी र जलजलाका केही भाग गुल्मीको इजराअन्तर्गत पर्दथे भन्ने भनाइ स्थानीय बुद्धिजीवी तथा समाजसेवी गुणनिधि घिमिरेको छ भने अर्को भू.पू. प्रधान पञ्च तथा समाजसेवी प्रेमलाल पोखरेलको भनाइमा दगा मुसीकोटको मौजा र तुन्डाडा इजरा भएको बताउँछन् । तत्कालीन समयमा थुमभन्दा ठूलो इजरा र इजराभन्दा ठूलो प्रशासनिक एकाइ मौजा मानिन्थ्यो । थुमले इजरा र इजराले मौजालाई ओलक अर्थात् जात र पेसाअनुसार स्थानीय उत्पादनमा आधारित कोसेली लिएर चाडपर्व र विशेष अवसरहरूमा भेट्न जानुपर्ने हुन्थ्यो । यिनै तत्कालीन मौजा र इजरालाई समेटेर वर्तमान बडिगाड गाउँपालिका निर्माण गरिएको छ ।

वर्तमान बडिगाड गाउँपालिका राजनीतिक परिवर्तनसँगै प्रशासनिक र भौगोलिक सिमानामा पनि हेरफेर हुँदै आएको पाइन्छ । वि.सं. २०१८ सालतिर बागलुङ र गुल्मी जिल्लाको राजनीतिक नक्शा कोरियो । यिनै दुई जिल्लाका संगमस्थलमा वर्तमान बडिगाड गाँपालिकाका तत्कालीन गाउँपञ्चायतहरू पर्दथे । वि.सं. २०२१ सालमा पञ्चायतको सीमाना हेरफेर गर्ने क्रममा गुल्मी जिल्लामा रहेका रिघा, दगातुन्डाडा, सिसाखानी र पाण्डवखानी गरी यी चारवटा नयाँ पञ्चायतको निर्माण गरियो । वि.सं. २०३२ सालपूर्व वर्तमान गाउँपालिकाका दर्लिङ र भिमगिठेबाहेकका अन्य सिसाखानी, जलजला, ग्वालीचौर, दगातुन्डाडा, रनसिंहकिटेनी र पाण्डवखानी, रिघा लगायतका गाउँ पञ्चायतहरू गुल्मी जिल्लामा पर्दथे । यिनै गाउँपञ्चायतहरू वि.सं. २०३२ सालमा जिल्लाको सीमाना हेरफेर गर्ने क्रममा बागलुङ जिल्लामा गाभिएका हुन् ।

वि.सं. २०४६ सालको बहुदलीय प्रजातन्त्रको आगमनसँगै वर्तमान बडिगाड गाउँपालिकामा रहेका सातवटा गाउँविकास समितिहरू मध्येका सिसाखानी र रनसिंहकिटेनी बागलुङ जिल्लाको ९ नं. इलाकाअन्तर्गत राखियो भने बाँकी

गाउँविकास समितिहरूलाई इलाका नं. ११ मा राखिएको थियो । यिनै दुईवटा इलाकामा रहेका सिसाखानी, दगातुन्डाडा, जलजला, रनसिंहकिटेनी, ग्वालीचौर, भिमगिठे र दर्लिङ गाउँपालिकालाई वि.सं. २०७३ फागुन २७ को राजपत्रमा प्रशित सूचनाअनुसार बडिगाड गाउँपालिकामा पुनर्संरचना गरियो ।

यसरी मध्यकालीन समयका गलकोट, मुसीकोट र इस्मा राज्यका केही भूभागलाई समेटेर राणाकालीन समयमा मौजा र इजरा निर्माण गरियो । यिनै मौजा र इजरालाई पञ्चायत कालमा गुल्मी र बागलुङ जिल्लाका विभिन्न पञ्चायतहरूमा विभाजन गरियो । बहुदलीय प्रजातन्त्रकालीन समयमा सातवटा गाउँविकास समिति र दुईवटा इलाका (इलाका नं. ९ र ११) मा विभाजन गरियो । यिनै सातवटा गाविसलाई समेटेर नेपालको संविधान २०७२ लाई कार्यान्वयन गर्ने क्रममा सिंहदरवारको अधिकारलाई स्थानीय तहमा पुऱ्याउने उद्देश्यका साथ एउटा बडिगाड गाउँपालिका निर्माण गरियो ।

गाउँपालिकाको नामकरण बडिगाड गरिनुका केही कारणहरू छन् । यो गाउँपालिका बडिगाड खोलाको नामबाट नामकरण गरिएको हो । खस भाषामा बडीको अर्थ ठूलो र गाडको अर्थ खोला भन्ने हुन्छ । यही बडी र गाड मिलेर बडिगाड अर्थात् ठूलोखोला भन्ने अर्थमा प्रकृतिको नामबाट यस गाउँपालिकाको नामकरण गरिएको हो । यो खोलाले भिमगिठेदेखि खर्वाङसम्मका पाँचवटा वडाहरू (२,५,६,७ र ९) को पहिचानलाई समेटेको हुँदा यसलाई बडिगाड नामकरण गरिएको हो । अहिले यो गाउँपालिकाको कार्यालय साविकको ग्वालीचौर गाविसको खारमा रहेको छ । कार्यालय रहेको ठाउँको स्थानीय नाम खार बाजार हो । खार बजारको नजिकमा रहेका बस्तीहरूमा ग्वालीचौर, खौलार, खाला, न्वारा, भिङ्गिठे आदि स्थानहरू पर्दछन् । स्थानीय बूढापाकाहरूको भनाइअनुसार ग्वालीचौरका पुराना आदिवासी मगरहरू भएको र उनीहरूले लेक चाप्दै गएपछि उक्त स्थानमा पर्वतको मल्लाजबाट जिसी परिवार बसोबास गर्दै आएको र उनीहरू पछि गुल्मीको घमिरबाट घिमिरेहरू र अन्यत्रबाट अन्य जातिहरू पनि त्यहाँ आइ बसोबास गर्न थालेको बुझिन्छ (गुणनिधि घिमिरे, २०७५) छ ।

ग्वालीचौरको ऐतिहासिक तथ्यको खोजी गर्दा ग्वालाहरू बसेर गाई चराउने ठाउँलाई ग्वालीचौर भनिएको हो भन्ने भनाइ पाइन्छ । स्थानीय बुद्धिजीवीको भनाइअनुसार ग्वालीचौरको पुरानो मुखिया घनश्याम घिमिरे र पहिलो जननिर्वाचित प्रधान पञ्च उमानन्द घिमिरे (२०१८ साल) भएको बुझिन्छ । उनै उमानन्दले त्यस पञ्चायतको नाम उपेन्द्रपुर पञ्चायत राखेका थिए (बालकृष्ण अर्याल, घनश्याम घिमिरे, २०७५) । उमानन्दपछि हिरालाल आचार्य (२०२२ साल) प्रधान पञ्च भएपछि उपेन्द्रपुर पञ्चायतलाई ग्वालीचौर गाउँपञ्चायतको नामकरण गरेका थिए । यही ग्वालीचौर गाउँपञ्चायत आज बडिगाड गाउँपालिकाको वडा नं. ५ र समग्र गाउँपालिकको केन्द्रविन्दु बन्न पुगेको छ ।

**२.३ सामाजिक तथा साँस्कृतिक पक्ष**

मानिस सामाजिक प्राणी हो । एउटै भूगोल, एउटै प्रकृति, साझा मनोविज्ञान र सामुहिक संस्कृतिलाई अवलम्बन गर्ने मानिसहरूको झुण्ड वा समूह नै समाज हो । मानवले समाजमा रहेर गर्ने व्यवहारिक गतिविधिका श्रृङ्खलाहरू उसका साँस्कृतिक पहिचाना हुन् । सामाजिक र साँस्कृतिक एकताको संगठित र वैधानिक संरचना नै संघीयता हो । संघीयताको मूल मर्म नै सामाजिक पहिचन र आर्थिक संमृद्धि हो । यही भावनाबाट उत्प्रेरित भइ संघीयताको अवधारण

विकास भएको हो । संघीयताको जग भनेकै स्थानीय तह हो । स्थानीय तहको स्तम्भ भनेको भौगोलिक अवस्थिति र सामाजिक संरचना हो । संघीयतालाई पूर्ण कार्यान्वयन गर्न सामाजिक संरचनाको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

बडिगाड गाउँपालिकाको सामाजिक संरचनालाई हेर्दा यहाँ केही जातीय उत्पीडन, वर्गीय असमानता र भौगोलिक विविधता हुँदाहुँदै पनि अनेकतामा एकता र एकतामा अनेकताको विशेषता भएको समाज यहाँ पाइन्छ । बडिगाड क्षेत्रमा विविध जाति, वर्ग, धर्म, संस्कार र पेसाका मानिसहरू हुँदाहुँदै पनि सबैको परस्पर साझा पहिचान भनेकै 'बडिगाड' भन्ने शब्द हो । 'बडिगाड' शब्दले कुनै ऐतिहासिक पहिचान दिन नसके पनि यो शब्दले यस गाउँपालिकाका बहुसंख्यक वडाहरूलाई समेटेको हुनाले प्राकृतिक सबैको प्राकृतिक पहिचान दिन सफल भएको छ । यो शब्दले सबै जाति र भूगोलका मानिसहरूको भावनात्मक सम्बन्धलाई समेट्न सक्ने सामर्थ्य पनि राख्द छ । यहाँका अन्य साझा पहिचानहरूमा 'न्वागी मेला, धार्मिक मठमन्दिरहरू, उच्च स्थानमा रहेका पहाडी चुचुराहरू, चौर र तालहरू, झरना र गुफाहरू, खोलानालाहरू, चाड र पर्वहरू आदि पर्दछन् । त्यसै गरी झाम्रे, घाटु, सोरठी, सरायो नाच, मालश्री, हाम्फै नाच आदि पनि यहाँका मौलिक पहिचान बोकेका लोकसाहित्य र लोकसंस्कृति हुन् ।

बडिगाड गाउँपालिकामा आफ्नै मौलिक पहिचान र सामाजिक सद्भाव भएका विभिन्न जाति, जनजाति र दलित समुदायका मानिसहरूको बसोबास रहेको छ । यहाँका अन्य सामाजिक विशेषताहरूमा आपसी वैवाहिक सम्बन्ध, मितेरी साइनो, आपसी श्रमविभाजन, श्रम साटासाट, हुद्दा/पर्मा, साझा देवीदेवताको थान–मन्दिर, पूजाआजा, साझा चाडपर्व र स्थानीय उत्पादनमा आधारित खाद्यान्न तथा घरेलु उत्पादनमा आधारित वस्तुहरू हुन् । यहाँ उत्पादिन खाद्यान्नहरूमा धान, मकै गहुँ, कोदो, आलु, भाँगो, भटमास, आदि पर्दछन् भने घरेलु वस्तुहरूमा ठेकाठेकी, डोकाडाली, सोली, मान्द्रो, सुप्पो (नाङ्लो), बुट्टेनली आदि वस्तुहरू पर्दछन् । यिनै वस्तुहरूको विनिमय गरी स्थानीय पहिचान दिनु, व्यवहारिक समस्या सुल्झाउनु र भ्रातृत्वको भावना विकास गर्नु पनि यो गाउँपालिकाका विशेषताहरू हुन् । यी सामाजिक सदभाव र स्थानीय पहिचानलाई जोगाइ राख्नु यो गाउँपालिकाको कर्तव्य र अधिकार दुबै हो । बडिगाड गाउँपालिकाको सामाजिक अवस्थाको विस्तृत अध्ययन अध्याय ३.१मा गरिएको छ ।

### २.४ आर्थिक तथा प्राकृतिक साधन र स्रोतहरू

मानव सेवामा सहयोग पुऱ्याउने मानव निर्मित र स्वनिर्मित वस्तु वा सेवा नै आर्थिक साधन हुन् । त्यसै गरी प्रकृतिका निशुल्क उपहारहरू सबै प्राकृतिक साधन र स्रोत दुवै हुन् । कुनै पनि व्यक्ति, स्थानीय तह र राज्यको स्तर निर्धारण गर्ने आधार भनेको आर्थिक अवस्थाले हो । अर्थोपार्जन र आर्थिक अवस्थाको मूल्याङ्कन गर्ने आधारहरू भनेकै सामाजिक, साँस्कृतिक र मानवीय साधन र स्रोतको परिचालन हो । यिनै साधन र स्रोतको व्यवस्थित परिचालन हुन नसक्दा कुनै पनि व्यक्ति वा राज्य व्यवस्था गरिब हुन्छ भने यिनै साधन र स्रोतको सही सदुपयोगले ऊ सम्पन्न हुन्छ । नेपाल र नेपालीहरूको मुख्य समस्या भनेकै यिनै साधन र स्रोतको सही परिचालन गर्न नसक्नु हो ।

बडिगाड गाउँपालिका प्राकृतिक साधन र स्रोतले धनी क्षेत्र हो । यहाँ जल, जङ्गल र जमिन लगायत सिसा, फलाम, तामा, स्लेट आदि खानीहरूको प्रचुर सम्भावनै सम्भावना रहेको पाइन्छ । यीबाहेक पनि सामाजिक, साँस्कृतिक र मानवीय साधान र स्रोतको पनि यहाँ कमी छैन । तर दुःखको कुरा वर्तमान अवस्थामा यो गाउँपालिकाको शिक्षा,

स्थास्थ्य, रोजगारी र प्रतिव्यक्ति आय सन्तोषप्रद अवस्थामा रहेको छैन । यहाँ सामाजिक, आर्थिक, साँस्कृतिक र मानवीय साधनस्रोतको सम्भावना हुँदाहुँदै पनि यहाँका मानिसहरूको जीवनस्तर उठ्न नसक्नुको कारण भनेको यिनै प्राकृतिक साधन र स्रोतको व्यवस्थित परिचालन गर्न नसक्नु नै हो । पुरानो राज्य व्यवस्थाको परिवर्तन गर्नुपर्ने मुख्य कारण पनि यिनै साधन र स्रोतको परिचालन स्थानीय तह आफैले गर्न पाउने गरी अधिकार प्राप्त गर्नकै निम्ति हो । संघीय राज्य व्यवस्थाको मुख्य विशेषता भनेकै पहिचान र सामर्थ्यका आधारमा स्थानीय तहलाई सबै अधिकार प्रत्याभूत गर्नु हो । यही अधिकारको उपयोग गर्नु स्थानीय तहको कर्तव्य हो ।

पुरानो राज्य व्यवस्थामा प्रचुर सम्भावना हुँदाहुँदै पनि स्थानीय निकायले विकासको गति लिन नसक्नुका मुख्य कारणहरूमा केन्द्रीकृत एकात्मक राज्य व्यवस्था, शिक्षा, स्वास्थ्य, यातयात, रोजगारी आदि आधारभूत आवश्यकताको परिपूर्ति गर्न नसक्नु र अस्थिर राजनीतिक प्रणाली हो । यिनै समस्याहरूको सहज समाधान गर्नसकेमा अबको स्थानीय तहको भविष्य समुज्ज्वल देखिन्छ । यी समस्याको समाधान गर्न सक्षम नेतृत्व, प्रशासनिक सुगमता, यातयातको सुविधा, प्राकृतिक साधन र स्रोतको सदुपयोग, सामाजिक र साँस्कृतिक पहिचानको उपयोग तथा मानवीय श्रमको व्यवस्थापन गर्न जरूरी छ । बडिगाड गाउँपालिकाको आर्थिक अवस्थाको विस्तृत अध्ययन अध्याय ४.१ मा गरिएको छ ।

## अध्याय : तीन

# बडिगाड गाउँपालिकाको सामाजिक अवस्था

### ३.१ मुख्य जात-जातिहरू

बडिगाड गाउँपालिकामा बसोबास गर्ने विभिन्न जातजातिहरू, वडागत जनसंख्या र विभिन्न थरउपथरहरूको विवरण निम्न तालिकामा उल्लेख गरिएको छ-

**तालिकाः ३.१**
**बडिगाड गाउँपालिकामा बसोबास गर्ने मुख्य जाति**

| क्र.स. | जातजाति | साविक गाविस र वडाहरू | | | | | | | जम्मा संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दगातुन्डाडा | सिसाखानी | जलजला | ग्वालिचौर | भिमगिठे | रनसिंह किटेनी | दर्लिङ | | |
| १ | क्षेत्री | ३०८ | ५२ | ० | ६८६ | १३८८ | २१३ | ७७८ | ३४२५ | ११ |
| २ | ब्राह्मण | ५०४ | ० | ० | १६२१ | ३३१ | ० | ३२५ | २७८१ | ९ |
| ३ | मगर | २६६७ | १३६२ | ३०३० | ११७७ | २५८९ | २२४३ | २४२९ | १५४९७ | ५० |
| ४ | नेवार | ० | २६ | ० | ३७ | ८१ | ० | ० | १४४ | ०.५ |
| ५ | मुसलमान | १६ | ० | ० | ० | १५ | ० | ० | ३१ | ०.१ |
| ६ | कामी | ४१२ | ५४३ | ७५६ | ३४१ | ६१२ | ४९७ | १७७१ | ४९३२ | १६ |
| ७ | गुरूङ | ० | १८ | ० | ० | ३४१ | १६ | १०२ | ४७७ | १.५ |
| ८ | दमाइ/ढोली | १३९ | १५ | ७२ | ३०१ | ३०१ | ३० | ४३४ | १२९२ | ४.२ |
| ९ | सार्की | १५७ | ० | ४३ | १०४ | ६२ | ० | १७ | ३८३ | १.२ |
| १० | कुमाल | ७०२ | ० | ० | ० | ४१ | ० | ० | ७४३ | २.४ |
| ११ | थकाली | ४३ | ० | ० | १६ | ० | ० | ० | ५९ | ०.२ |
| १२ | गाइने | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १३ | ठकुरी | ० | ११ | ० | ० | ० | ० | ७४ | ८५ | ०.३ |
| १४ | सन्यासी/दसनामी | ४०० | ० | ० | २० | ० | ० | १७ | ४३७ | १.४ |
| १५ | छन्त्याल | ५४ | ० | १११ | ० | ० | १९ | १९० | ३७४ | १.२ |
| १६ | घर्ती/भुजेल | ० | ० | ० | ४५ | ० | ० | ० | ४५ | ०.१ |
| १७ | अन्य | १८ | २९ | २३ | २७ | ३० | १४ | १४ | १५५ | ०.५ |
| १८ | जाति नखुलेको | ४६ | ० | ० | ० | ० | ० | ० | ४६ | ०.१ |
| जम्मा | | ५४६६ | २०५६ | ४०३५ | ४३७५ | ५७९१ | ३०३२ | ६१५१ | ३०९०६ | १०० |
| कुल जनसंख्यामा प्रतिशत | | १७.६९ | ६.६५ | १३.१ | १४.१६ | १८.७४ | ९.८१०४ | १९.९ | १०० | |

स्रोत : जिल्ला तथ्याङ्क कार्यालय, बागलुङ, २०७४: १५०-१५६ ।

**तालिका : ३.२**

**बडिगाड गाउँपालिकाको वडागत जनसंख्या विवरण**

| वडाहरू | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | कुल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कुल परिवार संख्या | ५५८ | ६१० | ४१८ | ८०४ | ९२६ | ३९८ | ७८८ | ५७० | ५४८ | ६०८ | ६२२८ | केतवि, २०६८ |
| कुल जनसंख्या | २६७२ | २७९४ | २०५६ | ४०३५ | ४३७५ | २०९४ | ३६९७ | ३०३२ | २७२८ | ३४२३ | ३०९०६ | |
| कुल परिवार संख्या | ५२१ | ५३९ | ४३० | ७७८ | ८८७ | ४१३ | ८०८ | ६०७ | ५०७ | ६२९ | ६११९ | घरधुरी सर्वेक्षण, २०७४ |
| कुल जनसंख्या | ३२८८ | ३६२१ | २५८० | ४२०७ | ५९६९ | २५१५ | ४४४२ | ४२९० | ३१६४ | ४१४६ | ३८२२२ | |

स्रोतः तथ्याङ्क कार्यालय बागलुङको जिल्ला वस्तुगत विवरण, २०७४ः ९५; घरधुरी सर्वेक्षण, २०७४ ।

**तालिकाः ३.३**

**विभिन्न जातजातिका थर-उपथरहरूको विवरण**

| क्र.स. | जात | थरहरू | उपथरहरू जम्मा संख्या |
|---|---|---|---|
| १ | क्षेत्री | क्षेत्री | थापा, खत्री, घिमिरे, सिंह, के.सी., बस्नेत, खडका, रायमाझी, अधिकारी, बोहोरा, खाती, विष्ट, कार्की |
| २ | ब्राह्मण | ब्राह्मण | घिमिरे, पौडेल, भुसाल, खरेल, गौतम, आचार्य, भट्टराई, पाण्डेय, कँडेल, पोखरेल, फुलेल, अर्याल, ज्ञवाली, उपाध्याय/पाध्या, खराल, मरासिनी,पैयनी, |
| ३ | मगर | मगर | बैजाली बुढा (पाइजा, बुढा), पुन (दंगाली, खामी, सुतपराई, सामे, रूमाले), श्रीस (खामेश्रीस, सामेश्रीस), बुढा (बुढाथोकी, बुढा), सिञ्जाली (रामजाली, सिञ्जाली), दर्लामी, फकामी, रोका, रास्कोटी (राकसकोटी, राकस), गलामी (बलामी, सलामी), भुजेल, थापा (चिप्ले थापा, पुलामी थापा, दर्लामी, चर्ती, दगामी, देसुवा), रेस्मी मगर, हितान मगर, काउचा (घर्ती, काला), रजाली, पेमी |
| ४ | नेवार | नेवार | श्रेष्ठ, चुके, कक्षपति, वैद्य, शाक्य, |
| ५ | मुसलमान | मिया | मिया, खान, अली, बेगम |
| ६ | कामी | वि.क. | सुनार, घिमिरे, बराइली, रसाइली, रजाली, हरमेल, गोतामे, पौडेल, सुनचौरे, टमटा, गैरे, पाद्यवती, मल्ल, पट्टेल, पवी, अर्जेल, सेतीमगर, चुँदारो |
| ७ | गुरूङ | | तमु, घले, गुरूङ |
| ८ | दमाइ/ढोली | | परियार, दर्जी, दमाई, नेपाली |
| ९ | सार्की | | सावत, नेपाली, सार्की, गैरे, |
| १० | कुमाल | कुमाल | मुखिया, राना, कुमाल, कुम्भकार, (अल्पसंख्यक) |
| ११ | थकाली | थकाली | गौचन, शेरचन, भट्टचन, तुलाचन (अल्पसंख्यक) |
| १२ | गाइने | | ० |
| १३ | ठकुरी | | मल्ल, |
| १४ | सन्यासी/ दसनामी | | वन, गिरी, पुरी, सन्यासी, कुँवर, धिताल |
| १५ | छन्त्याल | छन्त्याल | छन्त्याल/छन्तेल (अल्पसंख्यक) |
| १६ | घर्ती/भुजेल | | मगर जात अन्तरगत पर्ने र अल्पसंख्यक दुबैथर तर स्पष्ट नभएको |

स्रोतः घरधुरी सर्वेक्षण, २०७४; बालकृष्ण अर्याल, घनश्याम घिमिरे, नेत्रप्रसाद गौतम, प्रेमलाल वि.क., २०७५ ।

## ३.२ जनसंख्याको विवरण

बडिगाड गाउँपालिकाको वडागत घरपरिवार संख्या, उमेर र लिङ्गका आधारमा जनसंख्या, मातृभाषाका आधारमा जनसंख्या, धर्म र जातजातिका आधारमा जनसंख्या, अर्थिक रूपमा सक्रिय जनसंख्या, पेसाका आधारमा जनसंख्या, गरिबीको अवस्था, जन्म र मृत्यु तथा अपाङ्गताको विवरण र बसाइसराइ सम्बन्धी विवरणलाई तपसिलका तालिकामा उल्लेख गरिएको छ–

### क. वडागत घरपरिवार तथा जनसंख्या

वि.सं. २०६८ को केन्द्रीय तथ्याङ्क अनुसार बडिगाड गाउँपालिकाको घरघुरी र जनसंख्या निम्न तालिका अनुसार रहेको छ–

**तालिका: ३.४**
**वडागत घरधुरी तथा जनसंख्या विवरण**

| वडा नं | घरपरिवार संख्या | पुरुष | महिला | जम्मा | परिवार आकार | लैङ्गिक अनुपात | क्षेत्रफल (वर्ग कि.मी.) | जनघनत्व |
|---|---|---|---|---|---|---|---|---|
| १ | ५५८ | १५५३ | १५१९ | २६७२ | | | | |
| २ | ६१० | १२०५ | १५८९ | २७९४ | ४.६८ | ७५.८७ | १८.५९ | २९४.०३ |
| ३ | ४१८ | ८७७ | ११७९ | २०५६ | ४.९२ | ७४.३९ | २०.२१ | १०१.७३ |
| ४ | ८०४ | १६९७ | २३३८ | ४०३५ | ५.०२ | ७२.५८ | १९.३४ | २०८.६३ |
| ५ | ९२६ | १९१६ | २४५९ | ४३७५ | ४.७२ | ७७.९२ | २४.९४ | १७५.४२ |
| ६ | ३९८ | ९५३ | ११४१ | २०९४ | | | | |
| ७ | ७८८ | १६३० | २०६७ | ३६९७ | ४.८८ | ८०.५२ | २७.३० | २१२.१२ |
| ८ | ५७० | १३२६ | १७०६ | ३०३२ | ५.३२ | ७७.७३ | ४४.३८ | ६८.३२ |
| ९ | ५४८ | १२४७ | १४८१ | २७२८ | | | | |
| १० | ६०८ | १५८७ | १८३६ | ३४२३ | ५.३२ | ८५.४४ | २३.३१ | २६३.८९ |
| जम्मा | ६२२८ | १३५९१ | १७३१५ | ३०९०६ | | | १७८.०७ | १८९.१६ |
| प्रतिशतमा | | ४३.९८ | ५६.०२ | १०० | | | | |

स्रोत : जिल्ला तथ्याङ्क कार्यालय, बागलुङ, २०७१ : ११४–११५ ।

**तालिका : ३.५**
**वडागत आधारमा पारिवारिक जनसंख्या विवरण**

| वडा. नं. | परिवार संख्या | | घरमुली परिवार संख्या | | |
|---|---|---|---|---|---|
| | एकल परिवार | संयुक्त परिवार | कुल परिवार | एकल महिला | एकल पुरूष |
| १ | १८४ | ३३७ | ५२१ | ६१ | १५ |
| २ | २५० | २८९ | ५३९ | १०१ | २७ |
| ३ | १७० | २६० | ४३० | १ | ० |
| ४ | ३८० | ३९८ | ७७८ | १०३ | २१४ |
| ५ | ३५८ | ५२९ | ८८७ | १६८ | ५२ |
| ६ | २३६ | १७७ | ४१३ | ५३ | २५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | ३२० | ४८८ | ८०८ | १५ | १० |
| ८ | २७८ | ३२९ | ६०७ | १०७ | १७ |
| ९ | ३५७ | १५० | ५०७ | ७६ | १९ |
| १० | २६४ | ३६५ | ६२९ | ३४ | १३ |
| जम्मा | **२७९७** | **३३२२** | **६११९** | **७१९** | **३९२** |
| प्रतिशत | **४५.७१** | **५४.२९** | **१००** | **११.७५** | **६.४०** |

स्रोत : घरधुरी सर्वेक्षण, २०७४ ।

**तालिका : ३.६**
**बडिगाड गापामा जनसंख्या विवरण**

| वडाहरू | घरधुरी | पुरूष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | ५५८ | १५५३ | १५१९ | २६७२ |
| २ | ६१० | १२०५ | १५८९ | २७९४ |
| ३ | ४१८ | ८७७ | ११७९ | २०५६ |
| ४ | ८०४ | १६९७ | २३३८ | ४०३५ |
| ५ | ९२६ | १९१६ | २४५९ | ४३७५ |
| ६ | ३९८ | ९५३ | ११४१ | २०९४ |
| **७** | ७८८ | १६३० | २०६७ | ३६९७ |
| **८** | ५७० | १३२६ | १७०६ | ३०३२ |
| **९** | ५४८ | १२४७ | १४८१ | २७२८ |
| **१०** | ६०८ | १५८७ | १८३६ | ३४२३ |
| **जम्मा** | **६२२८** | **१३५९१** | **१७३१५** | **३०९०६** |
| प्रतिशत | | ४३.९८ | ५६.०२ | १००.० |

स्रोत : जिल्ला तथ्याङ्क कार्यालय, बागलुङ, २०७४ : ९५ ।

### ख. उमेर तथा लिङ्गका आधारमा जनसंख्या

वि.सं. २०६८ को केन्द्रीय तथ्याङ्क अनुसार बडिगाड गाउँपालिकाको उमेर र लिङ्गका आधारमा जनसंख्या विवरण निम्न तालिका अनुसार रहेको छ-

**तालिका : ३.७**
**उमेर र लिङ्गका आधारमा जनसंख्या विवरण**

| साविक गाविस | वडाहरू | लिङ्ग | ००-१४ | १५-५९ | ६०-६९ | ७०+ | कुल | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| दगातुन्डाडा (१-४) र | १ र २ | पुरूष | १०४९ | १०७६ | १३७ | ९६ | २३५८ | ४३.१४ |
| दगातुन्डाडा (६-९) | | महिला | १०६१ | १८३० | १२८ | ८९ | ३१०८ | ५६.८६ |
| | | कुल | २११० | २९०६ | २६५ | १८५ | ५४६६ | १०० |
| सिसाखानी (१-९) | ३ | पुरूष | ३७८ | ३९४ | ६५ | ४० | ८७७ | ४२.६६ |
| | | महिला | ४०६ | ६४७ | ७७ | ४९ | ११७९ | ५७.३४ |
| | | कुल | ७८४ | १०४१ | १४२ | ८९ | २०५६ | १०० |
| जलजला (१-९) | ४ | पुरूष | ७६८ | ७४८ | १०० | ८१ | १६९७ | ४२.०६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | महिला | ८९६ | १२७७ | १०३ | ६२ | २३३८ | ५७.९४ |
| | | कुल | १६६४ | २०२५ | २०३ | १४३ | ४०३५ | १०० |
| ग्वालिचौर (१-९) | ५ | पुरूष | ८४८ | ८५३ | १४५ | ७० | १९१६ | ४३.७९ |
| | | महिला | ८१६ | १४२८ | १२६ | ८९ | २४५९ | ५६.२१ |
| | | कुल | १६६४ | २२८१ | २७१ | १५९ | ४३७५ | १०० |
| भिमगिठे (२, ८, ९) र | ६ र ७ | पुरूष | १२३९ | ११२८ | ११७ | ९९ | २५८३ | ४४.६ |
| भिमगिठे (१, ३-९) | | महिला | १२०६ | १७८२ | १३७ | ८३ | ३२०८ | ५५.४ |
| | | कुल | २४४५ | २९१० | २५४ | १८२ | ५७९१ | १०० |
| रनसिंह किटेनी (१-९) | ८ | पुरूष | ५६६ | ६४८ | ७३ | ३९ | १३२६ | ४३.७३ |
| | | महिला | ६०० | ९७८ | ७० | ५८ | १७०६ | ५६.२७ |
| | | कुल | ११६६ | १६२६ | १४३ | ९७ | ३०३२ | १०० |
| दल्ङिङ (१-४) र | ९ र १० | पुरूष | १४४७ | १०८७ | १५८ | १४२ | २८३४ | ४६.०७ |
| दर्लिङ (५-९) | | महिला | १२७१ | १७५५ | १७९ | ११२ | ३३१७ | ५३.९३ |
| | | कुल | २७१८ | २८४२ | ३३७ | २५४ | ६१५१ | १०० |
| कुल | | | १२५५१ | १५६३१ | १६१५ | ११०९ | ३०९०६ | |
| प्रतिशत | | | ४०.६१ | ५०.५७ | ५.२२ | ३.५९ | १००.० | |
| कुलमा पुरूषको प्रतिशत | | | | | | | | ४३.९८ |
| कुलमा महिलाको प्रतिशत | | | | | | | | ५६.०२ |

स्रोत : जिल्ला तथ्याङ्क कार्यालय, बागलुङ, २०७१ : ११६-११७ ।

## तालिका : ३.८
## उमेर र लिङ्गका आधारमा जनसंख्या विवरण

| उमेर समूह | लिङ्ग | उमेर लिङ्गका आधारमा वडागत जनसंख्या विवरण | | | | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | | |
| ०-१४ वर्ष | पुरूष | ४६५ | ५१७ | ३१५ | ५७५ | ८७९ | ४२३ | ६११ | ५८६ | ५५० | ६७८ | ५५९९ | १४.६५ |
| | महिला | ४५१ | ४९४ | ३२० | ६०२ | ७९० | ३६२ | ५९३ | ६०० | ५५३ | ७०४ | ५४६९ | १४.३१ |
| | जम्मा | ९१६ | १०११ | ६३५ | ११७७ | १६६९ | ७८५ | १२०४ | ११८६ | ११०३ | १३८२ | ११०६८ | २८.९६ |
| १५-५९ वर्ष | पुरूष | १०७२ | ११७८ | ७०१ | १३८२ | १९३० | ८१३ | १०५१ | १४३३ | ९२२ | ११९८ | ११६८० | ३०.५६ |
| | महिला | १०३६ | ११३१ | ८२० | १२४१ | १८६५ | ७३५ | १५४२ | १३६५ | ८९७ | १२४६ | ११८७८ | ३१.०८ |
| | जम्मा | २१०८ | २३०९ | १५२१ | २६२३ | ३७९५ | १५४८ | २५९३ | २७९८ | १८१९ | २४४४ | २३५५८ | ६१.६३ |
| ६०-६९ वर्ष | पुरूष | ७४ | ९३ | १३५ | ११२ | १६३ | ५१ | २३५ | ९३ | ८५ | ७९ | ११२० | २.९३ |
| | महिला | ८७ | ९७ | १३९ | १३९ | १५४ | ६२ | २६५ | १०३ | ७९ | ९० | १२१५ | ३.१७९ |
| | जम्मा | १६१ | १९० | २७४ | २५१ | ३१७ | ११३ | ५०० | १९६ | १६४ | १६९ | २३३५ | ६.१०९ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७० भन्दामाथि | पुरूष | ३६ | ५५ | ७३ | ८३ | ९६ | ३७ | ७० | ४९ | ३७ | ७६ | ६१२ | १.६०१ |
| | महिला | ६७ | ५६ | ७७ | ७३ | ९२ | ३२ | ७५ | ६१ | ४१ | ७५ | ६४९ | १.६९८ |
| | जम्मा | १०३ | १११ | १५० | १५६ | १८८ | ६९ | १४५ | ११० | ७८ | १५१ | १२६१ | ३.२९९ |
| कुल | | ३२८८ | ३६२१ | २५८० | ४२०७ | ५९६९ | २५१५ | ४४४२ | ४२९० | ३१६४ | ४१४६ | ३८२२२ | १०० |
| प्रतिशत | | ८.६०२ | ९.४७ | ६.७५ | ११.०१ | १५.६२ | ६.५८ | ११.६२ | ११.२२ | ८.२७८ | १०.८५ | १०० | |

स्रोत : घरधुरी सर्वेक्षण, २०७४ ।

**तालिका : ३.९**

**उमेर र लिङ्गका आधारमा घरमुलीको विवरण**

| **उमेर समूह** | **लिङ्ग** | **उमेर र लिङ्गका आधारमा वडागत घरधुरी विवरण** | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | **१** | **२** | **३** | **४** | **५** | **६** | **७** | **८** | **९** | **१०** |
| ०-१४ वर्ष | पुरूष | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | महिला | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | जम्मा | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १५-२५ वर्ष | पुरूष | २५ | ४ | २ | ४८ | १३ | ११ | ३२ | ११४ | ८ | ३३ |
| | महिला | ३ | ३ | ० | १६ | ६ | ६ | ० | २२१ | ६ | ९ |
| | जम्मा | २८ | ७ | २ | | १९ | १७ | ३२ | ३३५ | १४ | ४२ |
| २६-३६ वर्ष | पुरूष | २४ | ५५ | ३९ | १२१ | ९६ | ८३ | १३२ | १५८ | १३ | ११८ |
| | महिला | ४७ | १५ | १ | १७ | २२ | ४ | १७ | १२९ | १४ | १० |
| | जम्मा | ७१ | ७० | ४० | १३८ | ११८ | ८७ | १४९ | २६८ | ८७ | १२८ |
| ३७-४७ वर्ष | पुरूष | ६० | ९६ | ५४ | १३४ | १२५ | ८८ | १६९ | २ | ९८ | १२४ |
| | महिला | ४ | २० | ८ | २७ | ३३ | ६ | १२० | २ | २४ | १४ |
| | जम्मा | ६४ | ११६ | ६२ | १६१ | १५८ | ९४ | २८९ | ४ | १२२ | १३८ |
| ४८-५८ वर्ष | पुरूष | २४८ | १२४ | ३१ | १६८ | १९९ | १०० | ० | ० | १०१ | ११९ |
| | महिला | ४ | २४ | ९ | २७ | ४६ | १० | ० | ० | १८ | १५ |
| | जम्मा | २५२ | १४८ | ४० | १९५ | २४५ | ११० | ० | ० | ११९ | १३४ |
| ५९-६९ वर्ष | पुरूष | ४७ | ९० | ३७ | १२५ | १७० | ५० | ६६ | ० | ८४ | ७४ |
| | महिला | ४ | ३७ | १३ | १३५ | ५९ | २३ | ३३ | ० | २१ | २२ |
| | जम्मा | ५१ | १२७ | ५० | १६० | २२९ | ७३ | ९९ | ० | १०५ | ९६ |
| ७० देखिमाथि | पुरूष | ३१ | ३४ | २३ | ७५ | ८५ | २९ | ० | ० | ४६ | ७० |
| | महिला | ० | ३७ | १२ | २२ | ३३ | ९ | ० | ० | १४ | २१ |
| | जम्मा | ३१ | ७१ | ३५ | ९७ | ११८ | ३२ | ० | ० | ६० | ९१ |
| उल्लेख नभएको | | २४ | ० | २०१ | २७ | ० | ० | २३९ | ० | ० | ० |
| जम्मा | | ५२१ | ५३९ | ४३० | ७७८ | ८८७ | ४१३ | ८०८ | ६०७ | ५०७ | ६२९ |

स्रोत : घरधुरी सर्वेक्षण, २०७४ ।

**तालिका : ३.१०**
**उमेर र लिङ्गका आधारमा बैबाहिक जनसंख्या विवरण**

| उमेर समूह | लिङ्ग | उमेर र लिङ्गका आधारमा वडागत जनसंख्या विवरण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | कुल |
| ०-१४ वर्षसम्म | पुरूष | २० | २ | – | ३ | – | ० | – | – | – | ५ | |
| | महिला | ४० | १९ | – | ३ | – | ० | – | – | – | १० | |
| | **जम्मा** | **६०** | **२१** | **–** | **६** | **–** | **०** | **–** | **–** | **–** | **१५** | १०२ |
| १५-१९ वर्षसम्म | पुरूष | ९३ | १८९ | – | ७ | – | ९८ | १८५ | ११४ | – | ४८८ | |
| | महिला | १९७ | ७२३ | – | ७ | – | ७ | ४८० | २२१ | – | ६९५ | |
| | **जम्मा** | **२९०** | **९१२** | **–** | **१४** | **–** | **१०५** | **६६५** | **३३५** | **–** | **११८३** | ३५०४ |
| २०-२४ वर्षसम्म | पुरूष | २९३ | ५९० | – | २० | – | २६४ | ३७० | १५८ | ३७५ | ३३४ | |
| | महिला | ३२३ | २५७ | – | १८ | – | १८६ | ३९० | १२९ | ३४० | २०९ | |
| | **जम्मा** | **६१६** | **८४७** | **–** | **३८** | **–** | **४५०** | **७६०** | **२८७** | **७१५** | **५४३** | ४२५६ |
| २५-२९ वर्षसम्म | पुरूष | ४०९ | १३५ | – | १२ | – | १९९ | १७३ | २ | – | ६५ | |
| | महिला | २१८ | ६३ | – | ३० | – | ४४१ | १०० | २ | – | ३८ | |
| | **जम्मा** | **६२७** | **१९८** | **–** | **४२** | **–** | **६४०** | **२७२** | **४** | **–** | **१०३** | १८८६ |
| ३०-३४ वर्षसम्म | पुरूष | ३१ | ९ | – | ५ | – | ४० | १० | – | १९ | १७ | |
| | महिला | १३ | ४ | – | ४ | – | ५ | ५ | – | ७ | ४ | |
| | **जम्मा** | **४४** | **१३** | **–** | **९** | **–** | **४५** | **१५** | **–** | **२६** | **२१** | १७३ |
| ३५-३९ वर्षसम्म | पुरूष | ५ | ३ | – | १ | – | ३ | – | – | – | ० | |
| | महिला | ६ | २ | – | १ | – | ३ | – | – | – | ० | |
| | **जम्मा** | **११** | **५** | **–** | **२** | **–** | **६** | **–** | **–** | **–** | **०** | २४ |
| ४० भन्दामाथि वर्षसम्म | पुरूष | २ | ४ | – | ० | – | ० | – | – | १ | ० | |
| | महिला | ० | ३ | – | ० | – | ० | – | – | – | ० | |
| | **जम्मा** | **२** | **७** | **–** | **०** | **–** | **०** | **–** | **–** | **१** | **०** | १० |
| | **कुल** | **१६५०** | **२००३** | **–** | **१११** | **–** | **१२४६** | **१७१२** | **६२६** | **७४२** | **१८६५** | ९९५५ |

स्रोत : घरधुरी सर्वेक्षण, २०७४ ।

**ग. छानाको प्रकारको आधारमा घरधुरी संख्या**

**तालिका : ३.११**
**छानाको प्रकारको आधारमा घरधुरी संख्या**

| क्र. स. | घरको प्रकार | वडागत घरधुरी विवरण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| १. | खरले | १०७ | ७५ | १६७ | १०३ | १११ | ४३ | ४३ | ५५ | १७ | ११२ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छाएको | | | | | | | | | | |
| २. | जस्तापाताले छाएको | १५० | २५२ | ६८ | ४१ | १९८ | २१२ | २३० | १३ | ६९ | ४ |
| ३. | ढुङ्गाले छाएको | २६४ | १३८ | १९४ | ६२९ | ५२१ | १४६ | ५०० | ५३८ | ४१९ | ५१३ |
| ४. | आ.सी.सी. | ० | ९७ | १ | ६ | ५७ | १० | ३५ | १ | २ | ० |
| ५. | अन्य | ० | ३ | ० | १५ | ० | २ | ० | ० | ० | ० |
| जम्मा | | ५२१ | ५६५ | ४३० | ७९४ | ८८७ | ४१३ | ८०८ | ६०७ | ५०७ | ६२९ |

स्रोत : घरधुरी सर्वेक्षण, २०७४ ।

**घ. मातृभाषाका आधारमा जनसंख्या**

वि.सं. २०६८ को केन्द्रीय तथ्याङ्क अनुसार बडिगाड गाउँपालिकाको मातृभाषाका आधारमा जनसंख्या विवरण निम्न तालिका अनुसार रहेको छ–

**तालिका : ३.१२**
**मातृभाषाको आधारमा जनसंख्या विवरण**

| साविक गाविस र वडाहरू | गापाको वडा नं | मातृभाषा | संख्या | प्रतिशत |
|---|---|---|---|---|
| दगातुन्डाडा (१-४) र दगातुन्डाडा (६-९) | १ र २ | नेपाली | ४६०३ | ८४.२१ |
| | | मगर | ७७३ | १४.१४ |
| | | कुमाल | २४ | ०.४३९ |
| | | ठकुरी | ११ | ०.२०१ |
| | | अन्य | ३३ | ०.६०४ |
| | | उल्लेख नभएको | २२ | ०.४०२ |
| | | जम्मा | **५४६६** | १०० |
| सिसाखानी (१-९) | ३ | नेपाली | २०१६ | ९८.०५ |
| | | मगर | ४० | १.९४६ |
| | | अन्य | ० | ० |
| | | जम्मा | **२०५६** | १०० |
| जललना (१-९) | ४ | नेपाली | ४०२९ | ९९.८५ |
| | | अन्य | ६ | ०.१४९ |
| | | जम्मा | **४०३५** | १०० |
| ग्वालिचौर (१-९) | ५ | नेपाली | ४३६९ | ९९.८६ |
| | | अन्य | ६ | ०.१३७ |
| | | जम्मा | **४३७५** | १०० |
| भिमगिठे (२, ८, ९) र | ६ र ७ | नेपाली | ५७५५ | ९९.३८ |

| | | | | |
|---|---|---|---|---|
| भिमगिठे (१, ३-९) | | नेवार | २८ | ०.४८४ |
| | | अन्य | ८ | ०.१३८ |
| | | जम्मा | **५७९१** | १०० |
| रनसिंह किटेनी (१-९) | ८ | **नेपाली** | **३०२८** | ९९.८७ |
| | | अन्य | ४ | ०.१३२ |
| | | जम्मा | **३०३२** | १०० |
| दर्लिङ (१-४) र दर्लिङ (५-९) | ९ र १० | नेपाली | ५६०६ | ९१.१४ |
| | | गुरूङ | ४७ | ०.७६४ |
| | | मगर | ४९४ | ८.०३१ |
| | | अन्य | ४ | ०.०६५ |
| | | जम्मा | **६१५१** | १०० |
| कुल जनसंख्या | | | ३०९०६ | |

स्रोत : जिल्ला तथ्याङ्क कार्यालय, बागलुङ, २०७१ : १६४-१६७ ।

यस गापामा भाषिक विविधता पनि रहेको छ । यस आधारमा विभिन्न जातले बोल्ने भाषाको विवरण निम्न तालिका अनुसार रहेको छ-

**तालिका : ३.१३**
**गापामा बोलिने भाषागत विवरण**

| क्रसं. | जति | बोलिने भाषा | संख्या | प्रतिशतमा |
|---|---|---|---|---|
| १. | क्षत्री, ब्राहमण, कामी, दमाई लगायत मातृभाषा नबोल्ने मगर, नेवार, गुरूङ, ठकुरी आदि | नेपाली | २९४०६ | ९५.१५ |
| २. | मगर | मगर | १३०७ | ४.२२९ |
| ३. | गुरूङ | गुरूङ | ४७ | ०.१५२ |
| ४. | नेवार | नेवार | २८ | ०.०९१ |
| ५. | कुमाल | कुमाल | २४ | ०.०७८ |
| ६. | ठकुरी | ठकुरी | ११ | ०.०३६ |
| ७. | अन्य | अन्य | ६१ | ०.१९७ |
| ८. | उल्लेख नभएको | उल्लेख नभएको | २२ | ०.०७१ |
| जम्मा | | | ३०९०६ | १०० |

स्रोत : जिल्ला तथ्याङ्क कार्यालय, बागलुङ, २०७१ : १६४-१६७ ।

उपर्युक्त तथ्याङ्क अनुसार यस गाउँपालिकामा नेपाली बाहेक पनि अन्य भाषाका मातृभाषी वक्ता रहेको पाइन्छ । तर घरधुरी सर्वेक्षणका क्रममा भने नेपाली बाहेकका अन्य स्थानीय मातृभाषी वक्ताहरू यो गाउँपालिकामा नभएको जानकारी प्राप्त भएको छ ।

### ङ. धर्मका आधारमा जनसंख्या

**तालिका : ३.१४**
**धर्मका आधारमा पारिवारिक जनसंख्या विवरण**

| क्र. स. | धर्म | वडागत रूपमा धर्मालम्बीहरूको संख्या | | | | | | | | | | कुल | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | | |
| १. | हिन्दू | ३२८८ | ३२३३ | २५७९ | ४१३१ | ५९६५ | २४६४ | ३९१० | ४२७५ | २९५४ | ४०३४ | ३६८३३ | ९६.४ |
| २. | बौद्ध | ० | ३६२ | ० | ४४ | २ | २० | ४४४ | १५ | १० | ५२ | ९४९ | २.४८ |
| ३. | क्रिस्चियन | ० | २० | १ | ३२ | १ | ३० | ८८ | ० | २०० | ६० | ४३२ | १.१३ |
| ४. | इस्लाम | ० | ६ | ० | ० | १ | १ | ० | ० | ० | ० | ८ | ०.०२ |
| ५. | अन्य | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | | ३२८८ | ३६२१ | २५८० | ४२०७ | ५९६९ | २५१५ | ४४४२ | ४२९० | ३१६४ | ४१४६ | ३८२२२ | १०० |

स्रोत : घरधुरी सर्वेक्षण, २०७४ ।

### च. जातजातिका आधारमा जनसंख्या

बडिगाड गापामा जातीय विविधता रहेको छ । यस गापामा रहेको जातीय जनसंख्याको अवस्था निम्न तालिका अनुसार रहेको पाइन्छ–

**तालिका : ३.१५**
**जातीयताका आधारमा जनसंख्या विवरण**

| क्र.स. | जातजाति | जम्मा संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | क्षेत्री | ३४२५ | ११ |
| २ | ब्राह्मण | २७८१ | ९ |
| ३ | मगर | १५४९७ | ५० |
| ४ | नेवार | १४४ | ०.५ |
| ५ | मुसलमान | ३१ | ०.१ |
| ६ | कामि | ४९३२ | १६ |
| ७ | गुरुङ | ४७७ | १.५ |
| ८ | दमाइ/ढोली | १२९२ | ४.२ |
| ९ | सार्की | ३८३ | १.२ |
| १० | कुमाल | ७४३ | २.४ |
| ११ | थकाली | ५९ | ०.२ |
| १२ | गाइने | ० | ० |
| १३ | ठकुरी | ८५ | ०.३ |
| १४ | सन्यासी/दसनामि | ४३७ | १.४ |
| १५ | छन्त्याल | ३७४ | १.२ |
| १६ | घर्ती/भुजेल | ४५ | ०.१ |
| १७ | अन्य | १५५ | ०.५ |
| १८ | जाति नखुलेको | ४६ | ०.१ |
| जम्मा | | ३०९०६ | १०० |

स्रोत : केतवि, २०६८ ।

**छ. पेसाका आधारमा जनसंख्या**

बडिगाड गाउँपालिकाको स्थलगत सर्वेक्षण २०७४ अनुसार ३८,२२२ जनसंख्या रहेको छ । यही जनसंख्याका आधारमा उपलब्ध भएको वडागत तथ्याङ्क अनुसार उनीहरूले अवलम्वन गरेको पेसागत विवरण निम्न तालिका अनुसार रहेको पाइन्छ–

**तालिका : ३.१६**
**कवडागत रुपमा पेसाका आधारमा जनसंख्या विवरण**

| पेसागत विवरण | वडागत जनसंख्या विवरण | | | | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | | |
| परम्परागत कृषि | १२२७ | ११५६ | १०९५ | १२४२ | ७०२ | २५१५ | ७९० | ४०१ | २२१८ | १४८३ | १२८२९ | ३३.५६ |
| परम्परागत पशुपालन | १२२७ | ८०५ | १०९५ | १२४२ | ७०२ | २५१५ | ७९० | १७३ | २२१८ | १४८३ | १२२५० | ३२.०५ |
| व्यवसायिक कृषि | ० | २० | ० | ० | ४ | ० | ० | ४ | ६ | ० | ३४ | ०.०८ |
| व्यासायिक पशुपालन | ० | १० | ४ | ० | ० | ० | ३ | १९ | ० | ० | ३६ | ०.०९ |
| उद्योग, व्यपार, व्यवसाय | १० | १३९ | ७ | ५७ | ८३ | १४ | ५० | २७ | १४८ | १७ | ५५२ | १.४४ |
| समाजसेवा/राजनीति | ९ | ५० | ६ | ३० | १० | ७ | ३० | ७ | २३ | १० | १८२ | ०.४७ |
| निर्माण | ० | ५५ | ० | ० | १८ | ० | १०० | ७ | ० | २० | २०० | ०.५२ |
| पर्यटन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| स्वदेशी जागिर | १०२ | ८२ | ० | १०७ | १५८ | १३ | १३० | ५९ | १९० | ४० | ८८१ | २.३० |
| वैदेशिक रोजगारी | ३७६ | ४८२ | १८२ | ६६८ | १३०१ | ७८१ | ३०३ | ३०५ | १३०५ | ६०५ | ६३०८ | १६.५० |

स्रोत : घरधुरी सर्वेक्षण, २०७४ ।

**ज. जन्म र मृत्युको जनसंख्या विवरण**

बडिगाड गाउँपालिकाको विगत एक वर्षमा जन्मने र मृत्यु हुने अवस्थाको घरधुरी सर्वेक्षण गर्दा समग्र गापामा निम्न अवस्था रहेको पाइन्छ –

**तालिका : ३.१७**
**गएको एक वर्षको अवधिमा जन्म र मृत्युको अवस्था**

| लिङ्ग | विवरण | वडाहरू | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | |
| पुरूष | जन्म | १२ | २७ | ८ | ९ | ८३ | १६ | ९२ | ५५ | ३७ | १३ | **३५२** |
| | मृत्यु | ८ | ४ | २ | ९ | ८ | १२ | १७ | ९ | ८ | ३ | **८०** |
| महिला | जन्म | १० | १९ | ७ | १९ | ८३ | २२ | १०६ | ६८ | ४१ | १८ | **३९३** |
| | मृत्यु | ५ | १ | १ | २ | १३ | ७ | १२ | ५ | ६ | २ | **५४** |

स्रोत : घरधुरी सर्वेक्षण, २०७४ ।

**झ. अपाङ्गताको जनसंख्या विवरण**

**तालिका : ३.१८**
**वडागत रुपमा अपाङ्ताको जनसंख्या विवरण**

| साविक गाविस र वडा | गापाको वडा नं. | कुल जानसंख्या | अपाङ्गता भएको जनसंख्या | प्रतिशत |
|---|---|---|---|---|
| दगातुन्डाडा (१-५) | १ | | | |
| दगातुन्डाडा (६-९) | २ | ५४६६ | १४३ | ०.४६ |
| सिसाखानी (१-९) | ३ | २०५६ | २१ | ०.०७ |
| जललना (१-९) | ४ | ४०३५ | १८७ | ०.६१ |
| ग्वालिचौर (१-९) | ५ | ४३७५ | १५७ | ०.५१ |
| भिमगिठे (२, ८, ९) | ६ | | | |
| भिमगिठे (१, ३-७) | ७ | ५७९१ | ११२ | ०.३६ |
| रनसिंह किटेनी (१-९) | ८ | ३०३२ | ६५ | ०.२१ |
| दल्र्िङ (१-४) | ९ | ६१५१ | १८८ | ०.६१ |
| दर्लिङ (५-९) | १० | | | |
| कुल जम्मा | | ३०९०६ | ८७३ | २.८२ |

स्रोत : जिल्ला तथ्याङ्क कार्यालय, बागलुङ, २०७१: ११६-११७।

**तालिका : ३.१९**
**वडागत रुपमा विभिन्न खालको अपाङ्ताको जनसंख्या विवरण**

| वडागत विवरण | अपाङ्गताको प्रकृति | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | लिङ्ग | शारीरिक | आँखा | सुनाइ | आँखा कान दुवै | बोलाइ | मानसिक | बौद्धिक | बहुअपाङ्ग | जम्मा | प्रति शत | कुलमा प्रतिशत |
| १ र २ | पुरूष | ३३ | २० | ३ | १ | ८ | ३ | २ | ९ | ७९ | ५५.२ | |
| | महिला | २५ | १८ | ५ | १ | ४ | ६ | २ | ३ | ६४ | ४४.८ | |
| | कुल | ५८ | ३८ | ८ | २ | १२ | ९ | ४ | १२ | १४३ | १०० | ०.४६ |
| ३ | पुरूष | ६ | २ | ३ | ० | २ | १ | १ | ० | १५ | ७१.४३ | |
| | महिला | १ | ३ | ० | ० | १ | १ | ० | ० | ६ | २८.५७ | |
| | कुल | ७ | ५ | ३ | ० | ३ | २ | १ | ० | २१ | १०० | ०.०७ |
| ४ | पुरूष | ४४ | ११ | २७ | ३ | ४ | ४ | ६ | ८ | १०७ | ५७.२२ | |
| | महिला | २७ | २१ | १८ | १ | ५ | ३ | ३ | २ | ८० | ४२.७८ | |
| | कुल | ७१ | ३२ | ४५ | ४ | ९ | ७ | ९ | १० | १८७ | १०० | ०.६१ |
| ५ | पुरूष | ४४ | १० | १४ | ० | १२ | २ | ४ | ५ | ९१ | ५७.९६ | |
| | महिला | २७ | ११ | ७ | ० | ५ | ४ | ५ | ७ | ६६ | ४२.०४ | |
| | कुल | ७१ | २१ | २१ | ० | १७ | ६ | ९ | १२ | १५७ | १०० | ०.५१ |
| ६ र ७ | पुरूष | २२ | ११ | ४ | ० | ९ | ७ | ० | ३ | ५६ | ५० | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | १६ | १५ | १० | ० | ८ | ३ | १ | ३ | ५६ | ५० | |
| | कुल | ३८ | २६ | १४ | ० | १७ | १० | १ | ६ | ११२ | १०० | ०.३६ |
| ८ | पुरूष | २१ | २ | ४ | ० | २ | ५ | ६ | ३ | ४३ | ६६.१५ | |
| | महिला | १० | १ | १ | ० | २ | २ | ६ | ० | २२ | ३३.८५ | |
| | कुल | ३१ | ३ | ५ | ० | ४ | ७ | १२ | ३ | ६५ | १०० | ०.२१ |
| ९ र १० | पुरूष | २६ | १५ | २८ | २ | १५ | ५ | ७ | ७ | १०५ | ५५.८५ | |
| | महिला | १६ | १३ | २० | ३ | ८ | ९ | ३ | ११ | ८३ | ४४.१५ | |
| | कुल | ४२ | २८ | ४८ | ५ | २३ | १४ | १० | १८ | १८८ | १०० | ०.६१ |
| जम्मा | | ३१८ | १५३ | १४४ | ११ | ८५ | ५५ | ४६ | ६१ | ८७३ | | २.८२ |
| प्रतिशत | | **३६.४२** | **१७.५२** | **१६.४९** | **१.२६** | **९.७३** | **६.३०** | **५.२६** | **६.९८** | **१००** | | |

स्रोत : जिल्ला तथ्याङ्क कार्यालय, बागलुङ, २०७१: १३९-१४४ ।

स्थलगत घरधुरी सर्वेक्षणका आधारमा फरक क्षमता भएका मानिसहरूको वडागत विवरण निम्नानुसार रहेको छ–

**तालिका : ३.२०**
**वडागत रूपमा फरक क्षमता भएका मानिसहरूको विवरण**

| **वडा** | **दृष्टि बिहिन** | **बहिरा** | **लाटा** | **लुला लङगडा** | **अन्य** | **जम्मा** | **प्रतिशत** |
|---|---|---|---|---|---|---|---|
| १ | १ | ३ | ५ | ५ | ० | १४ | ४.४६ |
| २ | ५ | २ | ३ | १५ | १२ | ३७ | ११.०१ |
| ३ | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | ८ | १९ | ८ | १२ | ० | ४७ | १३.९९ |
| ५ | ९ | १ | ४ | १७ | ० | ३१ | ९.२२ |
| ६ | ४ | २ | १२ | १० | ९ | ३७ | ११.०१ |
| ७ | ७ | १० | ५२ | ० | ० | ६९ | २०.५४ |
| ८ | ० | १ | २ | २६ | ६ | ३५ | १०.४२ |
| ९ | ४ | ३ | १० | ८ | १८ | ४३ | १२.८ |
| १० | ६ | ५ | ४ | ५ | ३ | २३ | ६.८४ |
| जम्मा | ४४ | ४६ | १०० | ९८ | ४८ | ३३६ | १०० |
| प्रतिशत | १३.०९५ | १३.६९ | २९.७६ | २९.१७ | १४.२९ | १०० | |

स्रोत : घरधुरी सर्वेक्षण, २०७४ ।

घरधुरी सर्वेक्षणका आधारमा यस गापामा दृष्टिविहिन, बहिरा, लाटा, लुलालङ्गडा र अन्य प्रकारका अपाङ्गता भएका मानिसहरू वडा नं. तीनबाहेक कुल ३३६ जना रहेको पाइन्छ । त्यस्तै गरी यस गापामा लैङ्गिक आधारमा निम्नि तालिका अनुसारको फरक क्षमता भएका मानिसहरू रहेका छन्-

## तालिका : ३.२१
## लिङ्गका आधारमा फरक क्षमता भएका मानिसहरूको विवरण

| वडा | विवरण | दृष्टिविहिन | बहिरा | लाटा | लुलालङ्गडा | अन्य | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | १ | २ | ३ | ५ | ० | ११ | |
| | महिला | ० | १ | २ | ० | ० | ३ | |
| १ | **कुल** | **१** | **३** | **५** | **५** | **०** | १४ | ४.१७ |
| | पुरूष | ४ | २ | ० | १२ | ८ | २६ | |
| | महिला | १ | ० | ३ | ३ | ४ | ११ | |
| २ | **कुल** | **५** | **२** | **३** | **१५** | **१२** | ३७ | ११ |
| | पुरूष | – | – | – | – | – | ० | |
| | महिला | – | – | – | – | – | ० | |
| ३ | **कुल** | **–** | **–** | **–** | **–** | **–** | ० | ० |
| | पुरूष | ४ | १३ | ४ | ८ | – | २९ | |
| | महिला | ४ | ६ | ४ | ४ | – | १८ | |
| ४ | **कुल** | **८** | **१९** | **८** | **१२** | **–** | ४७ | १४ |
| | पुरूष | ४ | १ | २ | १० | – | १७ | |
| | महिला | ५ | ० | २ | ७ | – | १४ | |
| ५ | **कुल** | **९** | **१** | **४** | **१७** | **–** | **३१** | ९.२३ |
| | पुरूष | ४ | १ | ७ | ७ | ४ | २३ | |
| | महिला | ० | १ | ५ | ३ | ५ | १४ | |
| ६ | **कुल** | **४** | **२** | **१२** | **१०** | **९** | **३७** | ११ |
| | पुरूष | ३ | ७ | ३१ | १ | ० | ४२ | |
| | महिला | ४ | ३ | २१ | ० | ० | २८ | |
| ७ | **कुल** | **७** | **१०** | **५२** | **०** | **०** | **६९** | २०.५ |
| | पुरूष | ० | ० | २ | १६ | ४ | २२ | |
| | महिला | ० | १ | ० | १२ | २ | १५ | |
| ८ | **कुल** | **०** | **१** | **०** | **२८** | **६** | **३५** | १०.४ |
| | पुरूष | २ | २ | ३ | ६ | ११ | २४ | |
| | महिला | २ | १ | ७ | २ | ७ | १९ | |
| ९ | **कुल** | **४** | **३** | **१०** | **८** | **१८** | **४३** | १२.८ |
| | पुरूष | ३ | ३ | २ | ३ | ३ | १४ | |
| | महिला | ३ | २ | २ | २ | ० | ९ | |
| १० | **कुल** | **६** | **५** | **४** | **५** | **३** | **२३** | ६.८५ |
| **कुल** | | ४४ | ४६ | १०० | ९८ | ४८ | ३३६ | १०० |
| **प्रतिशत** | | १३.०९ | १३.६९ | २९.७६ | २९.१७ | १४.२९ | १०० | |

स्रोत : घरधुरी सर्वेक्षण, २०७४ ।

माथिको तालिका अनुसार वडा नं. तीन बाहेक कुल ३३६ जना फरक क्षमता भएमा मानिसहरू मध्ये पनि पुरुष २०५र महिला १३१ जना रहेको देखिन्छ ।

**ञ. अपाङ्गताको परिचय पत्र लिनेको जनसंख्या विवरण**

**तालिका : ३.२२**
**लिङ्गका आधारमा अपाङ्गताको परिचय पत्र लिनेको जनसंख्या विवरण**

| वडा नं. | लिङ्ग | जम्मा | अपाङ्गताको प्रकृति | | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | पूर्णअसक्त (रातो) | अतिअसक्त (निलो) | मध्यम (पहेलो) | सामान्य (सेतो) | |
| १ | पुरूष | १२ | ४ | ५ | ३ | ० | |
| | महिला | १३ | २ | ७ | २ | २ | |
| | **जम्मा** | **२५** | **६** | **१२** | **५** | **२** | १४.५३ |
| २ | पुरूष | १२ | १ | ६ | ४ | १ | |
| | महिला | ६ | १ | ४ | ० | १ | |
| | **जम्मा** | **१८** | **२** | **१०** | **४** | **२** | १०.४७ |
| ३ | पुरूष | ९ | ४ | ४ | १ | ० | |
| | महिला | ७ | ४ | ३ | ० | ० | |
| | **जम्मा** | **१६** | **८** | **७** | **१** | **०** | ९.३० |
| ४ | पुरूष | ८ | ३ | ४ | १ | ० | |
| | महिला | ९ | २ | ४ | १ | २ | |
| | जम्मा | **१७** | **५** | **८** | **२** | **२** | ९.८८४ |
| ५ | पुरूष | २० | ६ | ८ | ४ | २ | |
| | महिला | २ | २ | ० | ० | ० | |
| | जम्मा | **२२** | **८** | **८** | **४** | **२** | १२.७९ |
| ६ | पुरूष | १४ | ३ | ६ | २ | ३ | |
| | महिला | ८ | ० | ५ | २ | १ | |
| | जम्मा | **२२** | **३** | **११** | **४** | **४** | १२.७९ |
| ७ | पुरूष | २ | ० | ० | ० | २ | |
| | महिला | २ | ० | ० | ० | २ | |
| | जम्मा | **४** | **०** | **०** | **०** | **४** | २.३२ |
| ८ | पुरूष | १३ | ३ | ४ | ३ | ३ | |
| | महिला | ३ | १ | ० | १ | १ | |
| | जम्मा | **१६** | **४** | **४** | **४** | **४** | ९.३० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | पुरूष | ११ | २ | ३ | ५ | १ | |
| | महिला | ६ | ४ | ० | २ | ० | |
| | **जम्मा** | **१७** | **६** | **३** | **७** | **१** | ९.८८ |
| १० | पुरूष | १० | २ | १ | ४ | ३ | |
| | महिला | ५ | २ | १ | १ | १ | |
| | **जम्मा** | **१५** | **४** | **२** | **५** | **४** | ८.७२ |
| कुल जम्मा | | १७२ | ४६ | ६५ | ३६ | २५ | १०० |
| **कुलमा प्रतिशत** | | १०० | २६.७४ | ३७.७९ | २०.९३ | १४.५३ | |

स्रोत : घरधुरी सर्वेक्षण, २०७४ ।

**तालिका : ३.२३**
**अपाङ्गताको परिचय पत्र लिने बालबालिकाको वडागत विवरण**

| वडा नं. | लिङ्ग | जम्मा | अपाङ्गताको प्रकृति | | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | पूर्णअसक्त (रातो) | अतिअसक्त (निलो) | मध्यम (पहेलो) | सामान्य (सेतो) | |
| १ | बालक | ४ | ३ | १ | - | - | |
| | बालिका | २ | १ | १ | - | - | |
| | **जम्मा** | **६** | **४** | **२** | **-** | **-** | ५.७६ |
| २ | बालक | ३ | ० | ० | ३ | ० | |
| | बालिका | २ | १ | १ | ० | ० | |
| | **जम्मा** | **५** | **१** | **१** | **३** | **०** | ४.८० |
| ३ | बालक | २ | १ | १ | ० | ० | |
| | बालिका | ५ | २ | ३ | ० | ० | |
| | **जम्मा** | **७** | **३** | **४** | **०** | **०** | ६.७३ |
| ४ | बालक | ० | ० | - | - | - | |
| | बालिका | १ | १ | - | - | - | |
| | **जम्मा** | **१** | **१** | **-** | **-** | **-** | ०.९६ |
| ५ | बालक | १० | - | - | - | - | |
| | बालिका | १२ | - | - | - | - | |
| | **जम्मा** | **२२** | **-** | **-** | **-** | **-** | २१.१५ |
| ६ | बालक | १३ | ३ | ५ | २ | ३ | |
| | बालिका | ९ | - | ६ | २ | १ | |
| | **जम्मा** | **२२** | **३** | **११** | **४** | **४** | २१.१५ |
| ७ | बालक | - | - | - | - | - | |
| | बालिका | - | - | - | - | - | |
| | जम्मा | - | - | - | - | - | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | बालक | - | - | - | - | - | |
| | बालिका | - | - | - | - | - | |
| | जम्मा | - | - | - | - | - | ० |
| ९ | बालक | ८ | २ | ३ | २ | १ | |
| | बालिका | ९ | ४ | ० | ५ | ० | |
| | **जम्मा** | **१७** | **६** | **३** | **७** | **१** | १६.३४ |
| १० | बालक | १ | ० | १ | ० | ० | |
| | बालिका | २३ | ४ | ७ | ५ | ७ | |
| | **जम्मा** | **२४** | **४** | **८** | **५** | **७** | २३.०७ |
| कुल जम्मा | | १०४ | | | | | १०० |

स्रोत : घरधुरी सर्वेक्षण, २०७४ ।

**ट. संस्थागत रूपमा जनसंख्या**

बडिगाड गाउँपालिकामा सरकारी तथा गैरसरकारी जागिरको सिलसिलामा आई बसोबास गर्ने मानिसहरूको तथ्याङ्क सीमित र अस्थायी प्रकृतिको रहेको हुँदा स्पष्ट तथ्याङ्क प्राप्त हुन सकेको छैन् ।

**ठ. बसाइसराइसम्बन्धी विवरण**

बडिगाड गाउँपालिकाबाट विगत १० वर्षको अवधिमा स्थायी १९२ र अस्थायी १४० गरी कुल ३३२ परिवार बसाइसराइ गरी आफ्नो मुल थलो छोडी अन्यत्र बसाइ सराइ गरेको अवस्था छ ।

**तालिका : ३.२४**

**बडिगाड गाउँपालिकाबाट विगत १० वर्षमा बसाइसराइ गर्ने परिवारको वडागत विवरण**

| **बसाइ सराइको प्रकृति** | **बसाइसराइ गर्ने परिवारको वडागत विवरण** | | | | | | | | | | कुल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **१** | **२** | **३** | **४** | **५** | **६** | **७** | **८** | **९** | **१०** | |
| स्थायी | २२ | १४ | - | ४४ | ६८ | १ | ३० | २ | १० | १ | १९२ |
| अस्थायी | ० | १० | - | २२ | ४१ | ४ | २० | ० | ४१ | २ | १४० |
| कुल | २२ | २४ | - | ६६ | १०९ | ५ | ५० | २ | ५१ | ३ | ३३२ |

स्रोत : स्थलगत अवलोकन, २०७४ ।

**ड. सुकुमवासीको तथ्याङ्क**

**तालिका : ३.२५**

**बडिगाड गाउँपालिकामा रहेका सुकुमवासीहरूको विवरण**

| **वडा नं.** | **परिवार संख्या** | **कैफियत** |
|---|---|---|
| १ | १ | १० वर्षभित्रका |
| २ | ३ | |
| ३ | २ | |
| ४ | ० | नभएको |
| ५ | ४५ | १० वर्षपूर्वका १० र १० वर्षभित्रका २० परिवारमा १२८ (६५+६३)जना |
| ६ | ८ | १० वर्ष भित्रका ५ र १० वर्ष पूर्वका ३ परिवार |
| ७ | १५ | सबै १० वर्ष पूर्वका |

| | | |
|---|---|---|
| ८ | ५ | १० वर्षपूर्वका ४ र १० वर्षभित्रका १ परिवारमा १३ (११+२) जना |
| ९ | ३० | १० वर्षपूर्वका ३ परिवार र १० वर्षभित्रका २७ परिवार |
| १० | ७ | १० वर्ष भित्रका ४ र १० वर्ष पूर्वका ३ जना |
| जम्मा | ११६ | १० वर्षपूर्वका ४३ परिवार र १० वर्षभित्रका ६७ परिवार सुकुमवासी रहेको |

स्रोतः स्थलगत अवलोकन, २०७४ ।

**ढ. अल्पसंख्यक/सीमान्तकृत वर्ग**

**तालिका : ३.२६**
**अल्पसंख्यक**

| क्र.स. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १. | थकाली | ५९ | ०.२ प्रतिशत |
| २. | छन्त्याल | ३७४ | १.२ प्रतिशत |
| ३. | कुमाल | ७४३ | २.४ प्रतिशत |

स्रोत : केतवि, २०६८ ।

### ३.३ मुख्य चाडपर्व, मेला, जात्रा /पर्वहरू र मठमन्दिरहरू

हिन्दू परम्पराअनुसार नेपालमा प्रचलित चाडपर्वहरूमा दशै, तिहार, बैशाख सत्रान्ति, अक्षय तृतीया, मकर सत्रान्ति, नागपूजा, गौरापूजा/हवलो, श्रीकृष्ण जन्माष्टमी, तीज पर्व, ऋषितर्पणी, ऋषि पञ्चमी, देवाली, माघे सत्रान्ति, सरस्वती पूजा, महाशिवरात्रि फागुपूर्णिमा, चैत्राष्टमी र रामनवमी, हरिसयनी एकादशी, हरिवोधनी एकादशी, स्वस्थानी व्रत, मातातीर्थ औशी, कुशे औशी, बालचतुर्दशी, गणेश चौथी, आइतवारी र सोमवारी व्रत, तुलसी पूजा, पञ्चायन देवता पूजा, झाक्रीपूजा, पीपल पूजा आदि पर्दछन् ।

बडिगाड गाउँपालिकामा हिन्दू परम्परामा आधारित दशैं, तिहार, तीज, चैतेदशै आदि चाडपर्वहरू सबै जाति र समूहका मानिसहरूले मनाउने गर्दछन् । कुल जनसंख्याको झण्डै ५० प्रतिशत मगर समुदायको बसोबास रहेको यस गाउँपालिकामा मगर जातिका मौलिक संस्कृतिहरूको बाहुल्यता रहेको देखिन्छ । यस गाउँपालिकामा मौलिक पहिचानका रूपमा रहेका चाडपर्व, मेला र जात्राहरूको विवरण निम्न तालिका अनुसार रहेको पाइन्छ–

**तालिका : ३.२७**
**बडिगाड गाउँपालिकामा मनाइने चाडपर्वहरू**

| क्रसं. | चाडपर्व, जात्रा र मेलाह | लाग्ने स्थान/ वडा | समय वा महिना | विशेष गतिविधि |
|---|---|---|---|---|
| १. | माघीपर्व/ माघेसंक्रान्ति | १, २, ८,९,१० | माघ १ र २ गते | पितृपूजा, खिचडी खाने, चेलीबेटी खुवाउने, नाचगान, कुमालहरूको विशेष पर्व |
| २. | श्रीपञ्चमी | १ | माघ शुक्त पञ्चमीमा | ऐ. ऐ. नयाँ कार्यको सुरूवात,कुमालहरूले माघीमा नयाँ कार्य गरी मनाउँछन् |
| ३. | फागुन १५ | १, ३, ४, ७, १० | | मगर समुदायको दशै |
| ४. | शिवरात्रि मेला | १,२,५,६,७,९,८,१० | शिवमन्दिरहरूमा | |
| ५. | होली पूर्णिमा | ४, १० | फागुपूर्णिमा | मनोरञ्जन, भोजभतेर |
| ६. | चैतेदसैं | गापामा रहेका सबै कोत घरहरूमा | चैत्रशुक्लाष्टमी, नवामी | कोतघरहरूमा मौलापूजा, पञ्चवली, मेला र जात्राहरू |

| | | | | |
|---|---|---|---|---|
| | | | | गर्ने |
| ७. | नयाँ वर्षको मेला | ७,१० | | खेलकूद, मेलाजात्रा |
| ८. | बुद्धजयन्ती | ३, ४, ७ | वैशाख पूर्णिमाका दिन | घाटु नृत्य, महोत्सव, मनोरञजन |
| ९. | उभौली | ८ | | |
| १०. | उधौली | ८ | | |
| ११. | जेठ २० | ३, ४, १० | | खेलकूद, मनोरञ्जन |
| १२. | साउने सक्रान्ति मेला | २, | | |
| १३. | तीज | ५, ८ (भेडीखोर) लगायत सबै ठाउँमा | भाद्रशुक्ल द्वितीया र तृतीयाका दिन | चेलीवेठी खुवाउने, खिर खाने, नाचगान गर्ने, खेलकूद गर्ने |
| १४. | दशैं | सबै ठाउँमा, दगाकोट मन्दिर, | आश्विन शुक्ल अष्टमी, नवामी र दशमीमा, पूर्णिमामेला | कोतघरहरूमा मौलापूजा, बलि चढाउने, टीकाजमरा लगाउने |
| १५. | तिहार/तिहारे मेला | घरघरमा, १, | कार्तिकशुक्ल कृष्ण औंसी, प्रतिपदा र द्वितीयाका दिन | गाईपूजा, गोवर्धनपूजा, भाइटीका, भैलो, सरायोचाच र अन्य मनोरञ्जन |
| १६. | ल्होसार | ७, १० | पौस १५ गते | मनोरञ्जन, मेला, खेलकूद |
| १७. | साउने संक्रान्ति | सबै ठाउँ | श्रावण १ गते | मनोरञ्जन र खेलकूद |
| १८. | वैकुण्ठ चतुर्दशी मेला | ५ | मंसिर | तीर्थ, मनोरञ्जन |
| १९. | हरिबोधनी एकादशी | ५ | तिहारपछिको एकादशी | तीर्थ, मनोरञ्जन, खेलकूद |
| २०. | न्वागी मेला | खार बजार ग्वालिचौर | मंसिर १-७ भित्रमा | नयाँ चामल खाने, मेला, खेलकूद, महोत्सव |
| २१. | भूमेपूजा | सबै वडामा | श्रावण/भाद्रमहिनामा | नयाँवाली भित्र्याउँदा |
| २२. | ल्होसार | ७, १० | पौस १५ गते | मनोरञ्जन, मेला, खेलकूद |

स्रोतः स्थलगत अवलोकन, २०७५ ।

**तालिका : ३.२८**

**वडागत रूपमा रहेका धार्मिक मठमन्दिरहरू र मेलापर्वहरूको विवरण**

| मेलापर्व/मन्दिर | मेला/ जात्रा लाग्ने स्थान | समय |
|---|---|---|
| दगाकोट मन्दिर | वडा नं. १ दगा | दशैंको पूर्णिमाका दिन |
| डुडिया चौर मेला | वडा नं. २ डुडियाचौर | तीजको पञ्चमीको भोलि पल्ट |
| बुद्धपूर्णिमा मेला र घाटु नाच | वडा नं. ३ सिसाखानीको ओखर बोट | वैशाख बुद्धपूर्णिमामा |
| देवीढोका मन्दिर | वडा नं. ३ देवीढोका पहाड | बाह्रै महिना, पर्यटकीय स्थल |
| जन्तेढुङ्गा मेला | वडा नं. ३ जन्तेढुङ्गा पहाड | बाह्रै महिना, पर्यटकीय स्थल |
| पूर्णिमा मेला | वडा नं. ४ तालकोट, १ दगाकोटमा | दशैंको नवामीदेखि पूर्णिमासम्म |
| पूर्णिमा मेला | वडा नं. ४ झुले डाडा | दशैंको पूर्णिमाका दिन |
| शिवरात्रि मेला | वडा नं. ४ समुन्द्रे गाउँ र २ राक्सेमा | शिवरात्रि पर्वमा |
| जेठ २० मेला | वडा नं. ४ झुलेडाडा, दर्लिङ १० | जेठ २० गते स्थानीय महोत्सवका रूपमा |
| थानपतिमन्दिरमा पूजा | वडा नं. ५ डाँगामा | दैनिक पूजा |
| सत्यनारायनको मन्दिर | वडा नं. ५ बायाँडाडा | शिवरात्रि पर्वमा, दैनिक पूजा |

| | | |
|---|---|---|
| राधाकृष्ण मन्दिर | वडा नं. ५ खौला, न्वारा | शिवरात्रि पर्वमा |
| न्वागी मेला | वडा नं. ५ खार बजारमा | मंसिर १-७ भीत्र |
| ओमशान्ति मन्दिर | वडा नं. ५ खार बजार | दैनिक योगा र ध्यान |
| माघेसंक्रान्ति मेला | वडा नं. ८ दोभान बजार र २ को सक्न्यार, खर्वाङ | माघ १ देखी ४ सम्म |
| शिवरात्रि मेला | वडा नं. ८ रनसिंहमा | शिवरात्रि पर्वमा |
| जेठ २० मेला | वडा नं. १० गँगरेमा | जेठ २० गते स्थानीय महोत्सवका रूपमा |
| तीज मेला | वडा नं. ५ ग्वालीचौर लगायत सबै वडामा | |

स्रोत : स्थलगत अवलोकन, २०७४ ।

**३.४ भाषा**

बडिगाड गाउँपालिकामा नेपाली, मगर, गुरूङ, नेवार, कुमाल लगायतका भाषाहरू बोलिन्छन् । यहाँ जातीय विविधता भए पनि नेपाली बाहेक अन्य भाषिक वक्ताहरू अल्पसंख्यामा रहेको पाइन्छ । मगरहरू जातीय रूपममा बहुसंख्यक हुँदाहुँदै पनि भाषिक रूपमा अल्पसंख्यामा रहेका छन् । तथ्याङ्कमा उल्लेख भए पनि यस गाउँपालिकामा गुरूङ, नेवार, कुमाल लगायतका भाषाहरू लोपोन्मुख आस्थामा रहेका छन् । बडिगाड गाउँपालिकामा बोलिने मातृभाषी वक्ताहरू विवरण निम्न तालिकामा उल्लेख गरिएको छ–

**तालिका : ३.२९**
**बडिगाड गाउँपालिकामा बोलिने मातृभाषी वक्ताहरू**

| भाषाहरू | वडागत विवरण | | | | | | | जम्मा | कुल (प्रतिशत) |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ र २ | ३ | ४ | ५ | ६ र ७ | ८ | ९ र १० | | |
| **नेपाली** | ४६०३ | २०१६ | ४०२९ | ४३६९ | ५७५५ | ३०२८ | ५६०६ | २९४०६ | ९५.१५ |
| **मगर** | ७७३ | ४० | ० | ० | ० | ० | ४९४ | १३०७ | ४.२२९ |
| **गुरूङ** | ० | ० | ० | ० | ० | ० | ४७ | ४७ | ०.१५२ |
| **नेवार** | ० | ० | ० | ० | २८ | ० | ० | २८ | ०.०९१ |
| **कुमाल** | २४ | ० | ० | ० | ० | ० | ० | २४ | ०.०७८ |
| **ठकुरी** | ११ | ० | ० | ० | ० | ० | ० | ११ | ०.०३६ |
| **अन्य** | ३३ | ० | ६ | ६ | ८ | ४ | ४ | ६१ | ०.१९७ |
| **उल्लेख नभएको** | २२ | ० | ० | ० | ० | ० | ० | २२ | ०.०७१ |
| **जम्मा** | | | | | | | | ३०९०६ | १०० |

स्रोत : जिल्ला तथ्याङ्क कार्यालय, बागलुङ, २०७१ : १६४-१६७ ।

बडिगाड क्षेत्रमा बोलिने नेपाली भाषाको प्राचीन रूप, मगर भाषा, मगर भाषी वक्ताका केही उच्चारणगत विशेषताहरू र कुमाल भाषाको यहाँ संक्षिप्त उल्लेख गरिएको छ ।

**क. नेपाली भाषाको प्राचीन रूप**

नेपाली भाषा संस्कृत, प्राकृत र अपभ्रंश हुँदै ११ औं शताव्दीतिर उत्पत्ति भएको भाषा हो । यो भाषाका केही प्राचीन रूपहरू यो गाउँपालिकामा पनि अवशेषका रूपमा पाइन्छन् । यहाँ पाइने केही पशासनिक शब्दहरू निम्न तालिका अनुसार रहेका छन्–

**तालिका : ३.३०**
**प्राचीन नेपाली भाषाका केही मौलिक शब्दहरू**

| शब्द | अर्थ |
|---|---|
| अमाली | मुखिया, जिम्मावाल सरहको पद |
| अमिन | जग्गाजमिनको नापजाँच गर्ने व्यक्ति |
| अपूतो/अपूती | सन्तान नहुने मानिस |
| अस्मानी | कानिनी दण्ड |
| ओलन | मुखिया जिम्मावाललाई विशेष पर्वमा लगिने कोशेली वा उपहार |
| ओख्खा | लामाका तन्त्रमन्त्र, लामाको गीत |
| औताली | अपुताली, सन्तान नहुने वा सम्पत्तिको उत्तराधिकारी नहुने मानिस |
| इजरा | मौजाभन्दा सानो प्रशासनिक एकाइ, खानीको कर उठाउने प्रशासन |
| इस्तिहार | सार्वजनिक सूचना |
| इजारेदार | कर सङ्कलनको सूचना दिने व्यक्ति |
| उमरा | भाइभारदार, सैनिक अधिकृत, अमिर वा धनीमानी व्यक्ति |
| कपर्दार | सैनिक, सिपाही |
| कलिया | लेखापढीको काम गर्ने व्यक्ति |
| कबली, कबिली | फर्सी |
| खरचरी | पशुचरनको तिरो |
| खर्क | खेती गर्ने पाखो जमिन, पशुचराउने पाखो |
| गर्राभाइ | सोरठी वा भैलो खेल्ने समूह, गायन मण्डली |
| गोलभारा | गोल (आगोको अङ्गार, कोइला) बोक्नका लागि श्रमदान |
| गोश्वासा अड्डा | सञ्चारको व्यवस्घद्ध ागर्ने प्रशासनिक एकाइ |
| गौंडा | प्रान्त, प्रदेश, क्षेत्र वा माथिल्लो प्रशासनिक एकाइ, |
| चितुदाद | वनपाले, वन रक्षक |
| चोपदार | सैनिक अधिकृत |
| छलहीकर | मेगजीनकर |
| छेवार | जनजातिमा चूडाकर्म, वर्तबन्घ |
| छोटी अड्डा | जिल्ला स्तरको कार्यालय |
| जाबो | पुवाको भारी बोक्ने ठूलो भोला |
| जिम्मावाल | खेत वा जलाधार क्षेत्रको तिरो असुल गर्ने व्यक्ति |
| जेठाबूढा | राजाका सल्लाहकार |
| भाम्रे | विभिन्न लयमा पुरुष र स्त्रीको समूहमा बसेर गाइने लोक गीत |
| भारा | नागरिकका तर्फबाट गरिने अनिवार्य गर्नुपर्ने श्रमदान |
| भराली | सार्वजनिक कामका लागि गरिने श्रमदान |
| टकसार | धातुका मुद्रा वा सिक्का तयार गर्ने वा काट्ने कारखाना |
| डिट्ठा | राज ढुकुटीमा काम गर्ने कर्मचारी |
| तहबिल | अड्डाखानाको धनपैसा राख्ने ढुकुटी |

| | |
|---|---|
| तहसिल | अड्डा, कर उठाउने कार्यालय |
| तामेतिलक | करवापत तिर्नुपर्ने कर |
| तालुकदार | स्थानीय प्रशासन हेर्ने व्यक्ति, मुखिया र जिम्मावालहरू, |
| तैनाथवाल | अधिकारवाला, |
| थुम | सानो क्षेत्रको प्रशासनिक एकाइ |
| दफ्तरखान | लेखापढी/ जाँचबुझ गर्ने कार्यालय |
| दौडाहा | घटना स्थलमा न्यायनिसाफ गर्नसक्ने अक्तियारवाला व्यक्ति |
| भन्डारे, भण्डाऱ्या | राजाको ढुकुटीको रेखदेख गर्ने व्यक्ति |
| मालअड्डा | मुख्य प्रशासनिक एकाइ |
| मुखिया | पाखो तथा बारीको तिरो असुल गर्ने व्यक्ति |
| मोफसल | मुख्य केन्द्र वा सहरभन्दा बाहिरको गाउँ वा ठाउँ |
| मौजा | गाउँ, ग्राम, स्थानीय एकाइ, तिरो सङ्कलन गर्ने प्रशासन |
| मौला तिरा | खेतीवाली लगायवापत तिर्नुपर्ने कर |
| द्वारे | मुखिया वा सोसरहको पद |
| पजनी | बढुवा |
| पर्म | आलोपालो गरी गरिने काम |
| पातालो/पाताली | दुब्लो, सिकुटे |
| बालाकुत | बाली भोग गरेवापत तिर्नुपर्ने कर, तिरो |
| बिर्ता | बहादुरी देखाएबापत वा राजभक्ति देखाएवापत वा कुनै सेवामा वृत्तिका निम्ति दिइने जमिन, |
| बेथ | राजाको कृषिका लागि नागरिकका तर्फबाट गरिने अनिवार्य श्रमदान |
| बेथी | श्रमदान बराबरको कर वा रकम |
| रैकर | रैती आफैले जग्गाभोग चलन गरेबापत सरकारलाई तिर्नुपर्ने कर वा तिरो |
| रैती | सर्वसाधरण जनता, प्रजा वा नागरिक |
| सरदार | सैनिक कमान्डर |
| सिर्तो | तिरो, कर, शुल्क |
| सोरानी | जमिन उपयोग गरेवापत तिर्नुपर्ने कर, तिरो |
| स्वाँरा | फाट, खेतीयोग्य जमिन |
| हट्टी टक्सार | तामाको मुद्रा छाप्ने कारखाना |
| हुद्दा | ठूलो समूहमा पालैपालो गरी खेतबारीमा काम गर्ने समूह |
| ह्याम्ठो घर | सामुदायिक भवन |

स्रोत : स्थानीय बुढापाकाहरूको भनाइमा आधारित, २०७५ ।

**ख. मगर भाषाको अवस्था**

नेपालको करिब २० भन्दा बढी जिल्लामा छरिएर रहेको जाति मगर हो । २०६८ को जनगणना अनुसार पनि नेपालमा कुल जनसङ्ख्याको ७८८५३० अथवा २.९८ प्रतिशत मगरहरूले आफ्नो मातृभाषा प्रयोग गर्दछन् । वि.सं. २०५८ सालको राष्ट्रिय जनगणनामा जिल्ला स्तरीय भाषिक वक्ताहरूको तथ्याङ्कलाई हेर्दा मगर मातृभाषी वक्ताहरूको संख्या प्रतिशतमा– डोल्पा (१८.२९), उदयपुर (११.९१), तनहुँ (२१.४८), स्याङ्जा (१६.८७), म्याग्दी (१४.८५), पर्वत ५.५७), बागलुङ (७.९५), गुल्मी (३.३०), पाल्पा (३३.९४), अर्घाखाँची (२.३७), प्युठान (२.६१), रोल्पा (१८.१७), रूकुम (७.१६), सुर्खेत (५.७८), दैलेख (१.७८), कालिकोट (२.७०), डोटी (१.७३) आदि जिल्लाहरूमा नेपालीपछि दोस्रो स्थान रहेको पाइन्छ (थापा, २०६५: १४९) । तथ्याङ्कमा समग्र बागलङ जिल्लामा ७.९५ प्रतिशत मानिसहरू मगर

मातृभाषी वक्ताहरूको उल्लेख भए पनि व्यवहारमा भने यहाँको स्थानीय मौलिक मगर भाषा लोपोन्मुख अवस्थामा पुगिसको देखिन्छ । मगर भाषाको प्रयोग नभए पनि मगर भाषाको प्रभाव नेपाली भाषाको उच्चारणमा स्पष्ट रूपमा पाउन सकिन्छ ।

**अ. मगर भाषाका मौलिक शब्दहरू**

बडिगाड गाउँपालिकामा मगर मातृभाषाको व्यवहारिक प्रयोग नभए पनि मगर भाषाका केही मौलिक शब्दहरू व्यवहारमा पाउन सकिन्छ ।

**तालिका : ३.३१**
**मगर भाषाका मौलिक शब्दहरू**

| शब्द | अर्थ |
|---|---|
| आमा | मोइ |
| आल्मरी | दराज |
| नाना | दिदी |
| अनी, आपा, निनी | फुपू |
| कुरी बस्ने | काजकिरिया गर्ने काम |
| खबराह | खबर ल्याउने देवता, बाली लगाउन खबर ल्याउने काम |
| खरवाङ | खालीचौर |
| गामपूजा | सामूहिक रूपमा गरिने उभौली, उधौली आदि पूजाहरू |
| गुरूमा/ गुरूजु | सोरटी, गोविचन, भैलो भट्याउने मुख्य व्यक्ति वा गुरू, निर्देशक |
| घोंक/घोट | मृतकको परिवारलाई आफन्तले तीन वा १३ औं दिनमा समवेदनापूर्वक लगिने नगद वा जिन्सी सहयोग वा भेटी |
| छाङ्ग्रा, पिछा | विवाहमा माइती घरमा लगिने कोसेली, पाहुर वा रक्सी र रोटी |
| छुत्रपास, क्षेत्रबास | छोटो एकै दिनमा किरिया उम्किने तरिका (५ वर्ष नपुगी मृत्यु भएमा) |
| जलजला | पानी भएको ठाउँ, जलथला |
| झोक्नु | झुलाउनु, काँप्नु |
| टोपीभरौनी | पतिपत्नीको सम्बन्ध विच्छेद हुँदा पत्नीले पतिलाई तिर्ने दण्ड |
| डिंगा | गाईवस्तु, माउ |
| दोप्ते | दोबाटामा बस्ने देवता वा भूतप्रेत |
| निमपूजा | सामूहिक पूजा |
| पोसाल्यो | घरभित्र्यायो |
| फेनभर्ने, फाँडोभराउनी, गोजाभराउनी | पतिपत्नीको सम्बन्ध विच्छेद हुँदा पतिले पत्नीलाई तिर्ने दण्ड, छुट्याउने खर्च |
| बर्ताउने | बुझाउने काम |
| भेजा | सामूहिक पूजाका निम्ति उठाइने रकम, धनपैसा, तिरो |
| भालै | साथी |
| भिङगाड | ठूलो खोला |
| लुँगा | अग्लो धुरी |
| हुड्डा/हुद्दा | सामूहिक खेती गर्ने खेतालाहरूको समूह, विशेष गरी वर्षातमा खेत र बारीमा पालैपालै काम गर्ने श्रमिक |

स्रोतः स्थलगत अवलोकन २०७४; मेयरसिंह पाइजा (रनसिंहकिटेनी), वीरेन्द्रकुमार बुढा (दलिङ), खडकबहादुर पुन (जलजला) सँगको अन्तरवार्ता, २०७५ ।

**आ. मगर मातृभाषी वक्ताका उच्चारणगत विशेषताहरू**

**तालिका : ३.३२**
**बडिगाड गाउँपालिकाका मगर बस्तीमा उच्चारण हुने नेपाली भाषा**

| मानक नेपाली | मगर उच्चारण | मानक नेपाली | मगर उच्चारण |
|---|---|---|---|
| अगाडि | अघारी/अगारी | त्यो | होतो |
| अगुल्टो | ओल्टो, अउल्टो | त्यसको | होको |
| अगेनो | अगेना | त्यस्तो | होत्यस्तो |
| अनुहार | अनार | त्यसले | होतोले |
| अलिकति/थोरै | इतिति | दिदी | देइ |
| असिना | असिनु | दोहोरो | डोरो |
| आउँछ | आन्च | धनु | ढनु |
| आएको छ | आछ | धुवाँ | ढुवा |
| आकासे | सर्ग | नाम्लो | बारेयु |
| आगन | खल्ला | परतिर | परनो/पुनो |
| औला | अम्ला | प्वाख | पोक |
| उठेर | उठिर | फुपू | फै/फुपै |
| उपल्लो गाउँ | उपल्लाङ | फेरि | फिरी |
| कचौरा | बुटिकी | बजाउँछ | बजान्च |
| कर्कलो | कोर्कोलो | बाहुन | भाउन/बाउन |
| कताबाट | काँट | बाख्रा | बाग्रा |
| कसलाई | कोलाई | बाध्नु | भान्नु |
| कसले | कोले | बाबा | बौ |
| कहिले | कैले | बलेसी | बलेनी |
| काँक्रो | काकारा, काँक्रा | बसेर | बसिर |
| कुकुर | कुकर | बिर्सियो | बिसऱ्यो |
| कुखुरा | कुखरा | बिर्सिन्छु | बिसर्चु |
| कुनचाहिँ | कौनो | बिँड | बेड |
| कोदो | कोरो | बिरालो | बेरालु |
| खाएर | खाइर | बिहान | भेन |
| खानुहुन्छ ? | खान्चौ र ? | बुढा | बुधा |
| खुर्सानी | खोर्सान | बुढी (पत्नी) | बुधी |
| खोरिया | खोरे, खुरे | बुहारी | भ्वारी |
| खोलातिर | खोलानो | भएको छ | भाक्छ |
| गएको | गाको | भित्ता | भेत्ता |
| गएछ | गइछ | भोलि | भुली |
| गएर | गइर | भ्यागुता | भेउता |
| गगटो | गङ्ता | पछ्यौरा | मोत्रो, मजेत्रो |
| गर्छ | गन्छ | मान्छे | मन्छे/मन्छी |
| गहिरो | घैरो | माथितिर | माथिनो/उप्री |
| ग्राहक | गाके | यतातिर | यतानो |
| गुनिउ | गुने | यसलाई | होयोलाई |
| जाँड | जान् | यसरी | होसिरी |
| जाँतो | भाँतो | यसले | होयोले |

| | | | |
|---|---|---|---|
| जुम्ल्याहा | जम्ले | यस्तो | होस्तो |
| झगडा | झग्रा | यहाँ | ह्या |
| टपरी | तपरी | रक्सी | रोक्सी |
| टिमुर | टिम्मर | राम्रो | नाम्रो |
| डढ्यो | दर्‍यो | रोटी | रोता |
| डाँडा | डारा | लहरा | लरा |
| डाडु | डारू | माथिमाथि | उब्रीउब्री / उँभो |
| ढिंडो | ढिरो | दाउरा | दारा |
| ढुङ्गेघर | ढुङ्गेर | पन्यू | पनेम/पन्यु |
| तगारो | तागाला | पहेँलो | पिलो |
| तराजु | तुलो | भुइँतला | भुइताल/मुनितला |
| तलतिर | तलनो/उधौँ | सबै | जम्मै |
| तल्लोपट्टी | तलनो | सर्प | सोर्पो |
| तल्लोगाउँ | तल्लाङ | सिंडी | सिरी |
| तिमीहरु | तँहोरी | हलो | होलो |
| तिर | नो | | |

स्रोतः स्थलगत अवलोकन २०७४; मेयरसिंह पाइजा (रनसिंहकिटेनी), वीरेन्द्रकुमार बुढा (दलिङ), खडकबहादुर पुन (जलजला) सँगको अन्तरवार्ता, २०७५ ।

**ग. कुमाल भाषा**

बडिगाड गाउँपालिकाका अल्पसंख्यकहरूमा कुमाल जाति पर्दछन् । यिनीहरूको आफ्नो मौलिक भाषा हुँदाहुँदै पनि यो भाषा आज लोपोन्मुख अवस्थामा छ । कुमाल भाषाका केही मौलिक शब्दहरू निम्न तालिकामा उल्लेख गरिएको छ–

**तालिका : ३.३३**
**कुमाल भाषाका मौलिक शब्दहरू**

| शब्द | अर्थ | शब्द | अर्थ |
|---|---|---|---|
| अँगुरी | औंला | तइ | तँ |
| करिला | गर्दछौं | तोर | तेरो |
| कसे/कसँन्के | कसरी | तोरे/ तुहुरे | तपाईं |
| काहाली/काली | भोलि | तुहुरे/तुह्र | तिमीहरू |
| खाइके | खाएर | दाब्रे/बाएँ | देब्रे |
| खइल | खायौ | पुसाइँ/फुफा | पुसाजु |
| खाइला | खान्छौं | भउजी | भाउजू |
| खेत्रा | खेताला | मछरी | माछो |
| गइल | गयौ | मसा/मसबाउ/मउसा | सानबा |
| घइली/घइला/गगरी | घैंटो/गाग्री | मसी/मुसी/मउसी | सानीमा |
| छानी | छानो | माटी | माटो |
| जाइके | गएर | मैं/मइँ | म |
| जाइला | जान्छौं | मोके | मलाई |
| झखेरा | झिक्रो | मोर | मेरो |
| ठेउँन् | घुँडो | हँम्र | हामी |
| मै घर बाट । | मेरो घर छ । | तुरे घर नाखै । | तेरो घर छैन । |

| | | | |
|---|---|---|---|
| मै भात खैन्तु । | म भात खान्छु । | तोरे जाल कि । | तषईं जानुहुन्छु । |
| मै निजितुँ । | म जान्न । | हाँम्रे काँम् गरिला । | हामी काम गर्छौं । |
| मै काम काम् गरइनुँ । | म काम गर्छु । | हाँम्रे काम नगरिला । | हामीले काम गर्दैनौं । |

स्रोतः शर्मा पौड्याल, २०४३ः ३७–५०; झलक बहादुर थापा कुमाल, गोमबहादुर राना कुमाल (खर्वाङ, २०७५) ।

**३.५ लोक साहित्य**

लोकको अर्थ संसार वा जनता भन्ने हुन्छ । यही लोकको हितकारी अभिव्यक्ति लोक साहित्य हो । लोक साहित्यमा लोकगीत, लोकगाथा, लोकनाटक आदि लोक अभिव्यक्तिहरू पर्दछन् । बडिगाड गाउँपालिका लोक साहित्यका दृष्टिले पनि समृद्ध क्षेत्र मानिन्छ । यस गाउँपालिकामा रहेका लोकसाहित्यका केही विधाहरू यहाँ चर्चा गरिएको छ–

**क. भैलो र देउसी गीत**

नेपालीहरूको महान पर्व तिहारमा गाइने प्रसिद्ध लोकगीत भैलो पनि एक हो । भैलो पनि नृत्यमूलक लोकगीत हो । यसलाई गाउने नभनी भैलो खेल्ने पनि भनिन्छ । पुरूषहरु खेल्दा भैलो भन्ने चलन हुन्छ भने महिलाहरु खेल्दा भैली भन्ने चलन पनि छ । नेपालीहरूको महान चाड तिहारमा माग्ने, गाउने, बजाउने, नाच्ने र मनोरञ्जन गर्ने परम्परा परापूर्व कालदेखि चल्दै आएको हो । यस चाडमा विभिन्न मनोरञ्जनका साथै भैलो, देउसी र सोरठी जस्ता पर्वगीतहरु गाइन्छन् । तिहारको समयमा एउटै नृत्यमण्डलीले यिनै गीतहरु गाउने हुनाले भैलो, देउसी र सोरठी एकअर्काका पूरक जस्ता पनि देखिन्छन् । तर भैलो र देउसीमा खासै भिन्नता नपाइए तापनि भैलो र देउसी खेल्ने नृत्यमण्डलीले छोटो समयका लागि भैलो वा देउसी र लामो समयका लागि सोरठी गाउने गरेको पाइन्छ । तसर्थ भैलो वा देउसी एक प्रकारका आशीष हुन् भने सोरठी आख्यानमूलक गीतिनाटक हो (थापा, २०६५ः ३६) । व्यावहारिक रूपमा उनीहरूको घनिष्ठ सम्बन्ध देखिन्छ भने सैद्धान्तिक रूपमा भैलो, देउसी र सोरठीका बारेमा छुट्टाछुट्टै किम्वदन्तीहरु पाइन्छन् ।

बडिगाड गाउँपालिकामा तिहारको समयमा लक्ष्मी पूजादेखि ठूली एकादशीसम्म गाउँका प्रत्येक घरघरमा पुगेर कुलदेवता, सिमेभुमे, स्थानीय देवीदेवता र तेत्तीस कोटि देवताको नाम लिंदै नाच्ने, गाउने र आशीर्वाद दिने चलन हुन्छ । भैलो खेल्नका लागि गाउँगाउँमा गुरुबा वा गुरूजुको नेतृत्वमा एउटा गर्राभाइको भैलो समूह हुन्छ । यो समूहमा गाउने, बजाउने र नाच्ने मादले, मारूनी, पुरूसुङे र अन्य कलाकारहरू हुन्छन् । यस मण्डलीले गुरुमाको स्वरमा स्वर मिलाउँदै नृत्य र वाद्यसहित भैलो भट्याउने चलन हुन्छ । भैलोको मुख्य उद्देश्य दान वा चन्दा संकलन, मनोरञ्जन, कलाको विकास र संरक्षण, सामाजिक सद्भाव र एकता कायम, भ्रातृतवको विकास गर्नु रहेको हुन्छ ।

यसरी भैलो भट्याउँदै विभिन्न देवी, देवता र थानीमण्डलीको नाम पुकार्दै सरस्वती जगाउने काम हुन्छ । सरस्वती जागेपछि सोरठी गाउन र नाच्न सुरू गरिन्छ । यसैलाई मारूनी नाच पनि भनिन्छ । बडिगाड गाउँपालिकका सबै वडामा प्रत्येक वर्ष परम्परादेखि चल्दै आएको यो भैलो खेल्ने चलनलाई विकास निर्माणसँग जोडेर हेर्ने पनि गरिन्छ ।

**ख. सोरठी/मारूनी नाच**

तिहारको लक्ष्मीपूजादेखि ठूली एकादशीसम्म विभिन्न पौराणिक तथा ऐतिहासिक आख्यानहरूमा आधारित विविध लय, ताल, श्रृङ्गारमा मारूनी नृत्यसहित गाइने एक प्रकारको लोकलयलाई सोरठी गीत वा नृत्य भनिन्छ । सोह्र

प्रकारले नाचिने र गाइने गीतलाई सोरठी भनिन्छ भन्ने तर्क पनि पाइन्छ (थापा, २०५०ः २४) । सोरठी गीत नेपालको पूर्वदेखि पश्चिमसम्म सबै जात-जातिहरूले धार्मिक पर्वको रूपमा गाउने र नाच्ने प्रचलन पाइन्छ ।

सोरठी कथाका सम्बन्धमा विद्वान्हरूका विभिन्न तर्कहरु विभिन्न ऐतिहासिक तथा पौराणिक आख्यानमा आधारित किम्वदन्तीहरु पाइन्छन् । सोरठीको कथामा कतै राजा जयसिंहकी राजपुत्री सोरठीको जीवन चरित्रको वर्णन गरिएको हुन्छ भने कतै राजा इन्द्रका दुई अप्सरा (सोरठी र हेमैती) हरूको जीवनवृत्तान्तको वर्णन पाइन्छ । सोरठी कथालाई कतै गुजरातका राजा खेखड मल्ल विरक्तिएर जोगी बनी बनवास लाग्दा उनका सोह्रवटी रानीहरूले विलाप गरी रोएको गीतलाई सोरठी भनिएको हो भन्ने तर्क पनि पाइन्छ । कतै उत्तरी पहाडका संस्कृत विद्धान् एवं धर्मात्मा राजा जयदेव (आठौं शताब्दीतिरका) लाई जयसिंह भनिएको र उनैको जीवनीमा आधारित कथालाई सोरठी भनिएको हो भन्ने तर्क पनि पाइन्छ (थापा, २०६५ः ३९) । यी भनाइहरु जे भए तापनि सोरठी एउटा पर्व विशेषमा गाइने गीति लोकनाटकको नाम हो । यो सोरठी वा मारुनी नृत्यमा राजा जैसिंह, रानी सोरठी, पण्डित, माझी, कटुवाल, सुनार, कुमाल आदि पात्रहरूको वर्णनका साथै मगर भाषिक उच्चारणको प्रभाव समेत रहेको हुन्छ । भैलोबाट सुरू भएको मारूनी नृत्यमा कतै राजा गोविचन र मनिचन, कतै राजा जैसिं र रानी सोरठी, कतै कृष्णचरित्र, कतै रामचरित्र आदि सन्दर्भका आख्यानहरू प्रयोगमा आएको पाइन्छ । बडिगाड गाउँपालिकाका अधिकांश जनजाति र दलित समुदायहरूमा यो लोकसंस्कृतिलाई उत्साहपूर्वक मनाइन्छ । यसले सामाजिक सद्भाव कायम गर्न, मनोरञ्जन प्रदान गर्न र लोक संस्कृतिको संरक्षणमा ठूलो सहयोग गरेको हुन्छ ।

**ग. घाटुनाच**

नेपालीहरूको लोकसंस्कृतिमा आधारित आख्यान मूलक गीतिनाटकलाई घाटु वा घाटु नाच भनिन्छ । घाटुनाच नेपालका पश्चिमी गुरूङ्ग-मगर समाजको प्रशिद्ध लोकनृत्य पनि हो । घाटु नाच विशेष गरी लमजुङ, गोर्खा र बागलुङको पाण्डव खानी र सिसाखानीमा नचाइन्छ । यसको ऐतिहासिक किंवदन्ती र गाउने परम्पराका बारेमा एकरूपता पाइँदैन । लोक साहित्यकार धर्मराज थापा (२०४१) को भनाइअनुसार लमजुङका राजा कालु शाहाका सुपुत्र प्रताप शाहीको छोट्कारी नाम पश्रामु थियो । राजा पश्रामुले लडाइमा वीरगति प्राप्त गरेपछि उनकी रानी यम्फावतीले पनि आफ्नो छोरा बालकृष्णलाई धाई आमाको जिम्मा लगाएर सती गएकी थिइन् रे । यसै कथामा आधारित घाटुनै सती घाटु हो भन्ने पनि पाइन्छ। तर यो भनाइ त्यति तार्किक देखिदैंन ।

घाटु गीतमा रोपाई गर्ने, माछा मार्ने, डुङ्गा काट्ने, विवाह गर्ने, सिकार खेल्ने, लडाइ गर्ने, सती जाने विविध खण्डको वणर्न पाइन्छ । पाण्डवखानी र सिसाखानीमा बसोबास गर्ने मगरहरूले प्रत्येक वर्ष बैसाख पूर्णिमा (बुद्धजयन्ती) देखि जेठ २० गतेसम्म सती घाटु नचाउँछन् । यहाँ प्रचलित सती घाटुमा राजा पश्रामु र उनका चारवटी पत्नी सरूमा, सीता, मैया र अम्बावती रानीको जीवन चरित्रमा आधारित आख्यानको वर्णन पाइन्छ । राजा पश्रामुले चौवीस युद्ध विजय गरेपछि अन्त्यमा पर्वते राजासँगको युद्धमा आफ्नो जीवनलीला समाप्त गरेका र सोही शोकको प्रतीकका रूपमा यो घाटु नचाउन थालिएको हो भन्ने भनाइ पनि केही बुढापाकाहरूको रहेको छ ।

यहाँ नचाइने सती घाटु गाउनका लागि गीत थाल्ने गुरूबा, नाच्ने चारवटी कन्या (घाटुली) हरु र गीत छोप्ने गिदाङ्गे (गीतगाउने समूह) को आवश्यकता पर्दछ । जब गुरूबाले मङ्गला चरणका साथ राजा पश्रामुका आख्यानमा आधारित गीत गाउन थाल्छन्, बसेका जनसमूहमध्येबाट चारवटी कन्याहरु आँखा बन्द गरेर झुल्न थाल्दछन् । तिनै चारवटी कन्याहरूलाई घाटुलीका रूपमा सिंगारेर नचाइन्छ र अन्य बसेका गर्राभाइले गुरूबासँगै गीत छोपेर गाउन थाल्दछन् । यस घाटु नाचमा के रहस्य पनि पाइन्छ भने जब घाटु पक्ष (बैसाखे पूर्णिमा पक्ष) सुरू हन्छ, घाटु देवताले घाटुली कन्या (केटी) हरूलाई झोक्न (झुलाउन) थाल्दछन् । घाटु देवताले झोक्यो भने गुरूबा कहाँ गएर घाटुगीत गाइदिन अनुरोध गर्नुपर्ने हुन्छ । घाटुमा नाच्नका लागि कुनै त्यस्ता नृत्य कलाकारहरु चयनको आवश्यकता पर्दैन र घाटु देवताले कसलाई झोक्छ (झुलाउँछ) भन्ने कुराको पूर्व ज्ञान पनि हुँदैन । बरू घाटुमा संम्मिलित भएका समूहमध्येकै चारवटी कन्याहरु गुरूबाले गीत थालनी गरेपछि आँखा बन्द गरेर झुल्न थाल्दछन् । यिनै चारवटी कन्याहरूलाई राजा पश्रामुका रानीका प्रतीकका रूपमा घाटुली सिंगारेर नचाइन्छ ।

घाटु नृत्यमा शोकाकुल वातावरणको सिर्जना गरी दर्शक र श्रोताहरूलाई समेत भावविह्वल बनाइन्छ । यसको भाव बुझ्ने श्रोतहरू धुरूधुरू रोएको पाइन्छ । यसमा गुरूबाले गीतैबाट मंगलाचरण गरी घाटु देवता जगाउने, घाटुली चयन गर्ने, घाटुली सिंगार्ने, घाटुलीलाई नृत्यकला सिकाउने, सती ढलाउने (घाटुलीलाई बेहोस पार्ने), सती जगाउने र घाटुली बर्ताउने (बुझाउने) काम गर्दछन् । यसमा एकातिर ऐतिहासिक किंवदन्तीको वर्णन पाइन्छ भने अर्कातिर वर्तमान समयमा पनि यस्तो आश्चर्यजनक रहस्य पाउन सकिन्छ । यस घाटु नाचमा गुरूबाले गीत गाउन बिराएको खण्डमा सती ढालिएका (बेहोस भएका) घाटुलीहरु पुनः बिउँझन सक्दैनन् भन्ने जनविश्वास अद्यापि रहेको पाइन्छ(थापा, २०५०: ३४) । वि.सं. २०५० सालमा गलकोट पाण्डवखानीमा देखाइएको घाटु नृत्यको प्रत्यक्ष अनुभवबाट प्राप्त जानकारीका आधारमा सती घाटुका केही गीतांशहरु निम्नानुसार रहेको पाइन्छ–

**गीतबाट घाटुली नचाउन मण्डप लिपाउने काम–**

लिपन हो रे भैया लिपन हो रे, माली गाईको गोबरैले लिपैला
लिपन हो रे भैया लिपन हो रे, काली गाईको गोबरैले लिपैला ... ।

**गीतबाट घाटु देवता जगाउने काम –**

गुरूमा आमै गुरूमा बाबै तुम चली आऊ,
बालिकन्या कुमारीको शिरै भोकी आऊ ।
सत्य दिनको सत्यवती तुम चली आऊ,
बाली कन्या कुमारीको शिरै झोकी आऊ ।

**गीतबाट घाटुली सिंगार्ने काम–**

जलजर जपी जपी[२], पावै बाँधैला
अक्षती र पाती जपी[२], पावै बाँधैला
विरवल (शिरमा बाँध्ने फेटा वा रिबन) जपी[२], शीरै बाँधैला ।

**गीतबाट घाटुलीलाई नृत्यकला सिकाउने काम–**

बावै घोडा टेकी टेकी[२] उठैला
पूर्वदिशा मोहरा फर्काइ–फर्काइ[२], नाचैला
उठिमा नाच सरूमा रानी[२], नाचैला
देवालीको (दियो) अनितरैमा[२], नाचैला
उठिमा नाच मैया रानी[२], नाचैला
देवालीको अनितरैमा[२], नाचैंला
उठिमा नाच सीता रानी[२], नाचैला
देवालीको अनितरैमा[२], नाचैला
उठिमा नाच अम्वा रानी[२], नाचैला
देवालीको अनितरैमा[२], नाचैंला

**राजा पश्रामुले युद्धमा वीरगति प्राप्त गरेको अशुभ समाचार –**

आज राति सपनीमा नयनीको छल
हरे आजराति सपनीमा नयनीको छल
बोलिदियो कालीकौवा नयनीको छल
हरे ! राजैज्यूलाई वाण लाग्यो नयनीको छल ।

**घाटुली (चार रानी) सती जान लागेको –**

सुन सुन धाइ आमा ! सुन सुन धाइ आमा
हाम्रो बाला किस्नलाई तिमरै पिछा ।
हामी जान्छौ स्वामीज्यूको सती बाती चिनिदेऊ
उलेनीको झुलै पारी आगै सल्काइदेऊ ।

**गीतैबाट सती जगाउने काम–**

सुन कल्छे झरियाको जलै छर्कैला
फटकी र अक्षतीले छर्कैला
बेतैको लौरीले ठोकैला
चमरी गाईको पुछरैले हम्कैला ।

**घाटुलीलाई पुनः जगाएर नचाउने काम –**

चन्दनैको डाली समाइ[२], उठैला
शिरिखण्डको डाली समाइ[२], उठैला
उठीमा नाच सरूमा रानी,[२] नाचैला

**गीतबाटै घाटु देवतालाई बिदाइ दिने काम -**

गुरूमा आमै गुरूमा बाबै,[२] पाखै सरैला
सत्यमा दिनको सत्यवती,[२] पाखै सरैला
तीर्थ घुम्ने जोगियालाई,[२] भलै बिदा देऊ ।
पहिले सम्झौं सिद्धगणेश देवता,[२] गरे रक्षामा
धुपै दियाम्, धजै बाँधिम्, धारै चढाइस्,[२] गरे रक्षामा ।

समग्रमा घाटु नृत्यका विशेषताहरूमा मगर समुदायमा संरक्षित हुनु, संगीतभन्दा गीतको भाव प्रवल हुनु, आख्यानमा सिंङ्गो जीवन काहानी झल्कनु, लयगत विविधता पाइनु, करूण रसको प्रधानता हुनु, स्थानीय परिवेशको छनक पाइनु र ढिलो लयमा गाइनु घाटुगीतका विशेषताहरु हुन् ।

**घ. ख्याली**

मारूनी पहिरनमा सोरठी, भैलो, गोविचन आदि आख्यानमूलक गीत र अभिनय गर्दा बीच-बीचमा गाइने एक प्रकारका टप्पा वा टुक्कालाई ख्याली भनिन्छ । ख्यालीको अर्थ विशेष चाड पर्वमा वा पूजा आजामा खैंजडी, मुजुरा आदि बजाउँदै गाइने लोकगीत, चुड्का अथवा ख्याल ठट्टाको स्वभावमा तन्नेरी तरूनीहरु भेला भई गाउने एक प्रकारको जुहारी पनि भनिएको पाइन्छ (बृहत नेपाली शब्दकोष, २०४० : १४२९) । यी ख्यालीहरु सोरठी, घाटु, भजन, गोविचन, रत्यौली आदि आख्यान मूलक गीतहरु गाउँदा बीचबीचमा कुनै एउटा पङ्क्तिलाई लिएर चार चरणसम्म देहोऱ्याएर गाइन्छ । सोरठी गाउँदा बीचबीचमा गाइने यस्ता टुक्काहरूलाई ख्याली भनिन्छ भने भजन गाउँदा गाइने टुक्काहरूलाई टप्पा भन्ने चलन पनि छ (थापा, २०६४: ४३) ।

बडिगाड गाउँपालिकामा भजन, झाम्रे, सोरठी र गोविचन गाउँदा बीचबीचमा यी ख्यालीहरू गाउने चलन हुन्छ । एउटै लय र आख्यानमा आधारित गीत सुनिरहनु पर्दा दर्शक-श्रोताहरूलाई पट्यार र आलस्य नलागोस् भन्ने उद्देश्यले यी ख्यालीहरु गाइन्छन् । यी ख्यालीहरु विभिन्न लोकभाकामा गुरूबाले भिक्ने (भन्ने) र गर्राभाइ (गायन मण्डली) ले छोप्ने (गाउने) चलन हुन्छ । ख्याली गाउँदा यी टुक्का वा टप्पालाई ढिलो तालबाट छिटोछिटो (छोटीतालमा) चट्क्याएर गर्राभाइले चार चरणसम्म छोप्ने चलन हुन्छ । यस्ता ख्याली गीतका नमुनाहरु यस प्रकार छन्-

गुरूबा- शंकर धुनी लायो, राजै तिम्रो आगनीमा, शंकर धुनी लायो ।
गर्राभाइ- शंकर धुनी लायो, राजै तिम्रो आगनीमा, शंकर धुनी लायो…४ ।
गुरूबा- हाँसौला खेलौला, राजै तिम्रो आगनीमा, हाँसौला खेलौला ।
गर्राभाइ- हाँसौला खेलौला, राजै तिम्रो आगनीमा, हाँसौला खेलौला…४ ।
गुरूबा- गलै सुवायो, सुनकाटी खँगाली, गलै सुवायो ।

### ङ. झाम्रेगीत

मौखिक परम्परा र लोकजीवनमा आधारित लोकवाद्य (डम्फु र मादल) को तालमा गाइने गीत झाम्रे हो । झाम्रे गीतमा अभिधा, लक्ष्यणा र व्यञ्जना गरी तीनै तहको अर्थ व्यञ्जित भएको हुन्छ । ग्वालीचौर क्षेत्रको मौलिक पहिचानमा झाम्रे गीत पनि पर्दछ । झाम्रे गीतमा जातीय, क्षेत्रीय, सामाजिक, साँस्कृतिक र प्राकृतिक पहिचान लुकेको हुन्छ । झाम्रे गीतमा स्थायी र अन्तरासँगै आलाप, लय, थेगो, रहनी, राग, भाका आदि गेय तत्व आएको हुन्छ (थापा, २०६५ः ९९) । लयका आधारमा झाम्रे गीत निम्न तीन प्रकारका हुन्छन्–

विलम्बित लय :

हा.. हा.. व ल्लो रि घा.. प ल्लो रि घा.. या नि मा या..
हो.. हो.. मा भै प न्यो.. सि सा खा नी.. या नि मा या..
हा.. हा.. य स्तो श री र.. म री जा ने.. या नि मा या..
हो.. हो.. क च्चै.. जि न्दा गा नी.. या नि मा या ... ।

मध्यम लय :

हा.. घुम्टे मुनि कौलेनी त हा.. हुइँमुनिको दरिमा साइला
हा.. निदार चिरी हेरिदेऊ भावी हा.. कस्तो रैच करिमा साइला ।

द्रुत लय :

खुट्टीमा नेल परे पर्ला झाम्रेमा ननाची छोड्दिन ।

### च. ओख्खागीत

प्राकृत 'धम्मि' शब्दको अपभ्रंसबाट आएको नेपाली 'धामी' शब्दको अर्थ भूतप्रेत, बोक्सी आदि दैवी शक्तिको भाषा बुझ्नसक्ने व्यक्ति भन्ने हुन्छ । धामीलाई अर्को शब्दमा झाँक्री पनि भनिन्छ । धामी र झाँक्रीमा सूक्ष्म अन्तर भए तापनि सामान्यतया यी एकअर्काका पर्यायवाची शब्द हुन् । धामी-झाँक्रीलाई लामा पनि भनिन्छ । यी लामाझाँक्रीको मुख्य काम भनेको गाउँमा रोगीहरूको मनोवैज्ञानिक उपचार गर्नु तथा कुलपितृ, देवीदेवता र मृतात्मासँग प्रत्यक्ष संवाद गर्नु हो । मगर जातिको कुलपूजामा सबै साँस्कृतिक काम यिनै लामाझाँक्रीले गर्दछन् ।

यी लामाझाँक्रीले कोही बिमारी भएमा बिमारीलाई छुवाइएका आँखत (अक्षता) हेर्दछन् । यदि कुनै मृतात्मा, देवीदेवता, कुलपितृ आदिको कारणबाट कोही बिमारी बिमारी भएको रहेछ भने हातमा गजो (काठ) र ढ्याङ्ग्रो लिएर झाँक्री झाँक बस्न (काप्न) सुरू गर्दछ । यही झाँकमा अर्थात् देवता उत्रिएको समयमा एक प्रकारको कम्पित स्वरलहरीमा स्थानीय देवीदेवता र भूतप्रेतको नामोच्चारण गर्दै गरिने अभिव्यक्तिलाई धामी-झाँक्री गीत अथवा स्थानीय भाषामा 'ओख्खा' भनिन्छ (थापा, २०५०: ५७) । यी ओख्खाका स्तुतिगानहरू बडिगाड गाउँपालिकामा लोपोन्मुख अवस्थामा रहेका छन् ।

धामीझाँक्रीले यी ओख्खा गाउँदा सुरूमा आफ्ना इष्ट देवताको मङ्गलाचरण गर्दछन् र त्यसपछि उच्च, मध्य र निम्न स्वरमा कतै पदावली र कतै शब्दमा समेत विश्राम गर्दै एक प्रकारको अस्पष्ट र कम्पित स्वरलहरीमा गीत गाउँछन् । यिनै गीतलाई प्रेतात्म वा दैवी शक्तिको संस्कारिक अभिव्यक्ति मानिन्छ । यो ओख्खा गाउने शक्ति सबै लामाहरुमा हुँदैन । जसले मसान साध्य गरेको छ वा जसलाई कुल्यान, सिद्ध, भैरव आदि देवता उत्रिएका छन्, उसले

मात्र ओख्खा गाउन सक्छ । गजो र ढ्याङ्ग्रो नै यसको वाद्य-संगीतीको साधनका रूपमा आएको हुन्छ । यसले बिरामीको मनोवैज्ञानिक उपचार गर्न र बसेकालाई मनोरञ्जन प्रदान गर्दछ । यसमा लामाले सुरूमा मङ्गलाचरण गरी स्थानीय देवीदेवता र थानी मण्डलीलाई बोलाउने काम हुन्छ र झाँकमा बिमारको प्रकृति, कारण र उपचार विधि समेत बताइदिने काम हुन्छ, जस्तै गीतको केही अंश–

मङ्गलाचरण–

चार किल्ला भित्रको मण्डल प्रति, ..
महाकाली महालक्ष्मी, गुरूमातम गुरू विष्णु
ओम् भ्युसिन गुरूम्, हनुमान, राम लक्ष्मान गुरूम्
कमल जैसी प्रति, विजुलामाप्रति, भर्से पण्डित, सन्जे जैसी ..... ।

ओख्खागीत :

सहै सैलुङ खेली हिड्ने, ए गुरू ह ह ह हेर बाबै हेर
म को हो काँ हो भन्ला, चौरासी सिद्ध मध्येकै घुम्टे बस्ने सिद्ध
मै हुँ बाबै हेर हेर, हुन त म जैरे हावा बतासले के जान्दछु र ?
हेर बाबै हेर जानेको बताइ दिन्छु ।
हेर हेर एक हाते कालो टालो, तीन मुखे करूवामा जल
खरानी, बेसार, काला धजा र कालो पाठो चाहियो बाबु,
हेर बाबै हेर यति गरी विधि गर्दा भोलिदेखिन,
पानी जस्तो सितलो, फूल जस्तो हलुङ्गो हुने छ,
हेर है हेर, मनुवा यसो भएन भने, मेरो नामै नलिनु...

**छ. वाली गीत**

असारको मैनामा खेतमा रापाइँ गर्न हली, बाउसे, कोदाले, खोकारे, फ्याउरे, ब्याडे र खेताली/खेतारी (रोपार) हरु टक्रिएका हुन्छन् । यिनीहरूको मुख्य काम खेत रोप्नु भए पनि शारीरिक परिश्रमसँगै सिमसिमे पानी र दवदवे हिलोमा असारे भाकाका गीतहरु खेतको फाँटमा गुन्जन्छन् । यसैलाई असारे वाली भनिन्छ (थापा, २०५० : ४९)। यी असारे वाली आख्यानयुक्त र आख्यान मुक्त गरी दुई प्रकारका हुन्छन् । वृद्धवद्धा, हली, बाउसे र खेतालीहरु सीमे, भुमे र देवी देवताका नाममा वालीगीत गाउँछन् भने युवा युवती वा ठिटाठिटीहरु झाम्रेगीतका सामूहिक स्वरमा एकोहोरी वा दोहोरी गीतहरु गाउने गर्दछन् ।

केही समय पहिलेसम्म यस क्षेत्रका साहूका खेत रोपाइँमा पञ्चे बाजा बजाएर वाली र जुहारी गीत गाउँदै खेत रोप्ने परम्परा थियो तर यो परम्परा भने विस्तारै लोप हुँदै गएको छ । अहिले पनि बडिगाड गाउँपालिकका वडा नं. २, ५ र ६ मा आधुनिक प्रकृतिको वाली गाउने प्रचलन रहेको छ ।

**ज. न्वागी मेला**

न्वागीलाई नुवागी मेला पनि भनिन्छ । सामान्य अर्थमा हरेक वर्ष नयाँ धानबाली पाकेपछि काँचो चामल, तिल, सिलम, दही, केरा वा अन्य फलफूल मिलाएर पितृहरू र देवीदेवताका नाममा चढाएर पहिलो दिन खाइने खाद्यान्नलाई न्वागी भनिन्छ । कतै दही-चामल खाने पनि भनिन्छ । नेपालका प्रायः समुदायमा नयाँ बाली भित्र्याएपछि न्वागी खाने चलन हुन्छ । यही न्वागी खाने चलनलाई बडिगाड गाउँपालिकामा विशेष मेलाका रूपमा मनाइन्छ ।

बडिगाड गाउँपालिकामा हरेक वर्ष मंसिर पहिलो हप्ता यो न्वागी मेला लाग्ने गर्दछ । पुरानो चलन अनुसार पौदी अमराइको छत्रभूमीमा रहेको कोटथानका मुल पण्डितले साइत हेरेपछि धानको फाँटबाट मुठी लिने (धान काट्न शुभारांभ गर्ने), पुली बाँध्ने र न्वागी खाने चलन थियो । यो परम्परालाई अद्यापि मंसिर पहिलो हप्तामा विशेष मेलाको आयोजना गरी विभिन्न खेलकूदहरू, लोकगीत प्रतियोगिता, स्थानीय उत्पादनमा आधारित वस्तुको प्रदर्शनी, विशेष अतिथिको आमन्त्रण सहित मनाउने गरिन्छ । यो मेलाको मुख्य उद्देश्य न्वागी खानु रहे पनि मुख्य आकर्षण भनेको वस्तु प्रदर्शनी, सबै समुदायका मानिसहरूको उपस्थिति, हाट बजार, मनोरञ्जन, सामाजिक एकता र सद्भावको विकास आदि हुन् । यसले व्यापार प्रबोधन, पर्यटन प्रबर्द्धन, सामाजिक सद्भाव कायम राख्न र सांस्कृतिक परम्परालाइ निरन्तरता दिनलाई ठूलो सहयोग गरेको छ ।

**झ. सिलोक**

लोकपरम्परामा आधारित लोकसँस्कृति खाडो र सिलोक पनि हुन् । हिन्दू परम्परा अनुसार क्षत्रीको विवाहमा खाँडा जगाउने र ब्राह्मणको विवाहमा सिलोक भन्ने चलन रहेको पाइन्छ । यो परम्परा लोप हुँदै गए पनि पुरानो चलन अनुसार दुलहीको घरमा पुगेका जन्ती पक्ष र माइती पक्ष बीच खाँडो जगाएर बहादुरी देखाउने र सिलोक हालेर बौद्धिक क्षमता प्रदर्शन गर्ने चलन ग्वालीचौर क्षेत्रका क्षत्री-ब्राहमण समुदायमा थियो । यसले जातीय पहिचान र पेसागत निपूर्णतालाई व्यवहारमा उतार्न सहयोग पुऱ्याएको देखिन्छ । सिलोकको एक अंश निम्नानुसार पाइन्छ (थापा, २०६५: ७४)–

माइतीः एक थोक सोधनी गर्छौं हामी, सबका चरणमा परी
रिसराग कत्ति नमानी उत्तर दिनुहोस आफै मनमा धरी,
सय मुरी धानको कति मुठी होला गणितमा पनि
त्यसको अब जवाफ देऊ झट्ट वीरपुत्र हौ त भने ?
जन्तीः ए भाइ तिमीले त सोधनी गऱ्यौ खुब मर्म पारी यहाँ
जानेसम्म बताउने खोशिसमा छौं, यही यज्ञ मण्डपमहाँ ।
सोह्र हजार पुगयो गणित गर्दा एक सय मुरीको मुठी
मुठी कम्ती हुन गयो भने उत्तर दिनुहोस् उठी ।

**ञ. खाँडोगीत**

संस्कृत खड्क शब्दबाट आएको खाँडो शब्दको अर्थ विवाह मण्डपमा हातमा खुकुरी वा तरवार लिएर गाइने एक प्रकारको वीरगाथा भन्ने हुन्छ। गाथा र खाँडोको संरचनामा उस्तैउस्तै देखिए तापनि गाथा आत्म शुद्धिका लागि भगवान्को मङ्गल गायनका रूपमा गाइन्छ भने खाँडो राष्ट्रिय वीर पुरूषहरूको वीरतापूर्ण कार्यको प्रशस्ति गाएर जन्तीपक्षको उत्साह बढाउनका लागि गाइन्छ । पुरानो प्रचलन अनुसार क्षत्रीहरूको विवाहमा आफ्ना कूल वा वंशले गरेका वीरतापूर्ण कार्यको प्रशस्ति गाएर खाँडो जगाउने चलन थियो । खाँडो गाउनका लागि यज्ञ मण्डपको विवाह कार्य सिद्धिएपछि वरवधूको सामुन्ने जन्ती पक्षको एक जना मुखाग्र खाँडो भन्नसक्ने साहसी व्यक्तिले हातमा खुकुरी वा तरवार लिएर काम्दै कुनै वीरपुरूषको वीरताको वर्णन गर्दै जोसिलो स्वरमा खाँडो जगाइसकेपछि अन्त्यमा तीनपटकसमम "आख्खै हा वैरीको थाप्लोमा ठ्याक, ठ्याक, ठ्याक" भन्दै शत्रुको प्रतीकका रूपमा मण्डपमा गाडिएको केराको खम्बालाई छेदन्

गरी खाँडो अन्त्य गरिन्छ(थापा, २०५०: ४७)। बडिगाड गापाका प्राचीन गरिमा बोकेका यी खाँडो, माहाल, सिलोक जस्ता परम्परा प्रायः लोप भइसकेका छन् ।

**ट. सरायो नाच**

सरायोको अर्थ घर वा सत्तल भन्ने हुन्छ । सरायो नाच भन्नाले विशेष पर्वका दिन मन्दिर वा घरभित्रका खुँडा, खुकुरी, तरवार, खड्ग वा लट्ठी आदि हतियार नचाउँदै बाजाको तालमा नाचिने एक प्रकारको नाच हो । यो नाच विशेष गरी अर्घाखाँची, गुल्मी र बागलुङको ग्वालीचौर क्षेत्रमा नाचिन्छ । बडिगाड गाउँपालिकाको विशेष गरी दगातुन्डाडा र जलजलाको नेपानेमा रहेका कोटहरूमा बडादसैंको दुर्गामा मूलतः आठौं दिन महाअष्टमी दुर्गा भवानीको पूजा गरी बाजागाजासहित कालिका शक्तिपीठ वा कोटमन्दिर परिसरमा यो नृत्य देखाइन्छ । यो नृत्यमा विशेष गरी युवा पुरूषहरू कोटथानमा रहेका खुँडा र तरवार हातमा लिएर युद्धको अभिनयका साथ नाच्ने गर्दछन् । मनोरञ्जन, वीरताको प्रदर्शन र दुर्गा भवानीको उपासना गर्ने उद्देश्यले यो साहसिक नाच देखाइन्छ ।

**ठ. कुमाल संस्कृति (हरिसे र हेम्फै नाच)**

नेपालका जनजातिहरू मध्येको एक अल्पसंख्यक जाति कुमाल हो । कुमालहरू तराई र पहाडका धेरै जिल्लामा छरिएर रहे पनि बागलुङ जिल्लाको साविक दगातुन्डाँडा गाविस वा वर्तमान बडिगाड गाउँपालिकाको वडा नं. दुई खर्वाङमा यिनीहरूको मुख्य बासोबास क्षेत्र रहेको छ । जातीय आधारमा बडिगाड गाउँपालिकामा वि.सं. २०६८ को जनगणना अनुसार कुमाल जातिको कुल जनसंख्या ७४३ रहेको छ । अल्पसंख्यामा रहेका यी आदिवासी जनजातिको आफ्नै मौलिक प्रकृतिको भाषा, संस्कृति र संस्कार रहेको पाइन्छ ।

कुमालहरूको परम्परित पेसा माटाका भाँडाहरू बनाउने रहेको थियो । यिनीहरूले माटाका घैंटा, हाँडी, गमला, सुरइ हाँडी, आह्री, भुँड्का, फाँके, चिलिम, पाला, हँडुला आदि बनाउँथे । आधुनिक सभ्यताको विकाससँगै आफ्नो पेसा र संस्कृतिलाई परिवर्तन गर्न नसक्दा आज यो जाति लोपोन्मुख र संकटावोन्मुख जातिका रूपमा रहेको छ । सामाजिक अगुवा झलक थापा कुमाल र गोमबहादुर राना कुमालका अनुसार माटोको अभाव, दाउराको अभाव, व्यापार गर्न टाढाटाढा हिड्नु पर्ने, सीपको कमीआदि कारणले आफ्ने पेशा सङ्कटमा परेको बताउँछन् । उनीहरूले आफ्नो पहिचानलाई पूर्ण संरक्षण गर्न पनि नसक्नुर आधुनिक युगअनुसार आफूलाई पूर्ण रूपान्तरण गर्न पनि नसकेका कारण उनीहरू लोपोन्मुख अवस्थामा पुगेका हुन् । कुमालका धेरै संस्कारहरू हिन्दूधर्ममा आधारित भएर पनि जन्म, विवाह, मृत्यु आदि संस्कारहरू केही मौलिक प्रकृतिका पनि छन् । यिनीहरूको पुरानो चलनमा मागी विवाह, जारी विवाह, सारी विवाह (दोस्रोपछि हुने विवाह), सट्टा विवाह, विधवा विवाह आदि विवाहका प्रकारहरू रहेका थिए । तर यो परम्परा हराउँदै गएको छ ।

कुमालहरूको मागी विवाहमा अहिले पनि दुवै पक्षको कुरा मिलेमा केटी रोक्ने वा बल्बलाउने (दही खुवाउन वा इन्गेजमेन्ट) चलन हुन्छ । केटी बल्बलाउँदा केटा पक्षबाट रक्सी, रोटी, माछा, मासु आदि खानाका परिकारहरू लगी केटाकेटी दुवै पक्षका आफन्तहरू बसेर खाने चलन हुन्छ । यिनीहरूमा केटी बल्बलाएपछि मात्र विवाह पाको भएको मानिन्छ । विवाहका दिन पनि केटी पक्षले चाहेमा केटा पक्षले ठेकी (रक्सी, मासु, माछा लगायतका खद्य वस्तु) लैजानु

पर्ने हुन्छ । माइती पक्षका लागि लगिने केसेलीलाई ठेकी भनिन्छ । माइती र जन्ती दुवै पक्षका लागि लगिने कोसेली वा दोहोरो खर्चलाई ठेकी र बेठी भनिन्छ । घरको अवस्था कमजोर भएका माइती पक्षले ठेकी र बेठी खाने चलन हुन्छ । पुरानो चलन अनुसार कुमाल जातिको विवाहमा मादल रडम्फु बजाउँदै कन्या लिन जाने, भोज भतेर गर्ने, मनोरञ्जनका लागि होरिसे खेल्ने चलन हुन्छ । होरिसे खेल्दा माइती र जन्ती पक्षका युवायुवतीहरू बीच दोहोरी गीत गाउँदै जन्तीको स्वागतसत्कार गर्ने, आपसी परिचय गर्ने, ढोगभेट फुकाउने, आपसी मनोरञ्जन गर्ने चलन हुन्छ ।

कुमाल जातिको मृत्यु संस्कार एकै प्रकारको पाइदैन । मृत्यु संस्कारमा आफ्नो आर्थिक अवस्था अनुसार सक्नेले १३ औं दिनसम्म र नसक्नेले ३, ५, ७ वा ९ औं दिनमा आफ्ना जवाइचेलाहरूबाट गाइको गहुत छर्किएर उम्कने/शुद्ध हुने चलन हुन्छ । विशेष गरी जोर वा दुई महिना पार्नु हुँदैन भन्ने मान्यता अनुसार पनि ३, ५, ७ वा ९ दिनका दिन मृतक पुरूष भएमा भाले र स्त्री भएमा पोथी काटी त्यही रगतमा टेकेर घरभित्र प्रवेश गरेपछि उम्कने वा शुद्ध हुने चलन हुन्छ ।

खर्वाङ क्षेत्रका कुमालहरूले वर्षको एकदिन कुशेऔंसी वा तीज पक्षको भाद्र कृष्ण औंसीका दिन सबै कुमालहरूले पितृपूजा वा श्राद्ध गर्ने र आफन्तहरूलाई भोजभतेर गर्ने गर्दछन् । कृष्ण औंसीदेखि शुक्ल पूर्णिमासम्म १५ दिन यिनीहरूको चाड मानिन्छ । यिनै औंसी र पूर्णिमाका दिन यिनीहरूले अनौठो प्रकारको हेम्फै नाच नाच्ने गर्दछन् । हेम्फै नाचका लागि गुरूबाले गीत भट्याउने, पाँच जनाको समूहले गीत गाउने, एउटा कन्या केटी लाहुरे वा आर्मीको पहिरनमा सिंगारिएर नाच्ने, अर्को एक जना कन्या वा महिला हेम्फै भएर नाच्ने र अरू दुई केटाकेटी जोकर भएर नाच्ने गर्दछन् । यो नाचमा हेम्फैको महत्व हुन्छ । हेम्फै वस्त्रले सिंगारिएको डोकोभित्र पसी गीतको बोल र गुरूको निर्देशन अनुसार टाउको देखाएर वा नदेखाइ नाच्ने गर्दछन् । डोकाको पिध वा आसनबाट टाउको देखार नाचिने हेम्फैलाई टाउके हेम्फै र टाउको नदेखाइ नाच्ने हेम्फैलाई मुर्कट्टा हेम्फै भन्ने चलन छ । हेम्फै नाचमा घरव्यवहारका कुरा, अभिनय कला, नृत्य कला, गायन कला, संगीत र मनोरञ्जनका विषयहरू हुन्छन् । हेम्फै नाचमा गाइने एउटा गीतको नमुना निम्न प्रकारका छ (धिताल, २०६७ः ७)–

कताबाट आयौ, मेरी हेम्फै !
माल मधेसबाट आयौ, मेरी हेम्फै ।
कताबाट आयौ, मेरी हेम्फै !
काली र मालीबाट मेरी हेम्फै ।
बाटो खोल, मेरी हेम्फै !
ढोग देउन मेरी हेम्फै ।

कुमाल जातिको महत्वपूर्ण संस्कृतिमा झाम्रे बस्ने प्रचलन पनि पर्दछ । पुरानो चलन अनुसार विशेष गरी युवायुवतीहरू विभिन्न भाकाका लोकगीतहरू गाउने गर्दछन् । यिनै लोकगीत कुनै घर वा ठाँटीमा बसी रातभरि गाएर मनोरञ्जन गर्ने कामलाई झाम्रे बस्ने वा झाम्रे नाच पनि भनिन्छ । झाम्रे गाउने चलन भने आजभोलि हराइ सकेको छ । कुमालहरूले गाउने पुरानो झाम्रे गीतको एउटा नमुना यस प्रकार छ(शर्मा पौड्याल, २०३८ :२४)–

घर् त मोर् होक् रिडिक बजार
जता मयाँ ओतइ बाट् नजर
दाइत पसले बँइँनिके उडइलस् मिनी बसले ।

चौपारीमा छाप्लक छपँनी
जसँन मयाँ ओसँन्बाटु मइँपिंनी
दाइत पसले बँइँनिके उडइलस् मिनी बसले ।

कुमाल जातिको समग्र संस्कृतिको अध्ययन गर्दा यिनीहरू कुनै समयमा आफ्नो पेसा, व्यवसाय, भाषा र धर्म–संस्कृतिमा निपूर्ण थिए । तर आज उनीहरूको पेसा सङ्कटमा पर्नाले उनीहरूको संस्कृति पनि हराउँदै गएको छ । समयको गतिसँगै आफूलाई बदल्न नसक्दा, पेसा र संस्कृतिको संरक्षण गर्न नसक्दा अनिआफ्नो मौलिक पहिचान गुमाउँदै जाँदा यिनीहरू अल्प संख्यक र लोपोन्मुख जातिमा परिणत भएका हुन् भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

**ङ. उखान र टुक्काहरू**

नेपाली भाषा उखान र टुक्कामा समृद्ध छ । उखान र टुक्काका माध्यमबाट समाजका वास्तविकताई बुझ्न सहज हुन्छ । बडिगाड गाउँपालिकामा प्रचलित केही उखान र टुक्काहरू–

उखानहरू–

धाकभन्दा धक्कु ठूला हिड्न लागे खुट्टा लुला
छन् गेडी सबै मेरी छैनन् गेडी गेडी सबै टेडी
हात न गोडा तकदैया
भाग्यमानीको भूतै कमारो
राजाको काम कहिले जाला घाम ।

टुक्काहरू–

साहूको डोको (अरूको लगानी)
हात लम्काउनु (चोर्ने बानी)
भुँडी फोर्नु (गोप्यकुरा भन्नु)
दम दिनु (उस्क्याउनु)
थोत्रा गाला बजाउनु (उपलब्धि बिहिन काम गर्नु) ।

**३.६ संस्कृति र संस्कारहरू**

कुनै पनि जाति विशेषको भाषा, साहित्य, इतिहास, कला, धर्म, राजनीति आदिको समष्टिगत नाम संस्कृति हो । अर्को शब्दमा भन्दा कुनै जातिको सामाजिक जीवन नै संस्कृति हो । यही संस्कृतिको अवगुण, दोष, कमजोरी आदिको सुधार वा परिष्कार गर्ने काम संस्कार हो । हरेक जातिका जन्मदेखि मृत्युसम्मका आआफ्नै संस्कारहरू हुन्छन् ।

क्षत्री-ब्राह्मणका वैद्धिक विधिअनुसार १६ वटा संस्कारहरू हुन्छन् । यी संस्कारहरूमा जन्म संस्कार (गर्भाधान, पुंसवन, सीमान्तोनयन, जातकर्म, नामकर्म, निष्क्रमण, अन्नप्राशन, कर्णभेद, विद्यारम्भ), व्रतबन्ध (केशान्त, उपनयन, वेदारम्भ, समावर्तन), विवाह संस्कार (वाक्दान, स्वयम्वर, वरण, मधुपर्क निर्माण, विवाह कार्य प्रारम्भ) र मृत्यु वा अन्त्यष्टि संस्कार गरिन्छ (सिलवाल, २०७२ः ६५) । यी मध्ये धेरै सस्कारहरू लोप हुँदै गएका छन् ।

बडिगाड गाउँपालिकामा आर्य र अनार्य सबै जातिका मानिसहरूको बसोबास रहेको छ । यी सबै जातिको आआफ्नै धर्म, संस्कृति, चाडपर्व र संस्कारहरू रहेका छन् । यहाँ बसोबास गर्ने सबैभन्दा ठूलो समुदाय मगरहरूको हो । यी सबै मगरहरूको संस्कार र संस्कृति एकै प्रकृतिका पाइँदैनन् । प्रायः मगरहरू प्रकृति पुजक भए पनि कोही बुद्ध धर्माश्रित र कोही हिन्दू धर्माश्रित संस्कृति र चाडपर्वहरू मनाएको पाइन्छ । यसबाट थाहा हुन्छ कि यो गाउँपालिकका

मगरहरूको धर्म र संकृति मिश्रित प्रकृतिको पाइन्छ । कोही मगरहरू धामी परम्परामा आधारित बराह र मस्ट कुल देवताको पूजा गरेको पाइन्छ भने कोही उभौली, उधौली, थानीमण्डली र विभिन्न देवी देवताको पूजा गर्ने गरेको पनि पाइन्छ ।

मगरको विवाह, जन्म, न्वारान, भात खुवाइ, व्रतबन्ध, मृत्यु आदि संस्कारहरू पनि ठाउँ अनुसार फरक फरक र कतिपय सन्दर्भमा हिन्दू धर्म संस्कारबाटै प्रभावित भएको पनि पाइन्छ । त्यसैगरी मगरहरूले मनाउने प्रायः चाडपर्वहरु हिन्दू धर्म मिश्रित दशैं, तिहार, माघे संक्रान्ति, फागुपूर्णिमा लगायतका हुन भने केही देवाली, जात्रा, मेला, कुलपूजा आदि आफ्नै मौलिक पर्वहरू पनि ठाउँ र गाउँ अनुसारका पाइन्छन् । मगरका कतिपय चाडहरु कर्म, जन्म र मृत्यु संस्कारसँग जोडिएका पनि हुन्छन् । यहाँका पितृ वा कुलदेवताका थान/मन्दिर बाहेकका अन्य मन्दिर, देवालय र देउरालीहरू सबै जातिका साझा आस्थाका केन्द्र मानिन्छन् । कतिपय देवीका मन्दिरहरूमा हिन्दूधर्मानुकूल पूजाअर्चना हुन्छ भने कतै मगर संस्कृतिअनुकूलको पूजा हुन्छ । धार्मिक र सांस्कृतिक सहिष्णुता नै बडिगाड गाँउपालिकाको विशेषता हो ।बडिगाड गाउँपालिका केही जातिगत संस्कारहरू निम्नानुसार रहेको छन्–

**क. जन्म तथा बाल्यकालीन संस्कार**

बडिगाड गाउँपालिकका सबै जातजातिहरूका आआफ्नै प्रकृतिका जन्मसंस्कारहरू पाइन्छन् । हिन्दूधर्मालम्वीहरूको जन्म र बाल्यकालीन संस्कारहरू एकै प्रकृतिका हुन्छन् । तर मगरहरूको जन्म संस्कार एकै प्रकारको पाइँदैन । प्रायः मगरहरूमा तीन दिनसम्म सुतक बारी बालकको न्वारन गर्ने चलन हुन्छ । केही मगरहरूले पाँच दिनमा र कोहीले ११ दिनमा पनि बालकको न्वारन गर्ने गरेको पाइन्छ । केही मगरहरूमा हिन्दू प्रभावले गर्दा बालक जन्मिएको छैटौं दिनमा रातभरि जाग्रम बसी नाचगान र भोजभतेर गरी छैंटी गर्ने चलन पनि छ । मगरहरूमा सुतक बार्ने र चेलीबेटी (विवाहित फुपू) बाट सुतक चोख्याउने चलन पनि हुन्छ । फुपूबाट गहुत छर्की सुतक चोख्याउने काम भए पनि बालकको नामराशि जुराउने काम भने ग्रहनक्षेत्र हेर्न जान्ने लामा वा हिन्दूपरम्परानुसार नै भएको पाइन्छ ।

अन्य जातिमा जस्तै मगरहरूमा पनि बालक पाँच वा छ महिनाको पुगेपछि शुभ साइत पारी कन्या केटीको हातबाट भातखुवाइ वा पास्नीको काम सम्पन्न गरिन्छ । प्रायः छोरीको पाँच महिनामा र छोराको छ महिनामा भातखुवाइ गरिन्छ । भातखुवाइ कार्यक्रममा सक्नेले आफन्तजनलाई बोलाउने, टीका लगाई शिशुलाई आशीर्वाद दिने, भोजभतेर गर्ने, मनोरञ्जनका कार्यहरू गर्ने आदि कार्यहरू गरेको पनि पाइन्छ ।

मगर समुदायमा बाल्य संस्कारअन्तर्गत छोराको छेवार वा चुडाकर्म र छोरीको गुन्यूचोली संस्कार पनि पर्दछन् । आधुनिक समाजमा यो संस्कार हराउँदै गए पनि पुरानो चलनअनुसार बालक तीनदेखि पाँच वर्ष वा विजोर वर्ष पारी मावलीको सहयोगमा पहिलो पटक केटाको कपल खौरने काम गरिन्छ । यही केस मुन्डनलाई मगर भाषाम छेप्राइ (छेवर) पनि भनिन्छ । यो संस्कारमा पनि सक्नेले भोजभतेर गर्ने, मनोरञ्जनका कार्यहरू गर्ने, बालकलाई गरगहना, वस्त्र आदिको व्यवस्था गर्ने गर्दछन् भने नसक्नेले यो संस्कारलाई त्याग्दै गएको पनि पाइन्छ । छोराको जस्तै छोरीलाई पनि

पाँच वर्षपछि १४ वर्ष नपुग्दै गुन्युचोली वा जामा दिने चलन हुन्छ । यो चलन हराउँदै गए पनि केटी बाल्यावस्थाबाट यौवनावस्थामा प्रवेश गरेको प्रतीकका रूपमा यो संस्कार चलाएको बुझिन्छ ।

**ख. विवाह संस्कार**

हरेक समुदायमा विवाह संस्कार आआफ्नै प्रकारका हुन्छन् । बडिगाड गाउँपालिकामा पनि हरेक समुदाय र जातिको आआफ्नै प्रकारको विवाह संस्कार पाइन्छ । मगरहरूको बाहुल्यता रहेको यो क्षेत्रमा विवाह संस्कार पनि आफ्नै मौलिक प्रकृतिको पाइन्छ । हिन्दू संस्कारअनुसार विवाहलाई १६ संस्कारमध्येको एक संस्कार मानिन्छ र वैधिक संस्कारअनुरूप नै सम्पन्न गरिन्छ । तर मगर समुदायमा मामाचेलीसँग पनि विवाह हुने हुनाले मागी विवाह, प्रेम विवाह, चोरी विवाह, जारी विवाह आदि सबै खाले विवाहहरू पाइन्छन् । अहिले मागी विवाह र प्रेम विवाह बढी प्रचलनमा रहेको छ । त्यहाँको पुरानो चलनअनुसार केटाले आफूलाई मनपरेकी केटीलाई झुक्याएर जबरजस्ती लैजाने वा केटी छोप्ने प्रचलन पनि थियो । तर यो चलन भने अहिले हराइसकेको छ । अरू समुदायका तुलनामा मगर समुदायमा केटाकेटीको राजीखुसीले नै विवाह गर्ने चलन रहेको पाइन्छ । जारी विवाह वा दोस्रो विवाह पनि केही छिटपुटबाहेक कम हुँदै गएको पाइन्छ ।

मगर समुदायमा पुरानो चलनअनुसार मामाकी छोरीलाई बाल्यावस्थामै धागो बाँध्ने र उमेर पुगेपछि विवाह गर्ने चलन पनि थियो । तर यो चलन  पनि अहिले हराइसकेको छ । मगरहरूको विवाहका विशेषताहरूमा मागी वा भागी जुनसुकै विवाहमा पनि अनौपचारिक रूपमा केटाकेटीको सल्लाहबाटै केटी भित्र्याउने चलन हुन्छ भने विवाहपछि पनि नातासाइने पुरानै मामा, फुपू, पुसाजु, भेना, साली आदि नै कायम रहिरहेको हुन्छ । मगर समुदायमा चुरा, पोते, सिन्दुर, तिलहरी आदि गरगहनालाई सौभाग्यको प्रतीकका रूमा त्यति महत्व दिइदैन् । बरू अन्य समुदायको देखासिकीमा विवाहपछि यी गरगहना लगाउने चलन भने हुन्छ । मगर समुदायमा भान्जो पूज्ने चलनअनुसार सबै धार्मिक संस्कारका कर्महरू भान्जा वा जवाइँबाटै गरिन्छ र दानदक्षिणा पनि भान्जालाई दिने चलन हुन्छ । हिन्दू प्रभावअनुसार कतै बाह्मणबाट कर्म चलाएको पनि पाइन्छ ।

**ग. बुढ्यौली संस्कार वा चौरासीपूजा**

जन्म, विवाह र मृत्यु सबै समुदायमा आआफ्नै रीतिअनुसार अनिवार्य संस्कार हुन् । चौरासी पूजा सबै समुदायमा अनिवार्य हुँदैन । व्यक्ति जन्मिएको ८१ वर्षपछि ८३ वर्ष पूरा नहुँदै यो संस्कार गरिन्छ । हिन्दू संस्कारमा चौरासीपूजा अनिवार्य मानिन्छ । मगर समुदायमा भने यो संस्कार ऐच्छिक रूपमा हिन्दू परम्पराअनुसार छिटपुट रूपमा गरेको पाइन्छ । यो बुढ्यौली संस्कार सबै समुदायमा सहस्र पूर्णचन्द्र दर्शन गरेको उपलक्ष्यमा ब्राह्मण पुरेतद्वारा हिन्दू विधिपूर्वक चौरासी पूजा तथा लक्ष्यवर्तिका प्रज्ज्वलन गरी इष्टमित्रहरूलाई बोलाउने, टीका गलाउने/लगाइदिने र उपस्थित सबैलाई प्रसादी भोजन गराउने चलन हुन्छ । बुढ्यौली संस्कार कुमाल, गुरूङ र केही मगरहरूको फरक प्रकृतिको पनि पाइन्छ । बुद्धधर्म र क्रिस्चियनधर्मावलम्वीले हिन्दूभन्दा फरक पद्धतिले बुढ्यौली संस्कार मान्दछन् ।

### घ. मृत्यु संस्कार

मानिस जन्मेपछि मरण अनिवार्य छ । मृत्युसँगै हरेक समुदायले आआफ्नै पद्धतिअनुसार मृत्यु संस्कार अवलम्बन गरेका हुन्छन् । हिन्दूहरूको १६ संस्कारमध्येको अन्तिम संस्कार वा अन्त्यष्टि कार्य मृत्यु संस्कार हो । यो संस्कार पनि जात र समुदायअनुसार फरकफरक प्रकृतिको हुन्छ । हिन्दू संस्कारअनुसार मृतकको दाहसंस्कार (जलाउने कार्य) वा अन्त्यष्टि कार्य समापन गरेपछि मृतकका छोराहरू १३ औं दिनसम्म केश मुण्डन गरी एक छाक मात्र खाना खाएर अरू कसैले नछुने गरी कोरा बारेर बस्ने चलन हुन्छ । अन्तिम दिन दान, पुण्य र भोजभतेर गरी एक वर्षसम्म आशौच बार्ने गरी कार्यक्रम समापन गरिन्छ । यस गाउँपालिकाका बुद्धधर्म मान्ने केही मगरहरू र गुरूङहरूले लामाद्वारा ३, ५, ७ वा ९ दिनमा पनि काजकिरियाबाट उम्कने चलन छ । हिन्दूधर्म मान्ने कुमालहरू पनि ३, ५, ७, ९ वा १३ दिनमा आफ्नै पद्धति अनुसार पनि मृत्यु संस्कार मान्ने गरेको पाइन्छ ।

बडिगाड गाउँपालिकामा बसोबास गर्ने सबै जातजातिहरूको मृत्युसंस्कार एकै पद्धतिको नभए पनि सबै जातिमा सबैभन्दा जटिल र अनिवार्य संस्कार अन्तर्गत यो पर्दछ । यो संस्कारले मानिसमा मृत्य बोध गर्न, उत्तर दायित्व बोध गर्न र सामाजिक एकतामा जोडा दिन सहयोग गरेको हुन्छ ।

## ३.७ शिक्षा र शैक्षिक अवस्था

बडिगार्ड गाउँपालिकामा रहेका शैक्षिक संस्थाहरू, साक्षरताको अवस्था, शैक्षिक जनशक्ति र विद्यालयको औतिक अवस्थाको विवरण निम्न तालिकाअनुसार रहेको पाइन्छ–

### क. शैक्षिक संस्थाहरू

**तालिका : ३.३४**
**वडागत रूपमा शिक्षण संख्थाको विवरण**

| वडा नं. | साविक गाविस | विद्यालय | | | | जम्मा | प्रतिशत | क्याम्पस |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रावि | निमावि | मावि | उमावि | | | |
| १ | दगातुन्डाडा | | | | | | | |
| २ | दगातुन्डाडा | ९ | ० | ० | २ | ११ | १६.१७ | |
| ३ | सिसाखानी | ४ | ० | १ | ० | ५ | ७.३५ | |
| ४ | जलजला | ३ | २ | १ | १ | ७ | १०.२९ | |
| ५ | ग्वालीचौर | ७ | २ | २ | १ | १२ | १७.६४ | |
| ६ | भिमगिठे | | | | | | | |
| ७ | भिमगिठे | ७ | ३ | १ | १ | १२ | १७.६४ | |
| ८ | रनसिंहकिटेनी | ७ | २ | २ | ० | ११ | १६.१७ | |
| ९ | दर्लिङ | | | | | | | |
| १० | दर्लिङ | ५ | ३ | २ | ० | १० | १४.७० | |
| **कुल विद्यालय** | | ४२ | १२ | ९ | ५ | ६८ | १०० | **क्याम्पस नभएको** |

स्रोत : जिल्ला तथ्याङ्क कार्यालय, बागलुङ, २०७४: ९६ ।

स्थलगत अध्ययनको तथ्याङ्क अनुसार समग्र बडिगाड गाउँपालिकामा रहेका वडागत विद्यालयहरू, शिक्षक, विद्यार्थी र शिक्षक विद्यार्थीको अनुपात निम्न तालिका अनुसार रहेको पाइन्छ–

## तालिका :३.३५

## गापाका सामुदायिक र निजी विद्यालयमा शिक्षक विद्यार्थीको अनुपात

| वडा | विद्यालयको नाम | तह | स्थापना वर्ष | शिक्षक संख्या | विद्यार्थी संख्या | छात्र संख्या | छात्रा संख्या | शि.वि. अनुपात |
|---|---|---|---|---|---|---|---|---|
| | खडका देवी | मावि | २०१७ | २० | ४५४ | २२६ | २२८ | २२.७ |
| | दगा | प्रावि | २०१९ | ५ | २७ | १३ | १४ | ५.४ |
| | कालिका | प्रावि | २०५२ | ३ | १७ | ५ | १२ | ५.६६ |
| | माइस्थान | प्रावि | २०४२ | ७ | ८९ | ४९ | ४० | ११.२८ |
| | सिद्धपुर | प्रावि | २०३२ | ६ | १०१ | ६० | ४१ | १६.८३ |
| १ | बेतनी | प्रावि | २०४६ | २ | २३ | १५ | ८ | ११ |
| **जम्मा** | | **६** | | **४३** | **७११** | **३६८** | **३४३** | **१६.५३** |
| | त्रिभुवन | मावि | २०१७ | ३४ | ८८५ | ४३९ | ४४६ | २६.०२ |
| | चण्डीथान | प्रावि | २०५३ | ३ | ४० | २३ | १७ | १३.३३ |
| | सरस्वती | प्रावि | २०५३ | ३ | २८ | १३ | १५ | ९.३३ |
| | रेमलीटोल | प्रावि | २०३६ | ५ | ४८ | २४ | २४ | ९.६ |
| २ | भगवती | प्रावि | २०४५ | ५ | ५१ | २० | ३१ | १०.२ |
| **जम्मा** | | **५** | | **५०** | **१०५२** | **५१९** | **५३३** | **२१.०४** |
| | सिसाखानी | मावि | २०१६ | १४ | २९६ | १४९ | १४७ | २१.१४ |
| | कञ्चनादेवी | प्रावि | २०४२ | ५ | ३३ | २१ | १२ | ६.६ |
| | किटेनी | आवि | २०५७ | ३ | १७ | ९ | ८ | ५.६ |
| | देवीस्थान | प्रावि | २०६४ | ३ | १९ | १३ | ६ | ६.३ |
| ३ | कञ्चनपुर | आवि | २०३६ | ६ | ११८ | ५६ | ६२ | १९.६ |
| **जम्मा** | | **५** | | **३१** | **४८३** | **२४८** | **२३५** | **१५.५८** |
| | भगवती | प्रावि | २०३९ | ५ | ४६ | २५ | २१ | ९.२ |
| | सिद्ध | प्रावि | २०४३ | ५ | ४२ | १६ | २६ | ८.४ |
| | सरस्वती | प्रावि | २०५१ | ६ | ३८ | ११ | २७ | ६.३३ |
| | गुफा | आवि | २०४३ | ९ | ९१ | ४५ | ४६ | १०.११ |
| | नैतुल | आवि | २०३६ | ८ | १२६ | ६२ | ६४ | १५.७५ |
| | वनस्पति | माावि | २०२१ | २१ | ५०७ | २३१ | २७६ | २८.९ |
| | लोङ्गा | मावि | २०३४ | १३ | २४० | १०८ | १३२ | १८.४६ |
| ४ | जलजला बोर्डिङ | प्रावि | २०६५ | ८ | ५८ | ३२ | २६ | ७.२५ |
| **जम्मा** | | **८** | | **७५** | **११४८** | **५३०** | **६१८** | **१५.३०** |
| | भानु | मावि | २०१९ | २३ | ५७४ | २४० | ३३४ | २४.९५ |
| | खार | मावि | २०१९ | १७ | २९१ | १५५ | १३६ | १६.५२ |
| | थानापति | आवि | २०२९ | १० | १९६ | १०९ | ८७ | १९.६ |
| | देउराली | प्रावि | २०४२ | ३ | ४१ | २५ | १६ | १३.६६ |
| | पौदीटारी | आवि | २०१५ | १७ | १८५ | १०१ | ८४ | १०४.८८ |
| | भिरकटेराताल | प्रावि | २०५० | २ | २५ | १३ | १२ | १२.५ |
| ५ | सिद्ध | प्रावि | २०६४ | ३ | २३ | १२ | ११ | ७.६६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अदुवाबारी | प्रावि | २०४५ | ५ | ५५ | २७ | २८ | ११ |
| | दीपज्योति | प्रावि | २०६४ | २ | १६ | ६ | १० | ८ |
| | चमेरेगुफा | प्रावि | २०५३ | २ | १७ | ९ | ८ | ८.२ |
| | वेलफेर बोर्डिङ | मावि | २०५२ | २२ | २६५ | १३८ | १२७ | १२.०४ |
| **जम्मा** | | **११** | | **१०६** | **१६८८** | **८३५** | **८५३** | **१५.९२** |
| | बुद्ध | मावि (१-१० | २०२२ | १४ | ३६८ | १६७ | २०१ | २६.२८ |
| | सरस्वती | प्रावि (१-५) | २०४५ | ४ | ६७ | ३९ | २८ | १६.७५ |
| | सुरकुडे | प्रावि (१-५) | २०४५ | ४ | ५६ | ३३ | २३ | १४ |
| ६ | सिद्धबराह | प्रावि (१-३) | २०५२ | २ | ५२ | २२ | ३० | २६ |
| **जम्मा** | | **४** | | **२४** | **५४३** | **२६१** | **२८२** | **२२.६२** |
| | भिमगिठे | मावि (१-१२) | २०१७ | २६ | ५९३ | ३०० | २९३ | २२.८ |
| | जनक | आवि (१-८) | २०३२ | ९ | १२१ | ५६ | ६५ | १३.४४ |
| | डाँफेपातल | आवि (१-५) | २०४५ | ८ | १०० | ४४ | ५६ | १२.५ |
| | माफखर्क | प्रावि (१-५) | २०१६ | ६ | ९२ | ३० | ६२ | १५.३३ |
| | खड्कजयन्ती | आवि (१-८) | २०४१ | १२ | २३१ | ११९ | ११२ | १९.१२ |
| | माइस्थान | प्रावि (१-५) | २०४९ | ४ | २९ | १२ | १७ | ७.२५ |
| | भिमगिठे आदर्श एकेडेमी | मावि (१-१०) | २०६१ | २६ | ४१९ | २३१ | १८८ | १६.११ |
| | दीपतारा | प्रावि (१-५) | २०५५ | ३ | ३५ | २१ | १४ | ११.६६ |
| ७ | आदित्य | प्रावि (१-५) | २०५६ | ५ | ३५ | २० | १५ | ७ |
| **जम्मा** | | **९** | | **९९** | **१६५५** | **८३३** | **८२२** | **१६.७१** |
| | किटेनी | मावि | २०१९ | १३ | १६३ | ८९ | ७४ | १२.५४ |
| | देविस्थान | प्रावि | २०५३ | ४ | ७ | ४ | ३ | १.५७ |
| | सिद्धबारी | प्रावि | २०३२ | ४ | २४ | १५ | ९ | ६ |
| | लुङखानी | प्रावि | २०४५ | ६ | ४० | १८ | २२ | ६.६६ |
| | तीनचुले | प्रावि | २०६४ | ४ | १४ | ८ | ६ | ३.५ |
| | भृकुटी | मावि | २०३२ | १४ | १८२ | ९१ | ९१ | १३ |
| | नेपाने | आवि | २०४५ | ९ | ११४ | ५८ | ५६ | १२.६६ |
| | कालिका | प्रावि | २०४७ | ६ | २६ | १२ | १६ | ४.३३ |
| | शिवालय | प्रावि | २०२८ | ५ | २५ | ११ | १४ | ५ |
| ८ | फुलबारी | प्रावि | २०६५ | ३ | १७ | ९ | ८ | ५.६६ |
| **जम्मा** | | **१०** | | **६८** | **६१२** | **३१५** | **२९९** | **९** |
| | विद्याप्रकाश | प्रावि | २०५१ | ३ | ३९ | १७ | २२ | १३ |
| ९ | मालारानी | प्रावि | २०५० | ५ | ४४ | २५ | १९ | ८.८ |
| | नवजागरण | प्रावि | २०४७ | ४ | ४८ | २९ | १९ | १२ |
| | जनता | आवि | २०२२ | ८ | १४९ | ६६ | ८३ | १८.६२ |
| | सिद्ध | मावि | २०३२ | ११ | ३७१ | १७७ | १९४ | ३३.७२ |
| **जम्मा** | | **५** | | **३१** | **६५१** | **३१४** | **३३७** | **२१** |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | दर्लिङ | मावि | २०१९ | १२ | ५१७ | २६७ | २५० | ४३ |
| | भानु | आवि | २०३१ | ८ | ३१६ | १५९ | १५७ | ३९.५ |
| | चिसापानी | प्रावि | २०५४ | ६ | ११० | ६२ | ४८ | १८.३३ |
| | सिर्जनशिल | प्रावि | २०६६ | ३ | ४७ | १७ | ३० | १५.६६ |
| १० | देउराली | प्रावि | २०६५ | ४ | ६४ | ३४ | ३० | १६ |
| **जम्मा** | | **५** | | **३३** | **१०५४** | **५३९** | **५१५** | **३१.९३** |
| कुल जम्मा | | **६८ वटा** | | **५६०** | **९५९७** | **४७६२** | **४८३५** | **१७.१३** |

स्रोत : स्थलगत अवलोकन, २०७४ ।

कतिपय विद्यालयहरूले आफै बालविकास केन्द्रहरू सञ्चालन गरेका छन् भने कतै विद्यालयबाहेक अन्य बालविकास केन्द्र (बाविके) हरू पनि सञ्चालनमा रहेका छन् । बडिगाडमा रहेका बालविकास केन्द्रको विवरण निम्न तालिका अनुसार रहेका छन्–

**तालिका : ३.३६**
**बडिगाड गापामा सञ्चालित बालविकास केन्द्रको विवरण**

| सञ्चालित वडाहरू | बाविके/ECD को नाम | स्थापना वर्ष | शिक्षक संख्या | विद्यार्थी संख्या | छात्र संख्या | छात्रा संख्या | शि.वि. अनुपात |
|---|---|---|---|---|---|---|---|
| | तुन्डाडा | २०६४ | १ | १८ | ९ | ९ | १८ |
| | गरङधारा | २०६४ | १ | ११ | ४ | ७ | ११ |
| | दगाबरपोखरा | २०६५ | १ | १० | ३ | ७ | १० |
| | सरस्वती | २०६८ | १ | १४ | ७ | ७ | १४ |
| | माइस्थान | २०६२ | १ | १६ | ९ | ७ | १६ |
| | तामलिङ | २०७४ | १ | ११ | ६ | ५ | ११ |
| १ | नौटुवा | २०६२ | १ | २४ | १४ | १० | २४ |
| | जनज्योति | २०६३ | १ | १२ | ८ | ५ | १२ |
| | शेषकान्त | २०६८ | १ | ११ | ५ | ६ | ११ |
| | शिवालय | २०६४ | १ | २१ | १२ | ९ | २१ |
| | बालकल्याण | २०६५ | १ | १६ | ६ | १० | १६ |
| २ | दुदिफेद | २०६८ | १ | १० | ६ | ४ | १० |
| | हिमालय | २०६८ | १ | १६ | ८ | ८ | १६ |
| | सिर्जना | २०६२ | १ | १६ | १० | ६ | १६ |
| | सादफेद | २०६३ | १ | १० | ४ | ६ | १० |
| | कञ्चनापुर | २०६५ | १ | १६ | १२ | ४ | १६ |
| ३ | सत्डाडा मिलिजुलि | २०७३ | १ | १० | ३ | ७ | १० |
| | सिर्जनशील | २०६९ | १ | १३ | ३ | १० | १३ |
| | जनज्योति | २०६८ | १ | १६ | ७ | ९ | १६ |
| | मनकामना | २०६३ | १ | २० | १२ | ८ | २० |
| | मिलिजुली | २०६९ | १ | २४ | ११ | १३ | २४ |
| ४ | नवसिर्जनशील | २०६८ | १ | १९ | ८ | ११ | १९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | जानज्योति | – | १ | २४ | १३ | ११ | २४ |
| | जलजला | २०६२ | १ | २६ | ११ | १५ | २६ |
| | बालदीप | २०६५ | १ | २० | ९ | ११ | २० |
| | नमुना | २०६५ | १ | ८ | ४ | ४ | ८ |
| | सामुदायिक | २०६४ | १ | ११ | ४ | ७ | ११ |
| | सिद्धबाबा | २०६३ | १ | ८ | ५ | ३ | ८ |
| | पौडीटारी | २०६४ | १ | २१ | १४ | ७ | २१ |
| | भगवती | २०६३ | १ | १२ | – | – | १२ |
| | कालिका | २०६५ | १ | १० | २ | ८ | १० |
| | सिद्ध | २०६४ | १ | १२ | ४ | ८ | १२ |
| | चमेरेगुफा | २०६५ | १ | ८ | ४ | ४ | ८ |
| | घैयाबारी | २०६५ | १ | १८ | ८ | १० | १८ |
| | लालीगुराँस | २०६५ | १ | ४ | ७ | ११ | ४ |
| ५ | थानापति | २०६५ | १ | १६ | ११ | ५ | १६ |
| | सरस्वती | २०६७ | १ | १५ | ९ | ६ | १५ |
| | नमुना | २०६७ | १ | १३ | ७ | ६ | १३ |
| | सिला | २०६८ | १ | १८ | १० | ८ | १८ |
| ६ | सुनौलौ (निजी स्रोत) | २०६९ | १ | १० | ५ | ५ | १० |
| | भित्रेनी | – | १ | ८ | ३ | ५ | ८ |
| | नवजीवन | – | १ | १६ | ८ | ८ | १६ |
| ७ | गाव | – | १ | ३३ | १७ | १६ | ३३ |
| | नवजागरण | – | १ | १९ | १० | ९ | १९ |
| | नवज्योति | – | १ | १८ | ८ | १० | १८ |
| | आरूपाटा | २०६२ | १ | ३१ | १६ | १५ | ३१ |
| | सिर्जना | २०६३ | १ | ५ | २ | ३ | ५ |
| | घोरघोरे | २०६७ | १ | ७ | ३ | ४ | ७ |
| | तीनचुले | – | १ | १० | ४ | ६ | १० |
| | दीपज्योति | – | १ | ६ | ४ | २ | ६ |
| | सिद्धबारी | – | १ | ७ | ४ | ३ | ७ |
| | खोलाखर्क | – | १ | ८ | ५ | ३ | ८ |
| ८ | फुलबारी | – | १ | १३ | ५ | ८ | १३ |
| | विद्याप्रकाश | २०६३ | १ | १५ | ८ | ७ | १५ |
| | गाव | २०७० | १ | २० | १४ | ६ | २० |
| | सिद्ध | २०६४ | १ | ३४ | १६ | १८ | ३४ |
| | शान्ति | २०७४ | १ | २० | १४ | ६ | २० |
| | जनता | २०६९ | १ | २० | १२ | ८ | २० |
| ९ | देविस्थान | २०७१ | १ | १९ | ८ | ११ | १९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | भानु | २०६८ | १ | ३२ | १४ | १८ | ३२ |
| | राम्चे | २०७१ | १ | २४ | १४ | १० | २४ |
| | चिसापानी | २०६८ | १ | २० | १० | १० | २० |
| | दीपज्योति | २०६० | १ | २५ | १६ | ९ | २५ |
| | देउराली | २०७३ | १ | १६ | १० | ६ | १६ |
| १० | नमुना | २०७४ | १ | ३६ | १६ | २० | ३६ |
| कुल विद्यार्थी | | | ६५ | १०५० | ५३५ | ५१५ | १६.१५ |

स्रोत : स्थलगत अवलोकन, २०७४ ।

**तालिका : ३.३७**

**विद्यालयमा शौचालयको विवरण**

| वडा नं. | विद्यालय संख्या | शौचालय प्रयोगको प्रकृति | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सबैले | शिक्षकले | शिक्षिकाले | छात्रले | छात्राले | अपाङ्गले | शौचालय नभएको | |
| १ | ६ | – | ५ | ५ | ५ | ५ | – | – | २० |
| २ | ५ | ४ | १ | १ | १ | १ | – | – | १३ |
| ३ | ५ | ५ | – | – | – | – | – | – | ५ |
| ४ | ८ | १ | ६ | ६ | ६ | ६ | – | – | २५ |
| ५ | १० | – | – | – | – | – | – | – | १७ |
| ६ | ४ | – | ३ | ३ | ३ | ३ | – | – | १२ |
| ७ | ९ | १ | ३ | ३ | १६ | १६ | – | – | ३९ |
| ८ | १० | १७ | १ | २ | ४ | ५ | ० | ० | २९ |
| ९ | ५ | १ | ३ | १ | १ | १ | – | १ | ८ |
| १० | ५ | ४ | २ | २ | २ | २ | – | – | १२ |

स्रोत : स्थलगत अवलोकन, २०७४ ।

### ख. साक्षरताको अवस्था

**तालिका : ३.३८**

**वडागत रूपमा साक्षर जनसंख्याको विवरण**

| वडा | लिङ्ग | ५ वर्षभन्दा माथि | पढ्न लेख्न जान्ने | पढ्न मात्र जान्ने | पढ्न लेख्न नजान्ने | साक्षरता नखुलेको | साक्षरता प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ र २ | पुरूष | २०३५ | १७१३ | ६६ | २५५ | १ | ८४.१८ |
| | महिला | २८११ | २०७९ | ८१ | ६५० | १ | ७३.९६ |
| | **कुल** | **४८४६** | **३७९२** | **१४७** | **९०५** | **२** | **७८.३** |
| ३ | पुरूष | ७४० | ५९५ | ९ | १३६ | ० | ८०.४१ |
| | महिला | १०६७ | ७२६ | ८ | ३३३ | ० | ६८.०४ |
| | **कुल** | **१८०७** | **१३२१** | **१७** | **४६९** | **०** | **७३.१** |
| ४ | पुरूष | १४६८ | १२०२ | ११ | २५५ | ० | ८१.८८ |
| | महिला | २०६९ | १४५८ | ३२ | ५७९ | ० | ७०.४७ |
| | **कुल** | **३५३७** | **२६६०** | **४३** | **८३४** | **०** | **७५.२** |
| ५ | पुरूष | १६६१ | १३६३ | २५ | २७३ | ० | ८२.०६ |
| | महिला | २२६१ | १५५७ | २८ | ६७६ | ० | ६८.८६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **कुल** | **३९२२** | **२९२०** | **५३** | **९४९** | **०** | **७४.५** |
| ६ र ७ | पुरूष | २१९९ | १६५९ | ६२ | ४७८ | ० | ७५.४४ |
| | महिला | २८४४ | १७४४ | ५६ | १०४४ | ० | ६१.३२ |
| | **कुल** | **५०४३** | **३४०३** | **११८** | **१५२२** | **०** | **६७.५** |
| ८ | पुरूष | ११४१ | ८९२ | १७ | २३२ | ० | ७८.१८ |
| | महिला | १५१० | ९६७ | २५ | ५१८ | ० | ६४.०४ |
| | **कुल** | **२६५१** | **१८५९** | **४२** | **७५०** | **०** | **७०.१** |
| ९ र १० | पुरूष | २३८७ | १६३८ | ३१ | ७१७ | १ | ६८.६२ |
| | महिला | २९२५ | १५४७ | ४० | १३३६ | २ | ५२.८९ |
| | **कुल** | **५३१२** | **३१८५** | **७१** | **२०५३** | **३** | **६०** |
| **जम्मा** | | २७११८ | १९१४० | ४९१ | ७४८२ | ५ | ७१.२२ |
| **कुल जनसंख्यामा प्रतिशत** | | ८७.७४ | ६१.९३ | १.५८९ | २४.२१ | ०.०१६ | |

स्रोत : जिल्ला तथ्याङ्क कार्यालय, बागलुङ, २०७१ : १२५-१३० ।

**तालिका : ३.३९**

**वडागत रूपमा साक्षर जनसंख्याले उत्तीर्ण गरेको तह**

| वडागत विवरण | लिङ्ग | ५ वर्ष वा माथिको साक्षर | पूर्व प्रावि | प्रावि | निमावि | मावि | एसएलसी वा सो सरह | प्रमा तह | स्नातक तह | स्नातकोत्तर तह | अन्य | अनौपचारिक | तह नखुलेको |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **१ र २** | पु. | १७१९ | २२ | ७८० | ३४० | १५० | १५८ | ६३ | १८ | ३ | ० | १८३ | २ |
| | म. | २०८५ | २५ | ८०५ | ४३७ | २०५ | २१५ | ७२ | ७ | १ | ० | ३१० | ८ |
| | **कुल** | **३८०४** | **४७** | **१५८५** | **७७७** | **३५५** | **३७३** | **१३५** | **२५** | **४** | **०** | **४९३** | **१०** |
| ३ | पु | ६०२ | १५ | ३५८ | ९४ | ४८ | २९ | ९ | ६ | ० | ० | ३७ | ६ |
| | म. | ७२८ | १४ | ३८० | १२२ | ५० | २६ | ९ | २ | ० | ० | ११७ | ८ |
| | कुल | **१३३०** | **२९** | **७३८** | **२१६** | **९८** | **५५** | **१८** | **८** | **०** | **०** | **१५४** | **१४** |
| ४ | पु | १२४० | ५८ | ६१३ | २२५ | ११३ | ८२ | ३१ | ११ | ३ | २ | १०२ | ० |
| | म. | १५१५ | ६७ | ७१३ | २६८ | १०७ | ९१ | २८ | ४ | ० | ० | २३७ | ० |
| | **कुल** | **२७५५** | **१२५** | **१३२६** | **४९३** | **२२०** | **१७३** | **५९** | **१५** | **३** | **२** | **३३९** | **०** |
| ८ | सिद्धथान | ग्वालीचौर ६ | ५७ | ३२० | ४ | ५ | ९ | १०/२४/२०६५ | ७.०६ |
| ९ | पासिनी चउर | ग्वालीचौर ५ | ३४ | २३६ | ३ | ६ | ९ | ३/२३/२०६६ | ६.८८ |
| १० | केशेपोखरी | ग्वालीचौर ९ | ८७ | ३९९ | ६ | ५ | ११ | ११/१०/२०७१ | ५१.७१ |
| जम्मा |  |  |  |  |  |  |  |  | २८८.३१२ |

**वडा-६**: यस वडामा ३ वटा सामुदायिक वन रहेका छन् :

| क्र.स | समूहको नाम | साविकको ठेगाना | घरधुरी | जनसख्या | समिति |  |  | हस्तान्तरण मिति | क्षेत्रफल (हे) |
|---|---|---|---|---|---|---|---|---|---|
|  |  |  |  |  | महिला | पुरुष | जम्मा |  |  |
| १ | पुर्लीङ | भिमगिठे ९ | ८२ | ६२४ | ९ | २ | ११ | १/२९/२०५२ | २९.३ |
| २ | इनद्रेणी | भिमगिठे २,८ | १९८ | १३१० | ११ | ४ | १५ | ३/११/२०६३ | १२२ |
| ३ | सिद्धवराह | भिमगिठे २, ८ | २२० | १४५५ | ३ | १० | १३ | ३/१२/२०६३ | ६८.२ |
| जम्मा |  |  |  |  |  |  |  |  | २१९.३६१ |

**वडा-७**: यस वडामा ४ वटा सामुदायिक वन रहेका छन्:

| क्र.स | समूहको नाम | साविकको ठेगाना | घरधुरी | जनसख्या | समिति |  |  | हस्तान्तरण मिति | क्षेत्रफल (हे) |
|---|---|---|---|---|---|---|---|---|---|
|  |  |  |  |  | महिला | पुरूष | जम्मा |  |  |
| १ | देविस्थान | भिमगिठे १ | १४८ | १००२ | ३ | ८ | ११ | ९/१२/२०५२ | ६२.३ |
| २ | मौएनी | भिमगिठे ४ | १६० | ९३७ | ११ | ३ | १४ | ३/२९/२०५५ | ९६.२ |
| ३ | जनजागरण महीला | भिमगिठ ४ | ११२ | ६७४ | ९ | ० | ९ | २/३/२०५६ | ५५.६ |
| ४ | मौरीभिर | भिमगिठे ३ | १३७ | ८१३ | ६ | ७ | १३ | ११/१०/२०७१ | ६८.८ |
| जम्मा |  |  |  |  |  |  |  |  | २८२.८७ |

**वडा-८**: यस वडामा १० वटा सामुदायिक वन रहेका छन् :

| क्र.स | समूहको नाम | साविकको ठेगाना | घरधुरी |  | जनसख्या | समिति |  |  | हस्तान्तरण मिति | क्षेत्रफल (हे) |
|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  |  |  |  |  | महिला | पुरूष | जम्मा |  |  |
| १ | दुन्दुरे मेला | रनसिङ किटेनी | १ | १६० | १०९७ | ५ | ६ | ११ | २०५६/२/३० | ३४४.७९ |
| २ | विषवारी धाउखानी | रनसिङ किटेनी | ५ | ९१ | ७०१ | ३ | ४ | ७ | ३/३०/२०७४ | १२८.७२ |
| ३ | खानीडांडा | रनसिङ किटेनी | ५ | ३७ | ३१९ | ३ | ४ | ७ | १२/२७/२०५७ | ४३.६१ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | खोला खर्क सेतो गुरास | रनसिङ किटेनी | ७ | ५० | २९६ | ४ | ५ | ९ | १/५/२०६७ | १९८.७३ |
| ५ | वागेश्वरी | रनसिङ किटेनी | ३ | ५१ | ३२९ | ३ | ४ | ७ | १२/२२/२०६६ | ४४.५ |
| ६ | नयांवन | रनसिङ किटेनी | ७ | ६१ | ३६५ | ४ | ५ | ९ | १/५/२०६७ | १९७.०८ |
| ७ | फाकुसेपाखो | रनसिङ किटेनी | ७ | ६१ | ३६५ | ४ | ५ | ९ | १/५/२०६७ | १९९.४४ |
| ८ | निगाला | रनसिङ किटेनी | ८ | ५६ | ३६३ | ४ | ५ | ९ | ११/११/२०६७ | १८२.१२ |
| ९ | चिप्लेटी महिला | रनसिङ किटेनी | ५ | ४१ | ३५१ | ५ | ० | ५ | ११/१०/२०७१ | ५.०८ |
| १० | ढोरखोरिया | रनसिङ किटेनी | ४ | ९४ | ६६० | ४ | ५ | ९ | ११/१०/२०७१ | १७.२७ |
| जम्मा | | | | | | | | | | १३६१.३४ |

**वडा-९:** यस वडामा ३ वटा सामुदायिक वन रहेका छन्:

| क्र.स | समूहको नाम | साविकको ठेगाना | घरधुरी | जनसख्या | समिति | | | हस्तान्तरण मिति | क्षेत्रफल (हे) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | पुरूष | जम्मा | | |
| १ | शिदावारी | दर्लीङ ३,४ | २५६ | १७१२ | ३ | १० | १३ | ३/२९/२०५६ | ७०.९ |
| २ | पातालठुलोमेला | दर्लीङ ३,४,५,६,७ | १७९ | ११९७ | ६ | ९ | १५ | ३/२५/२०५७ | ७८.३ |
| ३ | मेलमिलाप | दर्लीङ २,९ | १९७ | ११९७ | ५ | ८ | १३ | ११/१६/२०६७ | १२१ |
| | | | | | | | | | २६९.६९ |

**वडा-१०**: यस वडामा २ वटा सामुदायिक वन रहेका छन् :

| क्र.स | समूहको नाम | साविकको ठेगाना | | घरधुरी | जनसख्या | समिति | | | हस्तान्तरण मिति | क्षेत्रफल (हे) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | महिला | पुरूष | जम्मा | | |
| १ | पेलपोखरी | दर्लीङ | ९ | १६२ | ११९७ | ४ | ७ | ११ | ३/२०/२०५१ | ३६ |
| २ | रानीवन | दर्लीङ | ५,६ | १८२ | १२४४ | ७ | ८ | १५ | २/२९/२०५६ | ७८.९ |
| जम्मा | | | | | | | | | | ५७.४३५ |

स्रोत : जिल्ला वन कार्यालय बागलुङको सामुदायिक वन उपभोक्ता समूहको वार्षिक प्रतिवेदन आ.व २०७३/०७४ ।

### २. सरकारद्वारा व्यवस्थित वन

बडिगाड गाउँपालिकामा नजिकका वनहरू सामुदायिक वनको रूपमा समुदायलाई हस्तान्तरण भए पनि टाढाटाढाका विकट र सहजै रूपमा पुग्न नसकिने क्षेत्रमा रहेका वनहरू सरकारद्वारा व्यवस्थित हुँदै आएका छन् । यस गाउँपालिकामा निजी वन, धार्मिक वन, कबुलियती वन लगायतका अन्य वनहरू हालसम्म गठन वा दर्ता नभएको अवस्था छ ।

### आ. बडिगाडगाउँपालिकामा पाइने वन्यजन्तु

बडिगाड गाउँपालिका जैविक विविधताले भरिपूर्ण क्षेत्र हो । आधिकारिक रूपमा यस क्षेत्रमा पाइने वन्यजन्तुको अध्ययन अनुसन्धान नभए पनि ५६.४९ प्रतिशत क्षेत्र वन जंगलले ओगट्नाले विभिन्न प्रजातिका वन्यजन्तु यहाँ पाइन्छन् । स्थानीय वासिन्दाका भनाई अनुसार यस क्षेत्रमा पाइने वन्यजन्तुहरू चितुवा (*Panthera pardus*), स्याल (*Canis aureus*), मलसाप्रो (*Martes flavigula*), ठूलो निर बिरालो (*Viverra zibetha*), सानो निर बिरालो (*Viverricula indica*), चरी बाघ (*Prionailurus bengalensis*), कस्तुरी मृग (*Moschus chrysogaster*),कालो भालु (*Ursus*

*thibetanus*), रतुवा (*Muntiacus vaginalis*),घोरल (*Naemorhedus goral*), बँदेल(*Sus scrofa*), रातो बाँदर (*Macaca mulatta*), दुम्सी (*Hystrix indica*), डाँफे (*Lophophorus impejanus*), कालिज (*Lophophorus leucomelanos*), फत्रास, जङ्गली खरायो, ढेडु बाँदर, प्याँरा, जङ्गली कुकुर, थारआदि रहेका छन् (प्रकाश थापा, सहायक वन अधिकृत, २०७४) ।

**इ. वन पैदावार**

वनबाट प्राप्त हुने काठ, दाउरा, जडीबुटी, डालेघास, स्याउला लगायतका वनस्पति जन्य वस्तुलाई वन पैदावर भनिन्छ । बडिगाड गाउँपालिका वन पैदावारमा धनी स्थानीय तह हो । यहाँ काष्ठ वन पैदावार र गैह्रकाष्ठ वन पैदावार गरी दुवै प्रकारका वन पैदावार प्रचुरमात्रामा पाइन्छन् ।

**१. काष्ठ वन पैदावार**

बडिगाड गाउँपालिकामा पाइने मुख्य रूख प्रजातिहरूमा लेकाली चाँप (सिर्मु), सल्ला, साल, ओखर, पाङ्ग्रा, रैच, आरे, बाँझ, खर्सु, पैयुँ, अँगेरी, गुराँस, लाकुरी, उत्तिस, चिलाउने, कटुस आदि रहेका छन् । यी रूख प्रजातिहरू निजी आवादी (खरबारी) र राष्ट्रिय वनमा रहेका छन् । कानुनी झमेलाका कारण सामुदायिक वनबाट यी काष्ठ वन पैदावारहरू सहजै निकासी हुन सकेको छैन । निजी खरबारीबाट हरेक वर्ष हजारौ क्यु. फिट काठ गाउँपलिका बाहिर निर्यात हुने गरेको पाइन्छ । यस गाउँपालिकामा पाइने मुख्य काष्ठ वनपैदावर र स्थानको विवरण निम्न तालिकामा दिइएको छ–

**तालिका : ४.३५**
**बडिगाड गाउँपालिकाका मुख्य काष्ठ वनपैदावर र पाइने स्थान**

| क्र.स. | विवरण | वडागत विवरण (वडाहरू) | | | | |
|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ |
| १. | काठ/दाउराको प्रजाति | साल, सल्ला, आँप, काफल | साल, सल्ला, टुनी, सिसौ, चिलाउने, मौवा | सिर्मु, सल्ला, सिमल, कटुस, चिलाउनी | सिर्मु, ओखर, खोटे सल्ला, चिलाउने, लाकुरी, टुनी, चिउरी | ओखर, साल, सल्ला, सिसौ, चाँप, सिर्मु, ठिनके |
| २. | पाइने स्थान | सल्लेपोखरा, नेपाने, दगा, नौटुवा | सक्न्यार, जिमी, सिमलचौर | ओखरबोट, गैरा, सिरबारे, सालफेद | वडिगाड, सिरूखर्क | सिमाक, दाग, रेमी, रापवन, राहाले |
| **क्र.स.** | **विवरण** | वडागत विवरण (वडाहरू) | | | | |
| | | ६ | ७ | ८ | ९ | १० |
| १. | काठ/दाउराको प्रजाति | साल, चिलाउनी, चिउरी, बाँस | साल, सल्ला, सिलाउनी, मौवा, सिर्मु, खर्सु, गुराँस, कालिकाठ, काफल | सिर्मु, खोटे भुङसल्ला, लौठसल्ला, टुनी, काठेकाउलो, उत्तिस, ओखर | सल्ला, साल, चिलाउनी, कालिकाठ, ढाल्ने, साजन, उत्तिस, सिर्मु, टुनी, काफल | कटुस, ओखर, सरी, उत्तिर |
| २. | पाइने स्थान | पुलिङ, मसिधारा, सुर्खुदी | टुनीबोट, नैलाखर्क | सबै ठाउँमा | सबै ठाउँमा | रानीवन, पेलपोखरी |

स्रोत : स्थलगत अवलोकनबाट प्राप्त जानकारी, २०७४।

## २. गैह्र काष्ठ वन पैदावार

जिल्ला वन कार्यालय बागलुङको पञ्चवर्षीय कार्ययोजना (२०७१/०७६) अनुसर जिल्लामा सरकारद्वारा व्यवस्थित वनबाट संकलन गर्न सकिने ९० प्रकारका जडिबुटीहरू रहेका छन् । यी जडिबुटीहरूको वार्षिक संकलन परिमाण ६,८४,२०९ के.जी. सम्म रहेको छ । यसैगरी जिल्लाका सामुदायिक वनहरूबाट संकलन गर्न सकिने ३८ प्रकारका जडिबुटीहरू रहेका छन् । यिनीहरूको वार्षिक संकलन परिमाण भने ८९७८८ के.जी. सम्म रहेको छ

बडिगाड गाउँपालिकामा पाइने सबै प्रकारका गैह्रकाष्ठवन पैदावारको विस्तृत रूपमा अध्ययन अनुसन्धान हालसम्म हुन नसके पनि यो गाउँपालिका आफैमा गैह्रकाष्ठ वन पैदावरले सुसम्पन्न क्षेत्र हो । यो गाउँपालिका गैह्रकाष्ठ वन पैदावारको भन्डार नै मानिन्छ । यहाँ पाइने महत्वपूर्ण गैह्रकाष्ठ वन पैदावारहरू लोक्ता (*Daphne bhoula*), अल्लो (*Girardinia diversifolia*), सुगन्धवाल (*Valeriana jatamansi*), सतुवा (*Paris polyphylla*), लौठ सल्ला (*Taxus wallichiana*), चिराइतो (*Swertia chirayita* ), कुरिलो (*Asparagus Racemosus*), बज्रदन्ती (*Potentilla fulgens*), विष (*Aconitum spicatum),* निरमसी (*Delphinium denudatum*), पाँचऔले (*Dactylorhiza hatagirea*), धसिंग्रे (*Gaultheria fragrantissima*), चुत्रो (*Berberis aristata*), निगालो *(Himalayacalamus sps.),* सिल्टीमुर (*Lindera neesiana*), काउलो (*Persea odoratissima*), टिमुर (*Zanthoxylum armatum*), बोभ्मो (*Acorus calamus*), सोमलता (*Ephedra gerardiana*), सुगन्धकोकिला (*Cinnamomum glaucescens*), कुट्की (*Neopicrorhizascrophularriflora*), नागवेली (*Lycopodium clavatum*), मजिठो (*Rubia manjith*), सिस्नु (*Urtica dioica*), ओखर फल (*Juglans regia*), ऐसेलु, गोफ्ला, सिकारी लहरा, कालो काफल, दालचिनी, ऐजुरो, चेपन (खस्रुको चोप), सिलाजित, पदमचाल (चुल्ठे अमिलो), विभिन्न प्रजातिका सुनाखरीहरू, विभिन्न प्रजातिका च्याउहरू, हर्रोलगायतका गैह्रकाष्ठ वनपैदावरहरू पाइन्छन् (मेयरसिंह पाइजा र प्रकाश थापासँग लिइएको अन्तर्वाता, २०७४) ।

बडिगाड गाउँपालिकामा पाइने गैह्रकाष्ठ वन पैदावरको अध्ययन, सूचीकरण र उपयोगिताका बारेमा सर्वसाधरणलाई प्रशिक्षण नभएका कारण चोरी निकासी, सस्तो मूल्यमा विक्री, संरक्षणको अभाव जस्ता समस्याहरू रहेका छन् ।

## ई. इन्धनको स्रोत

बडिगाड गाउँपालिकाको इन्धनको मुख्य स्रोत भनेका काठदाउरा नै हो । यो स्रोतको प्रयोग गर्ने घरपरिवारको संख्या करिब ९७ प्रतिशत रहेको छ । यसको विस्तृत विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ–

**तालिका : ४.३६**
**वडागत रूपमा खाना पकाउन विभिन्न इन्धन प्रयोग गर्ने घरपरिवार संख्या**

| साविक गाविस र वडा | वडा नं | कुल परिवार संख्या | काठदाउरा | मट्टितेल | एलपी. ग्याँस | गुइठा | बायोग्यास | अन्य |
|---|---|---|---|---|---|---|---|---|
| दगातुन्डाडा (१-५) | १ | ११६८ | १०९३ | ३ | ४७ | १ | १ | २३ |
| दगातुन्डाडा (६-९) | २ | ० | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सिसाखानी (१-९) | ३ | ४१८ | ४१५ | १ | १ | १ | ० | ० |
| जललना (१-९) | ४ | ८०४ | ८०१ | ० | ३ | ० | ० | ० |
| ग्वालिचौर (१-९) | ५ | ९२६ | ८८९ | ० | १५ | ० | १४ | ८ |
| भिमगिठे (२, ८, ९) | ६ | ११८६ | ११३६ | ६ | ४१ | ० | १ | २ |
| भिमगिठे (१, ३-७) | ७ | ० | ० | ० | ० | ० | ० | ० |
| रनसिंह किटेनी (१-९) | ८ | ५७० | ५६५ | ० | १ | २ | ० | २ |
| दर्लिङ (१-४) | ९ | ११५६ | ११२६ | ० | ० | ० | ० | ३० |
| दर्लिङ (५-९) | १० | ० | ० | ० | ० | ० | ० | ० |
| कुल | | ६२२८ | ६०२५ | १० | १०८ | ४ | १६ | ६५ |

स्रोत : जिल्ला तथ्याङ्क कार्यालय, बागलुङ, २०७१ : ११८-११९ ।

**उ. मानव र वन्यजन्तु बीचको द्वन्द्व**

बडिगाड गाउँपालिकामा विशेष गरी चितुवा, बाँदर, मलसाप्रो, निर बिराले, दुम्सी आदि वन्यजन्तुहरूले मानव वस्तीमा द्वन्द्वको स्थिति सिर्जना गरेका छन् । मानव र वन्यजन्तु बीचको द्वन्द्वमा एकातर्फ समस्याका रूपमा चितुवाले बाख्रा र घरपालुवा जनावर खाइदिने प्रमुख समस्या हो भने अर्कातर्फ अवैध चोरी शिकारीका कारण दुर्लव वन्यजन्तुहरू लोपोन्मुख अवस्थामा पुगेका छन् । बडिगाड गाउँपालिकाको भेडीगोठ, रनसिंहकिटेनी, दर्लिङ, जलजला, सिसाखानी, भिमगिठे, सिमाक, नेटाखर्क लगायतका ठाउँहरूचितुवाबाट प्रभावित क्षेत्र हुन्। त्यसैगरी खर्वाङ, तुन्डाडा, दगा, ग्वालीचौर, दर्लिङ, भिमगिठे, रनसिंहकिटेनी लगायतका ठाउँहरूमा बाँदरले बालीनालीमा क्षती पुर्‍याउने गरेको पाइन्छ ।

**ग. खानीहरू**

बडिगाड गाउँपालिका आफैमा खानीको भण्डार हो । यसमा सबै प्रकारका खानीहरूको पहिचान भइ नसके पनि सिसाखानी, फलाम र तामाखानी निकालिएका अवशेषहरू त्यहाँ पाइन्छन् ।यो गाउँपालिकाको वडा नं. ८ खानीको हिसावले सबैभन्दा उर्वर क्षेत्र हो । यस गाउँपालिकामा रहेका खानीहरूको विवरण निम्नानुसार रहेको पाइन्छ–

**तालिका : ४.३७**
**गापामा रहेका खानीहरूको विवरण**

| वडा नं. (स्थान) | खानीको नाम | खानीको संख्या | कैफियत |
|---|---|---|---|
| वडा नं. १ | ० | ० | खानी नभएको |
| वडा नं. २ | नुनखानी (खारखानी र तामेडाडा) | २ वटा | अनुमान गरिएको |
| वडा नं. ३ | सिसाखानी (सिसाखानी) | १ वटा | ३ वटा |
| | फलामखानी (सिसाखानी) | १ वटा | |
| | स्लेट खानी | १ वटा | |
| वडा नं. ४ | फलाम खानी (तारेभिर) | १ वटा | २ वटा |
| | तामाखानी (लोङ्गा) | १ वटा | |
| वडा नं. ५ | फलाम खानी (दाग) | १ वटा | ३ वटा |
| | सिसा खानी (दाग) | १ वटा | |
| | तामा खानी (दाग) | १ वटा | |

| | | | |
|---|---|---|---|
| वडा नं. ६ | रूद्रावती खानी (बडिगाड) | १ वटा | १ वटा |
| वडा नं. ७ | स्लेट खानी (जेलखोला) | १ वटा | १ वटा |
| वडा नं. ८ | फलाम खानी (भेडीखोर, खत्रीडाडा, डहरे) | ३ वटा | ११ वटा |
| | सिसाखानी (रनसिंह) | १ वटा | |
| | तामाखानी (घाउखानी, बिसबारी) | २ वटा | |
| | स्लेटखानी (रनसिंह, भेडीखोर, खोलाखर्क, नेटा र पोखरडाडा | ५ वटा | |
| वडा नं. ९ | फलाम (खानीखोला) | १ वटा | १ वटा |
| वडा नं. १० | स्लेट खानी (दर्लिङ) | | १ वटा |

स्रोत : स्थलगत अवलोकन, २०७५; मेयरसिंह पाइजा, मेखबहादुर पाइजा, यमबहादुर श्रीस, खडकबहादुर पुन, वीरेन्द्रकुमार बुढा, २०७५ ।

**घ. पर्यटन**

सामान्य अर्थमा पर्यटन भन्नाले घुमफिर भन्ने बुझाउँछ । पर्यटन आफैमा सत्य र तथ्यमा गरिने हल्ला पनि हो । यसलाई धुवाँरहित उद्योग पनि मानिन्छ । यसका उद्देश्यहरू विविध हुन्छन्, जस्तै- मनोरञ्जन, दृश्यावलोकन, व्यापार, धार्मिक कार्य, सभासम्मेलन, पर्वतारोहण आदि ।

पर्यटन विकासका लागि पर्यटकीय पूर्वाधारहरूको आवश्यकता पर्दछ । यसका लागि आकर्षण, सेवासुविधा, पहुँच वा यातायात र गासबास अति आवश्यक तत्व मानिन्छन् । बडिगाड गाउँपालिकामा आकर्षणका क्षेत्रहरू पर्याप्त भए पनि अन्य पर्यटकीय पूर्वाधारहरूको विकास भइसकेको छैन । पर्यटनको प्रकृति, स्वरूप र पर्यटकीय आधारहरूलाइ निम्न उपशीर्षकमा प्रस्तुत गरिएको छ-

**अ. पर्यटनको प्रकृति एवम् स्वरूप**

- पहाड अवलोकन पर्यटन
- ताल तथा कुण्ड पर्यटन
- झरना अवलोकन पर्यटन,
- गुफा पर्यटन,
- जलस्रोत पर्यटन,
- कला तथा संस्कृति पर्यटन,
- कृषि पर्यटन,
- पर्यापर्यटन,
- साहसिक पर्यटन,
- धार्मिक पर्यटन आदि ।

**आ. बडिगाड गाउँपालिकाका प्रमुख पर्यटकीय आधारहरू**

**१. सांस्कृतिक पर्व एवम् मेलाहरू**

- सराय नाच (खडकादेवी कोट, दगाकोट, वडा-१),
- तिज/पञ्चमी मेला (बडिगाड-१ र २),
- माघे पूर्णिमा मेला (दगातुन्डाडा, राँय),
- चण्डीथान मन्दिर, देवीथान मन्दिर (दगातुन्डाडा २)
- घाटु मेला (सिसाखानी- ३),
- बैशाख पूर्णिमा मेला (सिसाखानी- ३),
- देवीथान मन्दिर, देवीढोका मन्दिर, उत्तरगंगा मन्दिर (सिसाखानी ३),
- दशै एकादशि मेला (काफलडाडा, वडा ४),
- तिजे मेला (बडिगाड-५,खार, टारी),
- न्वागिमेला (ग्वालिचौर- ५),
- तमुल्होसार (टुनीबोट- ७ ),
- हरिबोधनी एकादशि (रनसिंह-८),
- शिवरात्री मेला (बडिगाड-२, राक्से २, रणसिंह ८),
- माघेसंक्रान्ति मेला (मालारानी- ९, रनसिंहकिटेनीको दोभान- ८, रायँ),
- बैसाख पूर्णिमा मेला (शिवधुरी र लोङ्गाको धुरीमा लाग्ने),
- फागुपूर्णिमा (खहरे- ९),
- सोरठी नाच (बाँसपाटा- ९),
- जेठ २० मेला (गँगरे- १०, जलजला- ४, सिसाखानी- ३)
- गँगरे मेला (दर्लिङ- १०),
- स्थानीय भजन/पूजापाठ (सबै वडामा),
- सालैजो र यानीमायाका लोकभाका (सबै वडामा)
- पञ्चेबाजा (सबै वडामा) आदि ।

**२. मठमन्दिरहरू**

- शङ्खदेवी मन्दिर, खड्गदेवी मन्दिर (दगातुन्डाड्-१),
- छत्रभुमि तालकोट मन्दिर, मनकामना मन्दिर, बौद्ध गुम्बा (जलजला-४),
- थानपति मन्दिर, राममन्दिर, राधाकृष्ण मन्दिर, सत्यनाथ शिव मन्दिर (ग्वालिचौर),

- देवीढोका मन्दिर (सिसाखानी),
- बौद्धगुम्बा, भूमिमन्दिर, शिवालय मन्दिर (जलजला),
- सिद्धबराह मन्दिर, इन्द्रेणी मनिदर, भगवती माइको मन्दिर, शिवजीको मन्दिर, थानपतिमन्दिर (वडा नं. ६ भिमगिठे),
- खड्कदेवी मन्दिर (कोट)– भिमगिठे ७
- भिमगिठे बौद्धगुम्बा (निर्माणाधीन)– ७
- शिव मन्दिर देवीथान ७
- माइस्थान मन्दिर (राक्से, सक्न्यार, जिमी, दनिया, पोखरापरी)
- शिवालय मन्दिर (रनसिंह र पुराना गाउँ)– ८
- सिद्धदेवी मन्दिर (बडिगाड– ९),
- राममन्दिर (दर्लिङ राँकी चौर– ९),
- शिवालय मन्दिर (दर्लिङ– ९)
- देवीमन्दिर, शिवालय मन्दिर (वडा नं. १०, दर्लिङ),

**३. अनुपम प्राकृतिक दृश्यावलीहरू**

- गड्याङ धुरी (सिसाखानी र दगातुन्डाडाको बीचमा),
- देवीढोका पहाड (सिसाखानी),
- जन्तेढुङ्गा (जलजला),
- लोङ्गाको धुरी (रनसिंहकिटेनी, जलजला, सिसाखानी),
- शिवधुरी (रनसिंहकिटेनी र पाण्डवखानी),
- फागुसे धुरी (रनसिंहकिटेनी),
- तीन चुले (रनसिंहकिटेनी),
- सिद्धधुरी (रनसिंहकिटेनी),
- थाप्लेको धुरी (रनसिंहकिटेनी र भिमगिठ)
- बजेनी धुरी (रनसिंहकिटेनी र भिमगिठे),
- गोरूसिंङ्गे/असारे/थाम धुरी(भिमगिठे),
- सुर्खुदी (ग्वालीचौ र भिमगिठे),
- केसेपोखरी (ग्वालीचौर),
- चित्राम/दाँगाको धुरी (ग्वालीचौ, भिमगिठे र रनसिंहकिटेनी),
- चमेरे गुफा (ग्वालिचौर),
- झुले डाडा (जलजला),

- नेपाने चौर (दर्लिङ- ९),
- निन्ने चौर/टाकुरा चौर (दर्लिङ- ९),
- गँगरे धुरी (दर्लिङ १०),
- डाडाकटेरी चौर (दर्लिङ (१०),
- हाचुङ धुरी(दर्लिङ १०),
- बल्देलेक (दर्लिङ १०),
- भुजेल ठाना (दर्लिङ १०),
- सुइरे चौर (दर्लिङ १०) आदि ।

**४. गुफा र तालहरू**

- ग्वालीचौरको चमेरे र करूणा गुफा,
- वडा नं. १ का जेल, भटेनी, नौटुवा र नेपानेमा रहेका गुफाहरू,
- सिसाखानीको तल्लो पँधेरा गुफा,
- जलजलाको ओढारे गुफा
- भिरमुनी गुफा (राक्से)
- अन्धाअन्धी ताल -ग्वालिचौर) आदि ।

**५. सार्वजनिक चौरहरू**

- गर्याङ चौर (वडा नं. १ र ३ को सीमानामा),
- थाम चौर (वडा नं. ७),
- ठूलो चौर (साविक ३ बारी गाउँमा),
- ठूलो चौर (साविक ४ जलजला),
- सिमाक थरी, दाँगदी चौर र तोला चौर (ग्वाली चौर ५),
- थाम चौर (वडा नं. ७),
- नेटाखर्क चौर (रनसिंह किटेनी ८),
- नेपाने चौर (दर्लिङ- ९),
- निन्ने चौर (दर्लिङ- ९),
- गँगरे चौर (दर्लिङ १०)
- खारापानी चौर (खर्वाङ) आदि ।

**इ. पर्यटकीय महत्व राख्ने स्थान र वस्तुहरू**

बडिगाड गाउँपालिकामा पर्यटकीय महत्व राख्ने महत्वपूर्ण स्थान, गुफा, धुरीहरू, यहाँ उत्पादित वस्तुहरूको संक्षिप्त चर्चा गरिएको छ।

**१. पर्यटकीय महत्व राख्ने स्थानहरू**

**क. केसे पोखरीः** साविक ग्वालिचौर गाविसको वडा नं. ९ (वर्तमान बडिगाड गाउँपालिका ५) को करिब २६ सय उचाइमा रहेको धुरीको नाम केसे पोखरी हो । यसको पर्यटकीय (प्राकृतिक र धार्मिक) महत्व रहेको छ । केसे पोखरीबाट मनोरम हिमश्रृङ्खलाहरू, पहाडी भूभागका करिब ९/१० जिल्लाका उच्च भूभाग र अन्य मनोरम दृश्यावलीहरू सजिलै देख्न सकिन्छ भन्ने तर्क वडा अध्यक्ष मेयरसिंह पाइजाको रहेको छ । पहाडको धुरीमा केसे पोखरी नामको एउटा सामान्य पोखरी रहेको छ । यही पोखरीको करिब तीन सय मिटर तल अर्को अन्धाअन्धी नाम गरेको मनोरम ताल छ । यो ताल धेरै पहिले फुटेर पनि अझै पाँच सय वर्ग मिटर क्षेत्रफल र करिब तीस मिटर गहिरो रहेको भनाइ अवलोकन कर्ता अध्यक्ष पाइजाको भनाइ छ । प्राकृतिक र जैविक विविधतामा यो तालको ठूलो महत्व रहेको छ ।

केसे पोखरी र अन्धाअन्धी तालको प्राकृतिक मात्र नभइ धार्मिक महत्व पनि रहेको छ । प्राचीन किम्वदन्ती अनुसार उक्त केसे पोखरी नजिकै एक वृद्ध ऋषिले तपस्या गर्दा रहेछन् । एक दिन उनै ध्यानमग्न ऋषिलाई मृगले स्पर्श गर्दा उनको केश/कपालको रौं मृगको टाउकोमा परेपछि उक्त मृग एउटी सुन्दर युवती बन्न पुग्यो । अर्को दिन ऋषि केसे पोखरीभन्दा केही तल रहेको तालमा स्नान गरिरहेको अवस्थामा अचानक उनै युवती तलाउमा प्रकट हुँदा ऋषिको तपोभङ भयो र उनै युवतीसँग वैवाहिक सम्बन्ध कायम रहन गयो रे भन्ने भनाइ स्थानीय बूढापाकाहरूको छ । यही ईश्वरीय शक्तिको विश्वासमा अहिले पनि केसे पोखरीमा स्नान गर्ने, पूजापाठ गर्ने, भाकल गर्ने आदि धार्मिक कार्यहरू पनि हुने गर्दछन् । तसर्थ यो स्थान बडिगाड गाउँपालिकाको पर्यटकीय (धार्मिक र प्राकृतिक) सम्भावना बोकेको स्थान बन्न पुगेको छ ।

**ख. चमेरे र करूणा गुफा** : बडिगाड गाउँपालिका ग्वालीचौर (वडा नं ५) भिरकटेरामा चमेरे र करूणा नाम गरेका दुई वटा अत्यन्त मनमोहक र आकर्षक गुफा एउटै स्थानमा रहेका छन् । यी गुफाको पनि पर्यटकीय (प्राकृतिक र धार्मिक) महत्व रहेको छ । करिब १७ सय मी. उचाइमा रहेका यी दुई गुफाहरू मध्ये पनि चमेरे गुफा करिब ३० मी. उचाइ, २० मी. चौडाइ र अन्दाजी दुई सय पचास मिटर लाम्बाइको रहेको छ । त्यसभित्र रहेका केही गुफा वा सुरूङहरूको लम्बाइ अझै पत्ता लागिसकेको छैन । करूणा गुफाको पनि ५० मी. उचाइ, २० मी. चौडाइ र ३० मी. लम्बाइ रहेको छ । यी गुफाका मुख्य विशेषता भनेकै त्यहाँ विभिन्न आकृतिका वस्तुहरू रहेका छन् । व्यक्तिले परिकल्पना गरेका देवी देवताका आकृति लगायतका दृश्यहरू त्यहाँ देख्न पाइन्छ । चमेरे गुफामा चमेराहरूको बासस्थान रहेको छ भने करूणा गुफामा ५० भन्दा बढी मानिसहरू बसोबास गर्न, वनभोज गर्न, मनोरञ्जनका कार्यहरू गर्न सकिने अवस्था छ ।

चमेरे गुफाका विषयमा विभिन्न किंवदन्तीहरू पनि छन् । स्व. दलबहादुर पाइजाको भनाइलाई उद्धृत गर्दै वडा अध्यक्ष मेयरसिंह पाइजाको भनाइ अनुसार चमेरे गुफामा दामोदर नाम गरेको भूत बस्ने गर्थ्यो रे । उक्त भूतले मानवीय सेवामा काम गर्थ्यो । विशेष गरी पूजापाठ, विवाह, व्रतबन्ध, मृत्य आदि कार्यमा सुनका भाँडावर्तन, लुगालत्ता, श्रमदान आदिबाट मानिसलाई सघाउँथ्यो । धर्मात्मा र सदाचारी मानिसलाई आफ्नो गुफामा लगी मानवीय आचरण सिकाउने, तन्त्रमन्त्र सिकाउने, औषधि उपचार विधि सिकाउने जस्ता काम पनि गर्थ्यो रे ।एक दिन विवाहमा ल्याएका भाँडाहरूमा सुनको पन्यु कुनै लोभी मानिसले फिर्ता नगरेपछि उक्त दामोदर नाम गरेको भूत त्यहाँबाट अलप भएको हो भन्ने किंवदन्ती अद्यापि रहेको छ । अहिले पनि उक्त गुफामा पूजा, भाकल, वनभोज र अन्य मनोरञ्जनका कार्यहरू हुँदै

आएका छन् । यसको महिमालाई प्रचारप्रशास र पूर्वाधारहरूको विकास गर्न सकेमा यो स्थान पर्यटकीय आकर्षणको केन्द्रविन्दु बन्न सक्ने अवस्थामा छ ।

नक्सा: ४.३

**पर्यटकीय महत्व राख्ने स्थानहरू**




स्रोत: ई. प्रेम थापा, २०७५ ।

**तालिका : ४. ३८**

**पर्यटकीय महत्व राख्ने स्थानहरू**

| क्र.सं. | पर्यटकीय महत्व राख्ने स्थान | भौगोलिक उचाइ (अनुमानित) | गापाबाट पैदल दूरी (अनुमानित) |
|---|---|---|---|
| १. | गड्याङ धुरी (सिसाखानी र दगातुन्डाडाको बीचमा) | २७०० मी. | ६ घण्टा |
| २. | देवीढोका पहाड (सिसाखानी) | ३२०० मी. | ९ घण्टा ३० मिनेट |
| ३. | जन्तेढुङ्गा (जलजला) | ३३०० मी. | ११ घण्टा ३० मिनेट |
| ४. | लोङ्गाको धुरी (रनसिंहकिटेनी, जलजला, सिसाखानी) | ३४०० मी. | ११ घण्टा ३० मिनेट |
| ५. | शिवधुरी (रनसिंहकिटेनी) | ३३०० मी. | १८ घण्टा |
| ६. | फागुसे धुरी (रनसिंह किटेनी) | ३४४२ मी. | २० घण्टा |
| ७. | तीन चुले (रनसिंह किटेनी) | ३४४२ मी. | २० घण्टा |
| ८ | सिद्धबारी धुरी (रनसिंह किटेनी) | ३३०० मी. | १८ घण्टा |
| ९. | दर्लिङ धुरी(दलिङ) | २५०० मी. | १२ घण्टा |
| १०. | बजेनी धुरी (रनसिंह किटेनी र भिमगिठे) | ३३०० मी. | १८ घण्टा |
| ११. | गोठान धुरी (भिमगिठे) | ३००० मी. | १२ घण्टा |
| १२. | गोरूसिंङ्गे/असारे धुरी (भिमगिठे) | २८०० मी. | १२ घण्टा |
| १३. | सुर्कुडे (ग्वालीचौ र भिमगिठे) | २८०० मी. | ६ घण्टा |

| | | | |
|---|---|---|---|
| १४. | केसेपोखरी (ग्वालीचौर) | २६०० मी. | ५ घण्टा |
| १५. | चित्राम/दाँगाको धुरी (ग्वालीचौ, भिमगिठे र रनसिंहकिटेनी) | २५०० मी. | ४ घण्टा |
| १६. | गँगरे धुरी (दर्लिङ) | २५०० मी. | १२ घण्टा |
| १७. | बल्देलेकको धुरी (दर्लिङ) | २६०० मी. | १२ घण्टा |
| १८. | चमेरे गुफा (ग्वालिचौर) | १८०० मी. | २ घण्टा |
| १९. | झुले डाडा (जलजला) | २५०० मी. | ३ घण्टा |

स्रोत : स्थलगत अवलोकन, २०७४, मेयरसिंह पाइजा, थम्मनबहादुर पाइजा, गुणनिधि घिमिरे, घनश्याम घिमिरे ।

**२. बडिगाडमा उत्पादित पहिचानयुक्त वस्तुहरू**

**तालिका : ४.३९**

**बडिगाडमा उत्पादित मौलिक वस्तुहरू**

| उत्पादिन वस्तु | पाइने स्थान | स्रोत |
|---|---|---|
| नेपाली कागज/ हातेकागज | रनसिंहकिटेनी | लोक्ताबाट |
| बुट्टेनली/ गजिङको लौरो | झुलेडाडा -जलजला) | गजिङ निगालोबाट |
| अल्लोबाट निर्मित (धागो,झोला, टोपी, खास्टो) | जलजला | चाल्ने सिस्नोबाट |
| राडीपाखी | वडा नं. ५,७,८,९ | भेडाको उनबाट |
| भाँगो | भिमगिठे, जलजला, रनसिंहकिटेनी | हिउँदे नगदे बाली |
| आँप, केरा, कटहर, लिची, चिउरी आदि | खर्वाङदेखि भिमगिठेसम्ममको क्षेत्र | |
| भटमास र सिरिम्ले मकै | | वर्षे खेती |
| टिमुर, सिल्टिमुर | बडिगाडका सबै वडा | निजी पाखो र जङ्गल |
| च्याउहरू (सिताके च्याउ, रातो च्याउ, सेतो च्याउ) आदि विविध प्रजातिका | रनसिंहकिटेनी | निजी पाखो र जङ्गल |
| भिरमौरीको मह | ग्वालीचौर | महभीर लगायतका भीरमा |
| सिस्नोको पाउडर | बडिगाडका सबै वडा | सिस्नोबाट |
| माछा | दरम,बडिगाड, दर्लिङ, भिमखोला | सबै खोलाहरूमा |
| डोको, डाली, सोली, थुन्से, मान्द्रो, काइँयो | सबै वडामा | निगालोबाट |
| फर्निचरका सामग्रीहरू | सबै वडामा | वन पैदावरबाट |
| मुला, ढकायोको गुन्द्रुक | सबै वडामा | वन पैदावरबाट |
| दारका ठेका र ठेकी | बडिगाड– ९, ओरलधारा | वन पैदावरबाट |
| चिउरको साबुन | खर्वाङ | वन पैदावरबाट |
| ढकायोको गुन्द्रुक, लसुने साग, हलहले, खुर्सानी साग, जलुगा, सिमसार आदि | प्रायः सबै लेकाली जङ्गलहरू | वन पैदावरबाट |
| चिराइतो, सतुवा, सुगन्धवाल, कुरिलो, विष, पाँच औले, लौठसल्ला | प्रायः सबै लेकाली जङ्गलहरू | वन पैदावरबाट |

स्रोत : स्थलगत अवलोकन, २०७४ ।

**३. गाउँपालिकाबाट बाहिर निकासी हुने वस्तुको विवरण**

**तालिका : ४.४०**

**गापाबाट निकासी हुने वस्तुको विवरण**

| क्र.स. | निकासी हुने वस्तुको नाम | निकासी हुने वार्षिक परिमाण | जम्मा निकासि मूल्य | कैफियत |
|---|---|---|---|---|
| १. | स्लेट ढुङ्गा | ५० ट्रक | तीस लाखसम्म | |
| २. | आलु | | | निर्वाहमुखी |
| ३. | भाँगो | पाँच टनसम्म | तीस लाखसम्म | |
| ४. | भैसी, राँगा र बाखा | पाँच सयवटा | १० लाखसम्म | |

| | | | | |
|---|---|---|---|---|
| ५. | जडीबुटी | | | अभिलेख नभएको |
| ६. | कवाडी सामान | ३० टनसम्म | दुई लाखसम्म | |

स्रोत : स्थलगत अवलोकन, २०७५ ।

**ङ. गाउँपालिकाको वित्तीय अधिकार क्षेत्र र सम्भावित आयस्रोत**

स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार कानुनले तोकेको अधिकार क्षेत्रबाहेक गाउँपालिकाले आफू खुसी अन्य कुनै पनि स्रोतमा कर लगाउन, उठाउन र ऋण लिन पाइँदैन । उक्त ऐनले तोके अनुसार गाउँपालिकाका आम्दानीका स्रोतहरूमा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, भूमि कर, घरबहाल कर, व्यवसाय कर, बहाल बिटौरी शुल्क, पार्किङ शुल्क; जडीबुटी, कवाडी र जीवजन्तु कर, केवल कार, ट्रकिङ, क्यानोनिङ्ग, बञ्जिजम, र्‍याफ्टिङ, प्याराग्लाइडिङ लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकूल सम्बन्धी सेवा वा व्यवसायमा लगाइने सेवाशुल्क पर्दछन् । यी बाहेक पनि गाउँपालिकाले आफै निमार्ण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधारहरू जस्तै- खानेपानी, विजुली, सार्वजनिक शौचालय, पार्क, पौडी पोखरी, पर्यटकीय स्थल, सडक, बसपार्क, ढल, सिफारिस, मूल्याङ्कन लगायतका सेवा वा सुविधा प्रदान गरेवापत सेवाग्राहीबाट शुल्क असुली गर्नपाइने व्यवस्था छ (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ः ५५-५७) । यही अधिकारको प्रयोग गरी बडिगाड गाउँपालिकाले पनि आयको स्रोत विस्तार गर्नसक्ने सम्भावना छ ।

### ४.२ भौतिक अवस्था

बडिगाड गाउँपालिकका सडक, सञ्चार, अवास र खेलकूद मैदानहरूको विवरण निम्नानुसार पाइन्छ–

### ४.२.१ सडक/यातायात पूर्वाधारको अवस्था

बडिगाड गाउँपालिकाको मोटर बाटो, रणनैतिक महत्व राख्ने सडक, स्थानीय सडक, झोलुङ्गे पुल, सम्भावित आकासे पुल आदिको थप चर्चा गरिएको छ ।

**क. बडिगाड गाउँपालिकामा मोटरबाटोको अवस्था**

**तालिका : ४.४१**
**वडागत रूपमा सडकको अवस्था**

| वडा | साविक गाविस | सडक (कि.मी.) | | | प्रतिशत |
|---|---|---|---|---|---|
| | | पिच सडक | ग्राभेल सडक | कच्ची सडक | |
| १ र २ | दगान्तुडाँडा | ० | ८ | १२.२९ | १३.२० |
| ३ | सिसाखानी | ० | ० | ५.६ | ६.०२ |
| ४ | जलजला | ० | ० | ७.८ | ८.३८ |
| ५ | ग्वालिचौर | ० | ८ | ३२.९७ | ३५.४२ |
| ६ र ७ | भिमगिठे | ० | ५ | १९.१ | २०.५२ |
| ८ | रणसिँह किटेनी | ० | ० | ५.३ | ५.६९ |
| ९ र १० | दर्लिङ | ० | ० | १० | १०.७४ |
| जम्मा सडक | | ० | २१ | ९३.०६ | १०० |

स्रोत : जिल्ला तथ्याङ्क कार्यालय, बागलुङ, २०७४ः ९८ ।

**अ. रणनैतिक महत्वका सडकहरू**

- खर्वाङ-टुनडाडा-नौटुवा हुँदै सिसाखानी जोड्ने सडक (३४ कि.मी.),
- ग्वालिचौर-जलजला हुँदै रनसिंह किटेनी जोड्ने सडक (५० कि.मी.),
- भिमघाट-दर्लिङ(तल्लो)-दर्लिङ (उपल्लो)-गंगरे हुँदै गुल्मी र प्युठान जोड्ने सडक (५० कि.मी.),
- भिमगाड-डाडागाउँ-दोभान-सिमाक देउराली-जलजला-सिसाखानी हुँदै गलकोट नगरपालिका जोड्ने सडक (६० कि.मी),
- भिमघाट- मालारानी- निन्ने चौर- टाकुरा हुँदै प्युठानको पञ्चासे जोड्ने सडक आदि ।

**आ. पर्यटन सडकहरू**

- खर्वाङ-टाकर- नेटाखर्क- पोखराडाडा- नेटा सडक,
- भिमगिठे- डाडागाउँ- थामचौर हुँदै खुङ्गा तमान जोड्ने सडक,
- ग्वालिचौर- जलजला- सिमाक- नेटाखर्क सडक,
- भिमगिठे- खहरे- दर्लिङ- डाडाकटेरी- बल्देलेक हुँदै प्युठान जोड्ने सडक ।

**इ. स्थानीय सडकहरू**

- ग्वालीचौर- जलजला सडक (१२ कि.मी.),
- भिमगिठे- रनसिंहकिटेनी- दोभान- पाण्डवखानी सडक,
- भिमगिठे- रनसिंहकिटेनी- दोभान- भेडीखोर- पाण्डवखानी सडक,
- जलजला- नैतुल- रनसिंहकिटेनी- फोम्रा- नेटा- लुकुर वन- बुर्तिबाङ सडक,
- न्वारा- भानुमावि. (३ कि.मी.),
- भिमगिठे- दर्लिङ- प्युठान सडक,
- सर्वाङ- सिसाखानी- पाण्डवखानी सडक,
- खर्वाङ- तुन्डाडा सडक (५ कि.मी.),
- भिमगिठे- दर्लिङ- राजकुत सडक,
- डुडिया- एक्लेपिपल- एक्लेआँप- भलाय- सिसाखनी सडक,
- गिरिङ्दी- सिमल चौर- सिसाखानी सडक,
- जेङ्ना- सक्यार- टुटिखेर- दगा सडक,
- जिमी- राक्से- सक्यार सडक,
- छेत्रे- दनिया-सक्यार सडक,
- बरपोखरा- सल्यपोखरा सडक,

- नौटुवा-राय- बेतेनी सडक,
- दगा- ढङ्ढङ- राय- बेतेनी सडक,
- न्वारा- सक्न्यार सडक,
- खौलार- छहरा- भिरकटेरा- जलजला सडक,
- छहरा- भिरकटेरा- दाँग सडक,
- खार- दाँगचौर- दाँग- चित्राम- सिमाक सडक,
- खार- दाँगचौर- फेदी सडक,
- खौलार- ठूलाखेत- टारी सडक,
- बायोदिप- मौरीभिर- अदुवा बारी सडक,
- टारी- खलाने- धारामुनि सडक,
- न्वारा- कालिमाटी- घारामुनि सडक,
- न्वारा- रेमी सडक,
- जैवर- धारामुनि सडक,
- मन्दरे- खहरे सडक,
- सिमाक- भट्टखोरिया सडक,
- तालकोट- फापर बारी- बारीगाउँ- सिरूखर्क- खाराखोला सडक,
- खाराखोल-पाल्ले- भुल्ले- नेटाखर्क सडक,
- देउराली- घोरचौर- नेटाखर्क सडक,
- झुलडाडा- समुन्द्रे- दहखोला- पाल्ले सडक,
- झुलडाडा- अदम सडक,
- जलजला- गुफाडाडा सडक,
- खोल्टेपानी- तालडाडा- बारीखाउँ- काफलडाडा- सडक,
- दारेगौडा- ढ्वाङ- नयाँगाउँ सडक,
- खाला- चितचौर- नयाँगाउँ सडक,
- भिमगाड -नयाँगाउँ सडक,
- दाँग- सुरखुरी- पाखन्दी सडक,
- भिमघाट- घोकर्न सडक,
- डाडागाउँ- असारे- माझखर्क सडक,

- इलुखोला- गोठान सडक,
- इलुखोला- सइरनी- भित्रेनी सडक,
- खोलाखर्क- भिरखोर- फोर्सा- पुरानो गाउँ- दोभान सडक,
- नेटाखर्क- रनसिंह- भिरखोर- फोर्सासडक,
- भिमघाट- मालारानी- दर्लिङ सडक,
- भिमघाट- बलघास- दर्लिङ सठक,
- बलघास- नयाँगाउँ- पात्ले- निगलपानी सडक,
- सिद्धमावि- आरूपाटा- निगलपानी- गँगरे सडक,
- भिमगिठे- बलघास- खहरे ढुङ्गाखानी सडक,
- निगलपानी- दर्लिङ सडक,
- टुमडाँडा- खामतले- नौटुवा- नेपाने- सिसाखानी सडक आदि ।

**ख. झोलुङ्गे, आकासे तथा पक्की (निर्माणाधीन समेत) पुलहरू**

बागलुङ जिल्ला झलुङ्गे पुलको नामले चिनिन्छ । यस जिल्लाको मध्य भागमा रहेको यस बडिगाड गाउँपालिकामा ५७ वटा झेलुङ्गे पुलहरू र एउटा निर्माणधीन र ८ वटा पक्की पुलहरू रहेका छन् । यस गापामा रहेका केही झोलुङ्गे पुलहरू भने जीर्ण अवस्थामा रहेकाले मर्मत गर्नुपर्ने अवस्था देखिन्छ । वडागत रूपमा रहेका झोलुङ्गे, आकासे तथा पक्की पुलहरूको विवरण तपसिलमा उल्लेख गरिएको छ :

**अ. झोलुङ्गे पुलहरू**

**तालिका : ४.४२**
**वडागत रूपमा रहेकाझोलुङ्गे पुलहरूको विवरण**

| वडा नं. | पुलको घाट | खोला | जोड्नेस्थान/वडा | कैफियत |
|---|---|---|---|---|
| १ | भुसुने घाट | भुसुने | १-४ वडा | ३ वटा |
| | बगरखोल | लब्धीखोला | १-४ वडा | |
| | भलामी थोड्का | भलाय खोल | १-३ वडा | |
| २ | कालीदह | बडिगाड | २- मुसिकोट गुल्मी | ८ वटा |
| | काँडे पुल | बडिगाड | २- मुसिकोट गुल्मी | |
| | सक्न्यार आकासे पुल | बडिगाड | २- मुसिकोट गुल्मी | |
| | न्वारा घाट | लब्धिखोला | २-५ | |
| | हात्तीढुङ्गा घाट | बडिगाड | २- मुसिकोट गुल्मी | |
| | मौरी भीर | लब्धिखोला | २-४ | |
| | घोप्टेघाट | बडिगाड | २- गुल्मी | |
| | दोभान पुल | दरमखोला | २- वामी गुल्मी | |
| ३ | भलामी रिघाघाट | भलामीखोला | ३- रिघा ११ गलकोट | ७ वटा |
| | रूसुन्डे घाटपुल | रूसुन्डेखोला | ३- रिघा ११ गलकोट | |
| | छेपारेघाट | साउनेखोला | ३- रिघा ११ गलकोट | |

| | | | | |
|---|---|---|---|---|
| | भुतेछहरा | भुतेखोला | ३- ३ | |
| | सिरिमथान | सानोखोला | ३-३ | |
| | लाकुरीघाट | लब्धीखोला | ३-४ | |
| | जर्तिखोला पुल | जर्तिखोला | दगातुन्डाडा र सिसाखानी | |
| ४ | ओखे्रनीघाट | | ४-४ | २ वटा |
| | समुन्द्रेघाट | | ४-४ | |
| ५ | बालुवाघाट पुल | बडिगाड | ५- मुसिकोट गुल्मी | ९ वटा |
| | जोगीबगर पुल | बडिगाड | ५- मुसिकोट गुल्मी | |
| | खहरेखोला पुल | बडिगाड | ५- मुसिकोट गुल्मी | |
| | भैंसेघाट पुल | बडिगाड | ५- मुसिकोट गुल्मी | |
| | खारबजार पुल | बडिगाड | ५- मुसिकोट गुल्मी | |
| | आगनाबोट पुल | खहरेखोला | ५- ५ | |
| | खोलाखेत पुल | खहरेखोला | ५- ५ | |
| | दागखोला पुल | दागखोला | ५- ५ | |
| | तालदाचोक पुल | दागखोला | ५- ५ | |
| ६ | बडिगाड पुल | बडिगाडखोला | ६- मुसिकोट गुल्मी | २ वटा |
| | भिमखोला पुल | भिमखोला | ६- ७ | |
| ७ | बडिगाड पुल | बडिगाडखोला | ७- ९ | ५ वटा |
| | टुनीबोट पुल | भिमखोला | ७-७ | |
| | रातोपहरा पुल | भिमखोला | ७-८ | |
| | इदिखोला पुल | इदिखोला | ७-७ | |
| | ओखडाडा पुल | भिमखोला | ७-७ | |
| ८ | रनसिंहकिटेनी मावि घाट | रनसिंहखोला | ८-८ | १५ वटा |
| | चाँचलघाट पुल, बजेनी | चाँचल खोला | ८-८ | |
| | पदमभीर पुल, बजेनी | बजेनी खोला | ८-८ | |
| | चापट पुल | भेडीखोर खोला | ८-८ | |
| | दोभानघाट पुल | दोभान खोला | ८-८ | |
| | देउतीघाट पुल | फोस्रो खोला | ८-८ | |
| | फोस्राघाट पुल | फोस्रो खोला | ८-८ | |
| | सालिङ्गेघाट पुल | फोस्रो खोला | ८-८ | |
| | भेडीखोरघाट पुल पहिलो | भेडीखोर खोला | ८-८ | |
| | भेडीखोरघाट पुल दोस्रो | भेडीखोर खोला | ८-८ | |
| | रनसिंहघाट पुल | रनसिंह खोला | ८-८ | |
| | कञ्चनेघाट पुल | रनसिंह खोला | ८-८ | |
| | पात्लेघाट पुल | रनसिंह खोला | ८-८ | |
| | घ्याङखोला पुल | घ्याङ खोला | ८-८ | |
| | तीनधारे पुल | भेडीखोर खोला | ८-८ | |
| ९ | दर्लिङघाट पुल | दर्लिङ खोला | ९-९ | ३ वटा |
| | मजुवाघाट पुल | दर्लिङ खोला | ९-९ | |
| | कालीमाटी पुल | कुत खोला | ९-९ | |
| १० | आरूपाटाघाट | कालीरह खोला | १०-१० | २ वटा |
| | घोरूकाघाट | घोरूका खोला | १०-१० | |

स्रोतः माथि जस्तै ।

### आ. आवश्यकीय सम्भावित आकासे पुलहरू

**तालिका : ४.४३**
**वडागत रूपमा आवश्यकीय सम्भावित आकासे पुलहरू**

| वडा नं. | आवरशयकीय पुल | खोला/स्थान | जोड्ने स्थान/वडा | कैफियत |
|---|---|---|---|---|
| १ | जलजला रायडाडा | जलजदा | जलजलाबाट रायडाडा | आश्यकीय |
| १ | नेपाने | जर्तिखोला | सिसाखानी | आवश्यकीय |
| २ | सक्न्यार | बडिगाड खोला | गुल्मीको अरेवा | निर्माण भइसकेको |
| ३ | सिसाखानी रिघा | सिसाखानी | सिसाखानीबाट रिघा | आवश्यकीय |
| ४ | जलजला, दगा राँय | दगाराँय | दगाराँयबाट दगा | आवश्यकीय |
| ५ | ग्वालीचौर | सक्न्यार | वडा ५ र २ जोड्ने | आवश्यकीय |
| | ग्वालीचौर | खहरे खोला | वडा ५ र ५ जोड्ने | |
| | छहरा चमेरे गुफा | गोविनी खोला | वडा ५ र ५ जोड्ने | |
| | दाँग चमेरे करूण/गुफा | दाँग खोला | वडा ५ र ५ जोड्ने | |
| | दाँग चौर सिरानटोल | बडिगाड | वडा ५ र गुल्मी मुनपा | |
| ६ र ७ | भिमगिठे | भिमखोला | भिमगिठे-दर्लिङ र ६-७ | |
| | भिमगिठे | भिमखोला | वडा ६ र ७ जोड्ने | |
| | भिमगिठे | बडिगाड | वडा ७ र ९ जोड्ने | |
| ८ | स्युठानडाडा भिर्नेपाने | रनसिंह खोला | वडा ८ र ८ जोठ्ने | |
| | पुराना गाउँ धनुष डाडा | फोर्सा | वडा ८ र ८ जोड्ने | |
| ९ | दर्लिङ भिमगिठे | बडिगाड | दर्लिङ भिमगिठे | आवश्यकीय |
| | मालारानी | कुटखोला | वडा ६ र ७ जोड्ने | |
| | बलगास मालारानी पुल | दर्लिङ र कुत खोला | वडा ९ र ९ जोड्ने | |
| | दर्लिङ पुल | कुत खोला | वडा ९ र ९ जोड्ने | |
| | दर्लिङ | बडिगाड | वडा ९ र ७ जोड्ने | |
| १० | दर्लिङ ग्वालीचौर | बडिगाड | दर्लिङबाट ग्वालीचौर | आवश्यकीय |
| | कालीबिसौना | मुना खोला | वडा १० र १० जोड्ने | |
| | रनाम | रनाम खोला | वडा १० र गुल्मी ठूलाचौर | |
| | टिमिला खर्क | घोरूका खोला | वडा १० र १० जोड्ने | |

स्रोतः मेयरसिंह पाइजा, खडक पुन, बमबहादुर थापा, भिमलाल पोखेल, प्रेम गमाली, अर्जुन प्रसाद पोखेल, मौसम काजी क्षेत्री, कृष्णबहादुर खत्री, वीरेन्द्रकुमार बुढा आदिबाट प्राप्त जानकारी, १४-१७ बैशाख २०७५ ।

### इ. निर्माण भइसकेका/निर्माणाधीन पक्कीमोटरेवल पुलहरू

**तालिका : ४.४४**
**वडागत रूपमा निर्माण भइसकेका/ निर्माणाधीन पक्कीमोटरेवल पुलहरू**

| वडा नं. | पुलको घाट | खोला/स्थान | जोड्ने स्थान/वडा | कैफियत |
|---|---|---|---|---|
| १ | गिरिङ्दी पुल | दरमखोला | खर्वाङ-रिघा | |
| २ | कालीरह पुल | बडिगाड | खर्वाङ-मुसिकोट | |
| २ | राक्से पुल | बडिगाड | क्षेत्रे (राक्से-पौदी अमराइ) | |
| ५ | लब्दीखोला पुल | लब्दीखोला | न्वारा र सक्न्यार (५-२) | |

| | | | | |
|---|---|---|---|---|
| ५ | खहरे खोला पुल | खहरे | ग्वालीचौर | |
| ५ | दाँगखोला पुल | दाँगखोला | ग्वालीचौर | |
| ६ | भिमघाट खोला पुल | भिमखोला | भिमगिठे ६, ७ | |
| ६ | बडिगाड पुल | बडिगाड | वडा नं. ६ र ९ जोड्ने | |
| ९ | बडिखोला मोटरेबल पुल | बडिगाड | छिसफाट-बलगास | |
| ९ | भिमगिठे मालारानी पुल | | निर्माणाधीन | |

स्रोतः मेयरसिंह पाइजा, खडक पुन, बोमबहादुर थापा, भिमलाल पोख्रेल, प्रेम गमाली, अर्जुन प्रसाद पोख्रेल, मौसम काजी क्षेत्री, कृष्णबहादुर खत्री, वीरेन्द्रकुमार बुढा आदिबाट प्राप्त जानकारी, १४-१७ बैशाख २०७५ ।

**ग. गाउँपालिकाको वस्तीबाट केन्द्रसम्म पुग्न लाग्ने अनुमानित समय**

**नक्शाः ४.४**
**गाउँपालिका कार्यलय र वडाको केन्द्र**




स्रोत : इ. प्रेम थापा, २०७४ ।

**तालिका : ४.४५**

**गाउँपालिकाको केन्द्रसम्मको दूरी (अनुमानित)**

| वडा नं. | गाउँपालिका केन्द्र र वडा केन्द्र रहेको स्थान | गाउँपालिका केन्द्रदेखि वडाकेन्द्रसम्मको पैदल दूरी | गापाकेन्द्रदेखि वडाकेन्द्रसम्मको मोटर बाटोको दूरी (कि.मी.) |
|---|---|---|---|
| १ | खार बजार-तुन्डाडा | ५ घन्टा | २० कि.मी. |
| २ | खार बजार-खर्वाङ | २ घन्टा | १० कि.मी. |
| ३ | खार बजार-माझगाउँ | ८.० घण्टा | ३४ कि.मी. |
| ४ | खार बजार-झुलेडाडा | ४.० घण्टा | १२ कि.मी. |
| ५ | खार बजार-टारी | ३० मिनेट | २.५ कि.मी. |
| ६ | खार बजार-खाल | १.० घन्टा | ४ कि.मी. |
| ७ | खार बजार-दोबाटा | २.० घन्टा | १०.५ कि.मी. |
| ८ | खार बजार-दोभान | ८.० घन्टा | २५ कि.मी. |
| ९ | खार बजार-दर्लिङ खोला | २ घन्टा ३० मिनेट | १३ कि.मी. |
| १० | खार बजार-कालिबिसौना | ८.० घन्टा | ४० कि.मी. |

स्रोतः स्थलगत अवलोकन, २०७५; मेयरसिंह पाइजा, खडक पुन, थम्मन रेश्मी र गुणनिधि घिमिरेबाट प्राप्त जानकारी, १४-१७ बैशाख २०७५ ।

### ४.२.२ सञ्चार तथा अन्य सुविधा

**तालिका : ४.४६**

**बडिगाड गापामा उपलब्ध सेवासुविधाको विवरण**

| क्र.सं. | सञ्चारका साधन | विविध सुविधा उपयोग गर्ने वडागत परिवार संख्या | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| १. | रेडियो | ३३४ | २१६ | २१० | २३३ | २५६ | ५३ | ८०८ | १५५ | १६२ | १४८ |
| २. | टिभी. | २६९ | ३०० | ७३ | ११४ | ५०३ | १९८ | ६०५ | २०० | २३६ | ११ |
| ३. | केवल लाइन | २९० | २०० | ० | ११४ | २५१ | ५८ | १०५ | ० | ० | २८ |
| ४. | कम्प्युटर | ८ | ४८ | १ | २ | ५६ | ४ | ५० | ० | १२ | ० |
| ५. | इन्टरनेट | १ | १२ | १ | ० | ५ | १ | ५ | ० | ० | ० |
| ६. | टेलिफोन | ० | ० | ० | ० | २ | ० | ३ | ० | १ | १ |
| ७. | मुवाइल | ४३८ | ५३० | २२३ | ७९४ | ८५४ | ३०१ | ७७५ | ५९० | ५०६ | ५७६ |
| ८. | मोटरसाइकल | २ | ३५ | ० | १२ | ३३ | ५ | ३५ | १ | ११ | ८ |
| ९. | गाडी | ४ | ९ | ३ | ७ | ९ | २ | १० | ४ | ६ | १ |
| १०. | साइकल | ० | १७ | ० | १० | ४ | ४ | १५ | ० | ५ | २ |
| ११. | फ्रिज | १२ | १०५ | १० | १० | ५० | २५ | ८० | १ | १५ | ० |
| १२. | अन्य | ० | ० | ० | ० | ० | ० | ३० | ० | – | ० |
| १३. | कुनै सुविधा नभएका | २१ | ९ | ४ | ० | ५२ | ११ | ० | १९ | १७ | ४२ |

स्रोत : स्थलगत अवलोकन, २०७४ ।

**बडिगाड गाउँपालिकामा रहेका टावरहरू**

- वडा नं- १ : NCELL.(कटुवा, ठानाडाडा),
- वडा नं- २ :सारथि एफ.एम. (खर्वाङ),

- वडा नं- ५ : GSM/NTC टावर (भानुमावि टारी),
- वडा नं- ७ : NCELL(श्रीखर्क),
- वडा नं- ८ : GSM/NTC र SKY (बेस्तला),
- वडा नं- ९ : GSM/ NTC (उपल्लाचौर),
- वडा नं- १० : GSM/ NTC(दर्लिङघुरी) ।

### ४.२.३ आवास तथा भवन

**तालिका : ४.४७**

**सरकारी तथा सामुदायिक भवनहरूको विवरण**

| क्र.स. | भवनको विवरण | वडा नं. | भवनको प्रकृति | भवनसंख्या | स्वामित्व |
|---|---|---|---|---|---|
| १. | वडा भवन | १ | पक्की | १ | सरकारी |
| २. | स्वास्थ्य चौकि भवन | १ | कच्ची | २ | सरकारी |
| ३. | दुडियाचौर सामुदायिक भवन | २ | पक्की | १ वटा | सामुदायिक |
| ४. | महिला सामुदायिक भवन | २ | पक्की | १ | सामुदायिक |
| ५. | महिल समूहको भवन | २ | पक्की | १ | सामुदायिक |
| ६ | सामुदायिक भवन | २ | पक्की | १ | सामुदायिक |
| ७. | लुभरन भवन | २ | पक्की | ५ | जिसस |
| ८. | पौवा भवन | २ | पक्की | १ | सामुदायिक |
| ९. | इलाका वन कार्यालय भवन | २ | पक्की | १ | सरकारी |
| १०. | मेलमिलाप सामुदायिक भवन | ३ | कच्ची | १ | सामुदायिक |
| ११. | चम्लाफेद सामुदायिक भवन | ३ | कच्ची | १ | सामुदायिक |
| १२. | स्वास्थ्य चौकी भवन | ३ | कच्ची | १ | सरकारी |
| १३. | हुलाक भवन | ३ | कच्ची | १ | सरकारी |
| १४. | महिला भवन | ३ | कच्ची | १ | सामुदायिक |
| १५. | हुलाक भवन | ४ | कक्ची | १ | सरकारी |
| १६. | वडा भवन | ४ | कच्ची | १ | सरकारी |
| १७. | स्वास्थ्य चौकि भवन | ५ | पक्की | १ | सरकारी |
| १८. | सत्सङ वाचलनालय | ५ | पक्की | १ | सामुदायिक |
| १९. | प्रहरी चौकि | ५ | पक्की | १ | सरकारी |
| २०. | ओमशान्ति भवन | ५ | पक्की | १ | सामुदायिक |
| २१. | महिला भवन | ६ | पक्की | १ | सामुदायिक |
| २२. | आमा समुह भवन | ६ | कच्ची | १ | सामुदायिक |
| २३. | स्वास्थ्य चौकि भवन | ७ | कच्ची | १ | सरकारी |
| २४. | महिला भवन | ७ | कच्ची/पक्की | १/१ | सामुदायिक |
| २५. | सामुदायिक भवन | ७ | पक्की | १ (निर्माणाधीन) | सामुदायिक |
| २६. | सचेतना केन्द्र भवन | ८ | पक्की | १ | सामुदायिक |
| २७. | फोस्रा भवन | ८ | पक्की | १ | क्लव |
| २८. | तिनचुले हिलेडाडा | ८ | पक्की | १ | क्लव |
| २९. | स्वास्थ्य चौकि | ९ | कच्ची | १ | सरकारी |
| ३०. | सामुदायिक भवन | ९ | कच्ची | १ | सामुदायिक |
| ३१. | क्लव भवन | ९ | पक्की | १ | सामुदायिक |
| जम्मा | | | | वटा | |

स्रोत : बडिगाड गाउँपालिकाको कार्यालय,२०७४ ।

**तालिका : ४.४८**

**बडिगाड गाउँपालिकामा घरको बनावट र संख्या**

| क्र.सं. | घरको प्रकृति | | वडागत विवरण | | | | | | | | | | कुल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | |
| १. | पक्की (रड र सिमेन्टको प्रयोग) | एक तले | ० | ७२ | १ | ४ | ६ | १० | ४ | ० | ० | ० | ९७ |
| | | दुई तले | ० | १५ | ० | २ | ० | ५ | १० | ० | ० | ० | ३२ |
| | | दुईभन्दा बढी | ० | १० | ० | १ | ५७ | ० | २६ | १ | १ | ० | ९६ |
| २. | कच्ची (माटो र काठ) | एक तले | ० | २५ | ० | १०८ | ० | ११३ | ० | ० | ० | ९७ | ३४३ |
| | | दुई तले | २५७ | १९९ | ४२३ | ६४३ | ८०३ | २७० | ५४३ | ५०८ | ४५२ | ४५६ | ४५५४ |
| | | दुईभन्दा बढी | २४७ | १९८ | ० | १५ | ० | ० | ० | ० | ० | ५१ | ५११ |
| ३. | झुपडी (तलाबिहिन) | | १७ | २० | ६ | ५ | २१ | १५ | २२५ | ९८ | ५४ | २५ | ४८६ |
| कुल घर संख्या | | | ५२१ | ५३९ | ४३० | ७७८ | ८८७ | ४१३ | ८०८ | ६०७ | ५०७ | ६२९ | ६११९ |

स्रोत : स्थलगत अवलोकन, २०७४ ।

### ४.२.४ खेलकूद मैदान

**तालिका : ४.४९**

**खेलकूद मैदानको विवरण**

| वडा नं. | खेलमैदान | रहेको स्थान | स्वामित्व |
|---|---|---|---|
| १ | माइस्थान | नेपाने | विद्यालयको |
| | नौटुवा | नौटुवा | विद्यालयको |
| | दगा | खर्वाङ | विद्यालयको |
| | रायडाडा | रायडाडा | वडाको |
| २ | खर्वाङ | डोडेवा चौर | खर्वाङ बजार व्यवस्थापन |
| | राक्से | राक्से शिवालयमन्दिर | सितल युवाक्लब |
| ३ | सालफेल | सालफेद | - |
| | ओखरबोट | ओखरबोट | विद्यालयको |
| | कञ्चना प्रा.वि. | | विद्यालयको |
| | खार्ले खेलमैदान | | समुदायको |
| ४ | काफलडाडा | बडिगाड- ४ | वडाको |
| | खाल्टेपानी | बडिगाड- ४ | वडाको |
| | जीवन गार्डन | बडिगाड- ४ | वडाको |
| | गुफा | बडिगाड- ४ | वडाको |
| | अदमछेडा | बडिगाड- ४ | वडाको |
| ५ | टारी | बडिगाड- ५ | क्लव तथा संघसंस्था |
| | भिरकटेरा | बडिगाड- ५ | क्लव तथा संघसंस्था |
| | दाग | बडिगाड- ५ | क्लव तथा संघसंस्था |
| | सिमाक | बडिगाड- ५ | क्लव तथा संघसंस्था |
| ६ | घ्वाङ | बडिगाड-६ | नवयुवा क्लव |
| | सुरकुडे | बडिगाड-६ | सार्वजनिक |
| ७ | भिमगिठे/दोबाटा | बडिगाड–७ | समुदायको |
| | टुनिबोट | बडिगाड–७ | विद्यालयको |

| | | | |
|---|---|---|---|
| | भिमगिठे/माफखर्क | बडिगाड–७ | विद्यालयको |
| | सैरेनी | बडिगाड–७ | विद्यालयको |
| | गैरागाउँ | बडिगाड–७ | समुदायको |
| ८ | दोभान | रनसिंह-८ | समुदायको |
| | नेटाखर्क | रनसिंह-८ | विद्यालयको |
| | शिवालय | रनसिंह-८ | विद्यालयको |
| | पुरानागाउँ | रनसिंह-८ | विद्यालयको |
| ९ | थाम चौर | बडिगाड- ९, डाडागाउँ | समुदायको |
| | मालारानी | बडिगाड ९, मालारानी | समुदायको |
| | सिद्धमावि | बडिगाड-९, खहरे | विद्यालयको |
| | विद्याप्रकाश | बडिगाड- ९, बाँसपाटा | विद्यालयको |
| १० | गँगरे | चिसापानी | |

स्रोत : स्थलगत अवलोकन, २०७४ ।

### ४.२.५ गापाको भौतिक सम्पत्तिको विवरण

**बडिगाड गाउँपालिकाले आवश्यक जमिनको व्यवस्थापन गरे तापनि भौतिक पूर्वाधारहरू भने तयार भइसकेका छैनन् । भाडामा रहेर पनि गाउँपालिकाले जुटाएको भौतिक सम्पत्ति विवरण निम्न तालिका अनुसार रहेको पाइन्छ–**

**तालिका : ४.५०**
**गापाको भौतिक सम्पत्ति विवरण**

| क्र.स. | विवरण | परिमाण | | कैफियत |
|---|---|---|---|---|
| | | रोपनी (अनुमानित) | संख्या | |
| १. | गापा र वडाको नाममा रहेको जमिनको क्षेत्रफल | ३० रोपनी | १६ कित्ता | |
| २. | भवन संख्या | | २ वटा | |
| ३. | स्टिल दराज | | ११ वटा | |
| ४. | काठकोटेबुल | | १८ वटा | |
| ५. | घुम्नी कुर्सी | | १६ वटा | |
| ६. | सिलिङ पंखा | | ११ वटा | |
| ७. | प्रेसरकुकर | | ५ वटा | |
| ८. | ग्यास चुलो र सिलिनडर | | ५ वटा | |
| ९. | लो बेड | | १० वटा | |
| १०. | टिटेबुल | | १२ वटा | |
| ११. | किचन ऱ्याक | | २ वटा | |
| १२. | अफिस टेबुल/ बेन्च | | १२/२ वटा | |
| १३. | सोफा सेट | | ६ सेट | |
| १४. | चेकराइटर | | ३ वटा | |
| १५. | डिसहोम सेट/टि.भि. स्ट्यान्ड | | १/१ वटा | |
| १६. | सूचना पाटी | | १ वटा | |
| १७. | ह्वाइट बोड | | २ वटा | |
| १८. | कम्प्युटर कुर्सी | | २० वटा | |
| १९. | कार्यालय कुर्सी | | ३ वटा | |
| २०. | मेटल सोफा | | ४ वटा | |

| | | | | |
|---|---|---|---|---|
| २१. | फाइल दराज | | ४ वटा | |
| २२. | डसना/विस्तारा | | १७ वटा | |
| २३. | ल्यापटप | | ८ वटा | |
| २४. | कम्प्युटर | | ११ वटा | |
| २५. | प्रिन्टर | | १० वटा | |
| २६. | युपिएस | | ३ वटा | |
| २७. | इन्भटर/बेट्री/प्रोजेक्टर/स्पिकर | | ४ वटा | |
| २८. | टि.भी. | | १ वटा | |
| २९. | मोटर साइकल | | २वटा | |
| ३०. | रेफ्रिजेरेटर | | १ वटा | |
| ३१. | तामा गाग्री | | ३ वटा | |
| ३२. | फ्रिज | | १ वटा | |
| ३३. | काठका कुर्सी | | ५ वटा | |
| ३४. | पलास्टिक कुर्सी | | ४० वटा | |
| ३५. | हाते कुर्सी | | ३ वटा | |
| ३६. | काठको दराज | | ४ वटा | |
| ३७. | शौचालय | | १ वटा | |
| ३८. | पलङ | | १ वटा | |
| ३९. | फाइल ट्रे | | २ वटा | |
| ४०. | सादा टेबुल | | १३ वटा | |

स्रोत : बडिगाड गाउँपालिका कार्यलयको अभिलेख, २०७५ ।

अध्याय : पाँच

# गाउँपालिकाको संगठनात्मक ढाँचा र संवैधानिक अधिकारहरू

## ५.१ गाउँपालिकाको संगठनात्मक ढाँचा

रेखाचित्र : ५.१
**गाउँपालिकाको संगठनात्मक ढाँचा**




नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको स्थानीय तहको सङ्गठनात्मक ढाँचाको विस्तृत विवरण परिशिष्ट खण्डमा उल्लेख गरिएको छ ।

## ५.२ गाउँपालिकाको विषयगत शाखा र मानव संसाधन

संविधानले दिएको अधिकार प्रयोग गरी गाउँपालिका आफैले विभिन्न विषयगत शाखाहरू गठन गर्न सक्दछ । गाउँपालिकामा सामाजिक विकास, आर्थिक विकास, भौतिक पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन, संस्थागत विकास र वित्तीय व्यवस्थापन लगायतका विविध शाखाहरू रहेका हुन्छन् । यी शाखाहरू अन्तर्गत पनि विविध उपशाखाहरू रहन सक्छन् । सामाजिक विकास शाखाअन्तर्गत शिक्षा, स्वास्थ्य, खेलकूल तथा मनोरञ्जन, सामाजिक सुरक्षा, इतिहास, भाषा तथा संस्कृति, सामाजिक परिचालन आदिउपशाखाहरू रहन सक्दछन् । त्यसैगरी आर्थिक विकास शाखाअन्तर्गत पर्यटन; कृषि तथा पशुपालन; उद्योग, व्यापार तथा वाणिज्य; वित्तीय क्षेत्र; जलस्रोत; खानी तथा खनिज; वनपैदावर तथा अन्य प्राकृतिक स्रोतहरू आदि उपशाखाहरू रहन सक्दछन् ।

भौतिक पूर्वाधार विकास शाखाअन्तर्गत सडक तथा यातायात; शहरी विस्तार तथा भूउपयोग; खानेपानी; ढलनिकास; ऊर्जा र विद्युतीकरण; सञ्चार प्रविधि; भवन तथा आवास आदि उपशाखाहरू पर्दछन् । वातावरण तथा विपद् व्यवस्थापन

शाखाअन्तर्गत वन तथा हरियाली; फोहोर व्यवस्थापन; पार्क तथा शहरी सौन्दर्यीकरण; विपद् व्यवस्थापन आदि उपशाखाहरू पर्दछन् । सस्थागत विकास शाखाअन्तर्गत संगठन तथा जनशक्ति व्यवस्थापन; सेवा प्रवाह तथा सुसासन; साझेदारी विकास र सहकार्य आदि उपशाखाहरू रहन सक्छन् । वित्तीय व्यवस्थापन शाखाअन्तर्गत आन्तरिक आय; बाह्य स्रोत; खर्च व्यवस्थापन लगायतका उपशाखाहरू रहन सक्छन् ।

स्थानीय तहको संस्थागत संरचनामा गाउँस्तरीय सरोकारवाला समूह, विषयगत सरोकारवाला समूह र वडास्तरीय सरोकारवाला समूहहरू पनि रहेका हुन्छन् । यसअन्तर्गत राजनीतिक दल, नागरिक समाज, निजी क्षेत्र, सरकारी निकाय र सल्लाहकार समितिहरू पनि पर्दछन् । त्यसैगरी विषयगत सरोकारवाला समूहअन्तर्गत विविध विषयगत सरोकारवाला समूहहरू र विविध क्षेत्रगत सरोकारवाला समूहहरू पनि रहेका हुन्छन् । वडा स्तरीय सरोकारवाला समूहअन्तर्गत टोलविकास संस्था र समुदाय, राजनीतिक दल, निजी क्षेत्र र नागरिक समाज रहेको हुन्छ भने संस्थागत संरचनामा स्थानीय विज्ञ समूह र परामर्शदाता संस्था रहेको सहयोगी समूह, विषयगत स्थानीय विज्ञ समूह र परामर्शदाता तथा विविध क्षेत्रगत स्थानीय विज्ञ उपसमूहहरू र क्षेत्रगत परामर्शदाताहरू समेत रहेका हुन्छन् । समग्र गाउँपालिकाको कार्यसम्पादन गर्नका लागि यी विविध शाखा र उपशाखाहरूमा जनशक्ति/कर्मचारीको व्यवस्थापन समेत गरिएको हुन्छ ।

बडिगाड गाउँपालिका अन्तर्गत हालसम्म नेपाल सरकारका निम्न शाखाहरू रहेका छन्-

- कृषि शाखा
- पशुविकास शाखा,
- स्वास्थ्य शाखा,
- सूचना तथा प्रविधि शाखा,
- शिक्षा शाखा,
- महिला तथा बालबालिका शाखा,
- खानेपानी तथा सरसफाइ शाखा
- प्राविधिक शाखा
- उद्योग शाखा ।

**५.३ गाउँपालिकाका संवैधानिक अधिकारहरू**

नेपालको संविधान २०७२ को भाग १७, धारा २१४ देखि २२० सम्म स्थानीय कार्यपालिकाका सम्बन्धमा व्यवस्था गरिएको छ । उक्त धारामा उल्लेखित अधिकार र व्यवस्था निम्नानुसार रहेको पाइन्छ-

२१४. स्थानीय तहको कार्यकारिणी अधिकार

२१५. गाउँपालिका अध्यक्ष र उपाध्यक्ष सम्बन्धी व्यवस्था

२१६. नगर कार्यपालिका प्रमुख र उपप्रमुख सम्बन्धी व्यवस्था

२१७. न्यायिक समिति

२१८. गाउँ कार्यपालिका र नगर कार्यपालिकाको कार्य सञ्चालन

२१९. स्थानीय तहको कार्यकारिणी सम्बन्धी अन्य व्यवस्था र

२२०. जिल्ला सभा र जिल्ला समन्वय समिति ।

संविधानको भाग १८, धारा २२१ देखि २२७ सम्म स्थानीय व्यवस्थापिकाका सम्बन्धमा निम्न व्यवस्था गरिएको छ–

२२१. स्थानीय तहको व्यवस्थापिकीय अधिकार

२२२. गाउँ सभाको गठन

२२३. नगर सभाको गठन

२२४. गाउँ सभा र नगर सभाको अध्यक्ष र उपाध्यक्ष

२२५. गाउँ सभा र नगर सभाको कार्यकाल

२२६. कानुन बनाउन सक्ने अधिकार (अनुसूची ८ र ९ बमोजिमका क्षेत्राधिकारभित्र रहेर कानुन बनाउन सक्ने) ।

२२७. गाउँ सभा र नगर सभा सम्बन्धी अन्य व्यवस्था ।

संविधानको भाग १९, धारा २२८ देखि २३० सम्म स्थानीय आर्थिक कार्यप्रणालीका सम्बन्धमा निम्न व्यवस्था गरिएको छ–

२२८. कर लगाउन वा ऋण लिन नपाइने

२२९. स्थानीय सञ्चित कोष

२३०. गाउँपालिका र नगरपालिकाको राजश्व र व्ययको अनुमान ।

उल्लेखित अधिकारहरू सहित नेपालको संविधान २०७२ को अनुसूची– ८ मा स्थानीय तहका २२ वटा अधिकारहरूको सूची समावेश गरिएको छ । यी अधिकारको सूची निम्नानुसार रहेको पाइन्छ–

**तालिका : ५.१**
**स्थानीय तहको अधिकारको सूची**

| क्र.सं. | विषयहरू |
|---|---|
| १. | नगर प्रहरी |
| २. | सहकारी संस्था |
| ३. | एफ. एम सञ्चालन |
| ४. | स्थानीय कर |
| ५. | स्थानीय सेवाको व्यवस्थापन |
| ६. | स्थानीय तथ्यांक र अभिलेख संकलन |
| ७. | स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरू |
| ८. | आधारभूत र माध्यमिक शिक्षा |
| ९. | आधारभूत स्वास्थ्य र सरसफाइ |
| १०. | स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता |
| ११. | स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइ |
| १२. | गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन |
| १३. | स्थानीय अभिलेख व्यवस्थापन |

| | |
|---|---|
| १४. | घर जग्गा धनी पुर्जा वितरण |
| १५. | कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी |
| १६. | ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन |
| १७. | बेरोजगारको तथ्यांक संकलन |
| १८. | कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण |
| १९. | खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा |
| २०. | विपद व्यवस्थापन |
| २१. | जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण |
| २२. | भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास |

स्रोत : नेपालको संविधान, २०७२ ।

नेपालको संविधान २०७२ को अनुसूची- ९ मा संघ, प्रदेश र स्थानीय तहका १५ वटा साझा अधिकारहरूको सूची समेत प्रस्तुत गरिएको छ । यी अधिकारहरूको सूची निम्नानुसार रहेका छन्–

**तालिका : ५.२**

**संघ, प्रदेश र स्थानीय तहका साझा अधिकारको सूची**

| क्र.सं. | विषयहरु |
|---|---|
| १. | सहकारी |
| २. | शिक्षा, खेलकूद र पत्रपत्रिका |
| ३. | स्वास्थ्य |
| ४. | कृषि |
| ५. | विद्युत, खानेपानी, सिंचाइ जस्ता सेवाहरु |
| ६. | सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क |
| ७. | वन, जंगल, वन्यजन्तु, चराचुरुंगी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता |
| ८. | खानी तथा खनिज |
| ९. | विपद व्यवस्थापन |
| १०. | सामाजिक सुरक्षा र गरीबी निवारण |
| ११. | व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्यांक |
| १२. | पुरातत्व, प्राचीन स्मारक र संग्रहालय |
| १३. | सुकुम्बासी व्यवस्थापन |
| १४. | प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी |
| १५. | सवारी साधन अनुमति |

स्रोत : नेपालको संविधान, २०७२ ।

### ५.४ स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय तहलाई दिएको अधिकार

नेपालको संविधान २०७२ का विभिन्न धाराहरू र उपधारामा उल्लेखित अधिकारको उपयोग गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४, मिति २०७४/६/२९ मा प्रमाणीकरण भएको छ । उक्त ऐनमा १५ वटा परिच्छेद र १२१ दफा, विभिन्न उपदफा र दुईवटा अनुसूचीको समेत व्यवस्था गरिएको छ । उक्त ऐनमा गाउँपालिका तथा नगरपालिकाका काम, कर्तव्य र अधिकारहरू निम्नानुसार तोकिएको छ–

अ. गाउँपालिकाका काम, कर्तव्य र अधिकारहरू

१. **नगर प्रहरीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहमा शान्तिसुव्यवस्था र सुरक्षा कायम गर्ने, विपद् व्यवस्थापन गर्ने, संपदाको संरक्षण गर्ने, जनताको जीउधन र स्वतन्त्रताको संरक्षण गर्ने लगायत अन्य आवश्यक पर्ने नीति, कानुन, मापदण्डको निर्माण, तथा कार्यन्वयन गर्ने अधिकारहरूको व्यवस्था गरेको छ ।

२. **सहकारी संस्थाः** स्थानीय तहमा सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन; सहकारी वचत तथा ऋणपरिचालन सम्बन्धी मापदण्ड निर्धारण र नियमन; सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय संघसंस्थासँग समन्वय र सहकार्य; सहकारी तथ्याङ्क व्यवस्थापन; क्षमता अभिवृद्धि लगायतका कार्य गर्ने अधिकार प्रत्याभूत गरिएको छ ।

३. **एफ.एम. सञ्चालनः** प्रदेश कानुनको अधीनमा रही स्थानीय तहमा १०० वाटसम्मको एफ.एम. रेडियो सञ्चालन अनुमति, नवीकरण, नियमन र खारेजी गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरिएको छ ।

४. **स्थानीय कर,सेवाशुल्क तथा दस्तुर** : स्थानीय तहको खर्चव्यवस्थापनका निम्ति सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत आदिको निर्धारण, संकलन र व्यवस्थापनसम्बन्धी अधिकारहरू स्थानीय तहलाई प्रदान गरिएको छ ।

५. **स्थानीय सेवाको व्यवस्थापनः** जनशक्ति व्यवस्थानपन र वृत्तिविकास, संगठन संरचना तथा दरबन्दी निर्धारण, सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रवर्धन र नियमन तथा अन्य स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवासर्त, योजना, कार्यान्वयन लगायतका स्थानीय सेवाको व्यवस्थापनसम्बन्धी अधिकारहरू ऐनमा व्यवस्था गरिएको छ ।

६. **स्थानीय तथ्यांक र अभिलेख संकलनः** स्थानीय तहका जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद, बसाइसराइ दर्ता र पारिवारिक अभिलेख तथा पञ्जिकरण व्यवस्थापन, सूचना तथा सञ्चार र प्रविधियुक्त आधारभूत तथ्याङ्कको संकलन, व्यवस्थापन आदि सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना आदि बनाइ त्यसको कार्यान्वयन र नियमन गर्ने अधिकार स्थानीय तहलाई दिइएको छ ।

७. **स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरू** : आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीय र पर्यटकीय लगायतका आयोजनाहरू, सुरक्षित वस्ती विकास, भवन निर्माण, प्रविधि र पूर्वाधारजन्य विकासका आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने लगायतका अधिकारहरू दिइएको छ ।

८. **आधारभूत र माध्यमिक शिक्षाः** प्रारम्भिक वालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुल्ला तथा वैकल्पिक निरन्तर सिकाइ, र विशेष शिक्षा; स्थानीय तहमा सञ्चालनमा रहेका आधारभूत तहदेखि माध्यमिक तहसम्मका विद्यालयहरूको अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन; मातृभाषामा शिक्षाको अनुमति; गाभिएका वा बन्द भएका विद्यालयहरूको संपत्ति व्यवस्थापन; शिक्षासमिति गठन र व्यवस्थापन; विद्यालय

व्यवस्थापन समिति गठन र व्यवस्थापन; विद्यालयको नामकरण; सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन; गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण; शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान; शैक्षिक पूर्वाधार निर्माण; आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन; सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन; निशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन; स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन; वाचनालय र पुस्तकालय सञ्चालन र व्यवस्थापन; सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सो को बजेट व्यवस्थापन, विद्यालयको आयव्ययको लेखाअनुसासन कायम, अनुगमन र नियमन; शिक्षणसिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास; अतिरिक्त शैक्षिक क्रियाकलापको संचालन लगायतका शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरिएको छ ।

९. **आधारभूत स्वास्थ्य र सरसफाइः** आधारभूत स्वास्थ्य, प्रजनन् स्वास्थ्य, पोषण सेवाको सञ्चालन र प्रवर्द्धन; अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना र सञ्चालन; स्वस्थ्य सेवासम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन; स्वच्छ खानेपानी तथा खाद्यपदार्थको गुणस्तर र वायु तथा ध्वनि प्रदूषण नियन्त्रण र नियमन; सरसफाइ सचेतनाको अभिवृद्धि; स्वास्थ्यजन्य फोहर मैला संकलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सो को सेवा शुल्क निर्धारण र नियमन; रक्त सञ्चार सेवा सञ्चालन; औषधि पसल सञ्चालन, अनुमति, अनुगमन र नियमन; फोहर मैला व्यवस्थापनमा निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय, सहकार्य र साझेदरी; परिवार नियोजन तथा मातृशिशुकल्याणसम्बन्धी सेवा सञ्चालन, अनुमति, अनुगमन तथा नियमन; महिला तथा बालबालिकाको कुपोषण न्युनीकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापन लगायतका नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन तथा नियमन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरिएको छ ।

१०. **स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधताः** बजार तथा हाडबजार व्यवस्थापन; स्थानीय वस्तुको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन; व्यापार र वाणिज्यसम्बन्धी पूर्वाधार निर्माण; वस्तु र सेवाको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन; व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन; व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन-अनुसन्धान; निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य; व्यापार सहजीकरण र नियमन; बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखाङ्कन; उपभोक्ता सचेतना अभिवृद्धि, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण; वातावरण संरक्षण र जैविकविविधता नीति, कानुन, मापदण्ड, योजना तर्जुमा तथा कार्यान्वयन, अनुगमन र नियमन; वातावरणीय जोखिम न्युनीकरण; हरित क्षेत्रको संरक्षण र प्रवर्द्धन लगायतका अधिकारहरू उपलब्ध गराइएको छ ।

११. **स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइ**ः स्थानीय, ग्रामीण तथा कृषि सडक, झलुङ्गे पुल, पुलपुलेसा, सिंचाइ, यातयात सुरक्षा लगायतका नीति, कानुन, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन गर्ने अधिकारहरू ऐनमा व्यवस्था गरिएको छ ।

**१२. गाउँ सभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन:** विषय, क्षेत्रगत नीति तथा रणनीति, आवधिक तथा वार्षिक योजना, कार्यक्रम र बजेट स्वीकृति; सभाका समितिहरूको गठन र सञ्चालन; स्थानीय तहहरूका बीच साझा सरोकार तथा साझेदारीका विषयमा संयुक्त समिति गठन; कार्यपालिका तथा न्यायिक समितिबाट सभामा प्रस्तुत प्रतिवेदनमाथि छलफल तथा आवश्यक निर्देशन; विकास योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा सुशासनका लागि कार्यपालिकालाई निर्देशन; आर्थिक व्ययभार पर्ने विषयको नियमन; स्थानीय मेलमिलाप तथा मध्यस्थता लगायतका गाउँसभासम्बन्धी नीति, कानुन र कार्यविधि बनाउने अधिकार प्रदान गरिएको छ । सञ्चालन, व्यवस्थापन तथा नियमन, व्यवस्थापन तथा नियमन, सम्म न्वयन, अनुगमन तथा मूल्याङ्कन र नियमन गर्ने अधिकार स्थानीय तहलाई दिइएको छ

**१३. स्थानीय अभिलेख व्यवस्थापन:** जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कुल गार्हस्थ्य उन्पादन, प्रतिव्यक्ति आय, मानवविकास सूचकाङ्क, राजश्व तथा आयव्यय लगायतका स्थानीय अभिलेखसम्बन्धी नीति, कानुन, योजनाको निर्माण, कार्यान्वयन, अनुगमन र नियमनसम्बन्धी अधिकार स्थानीय तहलाई प्रदान गरिएको छ ।

**१४. जग्गा धनी दर्ता प्रमाण पुर्जा वितरण:** जग्गाको नाप नक्शा, कित्ताकाट, हालसाविक, रजिष्ट्रेसननामसारी तथा दाखिल खारेज; जग्गाधनी दर्ता प्रमाण पूर्जा वितरण तजा लगत व्यवस्थापन; भूमिको वर्गीकरण अनुसारको लगत; सार्वजनिक प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरण; नापीनक्शा तथा जग्गाको स्वामित्व निर्धारण कार्यमा समन्वय र सहजीकरण लगायतका कार्यहरू गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरिएको छ ।

**१५. कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी**:कृषि, पशुपालन, उत्पादन, व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी, जैविक विविधतको संरक्षण र संवर्द्धन, बजारीकरण, पशुविमा र कर्जा सहजीकरण सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरिएको छ ।

**१६. ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन:** ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरूको परिचय पत्र वितरण र लगत अद्यावधिक गरी संघ र प्रदेश कानुनको अधीनमा रहेर उनीहरूलाई सहयोग, सुरक्षा र सुविधा प्रदान गर्ने, असहाय बालबालिका वा व्यक्तिहरूको व्यवस्थापन गर्ने लगायतका अधिकारहरू स्थानीय तहलाई दिइएको छ ।

**१७. बेरोजगारको तथ्यांक संकलन:**श्रमशक्तिको तथ्याङ्क सङ्कलन; स्वदेशी तथा विदेशी श्रमिकहरूको लगत संकलन तथा सूचना व्यवस्थापन; विषयगत दक्षजनशक्तिको तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन; वैदेशिक रोजगारीमा रहेका श्रमशक्तिको सूचना तथा तथ्याङ्क सङ्कलन; वैदेशिक रोजगारीमा जाने श्रमशक्तिका लागि वित्तीय साक्षरता र सीपमूलक तालिमको सञ्चालन; वैदेशिक रोजगारबाट प्राप्त ज्ञानसीप र उद्यमशीलताको उपयोग; बेरोजगारहरूको तथ्याङ्क संकलन गर्ने लगायतका अधिकारहरू स्थानीय तहलाई प्रदान गरिएको छ ।

१८. **कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रणः** कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन; कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, सीप विकास र सशक्तिकरण; कृषिबिउविजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमन; कृषक समूह, कृषि सहकारी र कृषिसम्बन्धी स्थानीय संघसंस्थाहरूको समन्वय, व्यवस्थापन र नियमन; कृषि सूचनाको प्रशार प्रचार; स्रोत केन्द्रहरूको विकास र व्यवस्थापन; प्राङ्गारिक खेती तथा मलको प्रवर्द्धन र प्रचार प्रशार लगायतका कृषिसम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरिएको छ ।

१९. **खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा**ः खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन; एक मेघावाटसम्मको जलविद्युत आयोजना सञ्चालन;, स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन; वैकल्पिक ऊर्जासम्बन्धी प्रविधिविकास र हस्तान्त्रण; खानेपानी, सानाजलविद्युत आयोजना तथा वैकल्पिक ऊर्जा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन लगायतका अधिकारहरू स्थानीय तहलाई प्रदान गरिएको छ ।

२०. **विपद् व्यवस्थापन** : विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, पूर्वसूचना प्रणाली, खोज तथा उद्धार, राहत सामग्रीको पूर्वभण्डारण, वितरण र समन्वय; तटबन्ध, नदी र पहिरोको नियन्त्रण तथा नदीको व्यवस्थापन र नियमन; विपद जोखिम क्षेत्रको नक्शाङ्कन तथा वस्तीहरूको पहिचान र स्थानान्तरण; विपद् व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय समुदाय, संघसंस्था तथा निजी क्षेत्रसँग समन्वय र सहकार्य; विपद व्यवस्थापन कोष स्थापना तथा सञ्चालन; विपद् पश्चात् स्थानीय स्तरको पुनर्स्थापना र पुनर्निमाण; विपदसम्बन्धी तथ्याङ्क संकलन; समुदायमा आधारित विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमको सञ्चालन लगायतका नीति, कानुन, मापदण, योजना कार्यान्वयन, अनुगमन र नियमन गर्ने अधिकार प्रदान गरिएको छ ।

२१. **जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षणः** जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षणसम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना कार्यान्वयन र नियमन; पानीको मुहान संरक्षण, भूसंरक्षण र सो मा आधारित आर्यआर्जनका कार्यक्रम सञ्चालन; खानी तथा खनिज पदार्थसम्बन्धी सूचना तथा तथ्याङ्क संकलन; ढुङ्गा, गिटी, बालुवा, नुन, माटो, खरी ढुङ्गा तथा स्लेट आदि खानीजन्य वस्तुको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन; भौगर्भिक नक्शा प्रकाशन लगायतका अधिकारहरू प्रदान गरिएको छ ।

२२. **भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास**ः भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकाससम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन; पुरातत्व, प्राचीन स्मारक तथा संग्राहलयको संरक्षण, संहार, प्रवर्द्धन र विकास; परम्परागत जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन; कुरीति र कुसंस्कार विरूद्ध सामाजिक परिचालन लगायतका कार्य गर्ने अधिकारहरू प्रदान गरिएको छ ।

**आ. वडासमितिका काम, कर्तव्य र अधिकारहरू**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार वडासमितिका काम, कर्तव्य र अधिकारहरू निम्नानुसार तोकिएको छ–

१. वडाभित्रका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन गर्ने,

२. वडाका सम्पूर्ण तथ्याङ्क अद्यावधिक तथा संरक्षण गर्ने,

३. बालउद्यान, बालविकास केन्द्र, बालक्लव, स्वास्थ्य सेवा, स्वास्थ्यसम्बन्धी जनचेतना, सार्वजनिक शौचालय, प्रतीक्षालय, सामुदायिक धाराको प्रवन्ध, कुवा, इनार तथा पोखरीको निर्माण तथा संरक्षण; फोहर मैला व्यवस्थापन; ढल निकास; नर्सरी स्थापना; अगुवा कृषक तालिमको अभिमुखीकरण; कृषि बिउविजन, मल तथा औषधिको माग संकलन; कृषिमा लाग्ने रोगको विवरण संकलन; पशुपंक्षी व्यवस्थापन, चरन क्षेत्र संरक्षण, खेलकूद पूर्वाधार विकास; चनचेतनामूलक तथा साँस्कृतिक कार्यक्रम संचालन; सडक तथा बाटघाटोको रेखदेख; घरेलु उद्योगको लगत संकलन तथा संभाव्यता पहिचान गर्ने; व्यक्तिगत घटना दर्ता, अद्यावधिक तथा अभिलेख संकलन र संरक्षण गर्ने; सामाजिक भत्ता वितरण र अभिलेख अद्यावधिक गर्ने; असक्त र असायहरूको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान गर्ने; सामाजिक अन्धविश्वास र कुरीतिको अन्त्य गर्ने गराउने; वडामा कर, शुल्क र दस्तुर वापत उठ्ने रकम प्रतिवेदनसहित गाउँपालिकामा बुझाउने; वन तथा जैविक विविधताको संरक्षण तथा प्रवर्द्धन गर्ने; होम स्टे (घरवास पर्यटन) कार्यक्रम प्रवर्द्धन गर्ने लगायका विकासमूलक कार्यहरू गर्ने,

४. वडाभित्र सञ्चालित हुने सम्पूर्ण गतिविधिहरूको नियमन कार्य गर्ने,

५. सिफारिस तथा प्रमाणित गर्ने ।

**५.५ बडिगाड गाउँपालिकाले बनाएका ऐन, नियम/विनियम र कार्यविधिहरूको विवरण**

नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले गाउँपालिकालाई आफ्नै नियम/विनियम तथा कार्यविधिहरू निर्माण गर्ने र कार्यान्वयन गर्ने अधिकार दिएको छ । यही अधिकार प्रयोग गरी बडिगाड गाउँपालिकाले निम्न ऐन, नियमावली र कार्यविधि बनाएको छ–

१. बडिगाड गाउँकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४ ।

२. बडिगाड गाउँपालिकाको आर्थिक ऐन, २०७४,

३. बडिगाड गाउँपालिकाको विनियोजन ऐन, २०७४,

४.बडिगाड गाउँपालिकाको शिक्षा कार्यविधि, २०७४,

५. घ वर्गको इजाजत पत्र सम्बन्धी कार्यविधि, ०७४,

६. कार्यसम्पादन नियमावली, २०७४,

७. वडागत कार्यविभाजन नियमावली, २०७४,

८. बडिगाड गापा स्थानीय स्रोत परिचालन निर्देशिका, २०७४ आदि ।

### ५.६ बडिगाड गाउँपालिकामा संचालनमा रहेका प्रमुख कार्यक्रम तथा योजनाहरू

बडिगाड गाउँपालिकामा आर्थिक वर्ष २०७४/०७५ मा संचालनमा रहेका प्रमुख कार्यक्रम तथा योजना र यी कार्यक्रम अन्तरगत गरिने क्रियाकलापहरूको विवरण निम्नानुसार रहेको छ–

- लक्षित समूह कार्यक्रम (महिला, दलित, जनजाति, युवा, फरक क्षमता, बालबालिका र ज्येष्ठ नागरिकसँग सम्बन्धित) ।
- स्थानीय यातायात पूर्वाधार विकास कार्यक्रम
- कृषि तथा पशु विकास कार्यक्रम
- विद्यालय क्षेत्र सुधार कार्यक्रम
- युवा तथा खेलकूल कार्यक्रम
- स्वास्थ्य, सरसफाइ तथा फोहोर मैला व्यवस्थापन कार्यक्रम
- साना सिंचाइ तथा खानेपानी कार्यक्रम
- सामुदायिक भवन तथा अन्य पूर्वाधार विकास कार्यक्रम
- संस्कृति तथा पर्यटन कार्यक्रम
- गाउँपालिकाको संस्थागत विकास, सेवाप्रवाह र सुशासन सम्बन्धी कार्यक्रम आदि ।

### ५.७ बडिगाड गाउँपालिकाका अवसर र चुनौतीहरू

बडिगाड गाउँपालिकामा विकासका लागि अवसर र चुनौतीदुबै रहेका छन् । यस गाउँपालिकामा रहेकाअवसर र चुनौतीहरूलाई निम्नानुसार उल्लेख गरिएको छ :

- व्यवसायिक रूपमा खेतीपाती गर्नसकिने मकै, कोदो, धान, गहुँ, आलु, भँागो, अलैची आदि) भएपनि यो खेती प्रणाली परम्परागत र जीवन निर्वाहमुखी मात्र रहेको,
- कृषिवालीमा अर्गानिक खेतीको प्रयाप्त सम्भावना हुँदाहुँदै पनि कृषकलाई यसतर्फ आकर्षित गर्न नसकिएको,
- मौलिक र पहिचानयुक्त वस्तुहरू हुँदाहुँदै पनि उत्पादित वस्तुको उपयुक्त मूल्य र बजारको सिर्जना गर्न नसकिएको,
- स्थानीय स्तरमा रोजगारी सिर्जना गर्नसकिने अवसर भए पनि युवाशक्तिको वैदेशिक रोजगारप्रतिको बढ्दो मोह,
- परम्परित सीप बूढो पुस्तासँगै लोपोन्मुख हुँदै गएको र आधुनिक प्राविधिक एवम् दक्ष जनशक्तिको अभाव देखिएको,
- मगर समुदायको बाहुल्यता रहेको यस गाउँपालिकामा पहिचानयुक्त मौलिक संस्कृति भएर पनि प्रवर्धन गर्न नसकिएको,
- स्वास्थ्य केन्द्रहरू रहे पनि यिनीहरूलाई प्रविधिमैत्री र यसबाट जनताहरूलाई प्रभावकारी र भरपर्दो सेवा प्रदान गर्न नसकिएको,
- विद्यालयहरूमा बालमैत्री वातावरण सिर्जना गर्न नसकिएको,
- वैदेशिक रोजगारको मोह बढेको, सोबाट प्राप्त आय पनि देखासिकी प्रभावका कारण न्यून मात्र वचत हुने गरेको,

- परनिर्भरता बढदै गएको,
- विद्यमान प्रकृति र संस्कृतिलाई पूँजीकृत गर्न नसकिएको,
- पानीको सम्भावना भएर पनि सबै घरधुरीलाई पिउने पानीको व्यवस्थापन हुन नसकेको,
- अपाङ्ग/फरक क्षमता भएका, महिला हिंसामा परेका, अभिभावक विहीन बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला, अल्पसंख्यक आदिका लागि विशेष कार्यक्रमहरू ल्याउन नसकिएको,
- जिल्ला र स्थानीय तहमा दर्ता भएका उद्योग, सहकारी, पशुपालन तथा कृषि फर्म आदिको प्रभावकारी अनुगमन, प्रोत्साहन र नियामन हुन नसकेको,
- पर्यटन, पशुपालन र जलविद्युत उत्पादनको पर्याप्त सम्भावना भएर पनि ठोस योजनाहरू आउन नसक्नु,
- गरिबीको रेखामुनि परेकाहरूका लागि ठोस कार्ययोजना आउन नसक्नु,
- खाद्यान्नमा आत्मनिर्भर हुन नसक्नु,
- यातायात, सञ्चार, विद्युत, खानेपानी, शिक्षा, स्वास्थ्य, सिंचाई, प्रविधि आदिको उचित व्यवस्थापन गर्न नसकिएको,
- विद्यमान साधन स्रोतहरूको सही सदुपयोगका लागि दातृ निकायहरूको पहिचान गर्न नसकिएको आदि ।

### ५.८ बडिगाड गाउँपालिकाका नवनिर्वाचित जनप्रतिनिधिहरू

**तालिका : ५.३**
**बडिगाड गापामा प्रथम निर्वाचित स्थानीय तहका जनप्रतिनिधिहरू**

| वडा नं. | पद | नाम थर | पदीय सम्पर्क फोन नं. | राजनीतिक दल |
|---|---|---|---|---|
| | अध्यक्ष | मेहरसिंह पाइजा | ९८५७६६६०९९ | नेकपा (एमाले) |
| | उपाध्यक्ष | अम्मरबहादुर श्रीस | ९८५७६६६१०० | नेपाली काँग्रेस |
| १ | वडा अध्यक्ष | बोमबहादुर थापा | ९८५७६६६१०१ | राष्ट्रिय जनमोर्चा |
| १ | महिला सदस्य | सोमान्ता सलामी | | राष्ट्रिय जनमोर्चा |
| १ | दलित महिला सदस्य | अनिता वि.क. | | राष्ट्रिय जनमोर्चा |
| १ | सदस्य | अनिल गिरी | | राष्ट्रिय जनमोर्चा |
| १ | सदस्य | नरेन्द्र घर्ती | | राष्ट्रिय जनमोर्चा |
| २ | वडा अध्यक्ष | विष्णुप्रसाद भुसाल | | नेकपा (एमाले) |
| २ | महिला सदस्य (का.वा. वडाध्यक्ष) | हिमाकुमारी खराल | ९८५७६६६१०२ | नेकपा (एमाले) |
| २ | दलित महिला सदस्य | जमुना वि.क. | | नेकपा (एमाले) |
| २ | सदस्य | गोमबहादुर राना | | नेकपा (एमाले) |
| २ | सदस्य | सूर्यबहादुर अधिकारी | | नेकपा (एमाले) |
| ३ | वडा अध्यक्ष | खड्कबहादुर पुन | ९८५७६६६१०३ | नेकपा (एमाले) |
| ३ | महिला सदस्य | पार्वती घर्ती थापा | | नेकपा (एमाले) |
| ३ | दलित महिला सदस्य | उमा वि.क. | | नेकपा (एमाले) |
| ३ | सदस्य | केहरसिंह थापा | | नेकपा (एमाले) |
| ३ | सदस्य | चुढाबहादुर पुन | | नेकपा (एमाले) |
| ४ | वडा अध्यक्ष | प्रेम गलामी | ९८५७६६६१०४ | नेकपा (एमाले) |

| वडा नं. | पद | नाम थर | पदीय सम्पर्क फोन नं. | राजनीतिक दल |
|---|---|---|---|---|
| ४ | महिला सदस्य | केशमाया छन्त्याल | | नेकपा (एमाले) |
| ४ | दलित महिला सदस्य | मनकुमारी विश्वकर्मा | | नेकपा (एमाले) |
| ४ | सदस्य | दानबहादुर पुन | | नेकपा (एमाले) |
| ४ | सदस्य | प्रेमबहादुर श्रीस | | नेकपा (एमाले) |
| ५ | वडा अध्यक्ष | अर्जुनप्रसाद खरेल | ९८५७६६६१०५ | नेपाली काँग्रेस |
| ५ | महिला सदस्य | विष्णु घिमिरे | | नेपाली काँग्रेस |
| ५ | दलित महिला सदस्य | कोपिला दर्जी | | नेपाली काँग्रेस |
| ५ | सदस्य | घम्वीर पेमी | | नेपाली काँग्रेस |
| ५ | सदस्य | टिकाराम पुन | | नेपाली काँग्रेस |
| ६ | वडा अध्यक्ष | मौसम काजी क्षेत्री | ९८५७६६६१०६ | नेपाली काँग्रेस |
| ६ | महिला सदस्य | नरमाया थापा | | नेपाली काँग्रेस |
| ६ | दलित महिला सदस्य | पवित्रा कामी | | नेपाली काँग्रेस |
| ६ | सदस्य | छविलाल पुन | | नेपाली काँग्रेस |
| ६ | सदस्य | नरबहादुर वि.क. | | नेपाली काँग्रेस |
| ७ | वडा अध्यक्ष | कृष्ण गुरूङ्ग | ९८५७६६६१०७ | नेपाली काँग्रेस |
| ७ | महिला सदस्य | मिनकुमारी माफी | | नेकपा (एमाले) |
| ७ | दलित महिला सदस्य | सावित्रा वि.क. | | नेपाली काँग्रेस |
| ७ | सदस्य | दीपेन्द्र प्रताप के.सी. | | नेपाली काँग्रेस |
| ७ | सदस्य | योगेन्द्र बहादुर माफी | | नेपाली काँग्रेस |
| ८ | वडा अध्यक्ष | यमबहादुर श्रीस थापा | ९८५७६६६१०८ | नेकपा (एमाले) |
| ८ | महिला सदस्य | टेकमाया शेरपुजा पुन | | नेकपा (एमाले) |
| ८ | दलित महिला सदस्य | सुनीता सुनार | | नेकपा (एमाले) |
| ८ | सदस्य | खिमबहादुर बोहोरा | | नेकपा (एमाले) |
| ८ | सदस्य | भीमबहादुर बलाल | | नेकपा (एमाले) |
| ९ | वडा अध्यक्ष | कृष्णबहादुर खत्री | ९८५७६६६१०९ | नेकपा (एमाले) |
| ९ | महिला सदस्य | सुमित्रा के.सी. | | नेपाली काँग्रेस |
| ९ | दलित महिला सदस्य | मैसरा दमाई | | नेकपा (एमाले) |
| ९ | सदस्य | युद्धबहादुर के.सी. | | नेपाली काँग्रेस |
| ९ | सदस्य | ताराबहादुर बुढा | | नेकपा (एमाले) |
| १० | वडा अध्यक्ष | वीरेन्द्रकुमार बुढा | ९८५७६६६११० | नेकपा (मा.केन्द्र) |
| १० | महिला सदस्य | उमा कुमारी गुरूङ्ग | | नेपाली काँग्रेस |
| १० | दलित महिला सदस्य | देउमाया वि.क. सिर्पाली | | नेकपा (मा.केन्द्र) |
| १० | सदस्य | हिरे कामी | | नेकपा (मा.केन्द्र) |
| १० | सदस्य | शक्तिराम थापा | | नेकपा (मा.केन्द्र) |
| | दलित सदस्य | कविराज सुनार | | नेकपा (एमाले) |
| | दलित सदस्य | केदार नेपाली | | नेकपा (राजमो) |

स्रोत : जिल्ला निर्वाचन कार्यालय, बागलुङ; २०७४ जिल्ला समन्वय समिति, बागलुङ, २०७४ र सिलवाल, २०७४ : १९७ ।

**तालिका : ५.४**

**जिल्ला समन्वय समिति बागलुङ्मा निर्वाचित जनप्रतिनिधि**

| **क्र.सं.** | **पद** | **नाम थर** | **ठेगाना** |
|---|---|---|---|
| १ | उपप्रमुख | विष्णु भुषाल | बडिगाड गाउँपालिका |

स्रोत : जिल्ला निर्वाचन कार्यालय, बागलुङ; २०७४ जिल्ला समन्वय समिति, बागलुङ, २०७४ र सिलवाल, २०७४ : १९७ ।

**तालिका : ५.५**

**प्रदेश सभामा बडिगाड गाउँपालिकाबाट निर्वाचित जनप्रतिनिधि**

| **क्र.सं.** | **पद** | **नाम थर** | **कैफियत** |
|---|---|---|---|
| १ | राष्टिय सभा सदस्य | शान्ति जि.सी. अधिकारी | समानुपातिकतर्फ |

स्रोत : जिल्ला निर्वाचन कार्यालय, बागलुङ; २०७४ ।

**५.९ बडिगाड गाउँपालिकामाक्रियाशील राजनैतिक दलहरू**

१. नेकपा (एमाले)

२. नेपाली काँग्रेस

३. राष्ट्रिय जनमोर्चा

४. नेकपा (माओवादी केन्द्र)

५. नेपाल कम्युनिष्ट पार्टी

७. संघीय समाजवादी पार्टी

८. राष्ट्रिय प्रजातन्त्र पार्टी ।

**५.१० बडिगाड गाउँपालिकामाकार्यरत कर्मचारीहरूको विवरण**

**तालिका : ५.६**

**हाल सेवारत कर्मचारीहरूको विवरण**

| **क्र.स** | **नाम थर** | **पद /पदीय सम्पर्क नं.** | **कार्यरत शाखा** | **कैफियत** |
|---|---|---|---|---|
| १. | अर्जुन शर्मा | प्र.प्र. अधिकृत/९८५७६७६४४४ | | स्थायी |
| २. | कृष्णराज रेग्मी | शाखा अधिकृत | शिक्षा | ,, |
| ३. | थम्मनबहादुर रेस्मी | ना.सु. | | ,, |
| ४. | जोकबहादुर घर्ती | लेखापाल/९८५७६७३१११ | | ,, |
| ५. | निरञ्जन यादव | स्वास्थ्य संयोजक | स्वास्थ्य | ,, |
| ६. | दिनबन्धु शाह | सवइन्जिनियर | प्राविधिक | ,, |
| ७. | कल्पना पुन | प्रास | कृषि | ,, |
| ८. | सुरजकुमार मलेपती | नासु | वडा सचिव | ,, |
| ९. | इन्दु शर्मा | नासु | वडा सचिव | ,, |
| १०. | सुनीता पुन | नासु | वडासचिव | ,, |
| ११. | वीरबहादुर थापा | खरिदार | वडासचिव | ,, |
| १२. | ओमबहादुर रेस्मी | खरिदार | वडासचिव | ,, |
| १३. | निशान अधिकारी | सूचना प्रविधि अधिकृत | सूचना शाखा | करार |
| १४. | घीरेन्द्र रोका | सबइन्जिनियर | प्रविधिक | ,, |
| १५. | रक्षा श्रेष्ठ | इन्जिनियर | पुनर्निर्माण | ,, |
| १६. | टेकबहादुर रेस्मी | कार्यालय सहयोगी | | ,, |
| १७. | सोवित थापा | कार्यालय सहयोगी | | ,, |

स्रोत : बडिगाड गाउँपालिका कार्यालयको अभिलेख, २०७४ ।

## ५.११ बागलुङ जिल्लामा रहेका सरकारी कार्यालयहरूको विवरण

तालिका : ५.७

बडिगाड गाउँपालिका र बागलुङ्का साविक सरकारी कार्यालयहरूको विवरण

| क्र.सं. | कार्यालयको नाम | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|
| १. | बडिगाड गाउँ कार्यपालिका कार्यालय | ०६८-६२००६१/६२००६७ | |
| २. | उच्च अदालत | ५२०२९३/२४५/२६१ | |
| ३. | जिल्ला अदालत | ५२०१९५/२४२ | |
| ४. | जिल्ला प्रशासन कार्यालय | ५२०१३३/३२२/२३३ | |
| ५. | पुनरावेदन सरकारी वकिलको कार्यालय | ५२०१३६ | |
| ६. | जिल्ला शिक्षा कार्यालय | ५२०१०५/२११०२ | |
| ७. | क्षेत्रीय प्रहरी इकाइ कार्यालय | ५२०१०९/३०१ | |
| ८. | जिल्ला समन्वय समिति | ५२०१४४/१४८/४०५ | |
| ९. | श्री नं. बाहिनी अड्डा | ५२११२४/१२२ | |
| १०. | अंचल प्रहरी कार्यालय | ५२०१०९ | |
| ११. | अंचल सशस्त्र प्रहरी गुल्म | ५२०१६६ | |
| १२. | विरदल गुल्म (ब्यारेक) | ५२०२०० | |
| १३. | जिल्ला प्रहरी कार्यालय | ५२०१९९/२१९ | |
| १४. | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | ५२०२४३/१४३ | |
| १५. | जिल्ला कृषि विकास कार्यालय | ५२०१३०/२२९ | |
| १६. | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | ५२०११०/२९४ | |
| १७. | जिल्ला सरकारी वकिल कार्यालय | ५२०४२० | |
| १८. | जिल्ला स्वास्थ्य कार्यालय | ५२०३८८ | |
| १९. | कोष तथा लेखा नियन्त्रण कार्यालय | ५२००३८ | |
| २०. | जिल्ला वन कार्यालय | ५२०१३५ | |
| २१. | पश्चिमाञ्चल सिंचाइ कार्यालय | ५२०१७५ | |
| २२. | जिल्ला पशुसेवा कार्यालय | ५२०१२१ | |
| २३. | शहरी विकास तथा भवन निर्माण (डिभिजन कार्यालय) | ५२०१२० | |
| २४. | जिल्ला मालपोत कार्यालय | ५२०१९८ | |
| २५. | लोकसेवा आयोग अंचल कार्यालय | ५२०१४७/६४७ | |
| २६. | जिल्ला हुलाक कार्यालय | ५२०१५९ | |
| २७. | जिल्ला भूसंरक्षण कार्यालय | ५२०१५१ | |
| २८. | तथ्याङ्क कार्यालय | ५२०२७६ | |
| २९. | घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय | ५२०१२३/२९३ | |
| ३०. | डिभिजन सहकारी कार्यालय | ५२०३०२ | |
| ३१. | महिला तथा बालबालिका कार्यालय | ५२०२६३ | |
| ३२. | जिल्ला प्राविधिक कार्यालय | ५२०१५२ | |
| ३३. | कर कार्यालय | ५२०१२९ | |
| ३४. | जिल्ला अस्पताल | ५२०२८८ | |
| ३५. | अञ्चल आयुर्वेद औषधालय | ५२००३१ | |
| ३६. | जिल्ला निर्वाचन कार्यालय | ५२०००६ | |

| | | | |
|---|---|---|---|
| ३७. | ढोरपाटन शिकार कार्यालय | ५२११११२ | |
| ३८. | नापी कार्यालय | ५२०१२७ | |
| ३९. | बागलुङ नगरपालिका | ५२०१३०/३१ | |
| ४०. | कारागार कार्यालय | ५२०१६७ | |
| ४१. | यातायात व्यवस्था कार्यालय | ५२२०५१ | |
| ४२. | ट्राफिक प्रहरी कार्यालय | ५२०३९९ | |

स्रोत : तथ्याङ्क कार्यालय बागलुङ, २०७४ ।

**५.१२ संस्थागत सम्बन्ध र नागरिक सङ्गठनहरू**

बडिगाड गाउँपालिकामा वडा नं. ६ बाहेक पनि करिब ५० वटा गैरसरकारी वा स्थानीय क्लवहरू सञ्चालनमा रहेका छन् । यी क्लवहरूले टोल स्तरीय, गाउँपालिका स्तरीय र राष्ट्रिय स्तरका समेत साँस्कृतिक कार्यक्रमहरू र खेलकूदका कार्यक्रमहरू गर्दै आएको पाइन्छ । नियममा वडास्तरीय बालक्लव र सचेतना केन्द्रहरू गठन गर्नु पर्ने भए पनि यहाँ सञ्चालनमा नभएको देखिन्छ । प्राप्त भएका गैरसरकारी संस्थाहरूको विवरण निम्न तालिका अनुसार रहेको छ ।

**क.बडिगाड गापामा रहेका गैरसरकारी संस्था/क्लवहरू**

**तालिका : ५.८**

**बडिगाड गापामा रहेका गैरसरकारी संस्था/क्लवहरूको विवरण**

| क्र. स. | क्लवको नाम | रहेको स्थान र वडा | कैफियत |
|---|---|---|---|
| १. | जनसेवा क्लव | तुन्डाडा, १ | ५ वटा |
| २. | चिसापानी युवाक्लव | दगा, १ | |
| ३. | विजय समाज सेवा क्लव | तगातुन्डाडा, १ | |
| ४. | बहुउद्देश्यीय सामाजिक सेवा मञ्च | रायँ, १ | |
| ५. | नवप्रतिभा युवा परिवार | नेपाने, १ | |
| ६. | रिभरहिल युवाक्लव | खर्वाङ, २ | ४ वटा |
| ७. | जनचेतना युवाक्लव | सक्न्यार, २ | |
| ८. | सितल युवाक्लव | जिमी, २ | |
| ९. | दीपज्योति युवा परिवार | सिमलचौर, २ | |
| १०. | सिद्धार्थ सामुदायिक केन्द्र | सिसाखानी, ३ | ५ वटा |
| ११. | स्वर्णिम युवा परिवार | सलभ्केद्, ३ | |
| १२. | हातेमालो युवा परिवार | खार्ले, ३ | |
| १३. | ओखरबोट युवा परिवार | ओखरबोट, ३ | |
| १४. | देवीस्थान युवा परिवार | देवीस्थान, ३ | |
| १५. | छत्रभुमी युवा क्लव | तालकोट, ४ | ९ वटा |
| १६. | मिलिजुली युवा क्लव | तालकोट, ४ | |
| १७. | सिद्धवराह युवा क्लव | वडिगाँउ, ४ | |
| १८. | नेपाल मगर संघ, मिलन समाज | झुलेडाडा, ४ | |
| १९. | ग्रिन युवा समूह | दिपार अदम, ४ | |
| २०. | जलजला खेलकुद तथा समाज विकास केन्द्र | गुफा, ४ | |
| २१. | स्माली युवा क्लव, वनै युवा समूह | पात्ले, ४ | |
| २२. | जनसंघर्ष युवा क्लव | भुषाल खर्क, ४ | |
| २३. | नैतुल युवा समूह | नैतुल, ४ | |

| | | | |
|---|---|---|---|
| २४. | नेपाल रितुरियो कराँते संघ | बडिगाड, ५ | ६ वटा |
| २५. | थानापति युवा क्लब | खार बजार, ५ | |
| २६. | ग्वालिचौर समाज कल्याण केन्द्र | टारी, ५ | |
| २७. | धवलागिरि बडिगाड युवा परिवार | ग्वालीचौर, ५ | |
| २८. | थानपति समाजसेवा क्लव | ग्वालीचौर, ५ | |
| २९. | लालिगुराँस युवा क्लव | सिमाक, ५ | |
| ३०. | टुनीबोट क्लव | ७ | |
| ३१. | भिमगिठे जागरण | | ५ वटा |
| ३२. | द न्यूडिभाइस | | |
| ३३. | नौमति बाजा समुह | | |
| ३४. | खड्कजयन्ती युवा क्लव | | |
| ३५. | तीनचुले युवा क्लव | हिल्वे डाडा, ८ | |
| ३६. | खेलकूद विकास समिति | रनसिंह, ८ | ९ वटा |
| ३७. | रनसिंह युवा समूह | रनसिंह, ८ | |
| ३८. | फूलवारी युवा क्लव | पोखरेडाडा, ८ | |
| ३९. | प्रतिभा युवा क्लव | घोरघोरे, ८ | |
| ४०. | आर.वि.वाइ.सी. | भेडीखोर, ८ | |
| ४१. | सूर्योदय युवा क्लव | नेपालने, ८ | |
| ४२. | मंगोलियन युवा क्लव | धनुषाडाडा, ८ | |
| ४३. | नववशन्त युवा क्लव | फोर्सा, ८ | |
| ४४. | मालारानी युवा क्लव | मालारानी, ९ | |
| ४५. | थ्री स्टार युवा क्लव | दर्लिङखोला, ९ | ४ वटा |
| ४६. | न्युडायमन युवा क्लव | खहरेगाउँ, ९ | |
| ४७. | कल्चरदेवा युवा क्लव | खहरे, ९ | |
| ४८. | पुष्पाञ्जली युवा क्लव | दर्लिङ, १० | |
| ४९. | धवलागिरि विकास युवा क्लव | निगलपानी, १० | ३ वटा |
| ५०. | युवा एकता क्लव | चिसापानी, १० | |

स्रोतः मेयरसिंह पाइजा, खडक पुन, बमबहादुर थापा, भिमलाल पोखेल, प्रेम गमाली, अर्जुन प्रसाद पोखेल, मौसम काजी क्षेत्री, कृष्णबहादुर खत्री, वीरेन्द्रकुमार बुढा आदिबाट प्राप्त जानकारी, १४-१७ बैशाख २०७५ ।

**ख. बडिगाड गापामा रहेका बाल क्लव/सचेतना केन्द्रहरू**

हरेक विद्यालयहरूमा बालक्लव वा सचेतना केन्द्रहरू सञ्चालनमा रहेका तर टोल स्तरीय वा गाउँस्तरीय क्लवहरू गठन नभएको अवस्था देखिन्छ ।

**५.१३ विविध**

**क. कार्यसम्पादन मापनको स्तर**

साविकका अमरभूमी, अर्गल, हिल र तारा गाविस मिलेर वर्तमान गाउँपालिका निर्माण भएको हो । साविक गाविसको विगत तीन वर्षको कार्यसम्पादन मापनको स्तर (MCPM) लाई हेर्दा सबै गाविस पास भएको देखिन्छ ।

**ख. विशेष, संरक्षित, स्वायत्त क्षेत्र**

नेपाल सरकारले उपयुक्त ठानेको कुनै आधारमा सामाजिक, सांस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि प्रदेश सरकारको परामर्शमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै गाउँपालिका वा कुनै वडासम्मलाई पनि विशेष, संरक्षित

वा स्वायत्त क्षेत्र कायम गर्न सक्ने नीतिगत व्यवस्था छ (श्रेष्ठ, २०७४: १०१) । तसर्थ यो गाउँपालिकालाई पनि भविष्यमा विशेष/ संरक्षित/स्वायत्त क्षेत्रका रूपमा विकास गर्नसकिने आधारहरूका बारेमा अध्ययन गरिने छ ।

**ग. विपद् व्यवस्थापनपूर्व तयारी सम्बन्धी विवरण**

बडिगाड गाउँपालिका नदी कटान, बाडी र पहिरोका दृष्टिले उच्च जोखिमयुक्त गाउँपालिका अन्तर्गत पर्दछ । विपद् व्यवस्थापन सम्बन्धी नीतिगत व्यवस्था भएपनि अझै सुरक्षित स्थान र विपद् व्यवस्थापन कोष निर्माण भइसकेको छैन ।

**घ. सेवाप्रवाह विवरण**

स्थानीय तहले आफैमा स्वावलम्वी बन्न र जनतालाई सेवा प्रवाह गर्न कम्तीमा दमकल, एम्बुलेन्स, शववाहन, नगर प्रहरी भ्यानको व्यवस्था गर्नुपर्ने हुन्छ । तर यो स्थानीय तहमा भरपर्दो यातायातको सुविधा नभएको हुँदा यी सेवाहरू प्रवाह हुनसकेका छैनन् ।

**ङ. वातावरण तथा सरसफाइ**

स्थानीय तहमा कम्तीमा सार्वजनिक शौचालय, फोहोर पानी प्रशोधनशाला, पिउने पानी प्रशोधन शाला, ल्याण्डफिल्ड साइट, सरसफाइ व्यवस्थापन सवारी साधन, सरसफाइ मजदूर, स्यानिटरी ल्याण्डफिल्ड, रिसाइकल प्लान्ट, वायोग्यास प्लान्ट आदि पूर्वाधारको विकास गर्नुपर्ने हुन्छ । तर केही सार्वजनिक शौचालय बाहेक अन्य सुविधाहरू व्यवस्था यो गाउँपालिकामा भइसकेको छैन ।

**च. सामुदायिक मेलमिलाप सम्बन्धी समिति गठन र क्रियाकलापहरू**

**तालिका : ५.९**

**मेलमिलाप सम्बन्धी समिति**

| क्र.स. | विवरण | ठेगाना | कैफियत |
|---|---|---|---|
| | गापा स्तरीय एउटा न्याय समिति मात्र गठन भएको | | |

स्रोत : स्थलगत अवलोकन, २०७४ ।

**छ. गापाको विगत पाँच वर्षको आयव्याय विवरण**

**तालिका : ५.१०**

**विगत पाँच वर्षको आयव्याय विवरण**

| वडाहरू | विवरण | आर्थिक वर्ष | | | | | कुल रकम |
|---|---|---|---|---|---|---|---|
| | | २०६८/०६९ | २०६९/०७० | २०७०/०७१ | २०७१/०७२ | २०७२/०७३ | |
| ४ (जलजला) | आय | | १०,९१,७५० | १३,३८,३७५ | ३७,४१,६४५ | १०,५८,९९७ | |
| | व्याय | | १०,९१,७५० | १३,३८,३७५ | ३७,४१,६४५ | १०,५८,९९७ | |
| २ | आय | | | | | | |
| | व्याय | | | | | | |
| ३ | आय | | | | | | |
| | व्याय | | | | | | |
| ४ | आय | | | | | | |
| | व्याय | | | | | | |

स्रोतः वडाकार्यालयको आन्तरिक अभिलेख, २०७४ (नेपाल सरकारबाट प्राप्त चालु र पूँजीगत अनुदान) ।

### ज. सुरक्षा एकाइ

**तालिका :५.११**
**सुरक्षा एकाइ विवरण**

| क्र.स. | विवरण | रहेको स्थान | कैफियत |
|---|---|---|---|
| १. | खर्वाङ प्रहरी चौकी | दगातुन्डाडा, खर्वाङ | |
| २. | ग्वालिचौर प्रहरी चौकी | खार बजार | |
| ३. | भिमगिठे इलाका प्रहरी कार्यालय | भिमगिठे | |

स्रोत : स्थलगत अवलोकन, २०७४ ।

### झ. बेरोजगार तथ्याङ्क

**तालिका : ५.१२**
**वडामा रहेका शैक्षिक बेरोजगारहरूको विवरण**

| उत्तीर्ण तहं | लिङ्ग | वडागत विवरण | | | | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | | |
| कक्षा १२ वा सो सरह | पुरूष | २३ | २७३ | - | १११ | ६८ | ३० | - | ९५ | २२९ | २३२ | १०६१ | ४३.९५ |
| | महिला | २७ | २९६ | - | १५० | १३५ | २४ | - | ९० | २२४ | २३० | ११७६ | ४८.७२ |
| | जम्मा | ५० | ५६९ | - | २६१ | २०३ | ५४ | - | १८५ | ४५३ | ४६२ | २२३७ | ९२.६७ |
| स्नातक सम्म | पुरूष | १३ | १८ | - | ४ | ६ | ११ | - | १० | ७ | ० | ६९ | २.८५८ |
| | महिला | १९ | २२ | - | १२ | १० | ७ | - | १४ | ४ | ० | ८८ | ३.६४५ |
| | जम्मा | ३२ | ४० | - | १६ | १६ | १८ | - | २४ | ११ | ० | १५७ | ६.५०४ |
| स्नातकोत्तर वा सोभन्दा माथि | पुरूष | ० | ५ | - | ३ | ० | ३ | - | ४ | १ | ० | १६ | ०.६६३ |
| | महिला | ० | १ | - | १ | ० | ० | - | २ | ० | ० | ४ | ०.१६६ |
| | जम्मा | ० | ६ | - | ४ | ० | ३ | - | ६ | १ | ० | २० | ०.८२९ |
| जम्मा | | ८२ | ६१५ | - | २८१ | २१९ | ७५ | - | २१५ | ४६५ | ४६२ | २४१४ | १०० |

स्रोत : स्थलगत अवलोकन, २०७४ ।

### ञ. शवदाह र पशुवधशालाको विवरण

**तालिका : ५.१३**
**शवदाहको विवरण**

| क्र.स. | विवरण | रहेको स्थान | अवस्था | कैफियत |
|---|---|---|---|---|
| १. | वडा नं. १ को शवदाह | बडिगाड र दरमखोलाको बीच, गिरिङ्दी खोला, बडिगाड खोला (राक्से), लब्धीखोला | परम्परित | शवदाह परम्परित रूपमा खोलाको किनार र चौरहरूमा हुने |
| २. | वडा नं. २ को शवदाह | बडिगाड र दरमखोलाको बीच, गिरिङ्दी खोला, बडिगाड खोला (राक्से, सक्न्यार) | परम्परित | |
| ३. | वडा नं. ३ को शवदाह | भलाएँ, गिरिङ्दीखोला, ज्योतिखोला, कुसुन्डे, रातोपहरा, हात्तीसोरे, भुसुनेखोला, चारकपाले | परम्परित | |
| ४. | वडा नं. ४ को शवदाह | दहखोला, कोलडाडा, अदमछेरा, मुर्लाडाडा, काफलडाडा, बगरखोला, बागमारे, कुसे थुम्का, द्वारीखोला, नैतुल, भुसुनेखोला, बडिगाडखोला | परम्परित | |
| ५. | वडा नं. ५ को शवदाह | लब्धिखोला, खहरे खोला, डागखोला, | परम्परित | |

| | | | | |
|---|---|---|---|---|
| | | ज्युम्लिया पोखरी, बाँसढले, कालिमाटी खोला | | गरेको तर पशुवधशालाको छुट्टै व्यवस्था नभएको |
| ६. | वडा नं. ६ को शवदाह | भुजुङ्गे,भिमखोला र भनभने | परम्परित | |
| ७. | वडा नं. ७ को शवदाह | भिम खोला, छेपारे, जैबाने, जेलखोला, दिक्ष | परम्परित | |
| ८. | वडा नं. ८ को शवदाह | दोभानको त्रिवेणी घाट, उन्निउडाडा, रनसिंह खोला, भेडीखोरको टिमरबोट, बतासेडाडा | परम्परित | |
| ९. | वडा नं. ९ को शवदाह | दर्लिङ खोला, मजुवा, बन्जारे | परम्परित | |
| १०. | वडा नं. १० को शवदाह | मुनाखोला, मालुवाभिर खोला, चिहानडाडा, पारखुर्रे चिहान घाट, | परम्परित | |

स्रोत : स्थलगत अवलोकन, २०७४ ।

### ट. गाउँपालिकाको भगिनी सम्बन्ध रहेका संस्थाहरू

**तालिका : ५.१४**

**भगिनी सम्बन्ध रहेकासरकारी तथा गैहसरकारी संस्थाहरूको विवरण**

| क्र.स. | भगिनी सम्बन्ध रहेका संस्थाहरूको नाम | संस्थाको उद्देश्य | सम्बन्ध कायम भएको मिति | कैफियत |
|---|---|---|---|---|
| १. | डि.सि.आर. डि.सि., बागलुङ, | गरिवी निवारण | | गापामा कार्यक्षेत्र रहेको तर गापासँग लिखित संझौता नभएको |
| २. | जि.वाइ.सी., बागलुङ, | शिक्षा तथा स्वास्थ्य | | |
| ३. | नेस्डो नेपाल, | गरिवी निवारण | | |
| ४. | निर्धन वित्तीय संस्था | ऋणप्रवाह | | |
| ५. | सूर्योदय | ऋणप्रवाह | | |
| ६. | सि.वाइ.सी. | गरिवी निवारण | | |
| ७. | संगम तालिम तथा परामर्श केन्द्र, बागलुङ, | तालिम तथा प्रशिक्षण | | गापासँग भगिनी सम्बन्ध राखी कार्यक्षेत्र बनाइएको |
| ८. | घरेलु तथा साना उद्योग समिति, बागलुङ | तालिम तथा प्रशिक्षण | | |
| ९. | लघुउद्यम विकास सहयोग कार्यक्रम, पोखरा | तालिम तथा प्रशिक्षण | | |
| १०. | वास (खानेपानी तथा सरसफाइ) | तालिम तथा प्रशिक्षण | | |

स्रोत : स्थलगत अवलोकन, २०७५ ।

### ठ. टोल विकास संस्थाहरूको विवरण

**तालिका : ५.१५**

**टोल विकास संस्थाहरूको विवरण**

| क्र.सं. | संस्थाको नाम | रहेको स्थान | सदस्य संख्या | संस्थाको उद्देश्य | वचत रकम |
|---|---|---|---|---|---|
| १. | पुनर्गठन नभएको | | | | |

स्रोत : स्थलगत अवलोकन, २०७४ ।

### ड. पार्क, वनस्पति तथा उद्यानसम्बन्धी विवरण

**तालिका : ५.१६**

**पार्क, वनस्पति तथा उद्यानसम्बन्धी विवरण**

| क्र.स. | पार्क तथा बाल उद्यानको विवरण | रहेको स्थान | सञ्चालक | कैफियत |
|---|---|---|---|---|
| | नभएको | | | |

स्रोत : स्थलगत अवलोकन, २०७४ ।

**ढ. सार्वजनिक पाटी, पौवा, पोखरी र चौतारासम्बन्धी विवरण**

**तालिका : ५.१७**

**पाटी, पौवा, पोखरी र चौतारा सम्बन्धी विवरण**

| क्र.स. | विवरण | रहेको स्थान | उपयोग | केफियत |
|---|---|---|---|---|
| १. | सल्ले पोखरा, बागखोरछेडा | वडा नं. १ | विश्रामस्थल | चौतारी |
| २. | दुर्लुङ | वडा नं. १ | मानिस, पशुपंक्षी, वन्यजन्तु, र मनोरञ्जनका लागि | पोखरी |
| ३. | मसानघाट पौवा (खर्वाङदोभान), प्रतीक्षालय ( काडेरूख) | वडा नं. २ | मलामी, यात्रु | पौवा, प्रतीक्षालय |
| ४. | देउराली चौतारा | वडा नं. २ | समुदाय, यात्रु, गोठाला | चौतारी |
| ५. | गराङ, उत्तरगङ्गा, विसाउनी सालफेद), आरन चौफारी, सिरबारे, मगुवाफेर, लाकुरघाट, ओखरबोट चौतारो | वडा नं. ३ | विश्रामस्थल | चौतारी |
| ६. | उत्तर गंगा, छेडा | वडा नं. ३ | मानिस, पशुपंक्षी, वन्यजन्तु, र मनोरञ्जनका लागि | पोखरी |
| ७. | भुलडाडा, काफलडाँडा, देउरालीडाडा, तालकोट, खोल्टेपानी, बाँजढले, गुयलीछेडा, | वडा नं. ४ | विश्रामस्थल | चौतारी |
| ८. | भुलडाडा, काफलडाँडा, देउरालीडाडा, खाराखोला | वडा नं. ४ | मानिस, पशुपंक्षी, वन्यजन्तु, र मनोरञ्जनका लागि | पोखरी |
| ९. | दाँग, काप्रारूप, काफलठुटा, चित्राम, रेनी, जुम्ल्यापोखरी, सिमाकथरी | वडा नं. ५ | मानिस, पशुपंक्षी, वन्यजन्तु, सिंचाइ, र मनोरञ्जनका लागि | पोखरी |
| १०. | रातामाटा चौतारा (भिरकटेरा), फेदी चौतारा, घर्तीचौर (दाग), ठुलोखोला, सिद्धथान | वडा नं. ५ | विश्रामस्थल | चौतारी |
| ११. | सुरकुडे, सिद्धवराह, घ्वाङ | वडा नं. ६ | मानिस, पशुपंक्षी, वन्यजन्तु, र मनोरञ्जनका लागि | पोखरी |
| १२. | सिमडाडा, पिपलडाडा, पिपलरूख, घ्वाङ | वडा नं. ६ | मानिस, पशुपंक्षी, वन्यजन्तु, र मनोरञ्जनका लागि | पोखरी |
| १३. | थाम्का चौतारा, गाव चौतारा, इदिखोला चौतारा | वडा नं. ७ | मानिसको विश्रामस्थल | चौतारी |
| १४. | थामपोखरी | वडा नं. ७ | मानिस, पशुपंक्षी, वन्यजन्तु, र मनोरञ्जनका लागि | पोखरी |
| १५. | पोखराडाडा, नेटाखर्क | वडा नं. ८ | मानिस, पशुपंक्षी, वन्यजन्तु, र मनोरञ्जनका लागि | पोखरी |
| १६. | पदमभीर, दोभानको थुम्का, रनसिंह | वडा नं. ८ | विश्रामस्थल | चौतारी |
| १७. | बिसौना, पिलडाडा, बाँसपाटा चौतारा | वडा नं. ९ | विश्रामस्थल | चौतारी |
| १८. | ठुलापोखरी, मालारानी, खहरेडाडा गाउँ | वडा नं. ९ | मानिस, पशुपंक्षी, वन्यजन्तु, र मनोरञ्जनका लागि | पोखरी |
| १९. | देउराली डाडा, गँगरेडाडा, आरूपाटा, दहचौतारी, | वडा नं. १० | मानिसको विश्रामस्थल | चौतारी |
| २०. | दहपोखरी, देउराली पोखरी, सुइरेदह पोखरी, डाडाकटेरी, बल्देपोखरी, चाचुङडाडा पोखरी | वडा नं. १० | मानिस, पशुपंक्षी, वन्यजन्तु, सिंचाइ, र मनोरञ्जनका लागि | पोखरी |

स्रोत : स्थलगत अवलोकन, २०७४ ।

**ण. पशुसेवा केन्द्र, उपकेन्द्र**

**तालिका : ५.१८**
**पशुसेवा केन्द**

| क्र. स. | विवरण | भवनको संख्या | प्रकृति | | रहेको स्थान |
|---|---|---|---|---|---|
| | | | कच्ची | पक्की | |
| १. | पशुसेवा केन्द्र | १ | १ | | खर्वाङ |
| २. | पशुसेवा केन्द्र | १ | १ | | दर्लिङ- ९ |
| खर्वाङ केन्द्र अन्तर्गत (ग्वालीचौर, जलजला र दगातुन्डाडा), बुर्तिवाङ केन्द्रअन्तर्गत (दर्लिङ, भिमगिठे) र पाण्डवखानी केन्द्रअन्तर्गत (रनसिंहकिटेनी, सिसाखानी) पशुसेवाकेन्द्रहरू रहेका छन् । | | | | | |

स्रोत : घरधुरी सर्वेक्षण, २०७४ ।

**त. सार्वजनिक शौचालय सम्बन्धी विवरण**

**तालिका : ५.१९**
**सार्वजनिक शौचालय सम्बन्धी विवरण**

| क्र.सं. | शौचालय रहेको स्थान | वडा | सञ्चालनको अवस्था | सञ्चालक | कैफियत |
|---|---|---|---|---|---|
| १. | डुडियाचौर, | २ | सञ्चालनमा रहेको | खर्वाङ बजार व्यवस्थापन समिति | |
| २. | खार बजार | ५ | सञ्चालनमा रहेको | प्रहरी चौकी | |
| ३. | भिमगिठे | ७ | निर्माणाधीन | बजार व्यवस्थापन समित | |

स्रोत : स्थलगत अवलोकन, २०७४ ।

**थ. हुलाक सेवा केन्द्र**

**तालिका : ५.२०**
**हुलाक सेवा केन्द्र**

| क्र. स. | विवरण | भवनको सख्या | प्रकृति | | रहेको स्थान |
|---|---|---|---|---|---|
| | | | कच्ची | पक्की | |
| १. | अतिरिक्त हुलाक | नभएको | | | वडा नं. १ |
| २. | अतिरिक्त हुलाक | १ | भाडामा | | वडा नं. २, खर्वाङ |
| ३. | अतिरिक्त हुलाक | १ | भाडामा | | वडा नं. ३, |
| ४. | अतिरिक्त हुलाक | १ | कच्ची | | वडा नं. ४, झुलेडाडा |
| ५. | अतिरिक्त हुलाक | १ | भाडामा | | वडा नं. ५, खार |
| ६. | अतिरिक्त हुलाक | १ | भाडामा | | वडा नं. ६, खाला |
| ७. | अतिरिक्त हुलाक | नभएको | | | वडा नं. ७ |
| ८. | अतिरिक्त हुलाक | १ | भाडामा | | वडा नं. ८, दोभान |
| ९. | अतिरिक्त हुलाक | १ | भाडामा | | वडा नं. ९, दर्लिङ |
| १०. | अतिरिक्त हुलाक | १ | भाडामा | | वडा नं. १० |

स्रोत : स्थलगत अवलोकन, २०७४ ।

**द. कृषि सेवा केन्द्र, वन, उपकेन्द्र र कृषक समूह**

**तालिका : ५.२१**
**कृषि सेवा केन्द**

| क्र. स. | विवरण | भवनको सख्या | प्रकृति | | रहेको स्थान |
|---|---|---|---|---|---|
| | | | कच्ची | पक्की | |
| | **नभएको** | | | | |

स्रोत : स्थलगत अवलोकन, २०७४ ।

**तालिका : ५.२२**
**इलाका वन कार्यालय**

| क्र. स. | विवरण | भवनको सख्या | प्रकृति | | रहेको स्थान |
|---|---|---|---|---|---|
| | | | कच्ची | पक्की | |
| १ | इलाका वन कार्यालय | चार कोठे भवन १ | | पक्की | खर्वाङ डुडिया चौर |

स्रोत : स्थलगत अवलोकन, २०७४ ।

**ध. आर्थिक वर्ष २०७३/०७४ को पञ्जिकरणको विवरण**

**तालिका : ५.२३**
**आर्थिक वर्ष २०७३/०७४ को पञ्जिकरणको विवरण**

| क्र.स. | विवरण | वडागत विवरण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| १. | जन्म दर्ता | – | ६३ | ८१ | १६९ | – | – | १९८ | १२३ | ३० | – |
| २. | मृत्यु दर्ता | ४३ | १६ | १५ | २८ | – | – | ३७ | १४ | १४ | – |
| ३. | सम्बन्ध विच्छेद | – | – | – | - | – | – | ३ | २ | २ | – |
| ४. | बसाइसराइ | २२ | ७६ | ३० | ५५ | – | – | ७ | २ | २ | – |
| ५. | विवाह दर्ता | ८५ | ५० | ८४ | ९९ | – | – | २३ | ३१ | १६ | – |
| जम्मा | | १५० | २०५ | २१० | ३५१ | ० | ० | २६८ | १७२ | ६४ | ० |

स्रोत : स्थलगत अवलोकन, २०७४ ।

**न. आर्थिक वर्ष २०७३/०७४ मा नागरिकता तथा अन्य सिफारिसको विवरण**

**तालिका : ५.२४**
**आर्थिक वर्ष २०७३/०७४ मा नागरिकता तथा अन्य सिफारिसको विवरण**

| क्र.स. | विवरण | वडागत विवरण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| १. | नागरिकता सिफारिस | ८ | ९० | १९ | १७३ | – | – | ७० | ८५ | ७७ | २१ |
| २. | नाताप्रमाणित | १ | १५० | २ | ७६ | – | – | ४० | १६ | ३५ | – |
| ३. | अन्य सिफारिस | ११५ | ५७० | १७९ | ३९ | – | – | ९० | १३२ | २७८ | १२ |
| ४. | नक्शापास | – | – | – | ० | – | – | ० | – | – | – |
| जम्मा | | १२४ | ८१० | २०० | २८८ | ० | ० | २०० | २३३ | ३९० | ३३ |

स्रोत : स्थलगत अवलोकन, २०७४ ।

**प. दैवी प्रकोपको उच्च जोखिममा रहेको वस्ती**

**तालिका : ५.२५**
दैवी प्रकोपको उच्च जोखिममा रहेको वस्ती

| वडा नं. | जोखिममा रहेको स्थान | जोखिमको कारण | रोकथामका उपाय |
|---|---|---|---|
| १ | ओवाङ्, रुँय, गर्‍याङधारा, नौटुवा, नेपाने, जेल, हम्मेल | मोटर बाटो, कमजोर भूधरातल | नाली, ढलनिकास, वृक्षरोपण, ग्याबिन जाली, मेसिनरी वाल |

| | | | |
|---|---|---|---|
| २ | खर्वाङदेखि भिमगिठेसम्म (२, ५, ६, ७, ९), खारापानी, सक्न्यार | बडिगाड नदीको कटान, मोटर बाटो निर्माण | बाँध, ग्याबिन जाली, मेसिनरी वाल |
| ३ | लब्धी खोला, मौरीभीर, किम्फेद, चम्लाफेद | मोटर बाटोको पहिरो | नाली, ढलनिकास, वृक्षरोपण, ग्याबिन जाली, मेसिनरी वाल |
| ४ | भुल्ने | प्राकृतिक र मोटर बाटको पहिरो | नाली, ढलनिकास, वृक्षरोपण, ग्याबिन जाली, मेसिनरी वाल |
| ५ | ग्वालीचौर | नदीकटान, सिंचाइकुलो, मोटरबाटो र पहाडबाट झर्ने पहिरो | ढलनिकास, तटबन्द निर्माण, वृक्षारोपण |
| ६ | सिस्नेरी, ठूलाबेसी, घ्वाङ्ग, नयाँगाउँ, ठुलाचौरफाँट | प्राकृतिक पहिरो, विकास निर्माण | वस्ती व्यवस्थापन, तटबन्द निर्माण, वृक्षारोपण, ढलनिकास |
| ७ | भिमघाट, टुनीबोट, दिप | नदी कटान, प्राकृतिक पहिरो | वस्ती व्यवस्थापन, तटबन्द निर्माण, वृक्षारोपण |
| ८ | दोभान खोला, रनसिंह गाउँ, फोर्सा, भेडीखोर | नदी कटान, मोटर बाटोको पहिरो, | वस्ती व्यवस्थापन, नाली निर्माण, तटबन्द निर्माण, वृक्षारोपण |
| ९ | दर्लिङ ओरलधारा, पात्ले | नदी कटान, प्राकृतिक पहिरो | वस्ती विस्थापन, |
| १० | पात्ले, निगलपानी, भोर, क्वालजिङ, तुसारापाटा | प्राकृतिक पहिरो, विकास निर्माण | वस्ती व्यवस्थापन, तटबन्द निर्माण, वृक्षारोपण, ढलनिकास |

स्रोत : स्थलगत अवलोकन, २०७४ ।

# अध्याय : छ
# बडिगाड गाउँपालिकामा विकासका सम्भाव्य क्षेत्रहरू

## ६.१ परिचय

नेपाल प्राकृतिक राधन र स्रोतले सम्पन्न मुलुक हो । यहाँ जल, जमिन, जङ्गल, जडिबुटी र जैविक विविधताका हिसाबले सम्भावना नै सम्भावनाहरू रहेका छन् । नेपालको पूर्व भागमा सप्त कोसी, मध्यभागमा सप्तगण्डकी र पश्चिम भागमा कर्णाली लगायत ६,००० भन्दाबढी नदीनालाहरू रहेका छन् । यी नदीहरूको समग्रमा ४५,००० कि.मि. लम्बाइ रहेको छ । जङ्गल, जडिबुटीका हिसाबले पनि नेपाल आफैमा धनी छ । हाम्रो पुरानो 'हरियो वन नेपालको धन' भन्ने भनाई अद्यापि कायमै छ । जैविक विविधताको अवस्था हेर्दा यहाँ ८५८ चराचुरुङ्गीहरू, १७९ जातका माछाहरू, ६०० भन्दाबढी जातका पुतलीहरू, ४३८ प्रकारका किराफट्याङ्ग्राहरू, १७५ प्रकारका स्तनधारी प्रजातिहरू, ८०० भन्दाबढी जातका औषधिका लागि प्रयोग हुने जडिबुटीहरू, रातो, सेतो र गुलाफी रङका ३० भन्दाबढी प्रकारका गुराँसहरू रहेको पाइन्छ ।

नेपाल विश्वमै जैविक विविधतामा धनी मुलुक हो । विश्वको जैविक विविधतामा नेपाली सम्पदाको योगदानलाई हेर्दा चराको ८.५ प्रतिशत, पुतलीको ४.२ प्रतिशत, स्तनधारीको ४.२ प्रतिशत, माछाको २.२ प्रतिशत र घर्सनेको १.४ प्रतिशत रहेको पाइन्छ ।त्यसै गरी एशियाली राष्ट्रहरूबीच नेपालको जैविक विविधतालाई हेर्दा स्तनधारी जीवहरूतर्फ १३.१ प्रतिशत, चराहरू १५.१ प्रतिशत र घर्सने प्राणी ७८ प्रतिशत रहेको देखिन्छ । यी सबै अवस्थालाई विश्लेषण गर्दा नेपाल अन्य मुलुकहरू भन्दा भौगोलिक रूपमा सानो देखिए तापनि जैविक विविधतामा विशाल मुलुक हो भन्न सकिन्छ । भूगोलको क्षेत्रफलमा नेपाल चीनभन्दा ७० गुणा सानो छ तर पुष्प धनको आधारमा हेर्दा पाँच गुणा, स्तनधारीका लागि दुई गुणा र चराहरूका लागि दुई गुणा मात्र सानो देखिन्छ (GON/MOFSC, 2014; शर्मा, २०६५; सिलवाल, २०६२) । यस हिसाबले नेपाल विश्वमा २५ औँ र एशियामा ११ औं स्थानमा पर्दछ । नेपालमा उल्लिखित सम्भावनाहरू भए तापनि भौगोलिक एवम् क्षेत्रगत रूपमा यसको प्रभावकारी अध्ययन अझै हुनसकेको देखिदैन ।

नेपालको परिवर्तित सन्दर्भमा संमृद्धिका लागि भौगोलिक एवम् क्षेत्रगत रूपमा अध्ययन हुनु आवश्यक छ । विषयगत विज्ञहरू तयार गर्दै प्रभावजन्य क्षेत्रको पहिचान गरेर सम्भावना एवम् आवश्यकतामा आधारित भूगोलअनुसारको विकास मोडल तयार गर्नुपर्दछ । सबै क्षेत्रमा एकै पटक लगानी गर्न नसकिने भएको हुँदा जुन क्षेत्रमा लगानी बढाउँदा त्यसले अन्य क्षेत्रलाई समेत मलजल गर्दछ सो क्षेत्रको पहिचान गर्नुपर्दछ । योजना बनाउँदा पनि जुन वर्गले फाइदा लिने हो, उसैलाई सहभागी गराउनु पर्दछ । योजना निर्माण, कार्यान्वयन र सम्पन्न भइसकेपछि त्यसको संरक्षणसमेत गर्ने गरी योजना बनाएमा दीगो, समावेशी र तीव्र आर्थिक विकास सम्भव हुनसक्छ । भूगोलअनुसारका विकास मोडेल तर्जुमा गर्नसकेमा मात्र संमृद्धिमा पुग्न सकिन्छ (सिलवाल, २०७४) ।

नेपालमा जस्तै बडिगाड गाउँपालिकामा पनि धेरै सम्भावनाहरू रहेका छन् । जल सम्पदा, वन सम्पदा, खनिज सम्पदा, कृषि, पर्यटकीय उत्पादनहरू, विविध भाषा, जातजाति र संस्कृति, ऐतिहासिक पक्ष आदिमा यो गाउँपालिका आफैमा धनी छ तर पनि यसको व्यापक रूपमा अध्ययन अनुसन्धान हुनसकेको

छैन । प्रस्तुत अध्ययन पनि फरक परिवेशमा बागलुङ्को बडिगाड गाउँपालिकाको संमृद्धिका लागि विद्यमान आर्थिक एवम् सामाजिक सूचकहरूको समीक्षा गर्दै तथ्यमा आधारित वस्तुगत विवरण तयार गर्नमा केन्द्रीत रहेको छ ।

**६.२ बडिगाड गाउँपालिकामा सम्भावनाका क्षेत्रहरू**

बडिगाड गाउँपालिका सम्भावनै सम्भावना रहेको गाउँपालिका हो । प्रकृति र संस्कृतिबाट यो क्षेत्र निकै धनी छ । जल, जमिन, जङ्गल, जटिबुटी र पर्यटनका क्षेत्रहरू यो गाउँपालिकाको सम्पति अमूल्य सम्पत्ति हुन् । यस गाउँपालिकामा वन जङ्गलले ढाकेको क्षेत्र प्रसस्त भएको हुँदा पशुपालन गर्नसकिने सम्भावना छ । बडिगाडखोला, लब्धिखोला, गिरिङ्दीखोला, भिमखोला, दर्लिङ्खोला, इलुखोला, खारखोला लगायतका खोलाहरूबाट विद्युत निकाल्न सकिने सम्भावना प्रसस्त छ । खानेपानीको सहज आपूर्ति गर्नसकिने सम्भावना छ । कृषियोग्य जमिनमा सिंचाईको सुविधा पुऱ्याउन सकेमा, कृषिमा आधुनिकीकरण तथा व्यवसायिकरण गर्नसकेमा यो क्षेत्रका जनतालाई आर्थिक रूपमा सवल बनाउन सकिने सम्भावना छ ।

मौलिक पहिचान बोकेका साँस्कृतिक पक्षलाई प्रवर्द्ध गर्नसकेमा आन्तरिक तथा बाह्य पर्यटकहरूलाई आकर्षित गर्नसकिने अवस्था यो गाउँपालिकामा रहेको छ । यस गाउँ पालिकामा कृषि क्षेत्र, जटिबुटी र खानीहरू प्रसस्त मात्रामा भएको हुँदा यसको अनुसन्धान केन्द्र स्थापना गर्नसकिने सम्भावना छ । धान, गहुँ, मकै, कोदो, आलु, भाँगो, कफी, मरिच र अलैंचीको पकेट क्षेत्रइलाका घोषणा गरी लगानी पवर्द्धन गर्न सकिने सम्भावना छ । यस गाउँपालिकाका सबै वडाहरूमा माध्यामिक विद्यालय भएको हुँदा शैक्षिक गुणस्तर बढाउन र आवश्यक पर्ने दक्ष जनशक्ति उपलब्ध गराउँन प्राविधिक विषय पठनपाठन हुने क्याम्पस स्थापना गर्नसकिने पनि सम्भावना छ । सामुहिक भावना भएका जनताहरूको बसोबास यो क्षेत्रमा रहेको हुँदा विकास निर्माणका क्षेत्रमा सहज रूपमा जनसहभागिता जुटाउन सकिने सम्भावना देखिन्छ । यो गाउँपालिकामा रहेका सम्भावनाका क्षेत्रहरूलाई तपसिलमा उल्लेख गरिएको छ :

**तालिकाः ६.१**
**बडिगाड गापाका सम्भावनाका क्षेत्रहरू**

| क्र.स. | वडा नं | | | | |
|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ |
| १. | कृषि (आलु, मकै) तथा पशुपालन (बाखापालन) | कृषि (धान, तरकारी खेती, तरूल) तथा पशुपालन (भेडाबाखापालन) र कृषि हाटबजार ( खर्वाङ) | कृषि (मकै, आलु, भाँगो, सिलाम, टिमुर) तथा पशुपालन (भेडाबाखापालन) | कृषि (मकै, कोदो, आलु, अदुवा, बेसार, टिमुर, खुर्सानी) तथा पशुपालन (भेडाबाखापालन) | कृषिको पकेट क्षेत्र (धान, गहुँ, मकै, कोदो, कफि, चिया, मरिच) र कृषि अनुसन्धान केन्द्र |
| २. | मौरी पालन (दगा, नेपाने) | फलफूल खेती (केरा, लिची, आँप, अनार, मेवा) | खानी (सिसा, फलाम, स्लेट) | मौरीपालन | फलपूल (आँप, किवि, केरा, लिची, भुइस्याउ, मरिच, कफी, कागती) |
| ३. | फलफूल खेती | माछापालन | फलफूल (सुन्तला, | घरेलु उद्योग | शहरीकरण (शिक्षा, |

| | | | | | |
|---|---|---|---|---|---|
| | (किवी, फलम, नास्पती, अलैंची, सुन्तला, कागती, चिउरी) | | कागती, पलम, अम्बा, केरा) | (मसला, निगालोबाट बन्ने सामग्री) | स्वास्थ्य र व्यापारको केन्द्र) |
| ४. | पर्यटन (गर्‍याङ्चौर, सरायो नाच)/होम स्टे (नौटुवा, ओवाङ, नेपाने) | पर्यटन (सरायो, हाम्फै, मालश्री नृत्य)/होम स्टे (दनियामा) | पर्यटन (देवीढोका, घाटु, सोरठी, झाम्रे)/होम स्टे (तारजा, ताकर) | पर्यटन/धार्मिक पर्यटन (सोरठी, छत्रभूमि मन्दिर, बौद्धगुफा/होम स्टे (झुलडाडा, तालकोट) | पर्यटन/धार्मिक पर्यटन (थानपति मन्दिर, चमेरे गुफा, न्वागी मेला, गाईजात्रा)/ होमस्टे (सिमाक) |
| ५. | जडिबुटी (चिराइतो) | जलविद्युत (ग्रिङ्दी) | मौरीपालन (सालफेद, किटेनी) | जलविद्युत | उद्योग (खाद्य, कर्सर, मिनिरल पानी) |
| ६. | चिउरी उद्योग (नेपानेको तल्लो क्षेत्र) र निगाले प्रजातिको उद्योग (दगा) | उद्योग (खारापानी, तामेडाडा नुनखानी) | उद्योग (चिउर, खनिजजन्य र बाँसजन्य)/ जडीबुटी (चिराइतो, एक्लेवीर) | जडिबुटी, कागती खेती | मौरीपालन |
| **क्र.स.** | **वडा नं** | | | | |
| | **६** | **७** | **८** | **९** | **१०** |
| १. | कृषि (सिल्म, भाँगो, व्यवसायिकतरकारी) तथा पशुपालन (बाख्रापालन) | कृषि(आलु, सिलम, धान, मकै) तथा पशुपालन (भेडाबाख्रा र भैसी पालन) | कृषि (मकै, आलु, भाँगो, जौ, फापर, च्याउ खेती) तथा पशुपालन (भेडाबाख्रा र भैसी पालन) | कृषि (धान, गहुँ, मकै, तोरी, टिमुर) तथा पशुपालन (बाख्रा/भैसी पालन) | कृषि (आलु, गहुँ, मकै, कोदो) तथा पशुपालन (भेडाबाख्रा र गाई भैसी पालन) |
| २. | माछापालन | पर्यटन/धार्मिक पर्यटन (असारे, डाडागाँउ,खामडाडामा भ्यु टावर, सरायो नाच, सोरठी, नौमती बाजा) | वन/वन्यजन्तु/जटिबुटी (चिराइतो) | फलफूल खेती (लिची, केरा, आँप, चिउरी, पलम) | पर्यटन (सोरठी, सरायो, नौमती बाजा, बल्खे लेक)/होम स्टे (गँगरे, निगलपानी, आरूपाटा) |
| ३. | पर्यटन (सोरठी, झाम्रे)/होम स्टे (घ्वाँग, सुर्खुदी) | उद्योग (चिउरी साबन, बाँस/निगालो प्रजातीका सामग्री) | खानी (स्लेट, फलाम, तामा) | पर्यटन/होम स्टे (मालारानी, बलघास, टाकुरा, नेपानेको धुरी) | अलैची |
| ४. | शहरीकरण (व्यापार, शिक्षा) | स्लेठ खानी (जेलखोलामा) | पर्यटन (शिव, सिद्धबारी, र लेङ्गा धुरी, सरायो र | जलविद्युत | खानी (स्लेट खानी) |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सोरठी नाच)/होम स्टे (नेटाखर्क, जिल्लाकै उच्चस्थानमा रहेको खोलाखर्क बस्ती) | | |
| ५. | जलविद्युत (भिमघाट, बडिगाड) | जलविद्युत (भिमखोला) | मौरी पालन/मह शिकार | उद्योग (जाम उद्योग) | वन तथा वन्यजन्तु |
| ६. | | शहरीकरण (शिक्षा, व्यापार, उद्योग) | उद्योग (लोक्ता र अल्लो) | | जलविद्युत (दर्लिङ खोला) |

स्रोत : बडिगाड गाउँपालिकाको कार्यालय, २०७५; स्थलगत अवलोकन, २०७४ र २०७५ ।

यसरी स्थलगत अवलोकन, सरोकारवालाहरू बीचको छलफल, वार्षिक नीति तथा कार्यक्रम आदिका आधारमा बडिगाड गाउँपालिकाको विकासका सम्भावनाका क्षेत्रहरू निम्नानुसार रहेको देखिन्छ–

**क. कृषि तथा पशुपालन :** यो गाउँपालिकाको सम्भावनाको मुख्य क्षेत्र कृषि तथा पशुपालन नै भएको कुरा स्थलगत अवलोकनबाट पुष्टी हुन्छ । यसलाई व्यवसायीकरण गर्न कृषक वर्गलाई उन्नत बीउबीजन, मलखाद, आधुनिक पद्धति अनुसारको सीपमूलक तालिम र औजार, अनुदानको व्यवस्था, बजारीकरणको पूर्वाधार विकास, भण्डारणको व्यवस्था, कृषकलाई प्रोत्साहन र सम्मान कार्यक्रम, पशुविमा, उन्नत जातका पशुपंक्षी आदिको नीतिगत व्यवस्था गर्नसकेमा यो गाउँपालिकाको विकासको आधार कृषि तथा पशुपालन क्षेत्र बन्नसक्ने देखिन्छ ।

**ख. खानी तथा उद्योग :** बडिगाड गाउँपालिका आफैमा खानीको प्रचुर सम्भावना भएको क्षेत्र हो । यहाँका पुराना खानीहरूको उत्खनन् र सञ्चालनमा रहेका खानीहरूको उचित व्यवस्थापन गर्नसकेमा आम्दानीको दीगो र दरिलो स्रोत बन्नसक्ने देखिन्छ । विशेष गरी स्लेट खानीको व्यवस्थापन र तामा तथा फलाम खानीको उत्खनन् गर्न पहल गर्नुपर्ने देखिन्छ ।

**ग. वन :** बडिगाड गाउँपालिका ५६.४ प्रतिशत भूभाग वनजंगलले ढाकेको क्षेत्र हो । यहाँ पाइने वनपैदावरको संरक्षण, व्यवस्थापन, संवर्द्धन र उचित निकासीको व्यवस्था गर्नसकेमा यो रोजगारीको सिर्जना तथा आम्दानीको स्थायी स्रोत बन्नसक्ने देखिन्छ ।

**घ. पर्यटन :** बडिगाड गाउँपालिका सामाजिक, साँस्कृतिक, भौगोलिक र प्राकृतिक विविधताले भरिपूर्ण क्षेत्र हो । यहाँका यी सम्पदाको समुचित संरक्षण, व्यवस्थापन र उपयोग गर्ने नीति अवलम्वन गर्नसकेमा यो क्षेत्र विकासका लागि आधार स्तम्भ बन्नसक्ने देखिन्छ ।

**ङ. जलस्रोत :** बडिगाड गाउँपालिका जलस्रोतको धनी स्थानीय तह हो । यहाँको जलसम्पदालाई कृषि र उर्जाको क्षेत्रमा मात्र उपयोग गर्नसकेमा पनि गाउँपालिकालाई आत्मनिर्भर गराउनसक्ने सम्भावना छ ।

**च. प्राविधिक शिक्षा तथा अनुसन्धान केन्द्र :**बडिगाड गाउँपालिका प्राकृतिक सम्पदाले सम्पन्न स्थानीय तह भए पनि प्रविधि र प्राविधिक जनशक्तिको कमीले गर्दा यो क्षेत्र पछाडि परेको छ । यो समस्याको परिपूर्ति गर्न कृषि, वन र

पशुपालनसँग सम्बन्धित प्राविधिक शिक्षालय र अनुसन्धान केन्द्रहरू स्थापना गर्नसकेमा यो गाउँपालिकाको दीर्घकालीन विकासको पूर्वाधार निर्माण हुनसक्ने देखिन्छ ।

**छ. विद्यमान जनशक्ति पहिचान र यसको परिचालन :** स्थानीय साधन र स्रोतको उपयोग गर्न स्थानीय जनशक्तिको पहिचान र परिचालन गर्नसक्नु पर्दछ । स्थानीय जनशक्तिलाई परिचालन तथा थप जनशक्ति उत्पादनका लागि विभिन्न तालिम र प्रशिक्षणका कार्यक्रमहरू सञ्चालन गर्नसकेमा स्थानीय साधनस्रोतहरूको सदुपयोग हुने, रोजगारीका अवसरहरू सिर्जना हुने र जनताको जीवन स्तर माथि उठ्न सक्ने सम्भावना देखिन्छ ।

**ज. भौतिक पूर्वाधारहरूको निर्माण :** बडिगाड गाउँपालिकाको जीवन स्तर उठाउन भौतिक पूर्वाधारहरू निर्माण गर्नुपर्ने चुनौतीहरू रहेका छन् । यी चुनौतीहरूलाई न्युनीकरण गर्न वहुवर्षिय पूर्वाधार विकासका योजना (सडक, पुलपुलेसा, केवलकार, रोपवे आदि) हरू तर्जुमा गरी कार्यान्वयनमा जानुपर्ने देखिन्छ । यसो भएमा स्थानीय सम्भावनाको पहिचान, स्थानीय उत्पादनको उचित मूल्य र बजारीकरण, बसाइसराइको न्युनीकरण, पर्यटकको आकर्षण आदि सम्भावनाको ढोका खुल्ने देखिन्छ ।

**झ. विप्रेषणको सदुपयोग र सम्भावित लगानीका क्षेत्रहरू :** बडिगाड गाउँपालिकाको मुख्य आयस्रोत भनेको विप्रेषण स्वरूप प्राप्त हुने आय हो । यो आम्दानीलाई समुचित सदुपयोग गर्न नसकेका कारण बसाइ सराइ, फजुल खर्च, दुर्वेसन लगायतका समस्याहरू बढ्दो क्रममा देखिएका छन् । यी समस्याको समाधान भनेकै विप्रेषणलाई उत्पादनमुखी कार्यमा लगाउन सकिने वातावरणको सिर्जना गर्नु हो । यहाँ भित्रिने विप्रेषण आयलाई उर्जा, केबुलकार, व्यवसायिक कृषि तथा पशुपालन फर्महरू, फलफूल खेती, जडीबुटी प्रशोधन, होमस्टे/उद्योगहरू सञ्चालन, पिउने पानी उद्योग, निजी प्राविधिक शिक्षालयहरूको सञ्चालन, खानी आदि क्षेत्रमा लगानी गर्नसक्ने वातावरण सिर्जना गर्नसकेमा यसको सही सदुपयोग हुने देखिन्छ । यसका साथै रोजगारी, पारिवारिक सन्तोष, स्थानीय कलासंस्कृतिको संरक्षण, उत्पादनमा श्रमशक्तिको सहज आपूर्ति, भ्रातृत्व र मातृत्वको भावनाको विकास आदि क्षेत्रमा टेवा पुग्ने देखिन्छ । यसले नै संमृद्ध बडिगाड निर्माणमा सहयोग पुग्ने देखिन्छ ।

### ६.३ अल्पकालीन, मध्यकालीन र दीर्घकालीन विकास निर्माणका योजना तर्जुमा

बडिगाड गाउँपालिकाको समग्र विकासका लागि एक बर्से अल्पकालीन, तीनदेखि पाँच वर्षसम्मका मध्यकालीन र पाँच वर्ष वा सोभन्दा माथिको दीर्घकालीन विकास निर्माणका योजना बनाउनु पर्ने आवश्यकता रहेको छ । यो आवश्यकता परिपूर्ति गर्न गाउँपालिकाले आ.व. २०७४/०७५ मा प्रस्तुत गरेका नीति तथा कार्यक्रम र वस्तुगत तथ्यमा आधारित भइ यस गापाका अल्पकालीन, मध्यकालीन र दीर्घकालीन नीति तथा कार्यक्रमहरू निम्नानुसार प्रस्तुत गरिएको छ–

**क. अल्पकालीन नीति तथा कार्यक्रमहरू**

- सम्भावनाहरूको पहिचान र विद्यमान चुनौतीहरूको निराकरणका लागि विचार गोष्ठीहरूको आयोजना गर्ने,
- गाउँपालिका भित्र बैंक स्थापना गर्ने,
- आवश्यक जनशक्ति व्यवस्थापनको खाका तयार गर्ने,

- विविध तालिम र प्रशिक्षणका कार्यक्रमहरूको आयोजना गर्ने,
- लघुउद्यमका कार्यक्रमहरू सञ्चालन गर्ने,
- पशुपालन व्यवसायलाई प्रोत्साहन गर्नका लागि घाँसे विरूवाको नर्सरी स्थापना गर्ने,
- सामुदायिक रेडियोको क्षमता विस्तार र अनलाइन पत्रिकाको व्यवस्था गर्ने,
- फोहर मैला व्यवस्थापनका लागि अभियान सञ्चालन गर्ने,
- गाउँपालिकाको वस्तुगत विवरण तयार गर्ने,
- शिक्षा, स्वास्थ्य, पर्यटन र भौतिक पूर्वाधार विकासका गुरूयोजनाहरू निर्माण गर्ने,
- सञ्चालनमा रहेका विद्यालयहरूको शैक्षिक गुणस्तर मापन गर्ने,
- गाउँपालिका स्तरीय खेलकूद मैदान निर्माणका लागि सम्भाव्यताको खोजी गर्ने,
- शिक्षा र स्थास्थ्य क्षेत्रमा तत्काल सुधारका कार्यक्रमहरू सञ्चालन गर्ने,
- गापाका सबै नागरिकहरूलाई स्वास्थ्य विमा गर्न प्रोत्साहित गर्ने र गर्न नसक्ने अतिविपन्नहरूको तथ्याङ्क अभिलेखीकरण गर्ने,
- अर्गानिक उत्पादनका लागि क्षेत्र पहिचान र उत्पादनमा प्रोत्साहन गर्ने,
- वास्तविक सुकुम्वासीहरूको पहिचान गरी दीगो व्यवस्थापनको उपाय खोजी गर्ने,
- वेरोजगार, अशक्त, असहाय र एकल महिला तथा ज्येष्ठ नागरिहहरूको तथ्याङ्क सङ्कलन गरी उचित व्यवस्थापनका लागि विकल्पको खोजी गर्ने,
- पानी, विद्युत र आवासबिहीन परिवारको व्यवस्थापनका लागि विकल्पको खोजी गर्ने,
- एकीकृत वस्ती र ग्रामीण शहर व्यवस्थापनका लागि योजना बनाउने,
- गाउँपालिका भित्र रहेका विविध खानीको उत्खनन् र सञ्चालन गर्नका लागि सम्भाव्यता अध्ययन गर्ने,
- गाउँपालिकाको समग्र भौतिक पूर्वाधार निर्माण गर्नका लागि कम्तीमा ५० रोपनी जग्गा खरिदको योजना बनाउँने,
- गाउँपालिकाका हरेक वडाहरूमा कृषि तथा वनजन्य उत्पादन गराउन एक वडा एक नर्सरी निर्माण गर्ने र हरेक वर्ष निजी आवादी तथा नाङ्गा पाखाहरूमा वृक्षारोपण गर्ने कार्य गर्ने,
- असंगठित रूपमा सञ्चालनमा रहेका खानी तथा घरेलु उद्योगहरूलाई दर्ता गरी व्यवस्थित गर्ने गराउने,
- गापाभित्र रहेका सबै उद्यमीहरूको सीप र क्षमतालाई प्रयोगमा ल्याउन उपयुक्त नीति निर्माण गर्ने,
- गापाभित्रका महिला सञ्जाल र आमासमूहहरूको क्षमता अभिवृद्धि गर्न गोष्ठी तथा तालिमको आयोजना गर्ने,
- गापाभित्र उत्पादन हुने फलपूल तथा तरकारीको संरक्षण र संवर्द्धन गर्न उपयुक्त स्थानमा चिस्यान केन्द्र स्थापनाका लागि सम्भाव्यताको खोजी गर्ने आदि ।

**ख. मध्यकालीन नीति तथा कार्यक्रमहरू**

- कृषि उत्पादनमा व्यवसायीकरण र आधुनिकीकरण गर्ने,
- धान, गहुँ, मकै, आलु, भाँगो र अलैचीको पकेट क्षेत्र विस्तार गरी ब्लक जोनको विकास गर्ने,
- पशुपालन, माछापालन, कुखुरा पालन, मौरी पालन आदिको विशेष योजना निर्माण गरी कार्यान्वयन गर्ने,
- पशुपालक कृषकहरूका लागि प्राविधिक सेवा र घाँसे विरूवा उपलब्ध गराउने,
- गापाभित्र दुग्ध उद्योगको स्थापना र बजारीकरणको व्यवस्था गर्ने,
- गड्याङ धुरी (सिसाखानी र दगातुन्डाडाको बीचमा), देवीढोका पहाड (सिसाखानी), जन्तेढुङ्गा (जलजला), लोङ्गाको धुरी (रनसिंहकिटेनी, जलजला, सिसाखानी), शिवधुरी (रनसिंहकिटेनी), फागुसे धुरी (रनसिंह किटेनी), तीन चुले (रनसिंह किटेनी), सिद्धधुरी (रनसिंह किटेनी), दर्लिङ धुरी (दर्लिङ), डाडाकटेरी र बल्देलेक (दर्लिङ), बजेनी धुरी (रनसिंह किटेनी र भिमगिठे), गोठान धुरी (भिमगिठे), गोरूसिंङ्गे/असारे धुरी(भिमगिठे), सुर्खुदी (ग्वालीचौ र भिमगिठे), केसेपोखरी (ग्वालीचौर), चित्राम/दाँगाको धुरी (ग्वालीचौ, भिमगिठे र रनसिंहकिटेनी), गँगरे धुरी (दर्लिङ), दर्लिङको धुरी (दर्लिङ), चमेरे गुफा (ग्वालिचौर), झुले डाडा (जलजला), करूण गुफा (ग्वालीचौर), अन्धाअन्धी ताल (ग्वालिचौर) प्रकृतिका पर्यटकीय उत्पादनहरूमा पर्यटकीय पूर्वाधारहरू निर्माण गर्नुपर्ने,
- यस गाउँपालिकामा रहेका गड्याङ चौर (वडा नं. १ र ३ को सीमानामा), ठूलो चौर (साविक ३ बारी गाउँमा), ठूलो चौर (साविक ४ जलजला), सिमाक थरी, दाँगदी चौर र तोला चौर (ग्वाली चौर ५), नेटाखर्क चौर (रनसिंह किटेनी ८) र गँगरे चौर, दहचौर, डाडाकटेरी चौर (दर्लिङ १०) लगायतका सार्वजनिक चौरहरूलाई वस्ति व्यवस्थापन तथा खेलकूद मैदान निर्माणका रूपमा विकास गर्नुपर्ने,
- बडिगाड गापालाई उज्यालो गाउँ घोषणा गर्ने,
- मौलिक संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्ने,
- सबै वर्ग र समुदायमा शिक्षाको पहुँच पुऱ्याउने,
- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विशेष कार्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने,
- भौतिक पूर्वाधार र क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने,
- हरेक विद्यालयलाई वातावरण मैत्री, बालमैत्री, अपाङ्ग मैत्री बनाउँदै एक विद्यालय, एक फुलबारीको निति लागू गर्ने,
- सबै विद्यालय र सरकारी कार्यालयहरूमा विद्युतीय हाजिरीको व्यवस्था गर्ने,
- विद्यार्थीहरूका लागि प्रोत्साहनका कार्यक्रमहरू सञ्चालन गर्ने,
- गापाभित्र प्राविधिक शिक्षालय सञ्चालनका लागि आवश्यक पूर्वाधार तयार गर्ने,
- उच्च शिक्षा र प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूका लागि अवसर जुटाइ दिने,
- गाउँपालिका स्तरीय खेल मैदान निर्माणका लागि पूर्वाधार तयार गर्ने,
- वृक्षारोपण, वन्यजन्तुको संरक्षण लगायतका वन तथा वातावरण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने,

- भूक्षय नियन्त्रण गर्न र पर्यावरणीय सन्तुलनका लागि नाङ्गा पाखाहरूमा वृक्षारोपण गर्ने,
- एक गाउँ एक नमुना कार्य, एक गाउँ एक पोखरी, एक गाउँ एक फुलवारी उद्यान र एक गाउँ एक होमस्टेको कार्ययोजना निर्माण गर्ने,
- स्वास्थ्य सेवासँग सम्बन्धित घुम्ती सेवाहरू, स्वच्छ खानेपानीको व्यवस्था, १५ शैयासम्मको अस्पताल निर्माणका लागि पूर्वाधार निर्माण गर्न पहल गर्ने लगायतका कार्यक्रमहरू सञ्चालन गर्ने,
- एम्बुलेन्स सेवाको सञ्चालन गर्ने,
- सार्वजनिक सुनुवाइ, लेखापरीक्षण, सामाजिक परीक्षण, सेवाग्राही र कर्मचारीकालागि विविध तालिमहरूको सञ्चालन, निजी लगानी कर्तालाई लगानी गर्ने उपयुक्त वातावरण सिर्जना लगायतका सुशासन तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्ने,
- गाउँपालिकाको कार्यालय व्यवस्थापनका लागि जग्गा खरिद गरी भौतिक पूर्वाधार निर्माणको थालनी गर्ने,
- विपद् व्यवस्थापनका लागि योजना निर्माण गर्ने,
- खानी उत्खनन् र सञ्चालन सम्बन्धी गुरूयोजना तयार गर्ने,
- गापाभित्र सञ्चालनमा रहेका सबै उद्यमीहरूको उद्योगहरूलाई प्रवर्द्धन गर्ने,
- महिला सञ्जाल र आमासमूहहरूको क्षमता पहिचान गरी उनीहरूलाई आय आर्जनका क्षेत्रमा संलग्न गराउने,
- गापाभित्र उत्पादित फलपूल तथा तरकारीको संरक्षण र संवर्द्धन गर्न उपयुक्त स्थानमा चिस्यान केन्द्र स्थापना गर्ने,
- गापाका सबै नागरिकहरूलाई स्वास्थ्य विमा गर्न अनिवार्य गर्ने र गर्न नसक्ने अतिविपन्नहरूका लागि स्वास्थ्य विमाको व्यवस्था गरिदिने आदि ।

**ग. दीर्घकालीन नीति तथा कार्यक्रमहरू**

- खर्वाङ-किटेनी-सिसाखानी-जलजला-सिमाक देउराली-रनसिंह-भिमघाट-दर्लिङ-गँगरे सम्म चक्रपथ निर्माण गर्नुपर्ने र त्यसलाई कालो पत्रे गर्ने,
- गाउँपालिकादेखि छिमेकी नगरपालिका र गाउँपालिकासम्म जोड्ने मोटर बाटोको स्तरोन्नति गर्ने,
- भौतिक पूर्वाधारको गुरूयोजना अनुसार निर्माणका कार्यहरू सम्पन्न गर्ने,
- प्रत्येक टोलवस्तीदेखि वडाकेन्द्रसम्म र वडाकेन्द्रदेखि गाउँपालिकाको केन्द्रसम्म सडक सञ्जाल निर्माण गर्ने,
- मुख्य र सहायक निर्माणाधीन मोटरेवल पुलहरू सम्पन्न गर्ने,
- १५ शय्यासम्मको अस्पताल स्थापना गर्ने,
- एक गाउँ एक नमुना कार्य, एक गाउँ एक पोखरी, एक गाउँ एक फुलवारी उद्यान र एक गाउँ एक होमस्टेको कार्यक्रम सञ्चालन गर्ने,

- गापाभित्रका कच्चापदार्थको सदुपयोग गर्ने गरी फर्निचर उद्योग, अल्लो कपडा उद्योग, आलुचिप्स उद्योग, जाम उद्योग, आवास पर्यटन/ पर्यटन उद्योग, अर्गानिक खाद्यय उद्योग, पेयपदार्थ उद्योग, टायल उद्योग, कर्सर उद्योग, बाँको/ढकायो गुन्द्रुक (सिन्की) उद्योग, जडीबुटी प्रशोधन उद्योग आदि स्थापना गरी सञ्चालन गर्ने,
- गाउँपालिका भित्र साँस्कृतिक, राजनीतिक र ऐतिहासिक संग्राहालयको निर्माण गर्ने,
- जलविद्युतका आयोजनाहरू सञ्चालन गर्ने,
- वस्ती विकास र भवन निर्माणको मापदण्डलाई कार्यान्वयन गर्ने,
- गाउँपालिकाभित्र रहेका सबै खानीहरूलाई सञ्चालनमा ल्याउने,
- विपद् व्यवस्थापनका लागि उपयुक्त स्थानको चयन गरी भौतिक संरचनाहरूको निर्माण गर्ने,
- गाउँपालिकाको कार्यालय व्यवस्थापन गर्नका लागि भौतिक पूर्वाधार निर्माणको कार्य सम्पन्न गर्ने,
- बडिगाड गाउँपालिकाको सामाजिक, भौगोलिक र प्राकृतिक अवस्थाको पहिचान दिनसक्ने स्थानीय पाठ्यक्रमको निर्माण गरी विद्यालयहरूमा लागू गर्ने,
- गाउँपालिका स्तरीय खेलकूद मैदान निर्माण गर्ने,
- गापाभित्र कृषि/पशु/वनसँगसम्बन्धित प्राविधिक शिक्षालय सञ्चालनमा ल्याउने,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी जलविद्युत उत्पादनको गुरूयोजना तयार गरी कार्यान्वयन गर्ने आदि ।

अध्याय : सात

# उपसंहार

## ७.१ सारांश

नेपालको नक्सासँग मिल्ने जिल्ला बागलुङ हो । यस जिल्लामा १० वटा स्थानीय तहहरू रहेका छन् । यस मध्येको एउटा गाउँपालिका बडिगाड हो । यो गाउँपालिका साविकका दगातुन्डाडा, जलजला, सिसाखानी, रनसिंहकिटेनी, ग्वालिचौर, भिमगिठे र दर्लिङ गाउँविकास समितिलाई मिलाएर बनाइएको हो । यसको पूर्वमा गलकोट नगरपालिका; पश्चिममा निसीखोला गाउँपालिका तथा ढोरपाटन नगरपालिका र प्युठान जिल्ला; उत्तरमा गलकोट नगरपालिका र बडिगाड गाउँपालिका तथा दक्षिणमा गुल्मी जिल्लाका मुसिकोट नगरपालिका तथा मालिका गाउँपालिकाहरू पर्दछन् । यस गाउँपालिकाको सबैभन्दा होचो भाग समुद्री सतहबाट करिब ६ सय ५० मिटरदेखि सबैभन्दा अग्लो भाग करिब ३५ सय मिटर उचाइमा रहेको छ । यसको कुल क्षेत्रफल समग्रमा १७८.०७ वर्ग कि.मी. रहेको छ । यो बागलुङको सबैभन्दा ठुलो गाउँपालिका पनि हो ।

संघीयताको मुल उद्देश्य सिंहदरबारको अधिकारलाई स्थानीय तहसम्म पुर्‍याइ समतामूलक समाज र समृद्ध गाउँ बनाउनु हो । यही उद्देश्य परिपूर्ति गर्न शासन व्यवस्थामा जनताको समानुपातिक सहभागिता हुनु पर्दछ र आफ्नै स्वामित्वको अनुभूति गरेको सरकारबाट आवश्यक सेवा र सुविधा पाउनु पर्दछ । अधिकार र कर्तव्यका निम्ति जनताले आफ्नो स्थानीय तहको वस्तुगत अवस्था, सम्भावना र संवैधानिक अधिकारका बारेमा बुझेको हुनु पर्दछ । तसर्थ यो अध्ययन पनि यही उद्देश्य परिपूर्ति गर्नमा केन्द्रीत गरिएको छ ।

बडिगाड गाउँपालिकाको प्रस्तुत वस्तुगत विवरणलाई सात अध्यायमा विभाजन गरिएको छ । यसको पहिलो अध्यायमा बडिगाड गाउँपालिकाको अध्ययन परिचय गराइएको छ भने दोस्रो अध्यायमा बडिगाड गाउँपालिकाको सामान्य परिचय दिइएको छ । यस वस्तुगत विवरणको तेस्रो अध्यायमा गाउँपालिकाको सामाजिक अवस्थाको यथार्थ चित्रण गरिएको छ । अध्याय चारमा गाउँपाकिलाकाको आर्थिक तथा भौतिक अवस्थाको चिनारी दिइएको छ । पाँचौं अध्यायमा गाउँपालिकाको संगठनात्मक ढाँचा र संवैधानिक अधिकारहरूको सूची प्रस्तुत गरिएको छ । अध्याय छमा गाउँपालिकको विकासका सम्भाव्य क्षेत्रहरूको खोजीगर्ने काम भएको छ । प्रस्तुत वस्तुगत विवरणको अध्याय सातको उपसंहार खण्डमा अध्ययनको सारांश, निष्कर्ष र सुझावहरू उल्लेख गरिएको छ ।

## ७.२ निष्कर्ष

बडिगाड गाउँपालिका बागलुङ जिल्लाको मध्य पहाडी लोकमार्गको किनारमा अवस्थित १७८.०७ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको स्थानीय तह हो । यसको आफ्नै ऐतिहासिक, सामाजिक, साँस्कृतिक, भौगोलिक र प्राकृतिक महत्व रहेको छ । यो गाउँपालिकामा कुल जनसंख्या (३०९०६) को ५० प्रतिशत मगर जातिको बसोबास रहेको छ । मगर जातिका सामाजिक र साँस्कृतिक परम्परामा आधारित माघी, न्वागि, उभौली/उधौली आदि पर्व/मेलाहरू र झाम्रे, सोरठी, घाटु, ख्याली, वाली, हाम्फै नाच, सरायो नाच, मालश्री नाच आदि यहाँका मौलिक पहिचानयुक्त लोकसाहित्य हुन् ।

आफ्नो छुट्टै भाषिक पहिचान नभए पनि यस क्षेत्रका मगरहरूको जन्म, चूडाकर्म, विवाह र मृत्यु संस्कार पनि आफैमा मौलिक प्रकृतिका छन् । यो क्षेत्रमा मगर जातिको बाहुल्यता रहे पनि सबै जातिका सामाजिक र साँस्कृतिक परम्पराहरू साझा प्रकृतिका छन् । जातीय, भाषिक, धार्मिक, भौगोलिक र साँस्कृतिक सहिष्णुता र एकता नै यो गाउँपालिकाको मुख्य विशेषता हो ।

यो गाउँपालिकमा उत्पादन हुने मुख्य उपजहरूमा धान, गहुँ, मकै, कोदो, जौ, भटमास, आलु, अलैची लगायतका खाद्य तथा नगदे बालीहरू पर्दछन् । यहाँको मुख्य आर्थिक स्रोत भनेको कृषि, वन पैदावर र जलस्रोत हो । कृषियोग्य जमिनलाई राम्रोसँग सदुपयोग गर्न सकेको खण्डमा यो गाउँपालिकाका जनताहरूलाई पुग्ने खाद्यान्न हालको वडा नं ५ साविक ग्वालिचौर गाविसमा मात्र उत्पादन हुन सक्ने स्थानीयहरूले बताएका छन् । त्यस्तैगरी कुल क्षेत्रफलको ५६.७२ प्रतिशत भूभाग वनजंगलले ढाकेको हुँदा यहाँ जंगल, जडीबुटी, जनावर लगायतका वन पैदावरको सम्भावना नै सम्भावना रहेको छ । वन पैदावरसँग सम्बन्धित उद्यमशीलताको विकास गर्नसकिने सम्भावना पनि यो गाउँपालिकामा रहेको अध्ययनले देखाएको छ ।

जल सम्पदाका हिसावले पनि यो गाउँपालिका निक्कै धनी रहेको छ । प्रकृति र संस्कृतिबाट सम्पन्न यो गाउँपालिकमा पर्यटनको पनि उत्तिकै सम्भावनाहरू छन् । वन क्षेत्र अत्यधिक रहेको हुँदा पशुपालनका ठुलाठुला फर्महरू स्थापना गर्न सकिने सम्भावना छ । त्यसैगरी माछापालन, कुखुरा पालन, मौरी पालन, घरेलु उद्योग सञ्चालन आदिको माध्यमबाट यो गाउँपालिकामा रोजगारी सिर्जना गर्नसकिने सम्भावना देखिन्छ ।

बडिगाड गाउँपालिकामा कुल जनसंख्याको १६.५० प्रतिशत मानिसहरू वैदेसिक रोजगारमा संलग्न भएको यसबाट यहाँ भित्रिने आय र सीपलाई उत्पादनका क्षेत्रमा लगाउन सकिने सम्भावना पनि रहेको छ । यहाँ कृषि तथा वनसँग सम्बन्धित प्राविधिक शिक्षालय र कृषि तथा जडीबुटीको अनुसन्धान केन्द्र स्थापना गर्नसकिने सम्भावना पनि उत्तिकै रहेको छ । यी सबै स्रोतहरूलाई संरक्षण, व्यवस्थापन र समुचित प्रयोग गर्नसकेमा यो गाउँपालिका आफैमा आत्म निर्भर एवम् समृद्ध बन्नसक्ने देखिन्छ ।

**७.३ सुझावहरू**

नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी स्थानीय तह सञ्चालन गर्नसकेको खण्डमा बडिगाड गाउँपालिकालाई समृद्ध बनाउन सम्भव छ । यसका साथै अध्याय छ को ६.३ मा सुझाइएका अल्पकालीन, मध्यकालीन र दीर्घकालीन विकास निर्माणका योजनाहरू सफलतापूर्वक कार्यान्वयन गर्नसकेको खण्डमा पनि यसले विकासको गति लिने र गाउँपालिकालाई आत्मनिर्भर गराउनसक्ने देखिन्छ । अध्ययनले देखाए अनुसार बडिगाड गाउँपालिकालाई थप मार्गनिर्देशन गर्नका लागि निम्नानुसारका केही सुझावहरू प्रस्तुत गरिएको छ–

- बडिगाड गाउँपालिकाको कार्यालयदेखि प्रत्येक वडा कार्यालयसम्म र वडाको केन्द्रदेखी प्रत्येक टोलसम्म जोड्ने गरी सडक सञ्जाल निर्माण गर्नुपर्ने,
- गाउँपालिकाले खर्वाङ-किटेनी-सिसाखानी-जलजला-सिमाक देउराली-रनसिंह-भिमघाट-दर्लिङ- गँगरेसम्म चक्रपथ निर्माण गर्नुपर्ने,

- गाउँपालिकाको ग्वालिचौरमा सुविधा सम्पन्न क्याम्पस स्थापना गर्नुपर्ने र त्यस क्याम्पसमा स्नातकोत्तर तहसम्म पठनपाठन गर्ने व्यवस्था मिलाउनुका साथै यस गाउँपालिकामा रहेका प्रावि/आधारभूत तहमा मातृभाषामा र मावि तहमा शैक्षिक स्तरवृद्धि गर्न अंग्रेजी माध्ययममा समेत पठनपाठन गर्ने व्यवस्था मिलाउनु पर्ने,
- कृषि तथा पशुपालनका लागि पकेट क्षेत्र (रनसिंह किटेनीमा पशुपालन र ग्वालीचौरमा कृषि) घोषणा गरी सोही अनुसारका कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्ने,
- गाउँपालिकाको क्षेत्रभित्र विशेषज्ञ सेवा सहितको झण्डै ५० शैयासम्मको सुविधा सम्पन्न अस्पताल निर्माण गर्नुपर्ने,
- बडिगाड गाउँपालिकामा रहेका देउरालीडाडा, थामडाडा, शिवधुरी, सिद्धबारीधुरी, केशेपोखरी, अन्धाअन्धी ताल, फाकुसे धुरी, तीनचुले, बजेनी, गोठान, बाघखोर, बल्देलेक लगायतका स्थानहरुमा पर्यटन प्रवर्द्धन गर्नका लागि View Tower निर्माण गर्नुपर्ने,
- बडिगाड गाउँपालिकाका जलजला-रायडाडा, सिसाखानी-सिघा, दगारौंय-दगा, भिमगिठे-दर्लिङ, ग्वालीचौर-दर्लिङ लगायतका स्थानहरूलाई जोड्ने गरी आकासे पुल निर्माण गर्नुपर्ने,
- ग्वालीचौर, भिमगिठे, खहरे, नेपाने, दह देउराली, बाघखोर, डाडाकटेरी हुँदै बल्देलेकसम्म पर्यटकीय पदमार्ग निर्माण गर्नुपर्ने,
- रनसिंहकिटेनीका पहराहरूमा पाइने भिरमौरीको महलाई व्यवस्थित र पर्यटकीय आकर्षण बढाउन हनी हन्टिङको पूर्वाधार विकास गर्नुपर्ने,
- बडिगाड गाउँपालिकामा मौलिक पहिचानका रूपमा रहेका न्वागीमेला, सरायो नाच, हाम्फै नाच, सोरठी, घाटु लगायतका लोकसंस्कृतिलाई संरक्षण गर्दै पर्यटकीय आकर्षण बढाउने योजना बनाउनुपर्ने,
- बागलुङ जिल्लाको सबैभन्दा उच्च स्थानमा रहेको अनुमान गरिएको खोलाखर्क बस्तीमा होम स्टे निर्माण गर्नुपर्ने,
- बडिगाड गापाको रनसिंहकिटेनीलाई जटिबुटी र वन्यजन्तुको संरक्षण क्षेत्रको रूपमा विकास गर्ने तथा कृषि क्षेत्रलाई प्रवर्द्धन गर्नको लागि ग्वालिचौरमा कृषि अनुसन्धान केन्द्र स्थापना गर्नुपर्ने,
- बडिगाड गापाको सिमाकमा खेलकूद मैदान निर्माण गर्नुपर्ने,
- बडिगाड गाउँपालिका तथा गलकोट नगरपालिकासँग समन्वय गरी गाजाको दह, डुडेलेक, घुम्टे, शिवधुरी, फाकुशेधुरी, सिद्धबारी धुरी, बजेनी, गोठान हुँदै बुर्तिवाङसम्म र गाजाको दह, घुम्टे, रमुवा, लुङ्गाधुरी हुँदै शिवधुरीसम्म तथा हटिया, घुम्टे, जलजला हुँदै लुङ्गाधुरीसम्म पर्यटकीय पदमार्ग निर्माण गर्नुपर्ने,
- बडिगाड गाउँपालिकामा मगर जाति र संस्कृतिको बाहुल्यता रहेको हुँदा यसको संरक्षण र प्रवर्द्धन गर्न पहिचानयुक्त संग्रहालयको स्थापना गर्नुपर्ने,
- मध्य पहाडी लोकमार्गले छुने खर्वाङदेखि भिमगिठेसम्मको समथर क्षेत्रमा व्यवस्थित शहरीकरणको अवधारणा ल्याउनु पर्ने र उक्त क्षेत्रलाई गाउँपालिकाकै नमुना बस्तीका रूपमा विकास गर्नुपर्ने,
- बडिगाड गाउँपालिकाको खर्वाङदेखि ग्वालीचौरसम्मको क्षेत्रमा गाउँपालिका स्तरीय हाट बजारको व्यवस्था गर्नुपर्ने,

- बडिगाड गाउँपालिकाको भिमगिठेदेखि खर्वाङसम्मको बस्ती संरक्षण तथा जोखिम न्युनीकरण गर्न तटबन्ध निर्माण गर्नुपर्ने,
- गाउँपालिकामा रहेका मुख्य/ अति जोखिमयुक्त बस्तीलाई उचित व्यवस्थापन गर्नुपर्ने,
- बडिगाड गाउँपालिकामा राष्ट्रिय औषत (२१.६ प्रतिशत) भन्दा गरिबीको रेखामुनि रहेको जनसंख्या (३३.११ प्रतिशत) अधिक रहेकाले गरिबी निवारणका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना बनाइ कार्यान्वयनमा लैजानुपर्ने,
- बडिगाड गाउँपालिकामा रहेका एकल महिला र पुरूष, घरबारबिहिन र सुकुमाबासीहरूका लागि घरको आर्थिक अवस्थाको अध्ययन गरी गास, बास र औषधोपचारको व्यवस्था गर्नुपर्ने,
- कुल जनसंख्याको २.८२ प्रतिशत मानिसहरूमा कुनै न कुनै प्रकारको अपाङ्गता देखिएको हुँदा उनीहरूको उचित व्यवस्थापनका लागि अपाङ्ग मैत्री योजना निर्माण गरी कार्यान्वयनमा लैजानुपर्ने,
- विगत १० वर्षको अवधिमा यो गाउँपालिकाबाट स्थायी र अस्थायी रूपमा कुल ३३२ घरपरिवार बसाइ सराइ गरी अन्यत्र गएको हुँदा बसाइसराइमा न्युनीकरण गर्न विशेष आकर्षणका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने,
- बडिगाड गाउँपालिकामा सञ्चालित विद्यालयहरूमा राष्ट्रिय मापदण्ड अनुसार प्रति कक्षा ४५ जना विद्यार्थी हुनुपर्नेमा हाल औषतमा १७.१३ जनासम्म रहेको हुँदा शिक्षाको सञ्चालन लागत कम गर्न विद्यार्थी संख्या बढाउनुपर्ने वा विद्यालयहरू एकआपसमा गाभ्नुपर्ने,
- बडिगाड गाउँपालिकामा शैक्षिक जनशक्ति ३९४१ जना, प्राविधिक जनशक्ति ४९ जना र तालिम प्राप्त जनशक्ति ९४५ जना रहेको हुँदा उक्त जनशक्तिको व्यवस्थापन र अपुग जनशक्तिको व्यवस्था गर्न नीतिगत योजना बनाउनुपर्ने,
- गाउँपालिकामा सरकारी स्वास्थ्य चौकी ८ वटा, सामुदायिक स्वास्थ्य इकाइ दुईवटा र निजी क्लिनिक २८ मात्र रहेको हुँदा जनतालाई सर्वसुलभ स्वास्थ्य सुविधा पुर्‍याउन आधुनिक प्रविधियुक्त १५ शय्यासम्मको अस्पताल निर्माण गर्नुपर्ने,
- यो गाउँपालिकामा अझै झण्डै ५.५९ प्रतिशत परिवारमा खानेपानीको स्थायी समस्या समाधान नभएको हुँदा त्यसको व्यवस्थापन गर्ने नीतिगत योजना बनाइ कार्यान्वयनमा लैजानुपर्ने,
- गाउँपालिकाको वडा नं २ मा पिउनेपानीको प्रशोधन, वडा नं ४ मा पिउनेपानीको उचित व्यवस्थापन र वडा नं ३ तथा वडा ७ मा पिउनेपानीको स्रोतको समस्या भएको हुँदा सोको व्यवस्थापन तथा परिपूर्तिका लागि विकल्पको खोजी गर्नुपर्ने,
- दर्लिङको पात्लेमा पम्पिङ प्रविधिको उपयोग गरी खानेपानीको व्यवस्था मिलाउनु पर्ने,
- सामाजिक सुरक्षा भत्ता बुझ्ने ज्येष्ठ नागरिक र असहाय मानिसहरूका निम्ति सर्वसुलभ रूपमा भत्ता वितरणको व्यवस्था गर्नुपर्ने,

- बडिगाड गाउँपालिकामा ६.१९ प्रतिशत परिवार मात्र खाद्यान्नमा आत्मनिर्भर रहेको हुँदा कृषिमा आत्म निर्भरता बढाउन खाद्यान्न उत्पालनमा प्रोत्साहनका कार्यक्रमहरू ल्याउन पर्ने,
- गापामा रहेको २०.६० प्रतिशत खेतीयोग्य जमिनमा सिंचाइ सुविधाको योजना बनाइ कार्यान्वयन गर्नुपर्ने,
- गाउँपालिकाका प्रत्येक वडामा सम्भावनाका आधारमा धान, आलु, मकै, भाँगो, आँप, लिची, केरा, अलैची र किवीको पकेट क्षेत्र विस्तार गरी ब्लक जोनको विकास गर्नेगरी योजना निर्माण गर्नुपर्ने,
- वडाको प्राथमिकताक्रम अनुसार कृषि, पशु (भेडा/बाख्रा) पालन, माछापालन, कुखुरा पालन, मौरी पालन आदिको विशेष योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने,
- बडिगाड गाउँपालिका पशुपालनका लागि उपयुक्त भूगोल भएको हुँदा पशुपालक कृषकका लागि अनुदान, तालिम, पशुविमा र औषधि उपचारको व्यवस्था गर्नुपर्ने,
- बडिगाड गाउँपालिकामा गरिबीको दर ३३.११ रहेको हुँदा आय आर्जनमुखी योजनाहरू निर्माण गर्नुपर्ने,
- बडिगाड गाउँपालिकाको टाकर- देवीढोका-जन्तेढुङ्गा/लोङ्गा हुँदै नेटाखर्क सम्म र नेटाखर्क-शिवधुरी-जैलुङ-फाकुसे धुरी-तिनचुले-नेटा- सिद्धबारी धुरी-बजेनी-गोठान-गोरूसिंहेदेखि भिमगिठेसम्म तथा सिमाक-केशेपोखरी-अन्धाअन्धी ताल-चित्राम- सुर्खुरीको धुरी- दाँग हुँदै खारबजारसम्म पर्यटकीय पदमार्ग निर्माण गर्नुपर्ने,
- वन्यजन्तु र मानवबीचको द्वन्द्व न्युनीकरण गर्न कृषकलाई क्षतिपूर्ति र राहातको व्यवस्था गर्नुपर्ने र वन्यजन्तुको महत्वका बारेमा सर्वसाधरणलाई जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने,
- उपयुक्त स्थानमा आन्तरिक तथा बाह्य पर्यटकहरूलाई आकर्षण गर्नेगरी मिनी जु (सानो चिडिया खाना) निर्माणको योजना बनाइ कार्यान्वयन गर्नुपर्ने,
- बडिगाड गाउँपालिकामा पाइने सबै प्रकारका गैह्रकाष्ठ वनपैदावर/जडीबुटीको अध्ययन, सूचीकरण र उपयोगिताका बारेमा सर्वसाधरणलाई प्रशिक्षणको व्यवस्था गर्नुपर्ने,
- बडिगाड गाउँपालिकाको सामाजिक, भौगोलिक र प्राकृतिक अवस्थाको पहिचान दिनसक्ने स्थानीय पाठ्यक्रमको निर्माण गरी विद्यालयहरूमा लागू गर्नुपर्ने,
- विपद् व्यवस्थापनका लागि सुरक्षित स्थानको खोजी, विपद् व्यवस्थापन कोष निर्माण र भौतिक पूर्वाधार निर्माणको योजना बनाउनुपर्ने,
- गाउँपालिकाको कार्यालय व्यवस्थापन र पूर्वाधार निर्माणका लागि कम्तीमा पचास रोपनी जग्गाको व्यवस्था गरी दीर्घकालीन गुरू योजना बनाउनुपर्ने,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी एक मेघावाटसम्मका एकीकृत जलविद्युत परियोजनाहरू जनसहभागितामा सञ्चालन गर्नुपर्ने,
- खर्वाङदेखि भिमगिठेसम्मको बस्तीलाई एकीकृत नमुना बस्तीका रूपमा विकास गर्नुपर्ने,
- खर्वाङदेखि भिमगिठेसम्मको मध्यपहाडी लोकमार्गमा आधुनिक प्रकृतिको हाटबजारको व्यवस्था गर्नुपर्ने,

- खर्वाङदेखि भिमगिठेसम्मको बस्ती संरक्षण गर्न बडिगाड नदीमा तटबन्धको व्यवस्था गर्नुपर्ने,
- बडिगाड गाउँपालिकाले आ.व. २०७४/०७५ को नीति तथा कार्यक्रममा समावेश गरेका नीति तथा कार्यक्रमहरू र अन्य थप कार्यक्रमहरूलाई व्यवहारमा लागू हुने गरी कार्यान्वयन गर्न पहल गर्नुपर्ने,
- गाउँपालिकाका प्राकृतिक साधन र स्रोतको उपयोग गर्न भौगर्भिक नक्शा प्रकाशन र डिजिटल नक्शा तयार गर्नुपर्ने,
- गाउँपालिकामा रहेका स्लेट खानी, फलाम खानी र सिसाखानीको सर्वेक्षण, उत्खनन् र यिनीहरूको उपयोग गर्ने नीतिगत व्यवस्था गर्नुपर्ने,
- गाउँपालिकाका प्रत्येक वडाहरूमा एक गाउँ एक व्यवसायिक खेती, एक गाउँ एक पोखरी, एक गाउँ एक उद्यान र एक गाउँ एक होमस्टेको कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने,
- एक पालिका एक ग्राम उद्योगको नीतिअनुरूप बडिगाड गाउँपालिकामा जाम उद्योग, चिउरीको साबुन उद्योग, दुग्धउद्योग, जडीबुटी प्रशोधन केन्द्र, अल्लो कपडा/ नेपाली हाते कागज, राडीपाखी उद्योग, काष्ठउद्योग, माटाका भाडा उद्योग, कर्सर उद्योग, टायल उद्योल, मत्स्यपालन केन्द्र लगायतका उद्योगहरू सञ्चालन गर्नुपर्ने
- एक गाउँ एक उत्पादन कार्यअन्तर्गत रनसिंहकिटेनीको भेडीखर्कमा व्यवसायिक भेडापालनको योजना बनाइ कार्यान्वयन गर्नुपर्ने,
- स्थानीय स्तरमा उत्पादित खाद्यवस्तु र फलफूलको संरक्षण, संञ्चितीकरण र उत्पादनमा प्रोत्साहन गर्न उपयुक्त स्थानमा चिस्यान केन्द्र स्थापना गर्नुपर्ने,
- केन्द्र सरकार, प्रदेश सरकार, अन्य स्थानीय तह र राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाहरूको सहयोग, समन्वय र सहकार्यमा विकासका थप पूर्वाधारहरू निर्माण गर्ने योजना बनाउनुपर्ने,
- जनताको सेवाप्रवाहलाई प्रभावकारी बनाउन एम्बुलेन्स, दम्कल, डोजर, सवारी साधन, कार्यालय प्रयोजनका लागि आवश्यक पर्ने उपकरणहरू जुटाउनका लागि विकल्पहरूको खोजी गर्नुपर्ने,
- बडिगाड गाउँपालिकामा जातिगत रूपमा ५० प्रतिशत मगरहरूको बसोबास रहेको हुँदा सोही अनुसारका जातीय पहिचान झल्किने गरी सांस्कृतिक संग्रहालयको निर्माण गर्नुपर्ने,
- वडागत रूपमा नमुना सुन्तला खेती सिसाखानीमा, नर्सरी सञ्चालन, तरकारी खेती, माछापालन र अस्ट्रिज चरा पालन ग्वालीचौरमा, किवी खेती र मौरी पालन सिमाकमा, केरा खेती र कपडा उद्योग सञ्चालन खर्वाङमा गर्न उपयुक्त हुने,
- नमुना होमस्टे सञ्चालनका लागि सिमाक देउराली, खोलाखर्क, खर्वाङको कुमाल बस्ती र वडा नं. ६ घ्वाङको मगर बस्तीलाई छनोट गरी थप पूर्वाधारको विकास गर्नुपर्ने,
- भिरकटेरा, छहरा, टाकर र तारन्जाका लागि लिफ्टिङद्वारा पानीको व्यवस्था मिलाउनु पर्ने,
- वडा नं. ६ को नयाँगाउँमा वृक्षरोपण (बाँस, खयर, सिसौ लगायत) को व्यवस्था मिलाउनु पर्ने,

- वैदेशिक रोजगार र शहरी बसाइप्रतिको आकर्षणलाई न्युनीकरण गर्दै स्वरोजगार तथा ग्रामीण बस्ती विस्तारमा आकर्षण बढाउने कार्यक्रमहरू ल्याउनु पर्ने,
- फरक क्षमता भएका, एकल महिला र ज्येष्ठ नागरिकहरूका लागि विशेष तालिम, भत्ता र रोजगारीको व्यवस्था गर्नुपर्ने,
- महिला हिंसा, बालश्रम शोषण र समावेशीकरण सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू सञ्चान गर्नुपर्ने,
- बडिगाड गाउँपालिकाको स्थानीय तह र जिल्लामा दर्ता भएका पशुफर्म, कृषि फर्म, सहकारी र विभिन्न उद्योगहरूलाई प्रभावकारी रूपमा अनुगमन, नियामन, अनुदान, पुरस्कार र दण्डको व्यवस्था गर्नुपर्ने आदि ।

## सन्दर्भसामग्री सूची


केतवि (२०६८), **राष्ट्रिय जनगणनाको प्रतिवेदन-२०६८**, काठमाडौं : नेपाल सरकार केन्द्रीय तथ्याङ्क विभाग ।

जि.सी., रामबहादुर (सम्पा.२०७३), **बागलुङ्का सहकारीसंघ/संस्थाहरूको पार्श्वचित्र**, बागलुङ : आदर्श सञ्चार सहकारी संस्था लिमिटेड ।

जिकृका (२०७२), **वार्षिक प्रगति प्रतिवेदन-२०७२**, बागलुङ : जिल्ला कृषि कार्यालय ।

जिपविका (२०७३), **जिल्ला प्रोफाइल सहितको वार्षिक प्रगति प्रतिवेदन आ.व. २०७२/२०७३**, बागलुङ : जिल्ला पशु विकास कार्यालय ।

जिशिका (२०७२), **बागलुङ शैक्षिक दर्पण-२०७२**, बागलुङ : जिल्ला शिक्षा कार्यालय ।

जिविस (२०७१), **बागलुङ जिल्लाको वस्तुगत विवरण**, बागलुङः जिल्ला विकास समितिको कार्यालय ।

जिवका (२०७४), **सामुदायिक वन उपभोक्ता समूहको वार्षिक अनुगमन तथा विश्लेषण पुस्तिका आ.व. २०७३/०७४,** बागलुङ : जिल्ला वन कार्यालय ।

तथ्याङ्क कार्यालय (२०७४), **जिल्ला वस्तुगत विवरण-२०७४**, बागलुङः जिल्ला तथ्याङ्क कार्यालय ।

तथ्याङ्क कार्यालय (२०७१), **जिल्ला वस्तुगत विवरण-२०७१**, बागलुङः जिल्ला तथ्याङ्क कार्यालय ।

बडिगाड गाउँपालिकाको कार्यालय (२०७४), **वार्षिक नीति तथा कार्यक्रम र वार्षिक योजना आव २०७४/०७५**, बागलुङः बडिगाड गाउँपालिकाको कार्यालय ।

थापा, दिनबहादुर (२०५०), "गलकोट क्षेत्रका लोकगीतहरूको संकलन, वर्गीकरण र अध्ययन", अप्रकाशित शोध पत्र, स्नातकोत्तर तह, केन्द्रीय नेपाली विभाग, त्रिवि, कीर्तिपुर ।

.............................................. (२०६६), **धवलागिरिका लोकगीतको पहिचान : झाम्रेगीत**, बागलुङ : दीअ प्रकाशन रत्नश्रेष्ठ पुरस्कार गुठी ।

थापा, दिनबहादुर र सुदर्शन सिलवाल (२०७३), **धवलागिरिमा उच्च शिक्षा : अनुसन्धानमूलक कृति**, बागलुङ : शैक्षिक अनुसन्धान तथा विकास केन्द्र ।

धिताल, नारायन (२०६७), "खर्वाङ्का कुमाल जाति र त्रिभुवन माविसँग अन्तरसम्बन्ध", **स्वर्णमहोत्सव-२०६७ स्मारिका**, बागलुङ : त्रिभुवन माध्यमिक विद्यालय ।

नेपाल सरकार (२०७२), **नेपालको संविधान-२०७२**, काठमाडौं : नेपाल सरकार कानुन तथा न्याय मन्त्रालय ।

नेपाल सरकार (२०७४), 'सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेबसाइट' (www. mofald.gov.np.)

शर्मा, गोपीनाथ (२०७१), **चौबीसी राज्यको इतिहास,** काठमाडौँ : मकालु प्रकाशन गृह ।

शर्मा, निलमकुमार (२०६५), **समसामयिक विकास अर्थशास्त्र र नेपालको अर्थ व्यवस्था**, काठमाडौंः पैरवी प्रकाशन ।

शर्मा पौड्याल,हीरामणि (२०३),**कुमाल भाषाको अध्ययन**, काठमाडौंः इन्दिरा शर्मा पौड्याल प्रकाशिका ।

श्री ५ को सरकार (२०३१), **मेचीदेखि महाकाली, भाग ३, पश्चिमाञ्चल विकास क्षेत्र,** काठमाडौँ : श्री ५ को सरकार सञ्चार मन्त्रालय, सूचना विभाग नेपाल ।

श्रेष्ठ, नारायण (२०७४), **स्थानीय सरकार सञ्चालन ऐन, २०७४,** काठमाडौँ : पैरवी प्रकाशन ।

सिलवाल, सुदर्शन (२०६२), **विकास र योजनको अर्थशास्त्र**, काठमाडौं: रत्न पुस्तक भण्डार ।

............................(२०७२), **सिलवाल वंशको आर्थिक इतिहास,** काठमाडौँ : गौरीराज जोशी ।

.........................(२०७४), **बागलुङको सम्भावित विकास मोडल**, नेपाल : जे.के. फाउन्डेसन ।

स्थानीय शान्ति समिति (२०७२), **शान्तिदीप स्मारिका**, बागलुङः स्थानीय शान्तिदीप समित ।

Silwal, Sudarshan (2073). **Municipal Government Finance: A Theoretical Discussion and Experiences in Nepal**. Nepal: G. K. Foundation Nepal.

GoN/MFSC (2014). **Nepal national biodiversity strategy and action plan 2014-2020.** Kathmandu: Government of Nepal, Ministry of Forest and Soil Conservation, Nepal.

http://www.dfrs. gov.np/noticedetail.php?id=86 .

कार्यालयको आन्तरिक अभिलेख, २०७४ ।

मेहरसिंह पाइजा, अम्मरबहादुर श्रीस, बोमबहादुर थापा, विष्णुप्रसाद भुसाल, खड्कबहादुर पुन, प्रेम गलामी, अर्जुनप्रसाद खरेल,मौसमकाजी क्षेत्री, कृष्ण गुरूङ, यमबहादुर श्रीस थापा, कृष्णबहादुर खत्री, वीरेन्द्रकुमार बुढा,अर्जुन शर्मा,. थम्मनबहादुर रेस्मी,बलबहादुर अर्याल,घनश्यम घिमिरे, नेत्रप्रसाद गौतम, प्रेमलाल वि.क., गुणनिधि घिमिरे, प्रेमलाल पोखेल, राजिव घिमिरे, भिमलाल पोखरेल, कमल शर्मा, झलक थापा कुमाल आदिबाट लिइएको जानकारी, २०७४/०७५ ।

## अनुसूचीहरू

**अनुसूची :** क. तथ्याङ सङ्कलक/सूचकहरूको विवरण

| वढा नं. | नाम, थर | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|
| १. | बिनिता थापा, ज्योति भुजेल | ९८०५१८३३७५ | |
| २. | बुद्धमणि पौडेल, अनुसा भुजेल | ९८६७५१८४६३ | |
| ३. | देवी घर्ती, बलबहादुर श्रीस | ९८४६८०३७५९ | |
| ४. | झविन्द्र बुढाथोकि, भुपाल हितान, मिना श्रीस पुन | ९८६५२०२९९७ | |
| ५. | टेकबहादुर बुढाथाकी, सीता खरेल, हिराबहादुर पुन | ९८६७७४१२४७ | |
| ६. | सुनबहादुर थापा, उषा घिमिरे | ९८६७७९२०४७ | |
| ७. | जीवबहादुर खत्री, अनिता गुरूङ, | ९८६१४५५९०८ | |
| ८. | देवी राना, रामकुमारी पाइजा, अञ्जु काउचा | ९८६९३३३१८४ | |
| ९. | यमबहादुर खत्री, रमेश बुढाथाकी | ९८५७६५२६२५ | |
| १०. | रवीन्द्र बुढा, सुस्मिता पुन | ९८६७१९५३४८ | |

**अनुसूची :** ख. भूपू जनप्रतिनिधि (२०४९-२०७३) हरूको विवरण

| क्र.सं. | नाम, थर | तत्कालीन पद | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | मित्रबहादुर पुन | अध्यक्ष | साविक दगातुन्डाडा गाविस | २०४९-०५९ |
| २. | पतिराम भुजेल | अध्यक्ष | साविक सिसाखानी गाविस | २०४९-०५४ |
| ३. | डिलबहादुर घर्ती | अध्यक्ष | साविक सिसाखानी गाविस | २०५४-०५९ |
| ४. | अम्मरबहादुर श्रीस | अध्यक्ष | साविक जलजला गाविस | २०४९-०५४ |
| ५. | अमृतकुमारश्रीस | अध्यक्ष | साविक जलजला गाविस | २०५४-०५९ |
| ६. | लालबहादुर घिमिरे | अध्यक्ष | साविक ग्वालिचौर गाविस | २०४९-०५४ |
| ७. | हिरालाल आचार्य | अध्यक्ष | साविक ग्वालिचौर गाविस | २०५४-०५९ |
| ८. | चुराबहादुर अधिकारी | अध्यक्ष | साविक भिमगिठे गाविस | २०४९-०५४ |
| ९. | दीपक थापा | अध्यक्ष | साविक भिमगिठे गाविस | २०५४-०५९ |
| १०. | पदमबहादुर थापा | अध्यक्ष | साविक रनसिंह किटेनी गाविस | २०४९-०५४ |
| ११. | दलबहादुर पाइजा | अध्यक्ष | साविक रनसिंह किटेनी गाविस | २०५४-०५९ |
| १२. | बलबहादुर पाइजा | अध्यक्ष | साविक दर्लिङ गाविस | २०४९-०५४ |
| १३. | रामप्रसाद भट्टराई | अध्यक्ष | साविक दर्लिङ गाविस | २०५४-०५९ |

स्रोत : मेहरसिंह पाइजा, खडकबहादुर पुन, थम्मनबहादुर रेस्मी, २०७५ ।

**अनुसूची :**ग. भूपू जनप्रतिनिधि (२०१७-२०४६) हरूको विवरण

| क्र.सं. | नाम, थर | तत्कालीन पद | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | भीमबहादुर बुढा | प्रधान पञ्च | साविक जलजला गाविस | |
| २. | मेहरसिंह पुन | प्रधान पञ्च | साविक जलजला गाविस | |
| ३. | शेरबहादुर पुन | प्रधान पञ्च | साविक जलजला गाविस | |
| ४. | मनबहादुर श्रीस | प्रधान पञ्च | साविक रनसिंहकिटिनी गाविस | |
| ५. | भीमबहादुर श्रीस | प्रधान पञ्च | साविक रनसिंहकिटिनी गाविस | |
| ६. | धनाराम/धनीरामनी पाइजा | प्रधान पञ्च | साविक रनसिंहकिटिनी गाविस | |
| ७. | बागदल श्रीस | प्रधान पञ्च | साविक रनसिंहकिटिनी गाविस | |
| ८. | टेकबहादुर अधिकारी | प्रधान पञ्च | साविक भिमगिठे गाविस | |
| ९. | कृष्ण अधिकारी | प्रधान पञ्च | साविक भिमगिठे गाविस | |
| १०. | भीमबहादुर सिंह | प्रधान पञ्च | साविक भिमखाल गाउपञ्चायत | |
| ११. | चुराबहादुर सिंह | प्रधान पञ्च | साविक भिमखाल गाउपञ्चायत | |
| १२. | दोर्णप्रताप सिंह | प्रधान पञ्च | साविक भिमगिठे गाविस | |
| १३. | उमानन्द घिमिरे | प्रधान पञ्च | साविक ग्वालिचौर गाविस | २०१८-२०२२ |

| | | | | |
|---|---|---|---|---|
| १४. | हिरालाल आचार्य | प्रधान पञ्च | साविक ग्वालिचौर गाविस | २०२२-२०२६ |
| १५. | इन्द्रमणि आचार्य | प्रधान पञ्च | साविक ग्वालिचौर गाविस | २०२६-२०२९ |
| १६. | नरबहादुर घर्ती (जि.मु.) | प्रधान पञ्च | साविक ग्वालिचौर गाविस | २०२९-२०३० |
| १७. | हिरालाल आचार्य | प्रधान पञ्च | साविक ग्वालिचौर गाविस | २०३०-२०३५ |
| १८. | टेकबहादुर घिमिरे | प्रधान पञ्च | साविक ग्वालिचौर गाविस | २०३५-२०३७ |
| १९. | हिरालाल आचार्य | प्रधान पञ्च | साविक ग्वालिचौर गाविस | २०३७-२०४२ |
| २०. | लालबहादुर घिमिरे | प्रधान पञ्च | साविक ग्वालिचौर गाविस | २०४२-२०४६ |
| २१. | चन्द्रलाल अर्याल | प्रधान पञ्च | साविक दगातुन्डाडा गाविस | २०२१-२०३७ |
| २२. | प्रेमलाल पोखेल | प्रधान पञ्च | साविक दगातुन्डाडा गाविस | २०३८-२०४२ |
| २३. | बलबहादुर थापा | प्रधान पञ्च | साविक दगातुन्डाडा | २०४२-२०४६ |

स्रोत : बलबहादुर अर्याल, घनश्यम घिमिरे, नेत्रप्रसाद गौतम, प्रेमलाल वि.क., गुणनिधि घिमिरे, मेहरसिंह पाइजा, खडकबहादुर पुन, प्रेमलाल पोखेल, २०७५ ।

**अनुसूची** : घ. भूपू मुखिया र जिम्मावाल (२०१७ पूर्वका) हरूको विवरण

| क्र.सं. | नाम, थर | तत्कालीन पद | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | घनश्याम घिमिरे | मुखिया | ग्वालिचौर | |
| २. | ठानेश्वर घिमिरे | मुखिया | ग्वालिचौर | |
| ३. | तिर्खमणि आचार्य | मुखिया | ग्वालिचौर | |
| ४. | हेमलाल थापा | जिम्माल र मुखिया | गुल्मी अमराइ | |
| ५. | गंगाबहादुर जिसी | जिम्मावाल | गुल्मी अमराइ | |
| ६ | नरबहादुर जिसी | जिम्माल | गुल्मी अमराइ | |
| ७. | ढालबहादुर के.सी. | मुखिया | भिमगिठे | |
| ८. | टेकबहादुर अधिकारी | जिम्माल | भिमगिठे | |
| ९. | कुलमान जिसी | जिम्माल | गुल्मी अमराइ | |
| १०. | पतिराम भुजेल | मुखिया | दगातुनडाडा | |
| ११. | कुलवीर भुजेल | मुखिया | दगातुनडाडा | |
| १२. | डीलवीर भुजेल | मुखिया | दगातुनडाडा | |
| १३. | गोविराम थापा | मुखिया | दगातुनडाडा | |
| १४. | तेजवीर भुजेल | मुखिया | दगातुनडाडा | २००७-२०२४ |
| १५. | विशु पाध्या | मुखिया | दगातुनडाडा | २०२४-२०३६ |
| १६. | रविलाल पुन | मुखिया | दगातुन्डाडा | |

स्रोत : बलबहादुर अर्याल, घनश्यम घिमिरे, नेत्रप्रसाद गौतम, प्रेमलाल वि.क., गुणनिधि घिमिरे, मेहरसिंह पाइजा, खडकबहादुर पुन, प्रेमलाल पोखेल, २०७५ ।

**अनुसूची** : ङ. अन्य जनप्रतिनिधि

| क्र.सं. | नाम, थर | तत्कालीन पद | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | टेकबहादुर अधिकारी | अञ्चल उपसभापति | भिमगिठे | |
| २. | हिरालाल आचार्य | उपसभापति जि.पं. | ग्वालिचौर | |
| ३. | रणबहादुर भुजेल | जि.पं. सदस्य | दगातुन्डाडा | |
| ४. | टेकबहादुर पाइजा | जि.पं. सदस्य | रनसिंहकिटेनी | |
| ५. | कृष्णबहादुर अधिकारी | जि.वि.स. सदस्य | भिमगिठे | |
| ६ | शेरबहादुर काउचा | जि.वि.स. सदस्य | सिसाखानी | |
| ७. | मेहरसिंह पाइजा | जि.वि.स. सदस्य | ग्वालिचौर | |
| ८. | पदमबहादुर थापा जि.वि.स. | जि.वि.स. सदस्य | रनसिंहकिटेनी | |

स्रोत : बलबहादुर अर्याल, घनश्यम घिमिरे, नेत्रप्रसाद गौतम, प्रेमलाल वि.क., गुणनिधि घिमिरे, मेहरसिंह पाइजा, खडकबहादुर पुन, प्रेमलाल पोखेल, २०७५ ।

**अनुसूची :** च. अन्य सूचकहरू

| क्र.सं. | नाम, थर | पद | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | बालकृष्ण घिमिरे | समाजसेवी | वडा नं. ५ ग्वालिचौर | |
| २. | गुणनिधि घिमिरे | समाजसेवी | वडा नं. ५ ग्वालिचौर | |
| ३. | घनश्याम घिमिरे | समाजसेवी | वडा नं. ५ ग्वालिचौर | |
| ४. | राजिव घिमिरे | राजनीति कर्मी | वडा नं. ५ ग्वालिचौर | |
| ५. | नेत्रप्रसाद गौतम | | वडा नं. ५ ग्वालिचौर | |
| ६ | प्रेमलाल वि.क. | | वडा नं. ५ ग्वालिचौर | |
| ७. | बलबहादुर अर्याल | | वडा नं. ५ ग्वालिचौर | |
| ८. | प्रेमलाल पोखेल | समाजसेवी | वडा नं. २ दगातुन्डाडा | |
| ९. | भीमलाल पोखेल | राजनीति कर्मी | वडा नं. २ दगातुन्डाडा | |
| १०. | थम्मनबहादुर रेस्मी, | कर्मचारी | | |

**अनुसूची : छ. गाउँपालिकाको साङ्गठनिक संरचना**



स्रोतः नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको ढाँचा (२०७४); www.mofald.gov.np/ne/node/7510

**अनुसूची : छ. तस्वीरहरू**